CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३४ पूर्णाङ्क

इटुंबहालको *प्रज्ञापारमिता*

खस-नेवारसम्पर्कको नतीजा



संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३४ वर्ष

२ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ६५०।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	अभिलेख-संग्रह (६-१२ भाग)	५।-
२.	आदर्श, अ सप्लिमन्ट्टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)	५५०।-
३.	इतिहास-संशोधन	४००।-
४.	इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ	५।-
५.	गोरखाको इतिहास (१-४ भाग)	५००।-
६.	त्रिकोणमिति	२५।४०
७.	दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी	१००।-
८.	धादिङमा फेला परेका नेपाली कविता	७५।-
९.	नयराज पन्तलाई चिनाउनको लागि	२५।-
१०.	नेपालको संक्षिप्त इतिहास	१२५।-
११.	नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।-
१२.	पञ्चाङ्ग-संशोधन	१००।-
१३.	पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
१४.	पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा	८०।-
१५.	पूर्णिमा (१३-३२, ३४-१३४ पूर्णाङ्क)	५७७८।-
१६.	प्राचीन र नवीन गणितको तुलना	१५।-
१७.	बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू	५२५।-
१८.	बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	५०।-
१९.	रत्नदीप	२।५०
२०.	रत्नदीप १ भाग	१०५।-
२१.	रत्नदीप २ भाग	९२।-
२२.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	७५।-
२३.	लिच्छवि-संवत्को निर्णय	१००।-
२४.	विद्या-रक्षा	१००।-
२५.	विश्रान्ति	८२।-
२६.	वृत्तशतक	३।-
२७.	व्याकरण-संशोधन	४५।-
२८.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।-
२९.	सावधान-पत्र	१२५।-
३०.	हाम्रो उद्देश्य र कार्यप्रणाली	१००।-
३१.	हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना	२९।-
३२.	ह्वट् डिड् अंशुवर्मन् राइट् ?	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२
ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठायेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

पाटन बुक शप
पाटन ढोका, ललितपुर, नेपाल
फोन नं. ५५५५२५६

बुक प्यार्अडाइस
जमल, काठमाडौँ, नेपाल
फोन नं. ४२३३४५६, ४३३१०६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

पृष्ठ

१. इटुंबहालको *प्रज्ञापारमिता*– खस-नेवारसम्पर्कको नतीजा —महेशराज पन्त ८७-३५४

आजभोलि **बहिद्यः ब्वयेगु** गरिने दिन थरीथरीले थरीथरीको लेखेका छन् ८७-८८

२ शताब्दीअघि **बहिद्यः ब्वयेगु** गरिने दिन ८८-८९

इटुंबहालमा **बहिद्यः ब्वयेगु** गरिने दिन ८९

*धर्मकोशसङ्ग्रह*अनुसार **बहिद्यः ब्वयेगु** होइन कि **बहिर्बोय** ८८-८९

नीलपत्रमा सुन र चाँदीको मसीले लेखिएको, इटुंबहालको *प्रज्ञापारमिता* ८९-९१

इटुंबहालको *प्रज्ञापारमिता अष्टसाहस्रिका* नभई *शतसाहस्रिका* हो ९०

थरीथरीका *प्रज्ञापारमिता* ९१

*शतसाहस्रिका प्रज्ञापारमिता*का प्रारम्भवाक्य ९२-९३

इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को लिपि ९३

यस *प्रज्ञापारमिता*का ६ पृष्ठका फ्याक्सिमिलि ९४-१०३

यस *प्रज्ञापारमिता*को लिपिको र कुम्भेश्वरको ने.सं. ५१२ को शिलापत्रको लिपिको, खास गरी **ए ओ** मात्राको तुलना १०४-१०८

कुम्भेश्वरको त्यस शिलापत्रको फ्याक्सिमिलि १०५

शाके १२८० वि.सं. १४१५ को, पृथ्वी मल्लको ताम्रपत्रमा **ए ओ** मात्रा १०८

त्यस ताम्रपत्रको फ्याक्सिमिलि १०९

शाके १२७८ को, पृथ्वी मल्लको कनकपत्रमा **ए ओ** मात्रा १०८

त्यस कनकपत्रको फ्याक्सिमिलि ११०

शाके १२७९ को, पृथ्वी मल्लको कीर्तिस्तम्भमा **ए ओ** मात्रा १०८

शाके १२७६ को, पृथ्वी मल्लको पालाको, दुल्लु पाथरनाउलीको शिलालेखको र यस *प्रज्ञापारमिता*को **ए ओ** मात्राको तुलना १०८, १११-११२

त्यस शिलालेखको फ्याक्सिमिलि ११३

भारतका, गुप्तसंवत् ५८५ देखि वि.सं. १३३० सम्मका, नागरी लिपिका ८ वटा उत्कीर्ण लेखमा **ए ओ** मात्रा ११२-१३३

भारतका थरीथरी प्रान्तका, विक्रमको सातौँ शताब्दीदेखि वि.सं. १३७८ सम्मका, नागरी वा नागरीसँग मिल्नेजुल्ने लिपिका २५ वटा उत्कीर्ण लेखमा **ए ओ** मात्रा १३३-१७१

शारदा लिपिका ९ वटा उत्कीर्ण लेखमा **ए ओ** मात्रा १७१-१७९

ब्राह्मीका प्राचीनतम रूपमा **ए ओ** मात्रा १८०-१८१

मोटामोटी वि.सं. ५७ देखि वि.सं. ४०७ सम्मका, ब्राह्मीका भेदमा **ए ओ** मात्रा १८१-१८२

मोटामोटी वि.सं. ४०७ देखि ८५७ सम्मका, उत्तरभारतवर्षका लिपिमा **ए ओ** मात्रा १८२

चाँगुको, मानदेवको ढुङ्गे खामोमा **ए ओ** मात्रा १८२-१८४

[गुप्त?]संवत् १५८को, अलाहाबादको एउटा ताम्रपत्रमा **ए ओ** मात्रा १८४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस *प्रज्ञापारमिता*को, पूर्वसूरिले पढेको पाठ र त्यस पाठको विषयमा १८५
यस *प्रज्ञापारमिता*को, मैले पढेअनुसारको पुष्पिका १८६-१८८
यस *प्रज्ञापारमिता*को पुष्पिकाका पद्य वश्यवाक् कविले काव्यको ढाँचामा लेखेको देखिन्छ १८८, १९०
यो *प्रज्ञापारमिता* सार्ने **प्रभुणाभ**को नाउँमा **णत्व**को विषयमा १८८-१८९
यस *प्रज्ञापारमिता*को पुष्पिकाका गद्यचाहिँ टाकटुक पारी लेखिएको देखिन्छ १९०
यस पुष्पिकामा आएको **कौलिग्रामीय**मा पूर्वपदमा आदिवृद्धि ठीक छैन १९०-१९१
रेफदेखि व्यञ्जन पर हुँदा अपवादको रूपमा मात्र यस पुष्पिकामा द्वित्व गरिएको छ १९१
सन्धि हुँदा यस पुष्पिकामा कहीं कहीं मात्र अवग्रह हालिएको छ १९१
म्देखि **अ** पर भई दुवैको ठाउँमा **म** हुँदा त्यसपछि अवग्रह हालिएको छ १९१
मूलको अक्षर नचिन्दा यस पुष्पिकामा हुन गएका गल्ती १९१-१९२
अक्षरको अंश टुट्याउँदा हुन गएका गल्ती १९२-१९३
यस पुष्पिकामा व्याकरण बिग्रिएको विषयमा १९३-१९७
यस पुष्पिकाको विषयवस्तु १९७-१९९
*शतसाहस्रिका प्रज्ञापारमिता*को विशेष नाउँ *रक्षाभगवती* कि *लक्षाभगवती* १९७
यस पुष्पिकामा **शकसंवत्**लाई **विमादिवर्षसंवत्** र **विक्रमसंवत्**लाई **सं कृतसंवत्सर** भनिएको विषयमा १९९-२००
इटुंबहालको एउटा पटमा वि.सं. मा मिति लेखिएको विषयमा २००-२०१
यस पुष्पिकामा मिति लेख्दा वार नहालिएको विषयमा २०१-२०५
यो *प्रज्ञापारमिता* सारिएको समय अर्थात् ने.सं. ४७८ भित्रका, *प्रज्ञापारमिता*का ३७ वटा पुस्तक हेर्दा १३ वटामा वार नहालेको, २२ वटामा हालेको र २ वटामा साल मात्र दिएको देखियो २०१-२०५
भगवान्बहालमा राखिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को मितिको विषयमा र त्यो सार्न लगाउने अतीश होइनन् भन्ने विषयमा २०५-२०८
नेपालखाल्डोमा पाइएका, *शतसाहस्रिका प्रज्ञापारमिता*का पुस्तकमध्ये भगवान्बहालको पहिलो, इटुंबहालको दोस्रो २०८
इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा नेपाल भन्न **नयपाल** लेखिएको विषयमा २०८
ने.सं. ५४३ मा ललितपुरमा सारिएको एउटा पुस्तकमा नेपाल भन्न **न्यायपाल** लेखिएको छ २०९
यस पुष्पिकामा इटुंबहालको पूरा नाउँ **श्रीभास्करदेवसंस्कारित शनिश्रीकेशवचन्द्रकृत-महाविहार** २०९, २१०
लिच्छवि उत्कीर्ण लेखहरूमा **दक्षिणकोलिग्राम** २०९
कोलिग्रामको पहिलो उल्लेख इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा आएको छ २०९
यस पुष्पिकामा इटुंबहालको छोटकरी नाउँ **पारावतविहार** २०९-२१०
इटुंबहालको संस्कृत नाउँमा छोडेर अन्यत्र एउटै बहालको नाउँमा **संस्कारित** र **कृत** दुवै आएको छैन । जहाँ **संस्कारित** आएको छ, त्यहाँ **कृत** आएको छैन;

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जहाँ **कृत** आएको छ, त्यहाँ **संस्कारित** आएको छैन २१०-२११
इटुंबहालको **संस्कृत** नाउँमा आएको **संस्कारित** शब्दको अर्थ थरीथरीले थरीथरीको गरेका छन् २११-२१२
अरू अरू बहालका संस्कृत नाउँमा आएको **संस्कारित** शब्दको अर्थ थरीथरीले थरीथरीको गरेका छन् २१२-२१३
केही अभिलेखमा बहालका संस्कृत नाउँमा **संस्कारित**को ठाउँमा **कारित** छ २१४, २१९, २२५-२२८
बहालहरूका संस्कृत नाउँमा आएको **संस्कारित** २१४-२२५
सङ्घको नाउँमा आएको बहुवचन पूजार्थमा हो २१५
उही बहाललाई एउटै शिलापत्रको नेवारी खण्डमा **दयका** र संस्कृत खण्डमा **संस्कारित** लेखिएको २२८-२२९
सेसिल बेन्डलको पनि लिपिमा त्यति पकड थिएन भन्ने कुराका नमूना २२४
चाँगुको, मानदेवको ढुङ्गे खामोमा **कृ** धातुको ण्यन्त प्रयोग– **राज्यम्पुत्रक कारय**–मा त्यस उत्कीर्ण लेखका आद्य सम्पादक भगवान्लाल इन्द्रजीको आपत्ति २२९-२३०
रामायणमहाभारत आदिमा **रामो राज्यमकारयत्** जस्ता वाक्य भेट्टिएकाले राज्यसँग **कारय**को प्रयोग ठीक भएको सिल्विं लिविको भनाइ २३०-२३१
प्रेरणार्थ नहुँदा पनि प्राचीन ग्रन्थमा ण्यन्त **कृ** धातुको प्रयोग देखिएकोले **संस्कारित**को प्रयोग प्रेरणार्थमा नभई सामान्य अर्थमै भएको हुन सक्छ २२९-२३०
उही विहारको नाउँमा **संस्कारित**को ठाउँमा **संस्थापित** आएको २११, २३१
श्रीशिवदेवसंस्कारितश्रीरुद्रवर्ममहाविहार जस्ता नाउँमा इटुंबहालको नाउँमा जस्तो **कृत** शब्द नपरेकोले मध्यमपदलोपी समास भएको हो कि । यसको पुष्टिको लागि *धर्मकोशसङ्ग्रह*मा **रुद्रवर्ममहाविहार**लाई रुद्रदेवले बनाएको (**निर्मितः**) भनी लेखिएकोलाई देखाउन सकिन्छ २३१
नरेन्द्रदेवले कामरूपबाट मत्स्येन्द्र ल्याई मत्स्येन्द्रपुर प्रतिष्ठा गरेको भन्ने अनुश्रुति चलेको र बुङ्मतीलाई **नरेन्द्रदेवसंस्कारित** भनी अभिलेखहरूमा लेखिएकोले **बनाएको** भन्ने अर्थमा **संस्कारित** शब्दको प्रयोग २३१-२३२
पुराना पुराना अभिलेखमा इटुंबहालको संस्कृत नाउँमा **केशवचन्द्र** र अलिपछिका अभिलेखमा **केशचन्द्र** आएको २३२-२३४
इटुंबहालको संस्कृत नाउँमा **भास्करदेव** र **केशवचन्द्र**को नाउँ आएकोमा *केम्ब्रिजवंशावली-२* मा **भास्करमल्ल** बाबु र **केशचन्द्र** छोरा भनी लेखिएको छ २३३, २३५
इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को यस पुष्पिकामा **श्रीभास्करदेवसंस्कारित** र **श्रीकेशवचन्द्रकृतमहाविहार**को बीचमा **शनि** पद आएको छ, यसभन्दा पछिका अभिलेखमा यही ठाउँमा कहीँ **शत्र** र कहीँ **सत्र** आएको छ, कहीँ कहीँ त **शत्र/सत्र** को ठाउँमा **शत/सत** र एक ठाउँमा **सत्** पनि आएको छ २३५-२३७
ताडपत्रका कुनै कुनै लिखतमा त्यही ठाउँमा **शक्र** आएको छ, **केशवचन्द्र** इटुंबहालइलाकाको राजा भन्ने अनुश्रुति भएकोले **इन्द्र**को पर्याय **शक्र** उनको नाउँमा जोडिएको हुन सक्छ २३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुवर्ण्णपनालीयनवग्रहस्थाना भनी यो *शतसाहस्रिका प्रज्ञापारमिता*मा वतन खुलाउँदा लेखिएको छ। ठहिटीको अहिले पुरिएको धाराको नाउँ **सुवर्णप्रणाली**। त्यही धाराबाट यस इलाकाको पुरानो नाउँ **सुवर्णप्रणालीस्थान**, **सुवर्णप्रणालीमहास्थान** वा **सुवर्णप्रणालीमहानगर**। यस ठाउँको पहिलो उल्लेख ने.सं. ३२७ को दानपत्रमा। दोस्रो उल्लेख इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को ने.सं. ४७८ को यस पुष्पिकामा २३७-२३९

सुवर्णप्रणालीको इलाकामा **नघल**। यस पुष्पिकामा **नघल**लाई **नवग्रह** लेखेको। **नवगृह**को अपभ्रष्ट रूप **नवग्रह** २३९, २४२

नघल नाउँको पूर्वरूपको कुरा आएका, त्यस नाउँको सन्दर्भमा अरूले चर्चा नगरेका १२ वटा अभिलेखको सूची २४०-२४२

सुवर्णप्रणालीको **नवगृह**को पहिलो उल्लेख ने.सं. ४७८ को यही पुष्पिकामा २४२

राजा पृथ्वी मल्लले बौद्ध विद्वान् राजब्रह्मश्रीलाई नयपाल विषयबाट बोलाएको, पारावतविहारका भिक्षु प्रभुणाभले सुनका अक्षरले *लक्षाभगवती* सारेको, स्यंजाका बासिन्दाहरूले भिक्षु वज्रणाभद्वारा यो ग्रन्थ सार्न लगाएको, कोलिग्रामको भास्करदेवसंस्कारितकेशवचन्द्रकृतमहाविहारका शाक्यभिक्षुवज्राचार्य राजब्रह्मश्री, उनकी पत्नी ज्योतिर्लक्ष्मी र उनीहरूका छोरानातिहरूको देयधर्म हो भनी यस पुष्पिकामा लेखिएको छ।

राजब्रह्मश्रीको मातहतमा प्रभुणाभ र वज्रणाभले मिलेर यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारेका हुन् कि जस्तो यताबाट देखिन गएको छ।

सिजालीहरूले सार्न लगाएको यो पुस्तक राजब्रह्मश्रीको देयधर्म कसरी भयो, त्यो स्पष्ट छैन

पृथ्वी मल्लले इटुंबहालका राजब्रह्मश्रीलाई आफूकहाँ बोलाएको र इटुंबहालकै भिक्षुले सारेको यस पुस्तकमा पृथ्वी मल्लले खर्च गरे पनि उनी आफू दाता नभई आफ्ना पाहुना राजब्रह्मश्रीलाई दाता बनाएको जस्तो देखिन्छ २४३-२४४

पृथ्वी मल्लका बाबु पुण्य मल्लले डोल्पा भिसजेर गाउँको नाङ्सार गुम्बामा र वि.सं. १३९२ तिर खोजरनाथमा **कग्युर** र **तङ्ग्युर**को एकेक प्रति चढाएका थिए। पृथ्वी मल्लले सक्य गुम्बामा सुनको सिंहासन र ह्लासाको जोबोकङ गुम्बामा गजुर चढाएका थिए २४४-२४५

ने सं. २५६ मा सारिएको *धारणीसङ्ग्रह* **जाबूल्क कनचैत्रमहाविहार** अर्थात् काठमाडौँको मछिन्द्रबहालमा सारिएको हो, जुम्लामा सारिएको होइन २४५-२४९

वि.सं. १३४४ पौषदेखि वि.सं. १३९१ फाल्गुनसम्मको अन्तरालमा खस मल्लहरूले ६ पटक नेपालखाल्डोमा हमला गरेको, तिनीहरूले गरेको पछिल्लो आक्रमणभन्दा २३ वर्षपछि रिपु मल्ल धर्मकर्म गर्न नेपालखाल्डो आएको, उनले धर्मकर्म गरेको साढे ४५ वर्षपछि पृथ्वी मल्लले सार्न लगाएको *शतसाहस्रिका प्रज्ञापारमिता* इटुंबहालमा चढाइएको। यो *शतसाहस्रिका प्रज्ञापारमिता* नेपालखाल्डोसँग खस मल्लको दोस्रो असाङ्ग्रामिक सम्पर्कको नतीजा २४९-२५१

यस पुष्पिकामा पृथ्वी मल्ललाई **दीपमालाप्रिय** अर्थात् **दीपमालाका पति** भनिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ । पृथ्वी मल्लको कीर्तिस्तम्भमा उनका रानी धर्ममाला र दीपमालाको नाउँ
लिइएकोमा दीपमालाको सालिक पाइएको छ २५२-२५३
यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारिँदा यहाँ राजदेव गद्दीमा बसिरहेका भए पनि
उनको नाउँ यस पुष्पिकामा परेको छैन २५३
यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिका राजाको रूपमा पृथ्वी मल्लको
उपान्त्य साधन हो २५३-२५४
यस *शतसाहस्रिका प्रज्ञापारमिता*लाई देयधर्म गर्ने राजब्रह्मश्रीको नाउँको अगाडि
शाक्यभिक्षुवज्राचार्य जोडिएको विषयमा २५४-२६१
यस पुष्पिकाभन्दा अगाडिपछाडिका लेखमा पनि यी दुवै पदवी एउटै
मान्छेको नाउँमा आएको छ २५५-२५७
खास गरी ठिमीका लिखतमा नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** २५७-२५८
ठिमीको एउटा लिखतमा नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** लेखिएको
मान्छेलाई त्यहीँकै अर्को लिखतमा **वज्राचार्य** मात्र लेखिएको २५८
ललितपुरका लिखतमा नाउँको अगाडि **शाक्यवंश** र पछाडि **बदे/बादे** २५८
नाउँको अगाडि कहीँ **वज्राचार्य** र कहीँ **शाक्यवंश** रहने तथा पछाडिचाहिँ **बदे**
रहने गरेको देखिएकोले **बदे**बाट निस्किएका शब्दले आजभोलि खास गरी
शाक्य बुझाउने गरे पनि उहिले **वज्राचार्य** र **शाक्य** दुवैलाई बुझाउने गर्थ्यो २५९-२६१
देउपाटन, काठमाडौँ र भक्तपुरका कुनै कुनै लिखतमा नाउँको अगाडि **भिक्षु** र
पछाडि **बन्दे** वा **बादे** । ललितपुरको एउटा शिलापत्रमा चाहिँ नाउँको अगाडि
वज्राचार्य र पछाडि **भिक्षु** २६१
शाक्यभिक्षु राजब्रह्मश्रीले पत्नी र छोरानातिसहित भई यो देयधर्म गरे भनी
यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा लेखिएको देख्दा आफूलाई **भिक्षु**
भन्ने मान्छे कसरी गृहस्थ भए भन्ने विषयमा २६१-२७७
जान कर लाकले भेट्टाएको, विवाहित शाक्यभिक्षुको पहिलो उल्लेख
ने.सं. ६३१ मा । यस पुष्पिकाअनुसार विवाहित शाक्यभिक्षुको उल्लेख
ने.सं. ४७८ मै २६२-२६३
विवाहित शाक्यभिक्षु वा वज्राचार्यको उल्लेख भएका, ने.सं. ४७८ पछिका
र ने.सं. ६३१ अघिका १७ वटा अभिलेखको चर्चा २६३-२६८
ललितपुरको जयवर्मनाममहाविहारमा बसी ने.सं. ४०४ मा *शतसाहस्रिका
प्रज्ञापारमिता* सार्ने सुगतरक्षित **गृहाश्रमभिक्ष्वाचार्यकायस्थ** र त्यही विहारमा बसी
ने.सं. ३३८ मा *निष्पन्नयोगावली* सार्ने ज्ञानरक्षित **कायस्थवज्राचार्यभिक्षु** भएकाले
अघिल्लोमा **वज्र** शब्द नपरे पनि तिनी पनि **वज्राचार्य** नै हुन् भन्ने तर्क २६८-२६९
कुनै **ब्राह्मण** पछि **वज्राचार्य** भएको बुझाउन **विप्रवंशवज्राचार्य** जस्ता शब्द
चलेको देखिएकोले **कायस्थवज्राचार्यभिक्षु** ज्ञानरक्षितको र **गृहाश्रमभिक्ष्वाचार्यकायस्थ**
सुगतरक्षितको नाउँमा जोडिएको **कायस्थ** शब्दपछि वंश बुझाउने शब्द नआएकोले
यो **कायस्थ** शब्द **जाति** नभई **लेखनदास**को अर्थमा आएको भन्ने तर्क २७३-२७४
प्राचीनतर धर्मशास्त्रहरूमा **लेखनदास**को अर्थमा र पछिल्ला धर्मशास्त्रमा
जातिको रूपमा **कायस्थ** २७०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यही कुरा अघिल्ला र पछिल्ला उत्कीर्ण लेखमा २७०-२७१

शाके ७९३ को महाराष्ट्र ठाणा जिल्लाको ताम्रपत्रमा जातको रूपमा पहिलोपल्ट **कायस्थ** २७१

उत्कीर्ण लेखहरूमा जातको रूपमा **कायस्थ** २७१

प्राचीनतम कोष *अमरकोष* र *शाश्वतकोष*मा **कायस्थ** शब्द छैन २७१

*हलायुधकोष*मा **लेखनदास**को अर्थमा **कायस्थ** २७१

*वैजयन्ती*को शूद्राध्यायमा **कायस्थ** र यसका पर्याय **लेखनदास**को अर्थमा आएकाले जातको रूपमा पेशा रूढ हुन हुन लागेको व्यवस्थाको छनक २७१-२७२

*विश्वप्रकाश*मा जातको रूपमा **कायस्थ** २७२

*त्रिकाण्डशेष*को शूद्रवर्गमा अरू अरू पेशेवरहरूसँगै **कायस्थ** शब्द **कूटकृत्** अर्थात् जालफेल गर्ने र **पञ्जीकर** अर्थात् दर्ता गर्ने अर्थमा २७२

*अनेकार्थसङ्ग्रह*मा **अक्षरजीवक** अर्थात् लेखेर जीविका गर्नेको अर्थमा **कायस्थ** २७२

*मेदिनीकोष*लगायतका अर्वाचीन कोषमा जातको रूपमा **कायस्थ** २७२

वि.सं. १२१३ को, जोधपुरको ताम्रपत्रमा र वि.सं. १२२० को, दिल्लीको ढुङ्गे खामोमा जातको रूपमा **कायस्थ** २७२

ने.सं. २४७ देखि ने.सं. २५६ सम्म राजाको रूपमा देखिएका इन्द्रदेवको पालामा *अष्टसाहस्रिका प्रज्ञापारमिता* सार्ने मान्छे **कायस्थकुलज** अर्थात् कायस्थकुलमा जन्मेका २७२

ने.सं. २८६ मा *अष्टसाहस्रिका प्रज्ञापारमिता* सार्ने मान्छे **कायस्थवंश** अर्थात् कायस्थवंशका २७२-२७३

ने.सं. ३०३ मा *चरकसंहिता* सार्ने मान्छे **जेजावुक्तियश्रीवास्तव्यकायस्थान्वय** अर्थात् जेजाभुक्तिका श्रीवास्तव कायस्थवंशका २७३

ललितपुरको, ठिमीका, काठमाडौँका इ्वाबहाल र ढोकाबहालका अभिलेखमा नाउँको अगाडि **भिक्षुवज्राचार्य** २७४-२७५

काठमाडौँका असनबहाल, वंथबहाल, वंदुछेबहाल, दुगंबहिल, टेबहाल, मखनबहाल, इटुंबहाल, ढोकाबहाल, गंबहाल, मछिन्द्रबहाल आदिका अभिलेखमा र ललितपुरका अभिलेखमा **वज्राचार्यभिक्षु** २७५-२७७

केम्ब्रिजवंशावली-२ बाट केशचन्द्रसम्बन्धी प्रकरण २७८-२८५

ने.सं. ६८५ चैत्रशुक्लत्रयोदशीको दिन लेखिसिद्धिएको, नेवारीमा व्याख्या भएको, *आयुर्वेदग्रन्थ*को पुष्पिका २८६-२८७

ने.सं. ७२९ कार्तिककृष्णदशमीको लिखत २८८-२८९

ने.सं. ८६३ श्रावणशुक्लप्रतिपदाको लिखत २९०-२९१

ने.सं. ६०८ ज्येष्ठकृष्णचतुर्दशीको लिखत २९२-२९३

यो लेख लेख्दा काम लिइएका साधनको तालिका २९४-३५४

२. लेलेयात्रा **—नयराज पन्त** ३५५-३५८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इटुंबहालको *प्रज्ञापारमिता*
खस-नेवारसम्पर्कको नतीजा

- महेशराज पन्त

१. धेरैजसो बहालका जङ्गम मूर्ति, पुस्तक र पट इत्यादि हरसाल श्रावणशुक्लद्वादशीको दिन झिकी ७ दिनसम्म देखाउन भनी बाहिर राख्ने चलन छ।[१] त्यस्तो प्रदर्शनीलाई **बहिद्यः ब्वयेगु** अर्थात् **देखाउन भनी बहालका देवता**

१. **बहिद्यः ब्वये**को यो मिति हामीले अन्त (महेशराज पन्त र दिनेशराज पन्त २०३७:१८) पनि दिएका छौँ। **बहिद्यः ब्वयेगु** पूर्णिमाको ३ दिनअगाडि, श्रावणशुक्लद्वादशीको दिन शुरू भई केही (**सेभ्रअरल्**) दिनसम्म चल्छ, कति दिन चल्छ भन्ने कुरा विहारका मानिसहरूको लहडमा भर पर्छ भनी मेअरी एम. एन्डर्सन ([२०२७/२८] २०३३/३४:८१)ले लेखेकी छिन्। १० दिन **बहिद्यः ब्वयेगु** गर्नुपर्ने भए पनि आजभोलि २ वा ३ दिन मात्र गरिन्छ भनी मेअरी शेप्अर्ड स्लसर (२०३१:५५ = २०६२:१२८)ले लेखेकी छिन्। [...] **श्रावण पूर्णिमाको दिन प्रत्येक बौद्ध महाविहारलाई सफासुग्घर राखी त्यहाँ भव्य रूपले बुद्ध पूजा गरिन्छ, विहारका प्रदर्शनी कक्षहरूमा विभिन्न मूर्ति (मायो, प्रस्तर, काठ, धातु आदिका) हरू, चित्र (पौभा, बिलँ पौ आदि) हरू, प्राचीन शैलीका वस्त्रहरू, आभूषणहरू, अभिलेख, पुस्तकहरू आदि विशेष रूपले प्रदर्शन गर्ने चलन छ र यस्तो किसिमको प्रदर्शनी सात दिनसम्म सार्वजनिक रूपमा खुला राखिन्छ** भनी सत्यमोहन जोशी ([२०३९] २०६७:९८)ले लेखेका छन्। श्रावणशुक्लद्वादशीदेखि १० दिनसम्म **बहिद्यः ब्वयेगु** गर्ने परम्परा भए पनि कुनै सङ्घले **बहिद्यः ब्वयेगु** गर्दै नगर्ने, गर्नेमध्ये पनि सङ्घैपीछेको आआफ्नो लहडअनुसार १ वा २ दिनभन्दा बढी चल्दैन भनी मेअरी शेप्अर्ड स्लसर (२०३९:३०३)ले लेखेकी छिन्। नघलबहालमा **श्रावण (गुंला) महिनामा द्वादशि*[①] देखि चार दिन सम्म त्यस घरको छिडीमा पन्वदान* देवता [...] र सम्यक देवता को [...] प्रदर्शन गर्ने चलन हाल सम्म चलेकै छ। आजकाल यी मूर्तिहरु दुई दिन मात्र प्रदर्शन गरिन्छ** भनी भरत मान शाक्य (२०४०:३५)ले लेखेका छन्। सम्यक् (धेरैजसो दीपङ्कर बुद्ध)का मूर्ति आफूसँग भएकाहरू गुँला (साउन महीना)को आधाआधीमा ५ दिनसम्म ती मूर्ति सर्वसाधारणलाई देखाउँछन् भनी **बहिद्यः ब्वयेगु**को प्रसङ्गमा टाड थ्रान्टन लुइस (२०४१:३६१)ले लेखेका छन्। श्रावणशुक्लदशमीदेखि [अमान्तमानले] श्रावणकृष्णदशमीसम्म १५ दिन **बहिद्यः ब्वयेगु** हुन्छ भनी करुणाकर वैद्य (२०४३:३०)ले लेखेका छन्। बहालका देवता श्रावणशुक्लद्वितीयादेखि ८ दिनसम्म देखाइन्छन् भनी मदनसेन बज्राचार्य* (२०४४)ले लेखेका छन्। श्रावणपूर्णिमादेखि ८ दिनसम्म बहालबहिमा बहालका देवता पट देखाउने, दान गर्ने, पाठपूजा गर्ने स्थिति छ भनी सविता धाख्वा (२०४८:९)ले लेखेकी छिन्। श्रावणशुक्लद्वादशीको दिन ललितपुरमा **बहिद्यः ब्वयेगु** हुन्छ भनी डेभिड एन. गेल्नर (२०४८/४९:२१५)ले लेखेका छन्। गुँलाको आधाआधीतिर पूर्णिमाको केही दिनअगाडि विहारहरूमा देवता देखाउने **बहिद्यः ब्वयेगु** हुन्छ, पाटन र काठमाडौँमा पुराना विहारहरूमा धार्मिक शेषभाग चित्रहरू, मूर्तिहरू र ग्रन्थहरू देखाइन्छन् भनी *दि इन्डिपेन्डन्ट्* २०४९ मा लेखिएको छ। श्रावणशुक्लद्वादशीदेखि चतुर्थीसम्म लगातार ९ दिन (**द्वादशीनिसें चौथि तक गुन्हुयंकं**)[②] थरी थरी रूपमा कार्यक्रम भइरहन्छ, **बहीद्यो ब्वयेगु** हुन्छ भनी रत्नकाजी वज्राचार्य (२०५१:३७ = २०६१:११)ले लेखेका छन्। श्रावण महीनाको शुक्लद्वादशीदेखि बहालबहिल अथवा आफ्नो घरमा देखाउने गरी देवता राख्न सफासुग्घर

① यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

② द्वादशीदेखि चौथीसम्म कुनै तिथि बढेको छैन भने ८ दिन मात्र हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेर **बहिद्यः ब्वयेगु** शुरू गरिन्छ भनी लोकरत्न शाक्य (२०५५)ले लेखेका छन्। श्रावणपूर्णिमाको ३ दिनअगाडि वा द्वादशीको दिनदेखि बहिद्यः देखाउने चलन छ भनी रत्नतारा ताम्राकार* (२०६४:३)ले लेखेकी छिन्। [...] **लोकलाई दर्शन गराउन बहिदेवता, उपदेश लेखेको ग्रन्थ, पौभाः, सुनको अक्षर भएको ग्रन्थ, चाँदिको अक्षर भएको ग्रन्थ आदि आठ दिनसम्म प्रदर्शनमा राख्ने चलन छ** भनी जनैपूर्णिमाको विषयमा लेख्दा विनोदमान राजभण्डारी (२०६४:२८)ले लेखेका छन्। **"वही द्यः ब्वये" अर्थात् विविध बौद्ध सामाग्री* प्रदर्शन गर्ने परम्परा प्रत्येक वर्ष गुँलाध्व दशमीदेखि शुरु भई गुँलागाः दशमीसम्म प्रदर्शन गरिने परम्परा छ**[③] भनी राजेन्द्र मान वज्राचार्य (२०६६:५= राजेन्द्रमान वज्राचार्य २०६६ क)ले लेखेका छन्।

ब्रायन हाउटन हाज्सनको लागि अमृतानन्द शाक्यले ने.सं. ९४६ (वि.सं. १८८३)मा तयार गरेको[④] *धर्मकोशसङ्ग्रहमा* यस्तो

> **श्रीस्वयम्भूधर्मधातुवागीश्वरचैत्यभट्टारकप्रतिपालितनेपालमण्डलान्तर्गतकाष्ठमण्डपललितपत्तनभक्तपुराभिधमहानगर-वरेषु पञ्चाशद्देशग्रामनिगमजनपदपरिवृतेषु बहवो बुद्धविम्बचैत्यविम्बधर्मधातुमण्डलमहाकालहारीतिहनुमदादि-विम्बयुता विहाराः सन्ति. तत्र सर्वत्र विहारेषु प्रतिवत्सरं श्रावणशुक्लाष्टमीमारभ्य कृष्णचतुर्दशीपर्यन्तमभ्यन्तरस्थापितानि बुद्धबोधिसत्त्वादिविम्बानि विहारशालायां स्थापनीयानि पूजनीयानि तत्प्रीत्या दातव्यानि. अथ च भाषया बहिर्बोय इति प्रसिद्धा. अथ च सुवर्णलिखितानि रङ्गलिखितानि प्रतिमापयनि कथान्तरप्रतिमापयनि च. इति तुलांपौ इति प्रसिद्धानि. तान्यपि स्थापनीयानि प्रकाशनीयानि. यानि दृष्ट्वा पापक्षयः पुण्यवृद्धिः इत्युदन्तः ।। ।।**
>
> (*धर्मकोशसङ्ग्रह* २१५,२१७)[⑤]

③ राजेन्द्रमान वज्राचार्य २०६६ कमा **परम्परा रहेको छ** छापिएको छ।

④ **ऋतूदधिनिधौ वर्षे श्रावणे कृष्ण आरुणे ।।**
श्रीसाहेबाज्ञयालेखदमृतः शाक्यशासनः ।।
(यो पाठ मुकुन्दराज अर्ज्याल २०५९:२०२ अनुसारको हो। मुकुन्दराज अर्याल २०५९ मा चाहिँ कहीँ कहीँ अशुद्ध पाठ– **ऋतुदधिनिधौ, आरुणेः** र **श्रीसाहेबाज्ञयालेख्यादमृतशाक्यशासनः**– छ।)
(संवत् ९४६ मा श्रावणकृष्णदशमी[❶]**मा श्रीसाहेबको आज्ञाले अमृत शाक्यले लेखे।)**

⑤ परसवर्ण गर्नैपर्ने ठाउँमा मूल पुस्तकमा आम तर अशुद्ध चलनअनुसार अनुस्वार हालिएकोमा र बकार लेख्नैपर्ने ठाउँमा मूल पुस्तकमा वकार भएकोमा प्रकाशित पुस्तक (मुकुन्दराज अर्ज्याल २०५९)मा मूलको पाठ जस्ताकोतस्तो दिई कोष्ठ-भित्र शुद्ध पाठ दिइएको छ। मैले यहाँ र तल *धर्मकोशसङ्ग्रहको* उद्धरण गर्दा मूल पुस्तकअनुसार नगरी प्रकाशित पुस्तकमा सच्याएअनुसार पाठ दिएको छु। अनि मूल पुस्तकमा भएको यस्तो . विरामचिह्न मेरो दृष्टिमा नचाहिने ठाउँमा हट्याउने र चाहिने ठाउँमा थप्ने काम गरेको छु। थप, प्रकाशित पाठमा **पंचा(पञ्चा)शत्देश°** भएकोमा **पञ्चाशद्देश°** र **वहिर्वोय** भएकोमा **बहिर्बोय** बनाएको छु। यस लेखमा तल तल त्यस पुस्तकबाट उद्धरण गरिएका अंशमा पनि यसै गरी अत्यावश्यक ठाउँमा संशोधन गरेको छु।

❶ यहाँ **आरुणेको** अर्थ त्यति स्पष्ट नभए पनि **आरुणि** शब्दले **अरुण** अर्थात् सूर्यका छोरा **यम** पनि बुझाउने भएकोले (उदाहरणको लागि वामन शिवराम आपटे २०१५/१६ मा **आरुणि**) र **दशमी** तिथिको मालिक **यम** भएकाले (उदाहरणको लागि दिनेशराज पन्त २०३२:३२) **आरुणेको** अर्थ **दशमी** भनी मैले गरेको हुँ। मुकुन्दराज अर्ज्याल (२०५९:२०२)ले यहाँको **आरुणेको** अर्थ **सप्तमी तिथिमा** भनी गरेका छन्। **अरुण** शब्दमा आदिवृद्धि गर्दा **आरुण** रूप बन्छ र **अरुणसम्बन्धी तिथि** भन्ने अर्थ गर्दा **अरुण** अर्थात् **सूर्य** सप्तमी तिथिका मालिक हुने हुनाले (दिनेशराज पन्त २०३२:३२) **सप्तमी तिथिमा** भनी अर्थ गर्न पनि नसकिने होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राख्ने[२] भनिने गरिन्छ। इटुंबहालमा चाहिँ अन्यत्रभन्दा ५ दिनअगाडि अर्थात् श्रावणशुक्लसप्तमीदेखि देखाउन भनी राख्न थाली अन्यत्रभन्दा ४ दिनपछाडि अर्थात् भाद्र(अमान्तमानले श्रावण)कृष्णसप्तमीसम्म पूरै पक्षभर **बहिद्यः ब्वयेगु** गर्ने चलन छ।[३] वि.सं. २०६७ मा त्यो प्रदर्शनी हेर्न ठाउँठाउँमा म गएँ। भाद्रकृष्णप्रतिपदा अर्थात् गाईजात्राको दिन भाद्र ९ गते बुधवार घुम्दै घुम्दै बेलुकीपख श्रीदेविचन्द्र श्रेष्ठ र म इटुंबहाल पुगेका थियौँ। त्यहाँ फोटो खिँच्ने मेरो विचार भयो र त्यस वेला आफ्नो पासमा क्यामरा नहुँदा पछि आउने विचार गरेँ। भोलि **दथुसाया:** हो, भोलि आए कुमारीको पनि दर्शन मिल्छ भनी त्यहाँका केही सहृदय गुठियारहरूले भनेकाले द्वितीयाको दिन १० गते त्यहाँ जाने विचार गरी त्यसको प्रबन्ध पनि गरिसकिएको भए पनि कारणवश त्यो दिन आधा बाटोबाटै फर्कनुपर्‍यो। पर्सिपल्ट चतुर्थीको दिन भाद्र १२ गते शनिवार दिउँसो श्रीकुमार रञ्जितसँग म त्यहाँ गएँ। श्रीकेशचन्द्रमहाविहारसंरक्षणसमाजका अध्यक्ष क्या. श्रीचन्द्रबहादुर शाक्यको प्रबन्धबाट इटुंबहालको *प्रज्ञापारमिता*को दर्शन पाइयो।

२. नीलपत्रमा सुन र चाँदीको मसीले लेखिएको, त्यो *प्रज्ञापारमिता* पारावतमहाविहार (**बह्मः दुने**) अर्थात्

(श्रीस्वयम्भूधर्मधातुवागीश्वरचैत्यभट्टारकले पालना गरेको, नेपालमण्डलअन्तर्गत, ५० देश ग्राम निगम र जनपदहरूले घेरिएका, काष्ठमण्डप ललितपत्तन भक्तपुर नाउँ भएका श्रेष्ठ ठूला सहरहरूमा धेरै बुद्धविम्ब चैत्यविम्ब धर्मधातुमण्डल महाकाल हारीती हनूमान् आदिका विम्बले युक्त ५० वय विहार छन्। ती सबै विहारमा भित्र राखिएका, बुद्ध बोधिसत्त्व आदिका विम्बलाई बर्सेनि श्रावणशुक्लअष्टमीदेखि थालेर कृष्णचतुर्दशीसम्म विहारशालामा राख्नुपर्छ पूजा गर्नुपर्छ। तिनीहरूको प्रीतिद्वारा दान गर्नुपर्छ। अनि भाषाले बहिर्बोय भनी प्रसिद्ध। अनि तुलांपौ भनी प्रसिद्ध भएका, सुनले लेखिएका, रङ्गले लेखिएका, प्रतिमापट र अरू अरू कथा [बुझाउने] प्रतिमापट। तिनीहरू पनि राख्नुपर्छ देखाउनुपर्छ। जुन देखेर पापको नाश, पुण्यको बढिबढाउ हुन्छ भनी भनिन्छ।)

लेखिएकोले अहिलेभन्दा २ शताब्दीअगाडिसम्म श्रावणशुक्लअष्टमीदेखि [अमान्तमानले] श्रावणकृष्णचतुर्दशीसम्म गरी २१ दिन **बहिद्यः ब्वयेगु** हुन्थ्यो भन्ने थाहा हुन्छ।

२. **बहिद्यः ब्वयेगु**को मतलब **बहालका देवता देखाउने** भनी ठान्ने गरिएकोमा *धर्मकोशसङ्ग्रह*मा **बहिर्बोय** भनी लेखिएकोले (१ सङ्ख्याको टिप्पणीमा हेर्नू) **बाहिर देखाउने** भनेर र यहीँ अलि तल (२१७) **तस्मिन् प्रतिष्ठितानि बहिर्देवतानां बहिर्द्यो इति विख्यातानां विम्बानि प्रतिमापयनि च** अर्थात् **त्यहाँ (रुद्रवर्ण नाउँ भएको महाविहारमा) प्रतिष्ठा गरिएका बहिर्द्यो भनी विख्यात बाहिरिया देवताहरूका विम्ब र प्रतिमापटहरू** भनी लेखिएकोले **बाहिर देखाउने** भनी अर्थ गर्नुपर्छ कि जस्तो मलाई लाग्छ।

३. इटुंबहालमा श्रावणशुक्लसप्तमीदेखि पक्षभर **बहिद्यः ब्वयेगु** गर्ने चलन छ भन्ने कुरा *अप्सरा* २०५९:७ मा र भुवनलाल प्रधान २०६४: १३२ मा लेखिएको छ। यस कुराको पुष्टि इटुंबहालका बासिन्दा प्रतापमान शाक्यबाट पनि भएको छ (वि.सं २०६७। १०।१३।५ मा भएको कुराकानी)। सङ्घमा रहेका बहुमूल्य सम्पत्ति [अमान्तमानले] श्रावणकृष्णसप्तमीको दिन इटुंबहालमा देखाइन्छन् भनी जान कर लाक (२०४१/४२:२८६)ले लेखेका छन्। श्रावण महीनामा द्वादशीको दिन सबै बहालबहिमा दीपंकर बुद्धहरू (**बहिद्य:**) देखाउने गरिन्छ त *प्रज्ञापारमिता*को पुस्तक र बिलंपौ पनि देखाउने चलन छ, इटुंबहालमा श्रावणशुक्लसप्तमीको दिन श्रीकेशचन्द्र देखाउन भनी राख्ने काम हुन्छ, बाँकी अरू देवताहरूलाई द्वादशीको दिन बाहिर ल्याइन्छ भनी अमृतमान शाक्यभिक्षु (२०६१)ले लेखेका छन्। श्रावण महीनामा सालिन्दा २ हप्ता केशचन्द्रको मूर्ति र अरू बौद्ध मूर्ति इटुंबहालमा देखाउने गरिन्छ भनी स्वस्तिरत्न शाक्य (२०६६:१३)ले लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खास इटुंबहालभित्र दक्षिण फर्केको आगमको छिँडी तलाको सलन्साल[४]मा राखिएको रहेछ । हामी त्यहाँ पुग्दा त्यस छिँडीका सबै आँखीझ्याल बन्द भएकाले छिँडी अँध्यारो अँध्यारो नै देखिन्थ्यो । यो पुस्तक आफ्नै आँखाले हेर्ने वा यस पुस्तकको विषयमा सुन्नेहरूमध्ये केहीले यसलाई **हस्तलिखित ग्रन्थ**[५] मात्र, कसैले **इटुम्बहालमा रहेको पुस्तक**[६] र कसैले *अष्टसाहस्रिका प्रज्ञापारमिता*[७] भने पनि यसको पुष्पिका हेर्दा यो *शतसाहस्रिका प्रज्ञापारमिता* रहेछ भन्ने थाहा भयो[८] ।

३. यो *शतसाहस्रिका प्रज्ञापारमिता* सार्दा लेखिएको पुष्पिकाबाट नेपालको तात्कालिक इतिहासमा प्रकाश पर्ने देखिएकोले फोटो लिन क्या. श्रीचन्द्रबहादुर शाक्यको अनुमति लिएँ । श्रीकुमार रञ्जितद्वारा अगाडिका र

---

४. यो शब्द **संघशाला**को अपभ्रंश हो भनी भुवनलाल प्रधान (२०६४:१२६)ले लेखेका छन्– **यसको छिँडी तलामा "बहिद्यो ब्वयेगु" गरिन्छ । यस ठाउँलाई संघशाला (नेवार भाषामा बिगारेर "सलंशाला") भनिन्छ ।**

५. यस पुस्तकको पुष्पिकाको गौतमवज्र वज्राचार्य(२०३१:९७ मा ४ सङ्ख्याको टिप्पणी = उही २०३३:४ मा ३ सङ्ख्याको टिप्पणी)को उद्धरणमा पुस्तकको नाउँ **लक्षाभगवति**[①] परे पनि उनले यसलाई **प्रतिवर्ष श्रावण महीनामा हुने, 'बहिबोय्' भनी प्रसिद्ध विहारमा संचित वस्तुहरूको प्रदर्शनी देखाउने वेलामा इटुम्बहालमा प्रदर्शित गरिने हस्तलिखित ग्रन्थ** (उही २०३१:९० = उही २०३३:४) भनी काम चलाएका छन् । गौतमवज्र वज्राचार्य (२०३१:९७)ले छपाएको पुष्पिका आफ्नो पुस्तकमा उद्धरण (जान कर लाक २०४१/४२:५०० मा ५८ सङ्ख्याको टिप्पणी)[②] गरी यस पुस्तकलाई जान कर लाक(२०४१/४२:२८८)ले **अ म्यानुस्क्रिप्ट्** अर्थात् **लेखोट पुस्तक** भनी लेखेका छन् । करुणाकर वैद्य (२०४३:३१)ले यस पुस्तकलाई **यान् ओल्ड् म्यान्युस्क्रिप्ट् शोइङ् भेरइ फाइन् क्यारअक्टर्ज् कल्ड् 'रञ्जना' रिट्न् इन् गोल्ड् इङ्क यान्ड् कन्सिडर्ड् टु बी भेरइ ओल्ड् बट् येट् लुकइङ् फ्रेश् यान्ड् ग्रीन्** अर्थात् **रञ्जना[③] भनी कहिएको, ज्यादै राम्रो अक्षरमा सुनको मसीले लेखिएको, धेरै पुरानो भनी ठानिए पनि अझै ताजा र हरियो देखिने, पुरानो लेखोट पुस्तक** भनी लेखेका छन् । इटुंबहालमा भएभरका अभिलेखको सँगालोका संकलक तथा अनुवादक सिद्धिरत्न शाक्यभिक्षु (२०६२ कःङ)ले खालि **हस्तलिखित ग्रन्थ** भनी चित्त बुझाएका छन् ।

६. ज्ञानमणि नेपाल २०६२:४९ मा २२ सङ्ख्याको टिप्पणी । गौतमवज्र वज्राचार्यले छपाएको पुष्पिका आफ्नो पुस्तकमा उद्धरण गर्दा ज्ञानमणि नेपालले **संस्कारित** र **श्रीकेशवचन्द्र**को बीचमा रहेको **इति** छोडिदिएका छन् ।

७. रत्नकाजी वज्राचार्य (२०५१:३९ = २०६१:१२-१३), बिराजकाजी राजोपाध्याय (२०५८:९१), स्वस्तिरत्न शाक्य (२०६२:ग), अमृतमान शाक्यभिक्षु (२०६५), सर्वज्ञरत्न बज्राचार्य* (२०६७) र चन्द्र बहादुर शाक्य (२०६७)ले यस *शतसाहस्रिका प्रज्ञापारमिता*लाई *अष्टसाहस्रिका प्रज्ञापारमिता* ठानेको देखिन्छ ।

८. यो पुष्पिका तल § १० मा छ ।

---

① गौतमवज्र वज्राचार्य २०३१ मा मूलअनुसारको **लक्षाभगवति** पाठ भएकोमा उही २०३३ मा भने **लक्षाभगवती** भई छापिएको छ । **लक्षाभगवती** भनेको *शतसाहस्रिका प्रज्ञापारमिता* हो (तल २९५ सङ्ख्याको टिप्पणी हेर्नू) ।

② गौतमवज्र वज्राचार्यले दिएको पुष्पिकाबाट उद्धरण गर्दा जान कर लाकले **राजब्रह्म**सम्म मात्र सारी पछिल्ला ३ अक्षर अर्थात् **श्रीनामा** छोडेका छन् । गौतमवज्र वज्राचार्यको उपर्युक्त लेखको सन्दर्भ दिँदा **कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज् १, २:९३, नोट् ४** हुनुपर्नेमा भ्रमवश त्यहाँ **कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज् २, २:९३, नोट् ४** छापिएको छ ।

③ एक पङ्क्ति सुनको र अर्को पङ्क्ति चाँदीको गरी यो पुस्तक यही क्रमले २ थरी मसीले लेखिएको छ । यस पुस्तकको लिपि रञ्जना होइन (यसको लिपिको विषयमा तल § ७ हेर्नू) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पछाडिका गरी ६ पृष्ठको फोटो लिइयो । यस लेखको जन्म यसैबाट भएको हो ।

लिएको फोटो क्यामरा हल्लेकोले धेरैजसो त्यति स्पष्ट आएन । फेरि त्यहाँ गएर फोटो खिँच्ने व्यवस्था मिलाउन नसकिने जस्तो लागेकोले त्यतातिर कोशिश पनि गरिएन । खिँचेको फोटो स्टुडियोमा मिलाउन दिँदा राम्रो नतीजा आउन सक्छ भन्ने सल्लाह भएकोले पर्सिपल्ट नयाँ सडकको फोटो कन्सर्नमा पुगियो । हामीकहाँ त यो सच्याउन सकिँदैन, तीनधारा पाकशालानिरको फोटो हलिवुडले सक्छ कि भनी त्यहाँ भनेकोले त्यहीँ पुगियो । त्यहाँ १५ सय रुपैयाँ खर्च गरी मिलाउने काम भए पनि आफूले चिताए जति राम्रो नआए पनि केही सुधार भने अवश्य भयो ।

४. महायानवाङ्मयमा *प्रज्ञापारमिता*को ठूलो ठाउँ छ। एक अक्षरदेखि १ लाख ग्रन्थसङ्ख्यासम्म भएको *प्रज्ञापारमिता* पाइन्छ । खुलाएर भन्दा एकाक्षरा, स्वल्पाक्षरा, ७, ९, १४, २१, ५०, १५०, ३००, ५००, ७००, ८००, २५००, ८०००, १००००, १८०००, २५००० र १ लाख ग्रन्थ[९]सम्मका *प्रज्ञापारमिता* छन्[१०] ।

यीमध्ये आठ हजार ग्रन्थ भएको *अष्टसाहस्रिका प्रज्ञापारमिता* प्राचीन हो भन्ने तज्ज्ञको धारणा छ ।[११] मूल *प्रज्ञापारमिता*लाई पछि १८ हजार ग्रन्थ भएको *अष्टादशसाहस्रिका प्रज्ञापारमिता*, २५ हजार ग्रन्थ भएको *पञ्चविंशतिसाहस्रिका प्रज्ञापारमिता* र १ लाख ग्रन्थ भएको *शतसाहस्रिका प्रज्ञापारमिता*मा गरी ३ वटा भिन्नाभिन्नै ग्रन्थमा विस्तर गरियो, यी तीनै थरी *प्रज्ञापारमिता* मूलतः एउटै हुन् र तिनमा खालि पटक पटक उही वाक्य दोहऱ्याइएकाले ती ती *प्रज्ञापारमिता*को ग्रन्थसङ्ख्या फरक फरक भयो भनी उनी भन्छन् ।[१२]

५. *शतसाहस्रिका प्रज्ञापारमिता* ७२ परिवर्तमा बाँडिएको छ ।[१३] यसका अहिलेसम्म १४ परिवर्त मात्र प्रकाशित छन् ।[१४] इटुंबहालको यस *शतसाहस्रिका प्रज्ञापारमिता*को अघिल्लो पुष्पिकामा **शतसाहस्र्याः प्रज्ञापारमितायाः सप्तमः अष्टम परिसमाप्ता** ।। भनी लेखिएकोले यस पुस्तकमा आठौँ परिवर्तसम्म रहेछ भन्ने देखिन गएको छ । **सातौँ र आठौँ सिद्धिए** भनी यस पुष्पिकामा लेखिएकोले कहीँ खालि ७ र ८ परिवर्त मात्र यस लेखोट पुस्तकमा छन् कि भन्ने शङ्का उठे तापनि प्रकाशित *शतसाहस्रिका प्रज्ञापारमिता* (प्रतापचन्द्र घोष १९५८)सँग भिडाएर हेर्दा त्यहाँ पहिलो परिवर्तको विषयवस्तुको उठान जसरी भएको छ, झण्डै झण्डै त्यसरी नै यस

---

९. १६ अक्षरको १ **ग्रन्थ** हुन्छ । अनुष्टुभ् छन्दमा १६ अक्षर हुने हुनाले गद्यमा लेखिएको भए पनि ग्रन्थलाई **श्लोक** भन्ने चलन छ ।

१०. हेमराज शाक्य २०४७:४५-४७ ।
पुष्प राज बज्राचार्य* २०५१:५०-५८ ।
विजयराज वज्राचार्य २०६३:४०-४६ ।

११. एड्वर्ड कोंजे [२०३५] २०६४/६५:१९ ।

१२. उही:१० ।

१३. राजेन्द्रलाल मित्र [१९३९] २०२८:१७२-१७८ ।
विजयराज वज्राचार्य २०६३:५६ ।

१४. विजयराज वज्राचार्य २०६३:४० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखोट पुस्तकको पनि उठान भएकोले यहाँ पहिलो परिवर्तदेखि नै भएको देखिन्छ।[१५] यस *शतसाहस्रिका*

१५. *शतसाहस्रिका प्रज्ञापारमिता*को, इटुंबहालमा रहेको लेखोट पुस्तकको उठान यसरी

ॐ नमो भगवत्यै आर्यप्रज्ञापारमितायै ।। नमो भगते भैषज्यगुरुवैदूर्यप्रभराजाय तथागताय । नमः आर्यावलोकितेश्वराय बोधिसत्वाय महासत्वाय महाकारुणिकाय [...]

भएकोमा प्रकाशित *शतसाहस्रिका प्रज्ञापारमिता* (प्रतापचन्द्र घोष १९५८)को उठान यसरी

नमः श्रीसर्व्वबुद्धबोधिसत्त्वार्यश्रावकप्रत्येकबुद्धेभ्यः ।।

या सर्व्वज्ञतया नयत्युपसमं शान्तैषिणः श्रावकान्
या मार्गज्ञतया जगद्धितकृतालोकार्थसम्प्रापिका ।
सर्व्वाकारमिदं वदन्ति मुनयो विश्वं यया सङ्गता
तस्यै श्रावकबोधिसत्त्वगणिनो बुद्धस्य मात्रे नमः ।।
यदसुलभमनन्तकल्पकोटिभिः प्रसरशतैरपि हेतुवर्जितानां ।
भवतु हि जिनार्करस्मिभूतं तदिदमिदं प्रतिचक्षुरग्रयानं ।।
गम्भीरञ्च न चाभ्यस्तं दुर्लभञ्च मुनेर्वचः ।
न च तेन विना मोक्षं तस्माच्छ्रोतव्यमादरात् ।।

नमो भगवते भैषज्यगुरुवैदूर्यप्रभाय तथागताय । नमो भगवत्यै प्रज्ञापारमितायै ।। नम आर्यावलोकितेश्वराय बोधिसत्त्वाय महासत्त्वाय महाकारुणिकाय । [...]

गरिएको छ ।

ने.सं. ८३५ (वि.सं. १७७२) वैशाखशुक्लपञ्चमीउप्रान्त षष्ठी बुधवारको दिन पुर्नवसूनक्षत्र शूलयोग[①]मा प्रतिष्ठा गरिएको (पूर्णरत्न वज्राचार्य २०२३ कः६०-६२) र ने.सं. ९२३ (वि.सं. १८६०) आषाढशुक्लदशमी बृहस्पतिवार कृत्तिकानक्षत्रमा सारिसिद्धिएको (राजेन्द्रलाल मित्र [१९३९] २०२८:१७९-१८०) *शतसाहस्रिका प्रज्ञापारमिता*को प्रथम खण्ड अर्थात् १२ परिवर्तसम्मको लेखोट पुस्तकमा एकाध ठाउँमा पाठभेदबाहेक प्रकाशित पुस्तक (प्रतापचन्द्र घोष २०५८)मा जस्तै उठान गरिएको छ[②] ।

यस कारण *शतसाहस्रिका प्रज्ञापारमिता*को छापा पुस्तक (प्रतापचन्द्र घोष २०५८)मा उपयोग गरिएका र अरू २ वटा (पूर्णरत्न वज्राचार्य २०२३ कः६०-६२, राजेन्द्रलाल मित्र [१९३९] २०२८:१७९-१८०) लेखोट पुस्तकको उठान उस्तै छाँटले गरेको स्पष्ट हुन्छ। यसैले इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा भन्दा अरू लेखोट पुस्तकहरूमा मङ्गलाचरण आदि बढी पल्लवित देखिएको छ । त्यसमाथि इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा **ॐ नमो भगवत्यै आर्यप्रज्ञापारमितायै ।।** पछि **नमो भगते भैषज्यगुरुवैदूर्यप्रभराजाय तथागताय ।** भएकोमा अरू लेखोट पुस्तक (प्रतापचन्द्र घोष २०५८ मा उपयोग गरिएका लेखोट पुस्तक, राजेन्द्रलाल मित्र [१९३९] २०२८:१७९-१८०)मा भने इटुंबहालको पुस्तकमा भएको दोस्रो वाक्य पहिलो र पहिलो वाक्य दोस्रो भएर आएको छ ।

① यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

② पूर्णरत्न वज्राचार्य २०२३ कः ६० मा आदिवाक्यहरूको उद्धरण **न तेन विना मोक्षं तस्माच्छ्रोतव्यमादरात् ।।** मा टुङ्ग्याइए पनि राजेन्द्रलाल मित्र [१९३९] २०२८:१७९ मा त्यसपछि गद्यवाक्य आएकोले पूर्णरत्न वज्राचार्य २०२३ कमा पनि त्यस्तै वाक्य हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*प्रज्ञापारमिता*को अन्तिम पत्रको बायाँ किनारामा दशमलवपद्धतिले **४७८** लेखिएको फोटोमा आएकोले यसमा **४७८** पत्र रहेछन् भन्ने कुरा थाहा हुन्छ। पत्रको नापोचाहिँ टिप्न अनुकूल परेन।

६. हामीले पहिलो पृष्ठको र अरू ४ पृष्ठका गरी ५ पृष्ठको र पुष्पिका भएका पृष्ठ अर्थात् ४७८ क र ४७८ ख गरी ७ पृष्ठको फोटो लिएका थियौँ। ४७८ क र ख पत्रको फोटो जम्मै पृष्ठ आउने गरी एकएकपटक र ४७८ ख पत्रको चाहिँ अर्कोपटक पनि ३ खण्ड गरी फोटो लिइएको हो। बीचका २ पृष्ठमध्ये एउटा पृष्ठको फोटोको चाहिँ २ खण्ड गरी लिइएको हो। यसरी फोटो लिइएका ७ पृष्ठमध्ये २ पृष्ठको फोटो भने पटक्कै नबुझिने छ। बाँकी ५ पृष्ठका फोटोमध्ये पहिलो पृष्ठको, कुनै अरू २ पृष्ठको कामचलाउ जस्ता भए पनि *शतसाहस्रिका प्रज्ञापारमिता*को यस पुस्तकको फोटो सजिलैसँग खिँच्न नपाइने हुनाले *शतसाहस्रिका प्रज्ञा-पारमिता*को विषयमा काम गर्नेहरूलाई उपयोगी होओस् भनी तिनको पनि यहाँ फ्याक्सिमिलि दिइएको छ। यसरी यहाँ पुष्पिकाका समेत गरी त्यस पुस्तकका ६ पृष्ठका १० वटा फ्याक्सिमिलि परेका छन्।[१६]

७. यस *शतसाहस्रिका प्रज्ञापारमिता*को लिपि वर्तमान देवनागरी लिपिको धेरै नजीक छ। नेवारको बहालमा राखिएको धर्मग्रन्थमा नेवारी लिपिको प्रयोग नभई नागरी लिपिको प्रयोग भएको देख्दा यस विषयमा केही लेख्न मन लाग्छ।

७.१. नेपालका लेखोट पुस्तकहरूको छानबीन गर्ने आदिपुरुष सेसिल बेन्डलले ने.सं. १२८ (वि.सं. १०६५)मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता*को लिपिलाई **अर्लि देवनागरी ह्यान्ड्, विद् सम् कुटिल क्यारक्-टरिस्टिक्स्** (सेसिल बेन्डल १९४०:१ मा याङ्. ८६६) अर्थात् **पुरानो देवनागरी, कुटिलका केही लक्षणसहित**[१७] र ने.सं. २८५ (वि.सं. १२२२)मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता*को लिपिलाई **कुटिल अर् अर्लि देवनागरी ह्यान्ड् याज् मोडिफाइड् इन् द १२थ् सेन्ट्. ए.डी.** (उही:१८२ मा याङ्. १६९३) अर्थात् **ईसवीको बाह्रौँ शताब्दीमा परिवर्तित कुटिल वा पुरानो देवनागरी** भनी लेखेको म सम्झन पुगेँ।

इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा **लक्षाभगवतीग्रन्थ**पछिका २ अक्षर पढ्न नसकिए पनि त्यसपछि **खण्डः** लेखिएकोबाट पनि *शतसाहस्रिका प्रज्ञापारमिता*को पूरै उतार यो नभई एक खण्डको मात्र उतार हो भन्ने सङ्केत आउँछ।

१६. यी फ्याक्सिमिलि तल ९४-१०३ पृष्ठमा छन्।

१७. यसको लिपिको विषयमा सेसिल बेन्डलले लेखेको कुरा[①]को खण्डन गर्न दिनेशचन्द्र रेग्मी (२०६०:२२१-२२२)ले खोजे पनि उनी यसमा सफल छैनन् जस्तो मलाई लाग्छ।

---

① सेसिल बेन्डल १९४० बाट सन्दर्भ दिँदा **याङ्. ८६६** लाई **याङ्. ८३६** भनी दिनेशचन्द्र रेग्मी (२०६०:२२८ मा २ सङ्ख्याको टिप्पणी)ले गल्ती गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको
***शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ क पृष्ठको फ्याक्सिमिलि**
यहाँको पुष्पिकाको पाठ तल १८६ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको

***शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ ख पृष्ठको फ्याक्सिमिलि**

यस पृष्ठको पाठ तल १८६-१८८ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ ख पृष्ठको पहिलो खण्डको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ ख पृष्ठको दोस्रो खण्डको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ ख पृष्ठको तेस्रो खण्डको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको
***शतसाहस्रिका प्रज्ञापारमिता*को पहिलो पृष्ठको फ्याक्सिमिलि**



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को कुनै पृष्ठको पहिलो खण्डको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को कुनै पृष्ठको दोस्रो खण्डको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को कुनै अर्को पृष्ठको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को भन् अर्को पृष्ठको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.२. यस *शतसाहस्रिका प्रज्ञापारमिता*को लिपि ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्णषष्ठी आदित्यवार श्रवणनक्षत्र ऐन्द्रयोग गरकरण[१८] विश्वमुहूर्त[१९]को, पाटन कुम्भेश्वरको, स्थितिराज मल्लको पालाको शिलापत्रसँग आपातत: मिल्छ जस्तो मलाई लाग्छ।[२०] यस शिलापत्रका आद्य सम्पादक, लिपिविशेषज्ञ सेसिल बेन्डल ([१९४२] २०३१)ले यसको लिपिको विषयमा केही नलेखे[२१] पनि हाम्रो समयका लिपिविशेषज्ञ हेमराज शाक्य (२०३०:७१)ले यस शिलापत्रलाई **प्राचीन देवनागरी लिपि**को उदाहरणको रूपमा अघि सारेका छन्।

७.२.१. इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता* र कुम्भेश्वरको यस शिलापत्रमा ३४ वर्षको जेठकान्छी छ र लिपिमा पनि ठाउँठाउँमा भेद छ। सूक्ष्म विवेचना पछिको लागि थाँती राखी आफ्नो मनमा लागेका एकाध कुरा मात्र अहिले भन्छु।

७.२.२. यी दुवै लेखमा डिकोको बायाँपट्टि तलसम्म एकलख ल्याउने र दोलखमध्ये एकलखचाहिँ यसै गरी तलसम्म ल्याउने र अर्को लखचाहिँ डिकोभन्दा माथि लाउने चलन छ। अर्को शब्दमा भन्दा **ए** मात्रा, **ऐ** मात्रा, **ओ** मात्रा र **औ** मात्रा लाउँदा **ए** मात्रा र **ओ** मात्रामा डिकोको बायाँपट्टि तलसम्म एकलख ल्याउने पद्धतिको अनुसरण गरिएको छ र **ऐ** मात्रा र **औ** मात्रामा चाँहि एउटा लख डिकोको बायाँपट्टि तलसम्म ल्याउने र अर्को लख डिकोभन्दा माथि लाउने चलन छ।

---

१८. मूल शिलापत्रमा मिति दिँदा आएको **गरकरणे**को अर्थ नबुझ्दा सेसिल बेन्डल ([१९४२] २०३१:८३)ले **शरकरणे** पाठ दिएका छन्। उनले हाँसोउठ्दो ढङ्गले त्यसको टिप्पणीमा **दिस् मस्ट् बी हिन्दुस्तानी सरकारने**[①] अर्थात् **यो, हिन्दुस्तानी [भाषाको] सरकारने हुनुपर्छ** भनी लेखेका छन् र त्यसको उल्था **बाइ अर्‌डर् अफ् गभ्अर्न्‌मन्ट्** (उही:८६) अर्थात् **सरकारको आदेशले** भनी गरेका छन्। यसको खण्डन धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल(२०११:१२-१३)ले गर्नुभन्दा ६६ वर्षअगाडि नै **द पब्लिश्ड् भर्‌शन् ह्याज्** *शरकरणे*, **सपोज्ड् टु बी द हिन्दुस्तानी सरकारने, यान्ड् रेन्डर्ड् "बाइ अर्‌डर् अफ् गभ्अर्न्‌मन्ट्." माइ क्यालक्युलेशन् अफ् द डेट् रेन्डर्ज् इट् सर्‌टिन् द्याट् द रीड्इङ्** *गरकरणे* **इज् राइट् अर्थात् प्रकाशित पाठ शरकरणे छ। [यसलाई] हिन्दुस्तानी [भाषाको] सरकारने भनी मानिएको र सरकारको आदेशले भनी [यसको] उल्था गरिएको छ। [यसको] मितिको मेरो गणनाबाट गरकरणे पाठ ठीक छ भन्ने देखाउँछ** भनी फ्रन्त्स कील्हर्न ([१९४५ क] २०४०/४१: २८९ मा ६ सङ्ख्याको टिप्पणी)ले गरिसकेका थिए।

१९. यस शिलापत्रको मितिको गणनाको लागि उही:२४९ र धनवज्र वज्राचार्य २०१९:३१२ हेर्नू।

२०. यस शिलापत्रको, राष्ट्रिय अभिलेखालयमा रहेको रबिङको फ्याक्सिमिलि तल १०५ पृष्ठमा छ। यस शिलापत्रको फ्याक्सिमिलि सेसिल बेन्डल [१९४२] २०३१:१४ सङ्ख्याको चित्र (इलस्ट्रेशन्ज्), हेमराज शाक्य २०३०:७० र ७१ पृष्ठको बीचको चित्र र धनवज्र वज्राचार्य २०६८:१८९ मा पनि छापिएको छ।

२१. यस शिलापत्रको पाठ सेसिल बेन्डल [१९४२] २०३१:८३-८५ मा र यसको अङ्ग्रेजी उल्था उही:८६-८७ मा छापिएको छ।[②]

---

① सरकारने अरबी-फारसी लिपिमा लेखिएको छ।

② यस शिलापत्रको पाठ डिल्लीरमण रेग्मी २०२३ क:१ खण्डको ३५ सङ्ख्या = ३३-३५ मा र धनवज्र वज्राचार्य २०६८:६२ सङ्ख्या = १८५-१८७ मा तथा यसको नेपाली उल्था उही:१८७-१८८ मा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्णषष्ठी आदित्यवारको, कुम्भेश्वरको शिलापत्रको रबिङ्को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.२.२.१. कुम्भेश्वरको शिलापत्रमा यस पद्धतिको पूरा अनुसरण गरिएको भए पनि यस *शतसाहस्रिका प्रज्ञापारमिता*मा चाहिँ **ए** र **ओ** मात्रा लाउँदा कहीँ कहीँ अहिलेको जस्तै गरेर डिकोमाथि नै एकलख लगाइएको छ।

७.२.२.१.१. यस *शतसाहस्रिका प्रज्ञापारमिता*बाट हामीले उद्धरण गरेको अंशमा ३८ चोटि **ए** मात्रा आएको छ। अक्षरको हिसाबले भन्दा १४ अक्षर अर्थात् **क, ण, त, द, न, प, भ, म, य, र, ल, व, श, ह**मा र ५ संयुक्ताक्षर अर्थात् **क्ष, त्त, ण्य, र्व, स्त**मा **ए** मात्रा लगाइएकोमा १३ चोटि डिकोमाथि एकलख लगाइएको छ। खुलाएर भन्दा ६ अक्षर अर्थात् **णे** १ चोटि आएकोमा त्यसमा, **ते** र **ने** पपाँचचोटि आएकोमा तीतीनचोटि, **मे** ३ चोटि आएकोमा १ चोटि, **ये** २ चोटि आएकोमा १ चोटि, **हे** ३ चोटि आएकोमा तीनैचोटि र संयुक्ताक्षर **त्ते** १ चोटि आएकोमा त्यसमा डिकोमाथि एकलख लगाइएको छ; बाँकी ८ अक्षर अर्थात् **क, द, प, भ, र, ल, व, श**मा र ४ संयुक्ताक्षर **क्ष, ण्य, र्व, स्त**मा चाहिँ डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएको छ र यस्तो किसिमको **ए** मात्रा २४ चोटि[२२] आएको छ[२३]।

---

२२. २५ चोटि डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएको भए पनि १ ठाउँमा संयुक्ताक्षर— **णी किरीये**को **णी**को अगाडिको अक्षर— को मात्रा (४७८ ख पत्रको २ पङ्क्ति) मात्र खुट्ट्याउन सकिएकोले त्यो कुन अक्षर हो भनी भन्न नसक्दा त्यो चढाइएको छैन।

२३. <u>डिकोमाथि लगाइएको लख</u>

णे- **भिक्षुश्रीवज्रभेनाणे°** (४७८ ख पत्रको ५ पङ्क्ति)।

ते- **तेषां** (४७८ क पत्रको ११ पङ्क्ति), **पर्वते** (४७८ ख पत्रको ५ पङ्क्ति), **भवन्तु ते** (उही पत्रको ६ पङ्क्ति)।

ने- **भुवने** (उही पत्रको ५ पङ्क्ति), **अनेन** (उही पत्रको ५ पङ्क्ति), **नेपालसंवच्छलन** (उही पत्रको ९ पङ्क्ति)।

मे- **मेवदत्तेषा** (४७८ क पत्रको ११ पङ्क्ति)।

ये- **ये धर्मा** (उही पत्रको ११ पङ्क्ति)।

हे- **हेतुप्रभवा** (उही पत्रको ११ पङ्क्ति), **हेतु** (उही पत्रको ११ पङ्क्ति), **बोधिचर्याविरेहेता** (४७८ ख पत्रको ६ पङ्क्ति)।

त्ते- **मेवदत्तेषा** (उही पत्रको ११ पङ्क्ति)।

<u>डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लख</u>

के- **°शाके** (उही पत्रको ४ पङ्क्ति), **°श्रीकेशवचन्द्र°** (उही पत्रको ७ पङ्क्ति)।

ते- **पृथ्वीमल्लमहीपतिर्विजयते** (उही पत्रका २-३ पङ्क्ति), **ख्याते** (उही पत्रको ५ पङ्क्ति)।

दे- **देयधर्मोऽयं** (उही पत्रको ६ पङ्क्ति), **°श्रीभास्करदेव°** (उही पत्रको ७ पङ्क्ति)।

ने- **जिनशासने** (उही पत्रको ३ पङ्क्ति), **स्यंजास्थाने** (उही पत्रको ५ पङ्क्ति)।

पे- **भूपेन** (उही पत्रको ३ पङ्क्ति), **सर्वपापेभ्यो** (उही पत्रको ५ पङ्क्ति)।

भे- **प्रभुणाभेन** (उही पत्रको ४ पङ्क्ति), **भिक्षुश्रीवज्रभेनाणे°** (उही पत्रको ५ पङ्क्ति)।

मे- **परमेश्वरी** (उही पत्रको ५ पङ्क्ति), **अप्रमेयायुषश्चैव** (उही पत्रको ६ पङ्क्ति)।

ये- **येनाखिला** (उही पत्रको १ पङ्क्ति)।

रे- **बोधिचर्याविरेहेता** (उही पत्रको ६ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.२.२.१.२. यहीँ २१ चोटि **ओ** मात्रा आएको छ। अक्षरको हिसाबले भन्दा ९ अक्षर अर्थात् **ट, त, द, ब, भ, म, य, र, ल**मा र ५ संयुक्ताक्षर **ज्य, भ्य, र्म, र्य्य, र्य**मा **ओ** मात्रा लगाइएकोमा ९ चोटि डिकोमाथि लख लगाइएको छ। खुलाएर भन्दा ५ अक्षर अर्थात् **टे, यो, लो** एकेकचोटि आएकोमा तिनमा, **तो** २ चोटि आएकोमा १ चोटि, **रो** ३ चोटि आएकोमा तीनैचोटि र संयुक्ताक्षर **भ्यो** १ चोटि आएकोमा त्यसमा, **र्मो** २ चोटि आएकोमा १ चोटि डिकोमाथि लख लगाइएको छ; बाँकी ३ अक्षर अर्थात् **द, ब, भ**मा र ३ संयुक्ताक्षर **ज्य, र्य्य, र्य**मा चाहिँ डिकोको बायाँपट्टि तलसम्म **ओ** मात्रा ल्याइएको छ र यस्तो किसिमको **ओ** मात्रा १२ चोटि आएको छ।[२४]

ले- **लेखितः** (उही पत्रको ४ पङ्क्ति) ।
वे- **°वेदि°** (उही पत्रको १ पङ्क्ति) ।
शे- **सर्वसत्वाऽशेषतः** (उही पत्रको ५ पङ्क्ति), **सकलसत्वराशेरनुत्तर°** (उही पत्रको ८ पङ्क्ति) ।
क्षे- **वलक्षपक्षे** (उही पत्रको ४ पङ्क्ति) ।
ण्ये- **पुण्येन** (उही पत्रको ५ पङ्क्ति) ।
र्वे- **सर्वे** (उही पत्रको ६ पङ्क्ति) ।
स्ते- **आहूतस्तेन** (उही पत्रको ३ पङ्क्ति) ।

२४. <u>डिकोमाथि लगाइएको लख</u>
टो- **किरीटो** (उही पत्रको २ पङ्क्ति) ।
तो- **तथागतो** (४७८ क पत्रको ११ पङ्क्ति) ।
यो- **यो निरोध** (उही पत्रको ११ पङ्क्ति) ।
रो- **निरोध** (४७८ क पत्रको ११ पङ्क्ति), **गुरोपाध्यायपूर्वगम** (४७८ ख पत्रको ८ पङ्क्ति), **जुरो** (उही पत्रको ९ पङ्क्ति) ।
लो- **°कमलो** (उही पत्रको २ पङ्क्ति) ।
भ्यो- **सर्वपापेभ्यो** (४७८ ख पत्रको ५ पङ्क्ति) ।
र्मो- **धर्मोय** (उही पत्रको ११ पङ्क्ति) ।

<u>डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लख</u>
तो- **प्रख्यातो** (उही पत्रको १ पङ्क्ति) ।
दो- **मृत्युशब्दोपि** (उही पत्रको ६ पङ्क्ति) ।
बो- **बोधिसत्व** (उही पत्रको ३ पङ्क्ति), **बोधिचर्या°** (उही पत्रको ६ पङ्क्ति), **बोधिचर्यापरायणाः** (उही पत्रको ६ पङ्क्ति) ।
भो- **नभोष्ट°** (उही पत्रको ४ पङ्क्ति) ।
मो- **नमो** (४७८ क पत्रको ११ पङ्क्तिमा २ पटक) ।
ज्यो- **ज्योतिलक्ष्मीनाम्नी** (उही पत्रको ८ पङ्क्ति) ।
र्मो- **देयधर्मोऽयं** (४७८ ख पत्रको ६ पङ्क्ति) ।
र्य्यो- **शौर्य्योदार्य°** (उही पत्रको १ पङ्क्ति) ।
र्यो- **नयपालख्यादाचार्यो** (उही पत्रको ३ पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.२.३. कुम्भेश्वरको शिलापत्रमा तर्कुल्ले र बर्धन्नि छुट्ट्याउँदा धेरैजसो अक्षरमा नेवारी लिपिमा जस्तै अर्थात् तर्कुल्ले देवनागरीको बर्धन्नि जस्तै लेखिए पनि त्यसमा गाँठो पारिएको छैन वा गाँठो सानो छ र बर्धन्निमा चाहिँ ठूलो गाँठो पारिएको छ। इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा भने वर्तमान देवनागरीमा जस्तै तर्कुल्ले र बर्धन्नि लेखिएका छन्।

७.३. पृथ्वी मल्लका आफ्नै वा उनको पालाका उत्कीर्ण लेख नागरी लिपिमा लेखिएकाले तिनसँग पनि पृथ्वी मल्लले खर्च दिई सार्न लगाएको,[२५] शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको यस *शतसाहस्रिका प्रज्ञापारमिता*को लेखाइ दाँज्नु उपयुक्त हुन्छ। अहिलेको लागि **ए** र **ओ** मात्राकै विषयमा लेख्छु।

७.३.१. सबभन्दा पहिले यस *शतसाहस्रिका प्रज्ञापारमिता*भन्दा अढाइ महीना जतिपछिको, शाके १२८० वि.सं. १४१५ मार्गकृष्णत्रयोदशी सोमवारको, पृथ्वी मल्लको ताम्रपत्रकै कुरा लिऊँ।[२६] यहाँ **ए, ऐ, ओ** र **औ** मात्रा लाउँदा एकनासले अहिलेको देवनागरीमा जस्तै डिकोमाथि नै लख लगाइएको छ। शाके १२७८ (वि.सं. १४१३) श्रावणशुक्लदशमी शुक्रवारको, पृथ्वी मल्लको कनकपत्रमा[२७] र शाके १२७९ (वि.सं. १४१४) ज्येष्ठकृष्णएकादशी आदित्यवारको, ढुङ्गाको कीर्तिस्तम्भमा[२८] पनि यही स्थिति छ।

७.३.२. शाके १२७६ (वि.सं. १४११) पौषकृष्णद्वितीया शुक्रवारको, पृथ्वी मल्लको विजयराज्यको, उनका महामात्य यशोवर्माको समयको, देववर्माको, दुल्लु पाथरनाउलीको शिलालेख[२९]मा चाहिँ हाम्रो *शतसाहस्रिका*

---

२५. यस विषयमा तल §१९ मा लेखिएको छ।

२६. यस ताम्रपत्रको फ्याक्सिमिलि सत्यमोहन जोशी (२०२८:चित्रसूचीमा ताम्रपत्रको पहिलो फोटो)ले दिएका छन्। त्यतैबाट तल १०९ पृष्ठमा यसको फ्याक्सिमिलि उतारिएको छ। यसको पाठ नरहरिनाथ २०१३:६९-७१ र नेपाली उल्था उही:७१-७२ मा छ।

२७. यस कनकपत्रको फ्याक्सिमिलि जूजेप्पे तुच्ची २०१३:२१ सङ्ख्याको फिग्अरमा छ। वि.सं. २०३९ को हिउँदमा दोइश्फोर्शुङ्गेमाइन्शाफ्त (जर्मन अनुसन्धानार्थसभा)को खर्चमा हाइडल्बर्गविश्वविद्यालयमार्फत गुन्तर उन्बेसाइत र म जुम्लामा ऐतिहासिक उपकरणको खोजी गर्न जाँदा गुन्तर उन्बेसाइतले खिँचेको यसको फोटोको फ्याक्सिमिलि पनि तल ११० पृष्ठमा दिइएको छ। यसको पाठ नरहरिनाथ २०१२:११३-११४ र नेपाली उल्था उही:११४-११५ मा छ।

२८. यस कीर्तिस्तम्भको फ्याक्सिमिलि जूजेप्पे तुच्ची २०१३:६१ सङ्ख्याको फिग्अरमा छ। यसको पाठ नरहरिनाथ २०१३:५८-६१ र जूजेप्पे तुच्ची २०१३:४६-४८ मा छ। नरहरिनाथ २०१३ र जूजेप्पे तुच्ची २०१३ मा दिइएका पाठ भिडाई *परिशिष्ट खण्ड* २०२८:६-८ मा सुधारिएको पाठ छ। यसको नेपाली उल्था नरहरिनाथ २०१३:६१-६४ मा छ। यसमा परेका १६ पद्यको पाठ र तिनको अङ्ग्रेजी उल्था महेशराज पन्त २०६६:३१८-३१९ पृष्ठमा छ।

२९. यस शिलालेखको फ्याक्सिमिलि जूजेप्पे तुच्ची २०१३:५५ सङ्ख्याको फिग्अरमा छ। राष्ट्रिय अभिलेखालयबाट अन्वेषण गर्न गएको टोलीले खिँचेको फोटोको नेगेटिभबाट तयार गरिएको, फोटोको फ्याक्सिमिलि पनि तल ११३ पृष्ठमा दिइएको छ। यसको पाठ बाबुराम आचार्य र नयराज पन्त २०१०:५४, नरहरिनाथ २०१३:४६-४७ र जूजेप्पे तुच्ची २०१३:४५ मा छ। यसको नेपाली उल्था बाबुराम आचार्य र नयराज पन्त २०१०:५४-५५ र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२८० वि.सं. १४१५ मार्गकृष्णत्रयोदशी सोमवारको, पृथ्वी मल्लको ताम्रपत्रको फोयेको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १२७८ (वि.सं. १४१३) श्रावणशुक्लदशमी शुक्रवारको, पृथ्वी मल्लको कनकपत्रको फोटोको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

*प्रज्ञापारमिता*मा जस्तै छ्यासमिस गरी **ए ओ** मात्रा लगाइएको छ ।

७.३.२.१. यस शिलालेखमा १७ चोटि **ए** मात्रा आएको छ । अक्षरको हिसाबले भन्दा ८ अक्षर अर्थात् **क, त, द, म, य, र, ष, स**मा र २ संयुक्ताक्षर **ज्य** र **द्व**मा ए मात्रा लगाइएकोमा ४ चोटि डिकोमाथि एकलख लगाइएको छ । खुलाएर भन्दा २ अक्षर अर्थात् **दे** ७ चोटि आएकोमा २ चोटि, **से** १ चोटि आएकोमा त्यसमा र संयुक्ताक्षर **द्वे** १ चोटि आएकोमा त्यसमा डिकोमाथि एकलख लगाइएको छ; बाँकी ७ अक्षर अर्थात् **क, त, द, म, य, र, ष**मा र संयुक्ताक्षर **ज्य**मा डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएको छ र यस्तो **ए** मात्रा १३ चोटि आएको छ ।[३०]

७.३.२.१.१. पाथरनाउलीको शिलालेखमा एकनासले डिकोमाथि एकलख लगाइएका २ अक्षर अर्थात् **दे** र **से**मध्ये **से** यस *शतसाहस्रिका प्रज्ञापारमिता*बाट हामीले उद्धरण गरेको अंशमा आएको छैन । **द**मा **ए** मात्रा लगाउनुपर्ने अवस्था आउँदा *शतसाहस्रिका प्रज्ञापारमिता*मा एकनासले डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएकोमा पाथरनाउलीको शिलालेखमा चाहिँ ५ चोटि डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएको छ र २ चोटि डिकोमाथि एकलख लगाइएको छ । यसै गरी अघिल्लोमा **म** र **य**मा दुवै छाँटले **ए** मात्रा लगाइएकोमा पछिल्लोमा **मे** र **ये** लेख्नुपर्ने अवस्था एकेकपटक मात्र आउँदा डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइएको छ ।

७.५.१.२.७. दोस्रो वर्गमा परेका १० वटा लेखमध्ये आठौँ र नवौँ अर्थात् आबू पर्वत नेमिनाथमन्दिरको, चौलुक्यवंश्य वीरधवलका प्राग्वाटवंश्य मन्त्री तेजःपालको वि.सं. १२८७ फाल्गुनकृष्णतृतीया आदित्यवारको शिलापत्र[१४२] हो र त्यही मन्दिरकै, त्यही मितिकै[१४३] चौलुक्यवंश्य राजा भीमदेवको विजयराज्यमा परमारवंश्य महामण्डलेश्वर सोमसिंहदेवको पालामा चौलुक्यवंश्य महामण्डलेश्वर राणक वीरधवलदेवका समस्तमुद्राव्यापारी अर्थात् छापसम्बन्धी सबै काम गर्ने, प्राग्वाटवंश्य तेजःपालको शिलापत्र[१४४] हो। यिनमा धेरैजसो डिकोको बायाँपट्टि तलसम्म **ए ओ** मात्रा ल्याइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमाथि लख हालेर मात्रा जनाइएको छ।

७.५.१.२.७.१.१. पहिलोमा २१० चोटि **ए** मात्रा आएकोमा २०५ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र बाँकी ५ चोटि डिकोमाथि लख लगाइएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लखबाहेक अक्षरको हिसाबले **दे** ३१ चोटि आएकोमा २ चोटि, **मे** १४ चोटि आएकोमा १ चोटि, **ये** १३ चोटि आएकोमा १ चोटि, **ले** ११ चोटि आएकोमा १ चोटि डिकोमाथि लख लगाइएको छ।[१४५]

७.५.१.२.७.१.२. यहीँ १४६ चोटि **ओ** मात्रा आएकोमा १४१ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र बाँकी ५ चोटि डिकोमाथि लख लगाएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लखबाहेक अक्षरको हिसाबले **को** ९ चोटि आएकोमा १ चोटि, **तो** १५ चोटि आएकोमा १ चोटि, **रो** १३ चोटि आएकोमा २ चोटि, **शो** ५ चोटि आएको १ चोटि मात्र डिकोमाथि लख लगाइएको छ।[१४६]

---

१४१. डिकोमाथि लगाइएको लख
- यो- **जयोभ्युदयश्च** (१ पङ्क्ति), **विषयोपभोगाः** (१७ पङ्क्ति)।
- शो- **तिलयवकुशोदकपूर्व्वं** (२० पङ्क्ति)।
- सो- **व्योमकेसोसौ** (१ पङ्क्ति), **पापान्निवृत्तमनसो** (३७ पङ्क्ति)।
- त्यो- **प्रदक्षिणीकृत्योपस्पृस्य** (१५ पङ्क्ति)।
- व्यो- **व्योमकेसोसौ** (१ पङ्क्ति)।

१४२. हेन्‌रिख़ ल्यूडर्स [१९६२-१९६३] २०३७/३८:२०८-२१३ मा पाठ र २१२ र २१३ को बीचमा फ्याक्सिमिलि।

१४३. यहाँ **फाल्गुन**को अगाडि **लौकिक** विशेषण छ।

१४४. हेन्‌रिख़ ल्यूडर्स [१९६२-१९६३] २०३७/३८:२१९-२२२ मा पाठ र २२२ र २२३ को बीचमा फ्याक्सिमिलि।

१४५. डिकोमाथि लगाइएको लख
- दे- **वंदे** (१ पङ्क्ति), **देवीं** (१ पङ्क्ति)।
- मे- **विक्रमेण** (२६ पङ्क्ति)।
- ये- **अन्वयेन** (२६ पङ्क्ति)।
- ले- **तेजःपालेन** (३६ पङ्क्ति)।

१४६. डिकोमाथि लगाइएको लख
- को- **प्रकोपे** (१ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.२.७.२.१. दोस्रोमा १८८ चोटि **ए** मात्रा आएकोमा १७५ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र बाँकी ६ चोटि डिकोमाथि लख लगाइएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लखबाहेक अक्षरको हिसाबले **थे** १ चोटि आएकोमा त्यसमा, **दे** ५९ चोटि आएकोमा १ चोटि, **ने** २९ चोटि आएकोमा १ चोटि, **भे** र **रे** दुदुइचोटि आएकोमा एकेकचोटि र संयुक्ताक्षर **र्षे** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख लगाइएको छ।[१४७]

७.५.१.२.७.२.२. यहीँ ६१ चोटि **ओ** मात्रा आएकोमा ५८ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र बाँकी ३ चोटि डिकोमाथि लख लगाइएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लखबाहेक अक्षरको हिसाबल **गो** १३ चोटि आएकोमा १ चोटि, **यो** ३ चोटि आएकोमा १ चोटि, **लो** ९ चोटि आएकोमा १ चोटि डिकोमाथि लख लगाइएको छ।[१४८]

७.५.१.२.८. दोस्रो वर्गमा परेका १० वटा लेखमध्ये पछिल्लो, आबू दिलवाडाको ऋषभमन्दिरको, [विक्रम]संवत् १३७८ ज्येष्ठकृष्ण[१४९]नवमी सोमवारको, चाहमानवंश्य राजा लुम्भको पालाको शिलापत्र[१५०] हो।

तो- **सुतोय°** (३५ पङ्क्ति)

रो- **°निस्तृंशधारो** (२१ पङ्क्ति), **गुरो°** (४४ पङ्क्ति)।

शो- **यशोदया संश्रितो** (२५-२६ पङ्क्ति)।

१४७. <u>डिकोमाथि लगाइएको लख</u>

थे- **दृष्टिपांथे** (३३ पङ्क्ति)।

दे- **°श्रीसोमसिंहदेवेन** (२६ पङ्क्ति)।

ने- **भवने** (३३ पङ्क्ति)।

भे- **भेजाते** (३२ पङ्क्ति)।

रे- **°श्रीनयचंद्रसूरेरिमे** (३३ पङ्क्ति)।

र्षे- **वर्षे** (१ पङ्क्ति)।

१४८. <u>डिकोमाथि लगाइएको लख</u>

गो- **गोसल°** (१३ पङ्क्ति)।

यो- **तयोः** (३२ पङ्क्ति)।

लो- **विलोक्यमाने** (३३ पङ्क्ति)।

१४९. यस शिलापत्रमा १ ठाउँमा यसरी

वसुमुनितु(गु)णशसिवर्ष।

जेष्टे सितिनर(व)मिसोमयुतदिवसे। (२९ पङ्क्ति)

र अर्को ठाउँमा यसरी

१३७९ जेष्टसुदि ९ सोमे।। (३० पङ्क्ति)

मिति आएको छ।

यहाँ अघिल्लोमा शब्दद्वारा अङ्क बुझाउने पद्धतिमा र पछिल्लोमा चाहिँ अङ्कमा **१३७९** लेखिएको छ भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.२.८.१. यहाँ धेरैजसो डिकोको बायाँपट्टि तलसम्म **ए** मात्रा ल्याइए पनि अरू २ प्रकार अर्थात् डिकोमाथि लख हालेर र डिकोको बायाँपट्टि घुमारेर मात्रा जनाइएको छ। खुलाएर भन्दा ८१ चोटि ए मात्रा आएकोमा १ चोटि अस्पष्ट भएको एउटा[१५१] नगन्दा जम्मा ८० चोटिमध्ये ६१ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको, १८ चोटि डिकोमाथि लख लगाइएको र १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लखबाहेक अक्षरको हिसाबले भन्दा **जे** ६ चोटि आएकोमा १ चोटि, **ते** ७ चोटि आएकोमा १ चोटि, **दे** १९ चोटि आएकोमा ९ चोटि, **पे** ३ चोटि आएकोमा १ चोटि, **मे** ४ चोटि आएकोमा १ चोटि, **ले** ५ चोटि आएकोमा १ चोटि, **वे** २ चोटि आएकोमा १ चोटि, **शे** १ चोटि आएकोमा त्यसमा र संयुक्ताक्षर **र्ये** र **स्ते** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि लख लगाइएको छ; **से** ७ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि घुमारिएको छ।[१५२]

भनिरहनु नपर्ला। दुवैमा महीना पक्ष तिथि र वार दिइएका छन्। अघिल्लोमा पक्ष दिँदा **सिति** र पछिल्लोमा **सुदि** लेखिएको छ। **सिति**को अर्थ **सेतो** र **कालो** दुवै हुने हुँदा **शुक्लपक्ष** वा **कृष्णपक्ष** भन्ने नखुलेकोले यस शिलापत्रका सम्पादक फ्रन्त्स कील्हर्न ([१९६४-१९६५] २०३७/३८:१५४-१५५)ले अरू नै उपायको अवलम्बन गरी यहाँको पक्षको निर्णय गरेका छन्। खुलाएर भन्दा यही ठाउँका, यही मितिका, अरू ४ वटा उत्कीर्ण लेख (काउजेन्सको सूची १७७१, १८२१, १८२९, १९०४ सङ्ख्या)मा पनि यही मिति अर्थात् **संवत्** (कहीँ **सं**) **१३७८ वर्षे ज्येष्ठवदि ९ सोमदिने** (कहीँ **सोमे**) नै भएकोले उनले यस शिलापत्रको मिति संवत् **१३७८ ज्येष्ठकृष्णनवमी** माने। यसको पुष्टिको लागि गणना गर्दा यहाँको मिति **वि.सं. १३७८ ज्येष्ठशुक्लनवमी सोमवार** मान्दा **वि.सं. १३७८** लाई वर्तमान चैत्रादि वा गत चैत्रादि वा गत कार्तिकादि जे माने पनि गणना मिलेन, यहाँको मिति **वि.सं. १३७८ ज्येष्ठकृष्णनवमी सोमवार** मान्दा भने **गत कार्तिकादि वि.सं. १३७८ पूर्णिमान्त ज्येष्ठकृष्णनवमी सोमवार** आई गणना मिल्छ भनी उनी भन्छन्। **१३७८** हुनुपर्नेमा तीसौँ पङ्क्तिमा **१३७९** लेखिएको चाहिँ गल्ती हो भनी उनले कुरा टुङ्ग्याएका छन्, तीसौँ पङ्क्तिमा पक्ष **सुदि** लेखिएकोमा भने उनले टिप्पणी गरेका छैनन्।

देवदत्त रामकृष्ण भाण्डारकर ([१९८९-१९९५] २०३९/४०:९५ मा २ सङ्ख्याको टिप्पणी)ले भने यस शिलापत्रमा **१३७९** पछि थपिएको र यसको उनन्तीसौँ पङ्क्तिमा भएको वाक्यको गलत अर्थमा यो आधृत देखिन्छ भनी लेखेका छन्।

१५०. फ्रन्त्स कील्हर्न [१९६४-१९६५] २०३७/३८:१५५-१५८ मा १५८ र १५९ को बीचमा फ्याक्सिमिलि।

१५१. **दयाक्षमे** (१९ पङ्क्ति)।

१५२. <u>डिकोमाथि लगाइएको लख</u>

जे- **जेस्टसुदि** (३० पङ्क्ति)।

ते- **°प्रशस्तिर्लिख्यते** (१ पङ्क्ति)।

दे- **प्रपेदे** (५ पङ्क्ति), **जगदेकवीरः** (१३ पङ्क्ति), **सोहीदेगादेशलकुलधरनाम्ना** (१७ पङ्क्ति), **देमतिकुक्षिप्रभवा** (१९ पङ्क्ति), **धांधल्देविसंज्ञा** (२१ पङ्क्ति), **हांसल्देकुक्षिसंभवः** (२१ पङ्क्ति), **मयणल्ल्देवी°** (२२ पङ्क्ति), **पुण्योपदेश°** (२८ पङ्क्ति)।

पे- **प्रपेदे** (५ पङ्क्ति)।

मे- **सोमे** (३० पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.२.८.२. यहाँ **ओ** मात्रा धेरैजसो अक्षरको तलसम्म ल्याइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमाथि लख हालेर मात्रा जनाइएको छ। खुलाएर भन्दा ५३ चोटि **ओ** मात्रा आएकोमा अस्पष्ट भएको २ वटा[१५३] नगन्दा जम्मा ५१ चोटि ओ मात्रा लगाइएकोमा ३४ चोटि डिकोको बायाँपट्टि तलसम्म **ओ** मात्रा ल्याएको र १७ चोटि डिकोमाथि लख हालिएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको मात्राबाहेक, अक्षरको हिसाबले भन्दा **को, जो, डो** एकेकचोटि आएकोमा तिनमा, **तो** ९ चोटि आएकोमा ४ चोटि, **दो** र **मो** तीतीनचोटि आएकोमा एकेकचोटि, **नो** र **बो** दुदुइचोटि आएकोमा दुदुइचोटि, **रो** ४ चोटि आएकोमा १ चोटि, **सो** ४ चोटि आएकोमा २ चोटि र संयुक्ताक्षर **र्णो** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख हालिएको छ।[१५४]

७.५.१.३. तेस्रो वर्गमा परेको एउटा मात्र लेख अर्थात् बडोदाको शाके ७५७ (वि.सं ८९२) कार्तिकपूर्णिमा महाकार्तिकीपर्वको, राष्ट्रकूटवंश्य राजा द्वितीय ध्रुवराज धारावर्षको ताम्रपत्र[१५५] हो। यहाँ धेरैजसो **ए ओ** मात्रा

ले- **इहाचिले**[①] (७ पङ्क्ति)।
वे- **निवेसितं** (८ पङ्क्ति)।
शे- °**खंडीकृताशेषविरोधिवर्ग्गः** (१५ पङ्क्ति)।
र्ये- **भार्ये** (१९ पङ्क्ति)।
स्ते- **समन्वितस्तेजसिंह**° (१५ पङ्क्ति)।
<u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>
से- °**श्रेयसे** (२५ पङ्क्ति)।

१५३. **मोहणमोहाभिधौ** (१९-२० पङ्क्ति), **पुण्योपदेश**° (२८ पङ्क्ति),

१५४. <u>डिकोमाथि लगाइएको लख</u>
को- °**वित्तकोटि**° (१८ पङ्क्ति)।
जो- **तनुजो** (१४ पङ्क्ति)।
डो- **वीजडोस्य** (११ पङ्क्ति)।
तो- **वृषभासितोसि** (१ पङ्क्ति), **विख्यातो** (२५ पङ्क्ति), **शुकृतरतो** (२५ पङ्क्ति); **प्रतिष्ठितो**° (२९ पङ्क्ति)।
दो- **प्रियंवदो** (६ पङ्क्ति)।
नो- **भूमीपतिलब्धमानो लुंभाभिधानो** (१३ पङ्क्ति)।
बो- °**विबोध**° (२६ पङ्क्ति), °**बोधित**° (२८ पङ्क्ति)।
मो- **साधुसत्तमो** (२६ पङ्क्ति)।
रो- °**खंडीकृताशेषविरोधिवर्ग्गः** (१५ पङ्क्ति)।
सो- °**सोमयुतदिवसे** (२९ पङ्क्ति), **सोमे** (३० पङ्क्ति)।
र्णो- **जीर्णोद्धारं** (२६ पङ्क्ति)।

१५५. ओइगेन हुल्त्स [१९४२] २०४०/४१:१९९-२०० मा पाठ र २०० र २०१ को बीचमा फ्याक्सिमिलि।

---

① **इहाचले** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिकोको बायाँपट्टि घुमारिए पनि अरू ३ प्रकार अर्थात् डिकोमाथि लख हालेर, डिकोको बायाँपट्टि तेर्सो धर्को तानेर र डिकोको बायाँपट्टि तलसम्म ल्याएर मात्रा जनाइएको छ।

७.५.१.३.१. यहाँ ८१ चोटि **ए** मात्रा आएकोमा ६४ चोटि डिकोको बायाँपट्टि घुमारिएको, ८ चोटि डिकोमाथि लख लगाइएको, ५ चाोटि डिकोको बायाँपट्टि तेर्सो धर्को लगाइएको र १ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको छ। बाहुल्यले आएको डिकोको बायाँपट्टि घुमारेर जनाइएको मात्राबाहेक, अक्षरको हिसाबले भन्दा **ते** ५ चोटि आएकोमा १ चोटि, **दे** ११ चोटि आएकोमा १ चोटि, **ने** ४ चोटि आएकोमा १ चोटि, **मे** २ चोटि आएकोमा १ चोटि, **ले** १ चोटि आएकोमा त्यसमा, **वे** ६ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **ज्ञे**, **स्वे** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि लख हालिएको छ; **दे** ९ चोटि आएकोमा १ चोटि, **रे** ६ चोटि आएकोमा ३ चोटि, **वे** ६ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि तेर्सो धर्को तानिएको छ; **के** ३ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि तलसम्म मात्रा ल्याइएको छ।[१५६]

---

१५६. <u>डिकोमाथि हालिएको लख</u>

ते- **ग्रते**① (११ पङ्क्ति)।

दे- **योमोघवर्षमचिरात्स्वपदे** (१७ पङ्क्ति)।

ने- **सान्धिविग्राहिकश्रीकारायणेनेति**② (५४ पङ्क्ति)।

मे- **प्रस्माण्डमेतत्किमिति** (२१-२२ पङ्क्ति)।

ले- **°निजवाहुवलेन** (१७ पङ्क्ति)।

वे- **श्रीगोविन्दराजदेवेन** (२९ पङ्क्ति)।

ज्ञे- **जज्ञे** (३ पङ्क्ति)।

स्वे- **स्वेच्छागृहीतविनयान्दृढसंघभाजः** (१६ पङ्क्ति)।

<u>डिकोको बायाँपट्टि तेर्सो धर्को तानिएको</u>

दे- **काशइडदे**③**शान्तर्व्वर्त्तिपूसिलाविल्लिनामा** (२९-३० पङ्क्ति)।

रे- **तस्यासीत्सुनुरेकः** (४ पङ्क्ति), **एकोनेकनरे**④**न्द्रवृन्द°** (९ पङ्क्ति), **वशीकृताशेषनरे**⑤**न्द्रवृन्दो** (१८ पङ्क्ति)।

वे- **देयोचाटभटप्रवेश्यः** (३४ पङ्क्ति)।

<u>डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लख</u>

ज्ञे- **स्यस्यकेवद्विभवनन्दितवन्धुसार्थः**⑥ (१५ पङ्क्ति)।

---

① **गते** हुनुपर्ने।

② **सान्धिविग्रहिकश्रीनारायणेनेति** हुनुपर्ने। (ओइगेन हुल्त्स [१९४२] २०४०/४१: २००मा मूलको ५४ पङ्क्तिको टिप्पणी हेर्नू)।

③ साँच्चि भन्ने हो भने यो **दे** माथि अलिकति फर्किएपछि झुकेको छ।

④ साँच्चि भन्ने हो भने यस **रे**को मात्रा ४ पङ्क्तिको **रे**को भन्दा लामो र अलि माथि उठेको छ।

⑤ साँच्चि भन्ने हो भने यस **रे**को मात्रा अलिकति माथि उठेपछि झुकेको छ।

⑥ **तस्याभवद्विभवनन्दितवन्धुसार्थः** हुनुपर्ने (उही: १९९मा मूलको १५ पङ्क्तिको टिप्पणी हेर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.३.२. यहीँ ८० चोटि **ओ** मात्रा आएकोमा ५८ चोटि डिकोको बायाँपट्टि घुमारिएको, १६ चोटि डिकोमाथि लख लगाइएको, ५ चाोटि डिकोको बायाँपट्टि तेर्सो धर्को तानिएको र १ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको छ। बाहुल्यले आएको डिकोको बायाँपट्टि घुमारेर जनाइएको मात्राबाहेक, अक्षरको हिसाबले भन्दा **को** ५ चोटि आएकोमा १ चोटि, **जो** ३ चोटि आएकोमा २ चोटि, **तो** र **यो** ११ चोटि आएकोमा एकेकचोटि, **मो** ५ चोटि आएकोमा २ चोटि, **भो** ७ चोटि आएकोमा १ चोटि, **लो** ५ चोटि आएकोमा पाँचैचोटि, **वो** ४ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **भ्रो**, **ल्लो** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि लख हालिएको छ; **गो** ३ चोटि आएकोमा १ चोटि, **मो** ५ चोटि आएकोमा १ चोटि, **यो** ११ चोटि आएकोमा ३ चोटि डिकोको बायाँपट्टि तेर्सो धर्को तानिएको छ; **मो** ५ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि तलसम्म मात्रा ल्याइएको छ।[१५७]

---

१५७. डिकोमाथि हालिएको लख

को- **एकोनेकनरेन्द्रवृन्द**° (९ पङ्क्ति)।

जो- °**गोविन्दराजो** (३ पङ्क्ति), **श्रीदेवराजो** (५३ पङ्क्ति)।

तो- **उत्तरतो** (३१ पङ्क्ति)।

मो- **ग्रामो** (३० पङ्क्ति), **ग्रामोपरतसिलावल्लिनामा** (३१ पङ्क्ति)।

भो- **वल्लभो** (१ पङ्क्ति)।

यो- **स्वदायनिर्व्विशेषोयमस्मद्दायोनुमन्भव्यः**[⑦] (४२ पङ्क्ति)।

लो- **लोकत्रमां**[⑧] (६-७ पङ्क्ति), **तेनेदमनिलविप्नुच्चंचलमालोक्य**[⑨] (२३ पङ्क्ति), **लोकत्रयं** (४७ पङ्क्ति), **कमलदलाम्बुविन्दुलोलं** (५१-५२ पङ्क्ति), **विलोप्या** (५३ पङ्क्ति)।

वो- **रिपुभवविभवोद्भूत्यभावैकहेतु**° (१२ पङ्क्ति)।

भ्रो- **तत्पुभ्रोत्र**[⑩] (११ पङ्क्ति)।

ल्लो- **विद्युल्लोलान्यनित्यैश्वर्याणि** (४१ पङ्क्ति)।

डिकोको बायाँपट्टि तेर्सो धर्को तानिएको

गो- **गोत्रललामभूत** (७-८ पङ्क्ति)।

मो- **योमोघवर्षमचिरात्स्वपदे** (१७ पङ्क्ति)।

यो- **योसै*** **श्रियो** (१ पङ्क्ति), **भट्टमहेश्वरसुतयोगायानन्तरं** (२८-२९ पङ्क्ति)।

डिकोको बायाँपट्टि तलसम्म ल्याइएको लख

मो- **सून्नुर्ध्रुवराजनमो**[✪] (१९ पङ्क्ति)।

---

⑦ **स्वदायनिर्व्विशेषोयमस्मद्दायोनुमन्तव्यः** हुनुपर्ने (उही:२०० मा मूलको ४२ पङ्क्तिको टिप्पणी हेर्नू)।

⑧ **लोकानां** हुनुपर्ने (उही:१९९ मा मूलको ७ पङ्क्तिको टिप्पणी हेर्नू)।

⑨ **तेनेदमनिलविद्युच्चंचलमालोक्य** हुनुपर्ने (उही:१९९ मा मूलको २३ पङ्क्तिको टिप्पणी हेर्नू)।

⑩ **तत्पुत्रोत्र** हुनुपर्ने।

★ **योसौ** हुनुपर्ने (उही:१९९ मा मूलको १ पङ्क्तिको टिप्पणी हेर्नू)।

✪ **सूनुर्ध्रुवराजनामा** हुनुपर्ने (उही:१९९ मा मूलको १९ पङ्क्तिको टिप्पणी हेर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.४. चौथो वर्गमा परेको एउटा मात्र लेख अर्थात् नासिक जिल्ला दिण्डोरी तालुक वणिको, शाके ७३०[१५८] (वि.सं. ८६५) व्ययसंवत्सर वैशाखपूर्णिमाको दिन चन्द्रग्रहण लागेको वेलाको मिति भएको, राष्ट्रकूटवंश्य राजा तृतीय गोविन्द प्रभूतवर्षको ताम्रपत्र[१५९] हो ।

७.५.१.४.१. यहाँ धेरैजसो **ए** मात्रामा डिकोको बायाँपट्टि लख घुमारिए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमाथि लख हालेर मात्रा जनाइएको छ । खुलाएर भन्दा ९५ चोटि **ए** मात्रा आएकोमा फ्याक्सिमिलिमा नदेखिने ७ वटा[१६०] नगन्दा जम्मा ८८ चोटिमध्ये ६१ चोटि डिकोको बायाँपट्टि मात्रा घुमारिएको र २७ चोटि डिकोमाथि लख हालिएको छ । बाहुल्यले आएको डिकोको बायाँपट्टि घुमारिएको मात्राबाहेक, अक्षरको हिसाबले भन्दा **के** ५ चोटि आएकोमा २ चोटि, **छे** १ चोटि आएकोमा त्यसमा, **ते** ११ चोटि आएकोमा १ चोटि, **दे** ६ चोटि आएकोमा २ चोटि, **धे** र **ले** दुदुइचोटि आएकोमा दुवैचोटि, **ने** ८ चोटि आएकोमा १ चोटि, **मे** ५ चोटि आएकोमा १ चोटि, **ये** ७ चोटि आएकोमा १ चोटि, **वे** ७ चोटि आएकोमा ३ चोटि, **शे** ४ चोटि आएकोमा १ चोटि, **से** ५ चोटि आएकोमा ४ चोटि र संयुक्ताक्षर **क्षे** ३ चोटि आएकोमा १ चोटि, **ज्ये**, **त्ये**, **त्रे**, **न्ये**, **स्ये** एकेकचोटि आएकोमा ती सबैमा डिकोमाथि लख हालिएको छ ।[१६१]

---

१५८. **इट् इज् डेट्इड् शक ७३० फर् ७२८ (ए.डी. ८०६-७), द व्यय** ***संवत्सर*** **अर्थात् यसको मिति शक ७२८ (ई.सं. ८०६-७) व्ययसंवत्सर हुनुपर्नेमा ७३० छ** भनी यस ताम्रपत्रका सम्पादक जान फेथ्फुल फ्लीट ([१९३९] २०४०/४१: १५७)ले लेखेका छन् ।

यस ताम्रपत्रको मितिको विषयमा फ्रन्त्स कील्हर्न ([१९५१ ख] २०४१/४२:११ मा १७२ सङ्ख्या)को विचार–

> मध्यममानअनुसार व्ययसंवत्सर ई.सं. ८०६ जून ४ देखि ई.सं. ८०७ मे ३१ सम्म थियो । यस कारण वर्तमान शकसंवत् ७३० को प्रारम्भ हुँदा व्ययसंवत्सर नै थियो । दाक्षिणात्य पद्धतिअनुसार व्ययसंवत्सर गत शकसंवत् ७२८ मा हुन्छ । वैशाखपूर्णिमा गत शकसंवत् ७२८ मा टुङ्गिँदा ई.सं. ८०६ अप्रिल ६ मा र ई.सं. ८०६ मे ६ मा वैशाखमा अधिमासै थियो, गत शकसंवत् ७२९ अर्थात् वर्तमान शकसंवत् ७३० मा ई.सं. ८०७ अप्रिल २५ र गत शकसंवत् ७३० मा ई.सं. ८०८ अप्रिल १४ हुन्छ । यी दुवै दिनमा चन्द्रग्रहण लागेको थिएन । ई.सं. ८०५ मा एउटा मात्र चन्द्रग्रहण लागेको थियो, त्यो सेप्टेम्बरमा परेको थियो । ई.सं. ८०९ मा फेब्रुअरीदेखि जूनसम्म चन्द्रग्रहण लागेको थिएन ।◎

१५९. जान फेथ्फुल फ्लीट [१९३९] २०४०/४१:१५७-१६० मा पाठ र १५८ र १५९ को बीचमा फ्याक्सिमिलि ।

१६०. **वारिखेडग्रामः** (४० पङ्क्ति), **सधान्यहिरण्यादेयः** (४३ पङ्क्ति), **अचाटभटप्रवेश्य** (४३ पङ्क्ति) °**देवब्राह्मणदाय**° (४५ पङ्क्ति), **शकनृपकालातीतसंवत्सरःशतेषु** (४६ पङ्क्ति), **व्ययसंवत्सरे** (४७ पङ्क्ति), **स्नात्वाद्योदकातिसर्गेण** (४८-४९ पङ्क्ति) ।

१६१. <u>डिकोमाथि लगाइएको लख</u>

के- **तृंशदधिकेषु** (४६-४७ पङ्क्ति), **नरके** (५६ पङ्क्ति) ।

छे- **आछेत्ता** (५६ पङ्क्ति) ।

ते- **याचते** (५८ पङ्क्ति) ।

◎ फ्रन्त्स कील्हर्न ([१९५२] २०४१/४२:१८५ मा ४६ सङ्ख्या)ले शक ७३० पछि यस्तो * चिह्न हालेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.४.२. यहाँ धेरैजसो **ओ** मात्रामा डिकोमाथि लख हालिए पनि अर्को एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि लख घुमारेर मात्रा जनाइएको छ। खुलाएर भन्दा ८९ चोटि **ओ** मात्रा आएकोमा फ्याक्सिमिलिमा नदेखिने ८ वटा[१६२] नगन्दा जम्मा ८१ चोटिमध्ये ४२ चोटि डिकोमाथि लख हालिएको र ३९ चोटि डिकोको बायाँपट्टि मात्रा घुमारिएको छ। बाहुल्यले आएको, डिकोमाथि लगाइएको लखबाहेक, अक्षरको हिसाबले भन्दा **को** ५ चोटि आएकोमा पाँचैचोटि, **चो**, **पो**, **वो** एकेकचोटि आएकोमा तिनमा, **तो** १२ चोटि आएकोमा ७ चोटि, **नो** ५ चोटि आएकोमा २ चोटि, **भो** २ चोटि आएकोमा १ चोटि, **मो** ५ चोटि आएकोमा ३ चोटि, **यो** १३ चोटि आएकोमा ७ चोटि, **रो** ६ चोटि आएकोमा २ चोटि, **लो** ४ चोटि आएकोमा ३ चोटि, **शो** ७ चोटि आएकोमा १ चोटि, **सो** ४ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **क्रो**, **त्यो**, **त्रो**, **स्यो** एकेकचोटि आएकोमा तिनमा डिकोको बायाँपट्टि मात्रा घुमारिएको छ।[१६३]

दे- **°वैश्वदेवाग्निहोत्रातिथि°** (४८ पङ्क्ति), **वानुमोदेत** (५४ पङ्क्ति)।
धे- **वारिधेर्ल्लक्ष्मीन्मन्दर°** (४ पङ्क्ति), **वारिधेः** (१५ पङ्क्ति)।
ले- **काले काले** (५८ पङ्क्ति)।
ने- **सर्व्वानेतां** (५७ पङ्क्ति)।
मे- **समेतोपि** (७ पङ्क्ति)।
ये- **भूमिछिद्रन्यायेन** (४५-४६ पङ्क्ति)।
वे- **भूमिदानफलमवेत्य** (५१ पङ्क्ति), **वेदव्यासेन** (५५ पङ्क्ति), **पार्थिवेद्रां** (५७ पङ्क्ति)।
शे- **स्वदायनिर्विशेषो°** (५२ पङ्क्ति)।
से- **वेदव्यासेन व्यासेन** (५५ पङ्क्ति), **वसेत्** (५६ पङ्क्ति), **द्धर्मसेतु** (५८ पङ्क्ति)।
क्षे- **सर्व्वराजकीयानामहस्तप्रक्षेपणीयः** (४३-४४ पङ्क्ति)।
ज्ये- **ज्येष्ठोलंघन°** (७ पङ्क्ति)।
त्ये- **श्रीमदरुणादित्येन** (६१ पङ्क्ति)।
त्रे- **वत्सराजपुत्रेण** (६१ पङ्क्ति)।
न्ये- **तान्येव** (५६ पङ्क्ति)।
स्ये- **यस्येच्छामनुकूलयं** (२७ पङ्क्ति)।

१६२. **°देवब्राह्मणदायवर्जितोभ्यन्तरसिद्ध्या** (४५ पङ्क्ति), **°सोमग्रहणमहापर्व्वणि** (४७ पङ्क्ति), **°वैश्वदेवाग्निहोत्रातिथि°** (४८ पङ्क्ति), **स्नात्वाद्योदकातिसर्गेण** (४८-४९ पङ्क्ति), **यतोस्योचितया** (४९ पङ्क्ति), **भोजयतः** (४९ पङ्क्ति), **प्रतिदिशतो** (५० पङ्क्ति)।

१६३. डिकोको बायाँपट्टि घुमारिएको लख
को- **कोवलं①** (१२ पङ्क्ति), **समुद्यतान्वसुमतीनेकोपि②** (२० पङ्क्ति), **°विसरैस्संवर्तकोर्कानिव** (२१ पङ्क्ति), **लक्ष्मीन्निजान्दूरान्मालवनायको** (२३-२४ पङ्क्ति), **को विद्यां** (२४ पङ्क्ति)।

---

① **केवलं** हुनुपर्ने।
② **समुद्यतान्वसुमतीमेकोपि** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.५. पाँचौँ वर्गमा परेको एउटा मात्र लेख अर्थात् खानदेश जिल्ला तलोद तालुक कर्दाको, [गत][१६४] शाके ८९४ (वि.सं. १०२९) अङ्गिरस्संवत्सर आश्विनपूर्णिमा बृहस्पतिवारको दिन चन्द्रग्रहण लागेको वेलाको मिति भएको, राष्ट्रकूटवंश्य राजा तृतीय अमोघवर्षको ताम्रपत्र[१६५] हो। यहाँ **ए** मात्रामा सर्वत्र डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको छ। **ओ** मात्राको हकमा चाहिँ धेरैजसो त्यही तरीकाले लख लगाइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमथि लख हालेर मात्रा जनाइएको छ।

चो- **वोचो** (१९ पङ्क्ति)।

तो- **सत्यान्वितो** (२ पङ्क्ति), **विपुलचक्रविनिर्जितारिचक्रोप्यकृष्णचरितो** (२ पङ्क्ति), **प्राभूद्वैयवतस्ततो**③ (१४ पङ्क्ति), **प्रतासहितो**④ (१५-१६ पङ्क्ति) **भानुमानभिमतो** (१६ पङ्क्ति), **गमितोपि** (२२ पङ्क्ति), **प्रवर्तितो** (३३ पङ्क्ति)।

नो- **येनोद्धता** (१८ पङ्क्ति), **प्रत्यर्थिनोप्यर्थिनां** (१८ पङ्क्ति)

पो- **भूपोभवद्दहदुरस्थल**° (१ पङ्क्ति)।

भो- **कलिवल्लभोभूत्** (१४ पङ्क्ति)।

मो- **चित्रमोनतरिपुः**⑤ (२९-३० पङ्क्ति), **दामोदरदुवेदिपुत्राय दामोदरचतुर्वेदभट्टाय** (३९ पङ्क्ति)।

यो- **°विवुधव्राताश्रयो** (४ पङ्क्ति), **यो वत्सरोज**⑥ (१२ पङ्क्ति), **श्रीराष्ट्रकूयन्वयो** (१७ पङ्क्ति), **योभ्यधात्तस्मिं** (१९ पङ्क्ति), **यो द्वादश** (२० पङ्क्ति), **यदात्मपरयोराधिक्यसंवेदनं** (२५ पङ्क्ति), **व्रह्मदायोयं** (३३ पङ्क्ति)।

रो- **परमेश्वरोन्नतशिरःसंसक्तपादः** (१५ पङ्क्ति), **नयपरो** (२४ पङ्क्ति)

लो- **वद्धमलोक्य**⑦ (१० पङ्क्ति), **यत्पादानतिमात्रकैकशरणमालोक्य** (२३ पङ्क्ति), **तेनेदमनिलविद्युच्चञ्चल-मवलोक्य** (३२ पङ्क्ति)।

वो- **वोव्याद्वेधसा** (१ पङ्क्ति)

शो- **पुण्ययशोभिवृद्धये** (३८ पङ्क्ति)

सो- **सोन्नतेः** (१६ पङ्क्ति)।

क्रो- **विपुलचक्रविनिर्जितारिचक्रो**° (२ पङ्क्ति)।

त्यो- **नित्योदयः** (१६ पङ्क्ति)।

त्रो- **मातापित्रो**° (३७ पङ्क्ति)।

स्यो- **यस्योन्नते** (२२ पङ्क्ति)।

१६४. फ्रन्त्स कीलहर्न [१९५१ क] २०४१/४२:११५ मा १० सङ्ख्या।

१६५. जान फेथ्फुल फ्लीट [१९४०] २०४०/४१:२६४-२६७ मा पाठ र २६६ र २६७ को बीचमा फ्याक्सिमिलि।

---

③ **प्राभूद्वैर्यवतस्ततो** हुनुपर्ने।

④ **प्रतापसहितो** हुनुपर्ने।

⑤ **चित्रमानतरिपुः** हुनुपर्ने।

⑥ **यो वत्सराजं** हुनुपर्ने।

⑦ **वद्धमवलोक्य** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.५.१. खुलाएर भन्दा यहाँ ६२ चोटि **ओ** मात्रा आएकोमा ५९ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र ३ चोटि मात्र डिकोमाथि लख हालिएको छ। **ओ** मात्राको हकमा बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **को** ४ चोटि आएकोमा १ चोटि, **जो** २ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **ञ्जो** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख हालिएको छ।[१६६]

७.५.१.६. छैटौँ वर्गमा परेको एउटा मात्र लेख अर्थात् राजपूताना जोधपुर राज्य साञ्चोर जिल्ला बालेराको, [विक्रम]संवत् १०५१ माघपूर्णिमामा चन्द्रग्रहण लागेको वेलाको मिति भएको, चालुक्यवंश्य राजा प्रथम मूलराजको ताम्रपत्र[१६७] हो।

७.५.१.६.१. यहाँ धेरैजसो **ए** मात्रामा डिकोको बायाँपट्टि तलसम्म मात्रा ल्याइए पनि अर्को एउटा प्रकार डिकोमाथि लख हालेर मात्रा जनाइएको छ। खुलाएर भन्दा यहाँ **ए** मात्रा १७ चोटि आएकोमा १३ चोटि डिकोको बायाँपट्टि तलसम्म लख ल्याइएको र ४ चोटि डिकोमाथि लख लगाइएको छ। **ए** मात्राको हकमा बाहुल्यले आएको, डिकोको बायाँपट्टि तलसम्म ल्याइएको मात्राबाहेक, अक्षरको हिसाबले भन्दा **शे** १ चोटि आएकोमा त्यसमा, **से** २ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **च्छे, र्गे** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि लख लगाइएको छ।[१६८]

७.५.१.६.२. यहीँ धेरैजसो **ओ** मात्रामा डिकोमाथि लख लगाइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि तलसम्म ल्याएर मात्रा जनाइएको छ। खुलाएर भन्दा १८ चोटि **ओ** मात्रा आएकोमा १२ चोटि डिकोमाथि लख लगाइएको र ६ चोटि डिकोको बायाँपट्टि तलसम्म मात्रा ल्याइएको छ। **ओ** मात्राको हकमा बाहुल्यले आएको, डिकोमाथि लगाइएको लखबाहेक, अक्षरको हिसाबले भन्दा **टो, पो, भो** एकेकचोटि आएकोमा तिनमा, **तो** र **वो** दुदुइचोटि आएकोमा एकेकचोटि र संयुक्ताक्षर **त्रो** १ चोटि आएकोमा त्यसमा डिकोको बायाँपट्टि तलसम्म मात्रा ल्याइएको छ।[१६९]

---

१६६. डिकोमाथि हालिएको लख
- को- **कोशवतोपभुक्तः** (९-१० पङ्क्ति)।
- जो- **पालिध्वजोत्पल्लवो** (३ पङ्क्ति)।
- ञ्जो- °**यशःपुञ्जोपमैर्म्मेदिनी** (२३ पङ्क्ति)।

१६७. स्तेन कोनो [१९६६-१९६७] २०४०/४१:७८-७९ मा पाठ र तिनैको बीचमा फ्याक्सिमिलि।

१६८. डिकोमाथि लगाइएको लख
- शे- **श्रीकन्यकुब्जविनिर्ग्गताशेषविद्यापारग**° (९-१० पङ्क्ति)।
- से- **व्यासेन** (१८ पङ्क्ति)।
- च्छे- **आच्छेत्ता** (१८-१९ पङ्क्ति)।
- र्गे- **स्वर्ग्गे** (१८ पङ्क्ति)।

१६९. डिकोको बायाँपट्टि तलसम्म लगाइएको लख
- टो- **चतुराघाटोपलक्षितोयं** (१६-१७ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.५.१.७. सातौँ वर्गमा परेको एउटा मात्र लेख अर्थात् बनारस सिह्वर गाउँको, [विक्रम]संवत् १२३२ भाद्रशुक्लत्रयोदशी आदित्यवारको, गाहडवालवंश्य राजा जयच्चन्द्रको ताम्रपत्र[१७०]मा सर्वत्र डिकोमाथि **ए** र **ओ** मात्राको लख हालिएको छ।

७.६. शारदा लिपिका उत्कीर्ण लेखमा **ए ओ** मात्रा कसरी लगाइन्थे भन्ने विषयमा पनि यस प्रसङ्गमा विचार गर्नु राम्रै होला। चम्बाका, त्यस लिपिमा कुँदिएका ९ वटा लेख हेर्दा आएको परिणामको विषयमा अब लेखिन्छ।

७.६.१. यी ९ वटा लेखलाई ६ वर्गमा बाँड्न सकिन्छ। खुलाएर भन्दा

१. २ वटामा **ए ओ** मात्रा सर्वत्र डिकोमाथि हालिएको

२. २ वटामा **ए** मात्रा धेरैजसो डिकोमाथि लख लगाइएको र **ओ** मात्राको लख सर्वत्र डिकोमाथि लगाइएको

३. २ वटामा **ए** मात्राको हकमा धेरैजसो डिकोको बायाँपट्टि लख घुमारिएको र **ओ** मात्राको हकमा धेरैजसो डिकोमाथि डिकोमा नछोई मात्रा हालिएको

४. एउटामा **ए** मात्राको हकमा धेरैजसो डिकोको बायाँपट्टि लख घुमारिएको र **ओ** मात्राको हकमा सर्वत्र डिकोमाथि लख लगाइएको

५. एउटामा **ए** मात्राको हकमा धेरैजसो डिकोमाथि लख र **ओ** मात्राको हकमा धेरैजसो डिकोमाथि डिकोमा नछोई लख लगाइएको

६. एउटामा **ए ओ** मात्रामा धेरैजसो डिकोमाथि लख लगाइएको

छ।

७.६.१.१. पहिलो वर्गमा परेका २ वटा लेख अर्थात् चम्बा राज्यको ब्रह्मौरमा रहेको गणेशको पीतलको मूर्तिमा कुँदिएको,[१७१] राजा मेरुवर्माको र त्यहींकै शिवको पीतलको मूर्तिमा कुँदिएको,[१७२] उनकै लेख हुन्। यी दुवैमा **ए ओ** मात्रा सर्वत्र डिकोमाथि लगाइएको छ।

७.६.१.२.१. दोस्रो वर्गमा परेका २ वटा लेखमध्ये अघिल्लो अर्थात् ब्रह्मौरमा रहेको लक्षणादेवीको पीतलको मूर्तिमा कुँदिएको, उनै मेरुवर्माको लेख हो।[१७३] यहाँ **ए** मात्रा धेरैजसो डिकोमाथि लख लगाइए पनि अर्को

तो- **दूतोत्र** (२० पङ्क्ति)।
पो- °**तपोनिधि**° (१० पङ्क्ति)।
भो- **भाविभोक्तृभिरस्मत्प्रदत्त**° (१३ पङ्क्ति)।
वो- **वोढग्राम** (१५ पङ्क्ति)।
त्रो- **मातापित्रोरात्मनश्च** (७ पङ्क्ति)।

१७०. फ्रन्त्स कीलृहर्न [१९४६] २०४०/४१:१३०-१३२ मा पाठ र १३० र १३१ को बीचमा फ्याक्सिमिलि।
१७१. जँ फिलिप फोगल १९६१: टेक्स्ट बी, २४३ मा पाठ र २४४ र २४५ को बीचमा आइ-कपी।
१७२. उही: टेक्स्ट सी, २४३ मा पाठ र २४४ र २४५ को बीचमा आइ-कपी।
१७३. उही: टेक्स्ट ए, २४२ मा पाठ र २४४ र २४५ को बीचमा आइ-कपी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि लख घुमारेर पनि **ए** मात्रा जनाइएको छ । यहाँ **ओ** मात्राको लख सर्वत्र डिकोमाथि लगाइएको छ ।

७.६.१.२.१.१. यहाँ ८ चोटि **ए** मात्रा आएकोमा ७ चोटि डिकोमाथि लख र १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ । बाहुल्यले आएको, डिकोमाथि लख लगाइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **मे** १ चोटि आएकोमा त्यसमा डिकोको बायाँपट्टि लख घुमारिएको छ ।[१७४]

७.६.१.२.२. दोस्रो वर्गमा परेको पछिल्लो लेख अर्थात् सं. (राज्यवर्ष) १० वैशाखकृष्णदशमीको राजा यगाकरवर्माको ताम्रपत्र हो ।[१७५] यहाँ **ए** मात्रा धेरैजसो डिकोमाथि लख लगाइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि लख घुमारेर पनि **ए** मात्रा जनाइएको छ । यहाँ **ओ** मात्राको लख सर्वत्र[१७६] डिकोमाथि लगाइएको छ ।

७.६.१.२.२.१. यहाँ ५० चोटि **ए** मात्रा आएकोमा मूल ताम्रपत्रको चौटा गएकोले गुमेको लेखांश प्रसङ्गानुरोधले सम्पादकले भर्दा परेका ५ वटा[१७७] ए मात्रा नगन्दा ४५ चोटि आएकोमध्ये ३१ चोटि डिकोमाथि लख[१७८] र १४ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ। बाहुल्यले आएको, डिकोमाथि लख लगाइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **ते** ४ चोटि आएकोमा १ चोटि, **दे** ६ चोटि आएकोमा ४ चोटि, **ने** ६ चोटि आएकोमा २ चोटि, **मे** ५ चोटि आएकोमा ४ चोटि र संयुक्ताक्षर **स्ते** र **न्ने** एकेकचोटि आएकोमा तिनमा, **र्त्ते** २ चोटि

---

१७४. **श्रीमेरुवर्म्मणा** (उही: टेक्स्ट ए २ पङ्क्ति) ।

१७५. उही १९६१:२४८-२५० मा पाठ र २४८ र २४९ को बीचमा फ्याक्सिमिलि ।

१७६. यस ताम्रपत्रका सम्पादक जँ फिलिप फोगलले **भोगिकादीनां** (११ पङ्क्ति) पढे पनि **भो**मा न डिकोमाथिको लख देखिन्छ न डिकोको बायाँपट्टि घुमारिएकै छ । डिकोको दायाँपट्टि डिकोमाथिदेखि डिकोको अलि तलसम्म एउटा छड्के धर्को फ्याक्सिमिलिमा देखिन्छ । त्यसैलाई उनले लख मानेको हुन सक्छ ।

उनले °**परमो** (१५ पङ्क्तिमा पछिल्लो) पढे पनि यहाँको **मो** यही पङ्क्तिको अर्को **मो** (१५ पङ्क्तिमा अघिल्लो)भन्दा निकै फरक छ । यहाँ **म**को बायाँपट्टि अक्षरको आधाआधीसम्म तल गएको धर्को छ, त्यस धर्कोको शिरमा लख मात्र सकिने धर्को छ, **ओ** मात्राका दुवै अङ्ग बुझाउन डिकोभन्दा माथि चम्बाकै यसपछि लगत्तै हामीले चर्चा गरेको ताम्रपत्रमा र त्यसपछिका अरू ताम्रपत्रमा देखिने **ओ** मात्रा यहाँ पनि छ ।

उनले **तद्गोचर्म**° (१६ पङ्क्ति) पढे पनि यहाँ **द्गो** देखिँदैन, **गो** मात्र देखिन्छ । **गो** लहरभन्दा तल कुँदिएको छ र त्यसको लख डिकोमाथि छ ।

१७७. **गरीय[स्ते]न** (१५-१६ पङ्क्ति), **[चाश्वमेधशतेन]** (१७-१८ पङ्क्ति), **कृष्णस[र्पेषु जायन्ते]** (१८ पङ्क्ति), **कायस्थजास[टेण]** (१९ पङ्क्ति) ।

१७८. यी **दे** –**महाराज्ञीश्रीनेत्रादेव्योदारसमुत्पन्नो** (४-५ पङ्क्ति), **श्रीमद्यगाकरवर्मदेवस्वहस्तः** (१९ पङ्क्ति)– **ने** –**कोटिप्रदानेन** (१८ पङ्क्ति)– **मे** –**धानापिटक्मेक** (९ पङ्क्ति)– **र्वे**– °**विडविकाग्रामप्रतिवद्धपूर्वे** (६-७ पङ्क्ति)– मा **ए** मात्रा एकलख जस्तो नदेखिई डिकोमाथिको तेर्सो धर्को जस्तो देखिन्छ । कुँद्नेले राम्ररी छड्के नकुँद्नाले यस्तो रूप भएको हो भनी तर्क गर्न सकिन्छ तापनि यिनमध्ये एउटा अर्थात् १९ पङ्क्तिको **दे** त पूरै सोझो छ । स्थिति यस्तो भए पनि अहिलेको लागि मैले यसलाई एकलखकै प्रतिरूप मानेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आएकोमा १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ।[१७९]

७.६.१.३.१. तेस्रो वर्गमा परेका २ वटा लेखमध्ये अघिल्लो अर्थात् सं. (राज्यवर्ष) ११ भाद्रशुक्लद्वादशी[१८०]को राजा सोमवर्मदेव र राजा आसटदेवको ताम्रपत्र हो।[१८१]

७.६.१.३.१.१. यहाँ **ए** मात्रामा धेरैजसो डिकोको बायाँपट्टि घुमारेर मात्रा जनाइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमाथि लख हालेर पनि मात्रा जनाइएको छ। खुलाएर भन्दा ८६ चोटि **ए** मात्रा आएकोमा ५२ चोटि डिकोको बायाँपट्टि घुमारिएको लख र ३५ चोटि डिकोमाथि लख लगाइएको छ। बाहुल्यले आएको, डिकोको बायाँपट्टि घुमारिएको लख लगाइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **के** ४ चोटि आएकोमा १ चोटि, **गे** २ चोटि आएकोमा दुवैचोटि, **णे** ४ चोटि आएकोमा चारैचोटि, **दे** १५ चोटि आएकोमा ४ चोटि, **मे** ६ चोटि आएकोमा १ चोटि, **रे** ८ चोटि आएकोमा ४ चोटि, **ले** ९ चोटि आएकोमा नवैचोटि, **वे** ५ चोटि आएकोमा १ चोटि, **हे** १ चोटि आएकोमा त्यसमा र संयुक्ताक्षर **क्षे**, **ड्ढे**, **द्धे**, **र्णे**, **र्ते** एकेकचोटि आएकोमा तिनमा र **त्रे**, **त्वे**, **र्मे** दुदुइचोटि आएकोमा एकेकचोटि डिकोमाथि लख लगाइएको छ।[१८२]

---

१७९. <u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>
- ते- **कुस्ते** (१६ पङ्क्ति)।
- दे- °**देवद्विजगुरुभक्त**° (३ पङ्क्ति), °**श्रीमत्साहिलदेवपादानुध्यात**° (४ पङ्क्ति), **श्रीमद्यगाकरवर्मदेव** (६ पङ्क्ति), °**राज्ञीश्रीत्रिभुवणरेखादेव्या** (१२ पङ्क्ति)।
- ने- °**महाराज्ञीश्रीनेत्रादेव्योदरसमुत्पन्नो** (४-५ पङ्क्ति), **नेकारातिचक्रनिर्मूलन**° (५ पङ्क्ति)।
- मे- °**परमेश्वर**° (४, ६ पङ्क्ति), **ग्रिमग्रामे** (८ पङ्क्ति), **व्यतिक्रमे** (१५ पङ्क्ति)।
- स्ते- **नमस्ते** (३ पङ्क्ति)।
- न्ने- **समुत्पन्ने** (१४ पङ्क्ति)।
- र्त्ते- **वृषभाङ्कानन्तमूर्त्ते**① (२-३ पङ्क्ति)।

१८०. यस ताम्रपत्रमा वार दिइएको भए पनि यसको अलिकति भाग नष्ट भएकोले **स** --- वारे मात्र देखिन्छ।

१८१. जँ फिलिप फोगल १९६१:२५९-२६१ मा पाठ र २६० र २६१ को बीचमा फ्याक्सिमिलि।

१८२. <u>डिकोमाथि लगाइएको लख</u>
- के- **जौढ्के** (१८ पङ्क्ति)।
- गे- **स्वशास्यमानषत्राभोगे●**② (१५-१६ पङ्क्ति), **विभागे** (३० पङ्क्ति)।
- णे- °**महामणेः●** (१० पङ्क्ति), **पूर्वप्रसिद्धभुक्तिप्रमाणेन** (२० पङ्क्ति), **हरिश्श्रीसालाकरवर्मणे●** (२३ पङ्क्ति), **पान्थिलमण्डलप्रतिबद्धघलहणे** (३१ पङ्क्ति)।
- दे- **भगवच्छ्रीशूद्रकस्वामिदे●व**° (९ पङ्क्ति), **श्रीमदासटदे●वीये** (२७ पङ्क्ति), **श्रीमत्सोमवर्मदे●वस्वहस्तः॥ श्रीमदासटदे●वस्वहस्तः** (३२ पङ्क्ति)।
- मे- °**परमे●श्वर**° (१३ पङ्क्ति)।

---

① प्रकाशित पाठ °**मूर्ते** छ।

② यस्तो चिह्न ● हालिएका जतिमा डिकोमाथि लगाइएको **ए** मात्रा सोफो छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.६.१.३.१.२. यहाँ **ओ** मात्रामा धेरैजसो डिकोमाथि डिकोमा नछोई यसरी ~[१८३] मात्रा हालिए पनि अरू २ प्रकार अर्थात् डिकोमाथि लख र डिकोको बायाँपट्टि लख घुमारेर पनि मात्रा जनाइएको छ । खुलाएर भन्दा ४५ चोटि **ओ** मात्रा आएकोमा २० चोटि डिकोमाथि डिकोमा नछोई लख, १९ चोटि डिकोमाथि लख र ६ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ । बाहुल्यले आएको, डिकोमाथि डिकोमा नछोई लख लगाइएकोबाहेक, **को**, **गो**, **रो** तीतीनचोटि आएकोमा दुदुइचोटि, **तो** ५ चोटि आएकोमा १ चोटि, **थो** र **हो** एकेकचोटि आएकोमा तिनमा, **नो** ३ चोटि आएकोमा १ चोटि, **पो** २ चोटि आएकोमा १ चोटि, **लो** ५ चोटि आएकोमा २ चोटि र संयुक्ताक्षरमा **र्गो**, **ण्डो**, **ण्यो**, **ख्यो**, **स्सो** एकेकचोटि आएकोमा ती सबैमा, **त्सो** २ चोटि आएकोमा १ चोटि डिकोमाथि डिकोमा नछोई लख लगाइएको छ; **गो** र **रो** तीतीनचोटि आएकोमा एकेकचोटि, **भो** र **मो** दुदुइचोटि आएकोमा एकेकचोटि, **यो** २ चोटि आएकोमा दुवैचोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ ।[१८४]

रे- °**दुर्गरे●श्वर**° (३-४ पङ्क्ति), **भूरे●का** (१७ पङ्क्ति), **शुक्रवारे●ण** (२७ पङ्क्ति), °**वारे●** (३१ पङ्क्ति) ।

ले- **निर्मले● कुले** (१० पङ्क्ति), **मुङ्गले●** (१६ पङ्क्ति), **सराहुले** (१७ पङ्क्ति), **कमटमण्डलप्रतिबद्धमङ्गले●** (१९ पङ्क्ति), **मुङ्गले●** (१९ पङ्क्ति), **सराहुले●** (२० पङ्क्ति), **मङ्गले●** (२० पङ्क्ति), **यथोपरीलिखित-पारकमतमङ्गले●** (२८-२९ पङ्क्ति) ।

वे- **सनिर्गमप्रवे●शं** (२० पङ्क्ति) ।

हे- **देवगृहे** (३१ पङ्क्ति) ।

क्षे- **कुरुक्षे●त्रे** (५ पङ्क्ति) ।

ङ्ले- **प्राङ्ले●खितक्रमेण** (३१ पङ्क्ति) ।

त्रे- **कुरुक्षेत्रे●** (५ पङ्क्ति) ।

द्धे- °**जामदग्न्यशिविकर्णयुधिष्ठिरादिप्रवरप्रसिद्धेः●** (८ पङ्क्ति) ।

र्णे- **सुविस्तीर्णे●** (२४ पङ्क्ति) ।

र्ते- **परिवर्ते●** (२९ पङ्क्ति) ।

र्मे- **तावसकमण्डलप्रतिबद्धभद्रवर्मे●** (१७ पङ्क्ति) ।

त्वे- **अग्रहारत्वे** (३० पङ्क्ति) ।

१८३. यस चिह्नले पूरै ओ मात्रा बुझाउँछ । बायाँपट्टिको भागले अहिलेको लख र दायाँपट्टिको भागले ओ मात्रा ोको यस्तो ा अंश बुझाएको हो ।

१८४. <u>डिकोमाथि लगाइएको लख</u>

को- **भद्रवर्मकोष्ठागारात्प्रतिवर्षं** (२१ पङ्क्ति), **को●टिप्रदानेन** (२६ पङ्क्ति) ।

गो- °**गो●यूथीगो●चरपर्यन्तं** (२० पङ्क्ति) ।

तो- **तो●य**° (२३ पङ्क्ति) ।

थो- **यथोपरिलिखितपारकमटमङ्गले** (२८-२९ पङ्क्ति) ।

नो- **पुरन्दरनन्दनो●** (१ पङ्क्ति) ।

पो- **महेन्द्रकपोत्र**°[1] (३१ पङ्क्ति) ।

---

① °**पौत्र**° हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.६.१.३.२. तेस्रो वर्गमा परेको पछिल्लो लेख अर्थात् सं. (राज्यवर्ष) ५ श्रावणपूर्णिमाको राजा आसटदेवको ताम्रपत्र हो ।[१८५]

७.६.१.३.२.१. यहाँ **ए** मात्रामा धेरैजसो डिकोको बायाँपट्टि घुमारेर मात्रा जनाइए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमाथि लख हालेर पनि जनाइएको छ । खुलाएर भन्दा यहाँ २३ चोटि ए मात्रा आएकोमा १७ चोटि डिकोको बायाँपट्टि घुमारिएको लख र ६ चोटि डिकोमाथि लख लगाइएको छ । बाहुल्यले आएको, डिकोको बायाँपट्टि घुमारिएको लख लगाइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **गे**, **णे** एकेकचोटि आएकोमा तिनमा, **दे** ६ चोटि आएकोमा ३ चोटि, र संयुक्ताक्षर **र्ते** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख लगाइएको छ ।[१८६]

७.६.१.३.२.२. यहीँ **ओ** मात्रामा धेरैजसो डिकोमाथि डिकोमा नछोई यसरी ~ मात्रा हालिए पनि अरू २ प्रकार अर्थात् डिकोमाथि लख हालेर र डिकोको बायाँपट्टि लख घुमारेर पनि मात्रा जनाइएको छ । खुलाएर भन्दा २२ चोटि **ओ** मात्रा आएकोमा १४ चोटि डिकोमाथि डिकोमा नछोई लख, ६ चोटि डिकोमाथि लख र २ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ । बाहुल्यले आएको, डिकोमाथि डिकोमा नछोई लख

रो- **दुरितभयापहारो●** (१ पङ्क्ति), **°चौरोद्धरणिक°** (१४-१५ पङ्क्ति) ।

लो- **°कुलो●टीसत्कभूमयश्चतस्रः** (१६ पङ्क्ति), **कुलोटीभू ४** (१९ पङ्क्ति) ।

हो- **गिरिसुतानिरुद्धदेहो** (१ पङ्क्ति) ।

र्गो- **विघ्नवर्गो●पसर्गः** (३ पङ्क्ति) ।

ण्डो- **दण्डो●पनत°** (४ पङ्क्ति) ।

ख्यो- **श्रीमल्लक्ष्मणवर्मणश्शुभवदप्रख्यो●** (२३ पङ्क्ति) ।

ण्यो- **श्रीचण्पकवासकात्परमब्रह्मण्यो** (३ पङ्क्ति) ।

त्सो- **°श्रीमत्सोमवर्मदेव** (१३ पङ्क्ति) ।

स्सो- **गजवक्त्रस्सो●त्र** (२ पङ्क्ति) ।

<u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>

गो- **चोन्नेरकगोष्ठिकस्थिता** (१७ पङ्क्ति) ।

भो- **स्वशास्यमानषत्राभोगे** (१५-१६ पङ्क्ति) ।

मो- **गृहशाकवाटिकावृक्षारामविश्रामोपेतं** (२१ पङ्क्ति) ।

यो- **नियोगस्थान्** (१३ पङ्क्ति), **देवद्ध्योः** (३० पङ्क्ति) ।

रो- **विवेकैस्सरोराजहंसः** (११ पङ्क्ति) ।

१८५. जँ फिलिप फोगल १९६१:२६४-२६५ मा पाठ र तिनै पृष्ठको बीचमा फ्याक्सिमिलि ।

१८६. <u>डिकोमाथि लगाइएको लख</u>

गे- **षत्राभोगे** (११ पङ्क्ति) ।

णे- **पूर्वभुक्तिप्रमाणेन** (१२-१३ पङ्क्ति) ।

दे- **°श्रीमत्सालवाहनदे●वपादानुध्यात°** (५ पङ्क्ति), **करणकायस्थमत्रदेवपात्मज°** (२१ पङ्क्ति), **श्रीमदासटदेव-स्वहस्तः** (२१ पङ्क्ति) ।

र्ते- **अगणितगुणगणालङ्कृतमूर्तेः** (३ पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगाइएकोबाहेक, **यो** २ चोटि आएकोमा १ चोटि, **रो** ३ चोटि आएकोमा तीनैचोटि, **लो** १ चोटि आएकोमा त्यसमा र संयुक्ताक्षरमा **व्यो** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख लगाइएको छ र **मो** १ चोटि आएकोमा त्यसमा, **यो** २ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ ।[१८७]

७.६.१.४. चौथो वर्गमा परेको एक मात्र लेख अर्थात् चम्बा राज्यकै चत्राडीमा रहेको शक्तिदेवीको, पीतलको मूर्तिमा कुँदिएको, राजा मेरुवर्माको लेख हो ।[१८८] यहाँ **ए** मात्राको हकमा धेरैजसो डिकोको बायाँपट्टि लख घुमारिएको भए पनि अर्को एउटा प्रकार अर्थात् डिकोमथि लख हालेर पनि मात्रा जनाइएको छ । यहाँ **ओ** मात्राको लख सर्वत्र डिकोमाथि लगाइएको छ ।

७.६.१.४.१. यहाँ ४ चोटि **ए** मात्रा आएकोमा ३ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको र १ चोटि डिको माथि लख लगाइएको छ । बाहुल्यले आएको, डिकोको बायाँपट्टि लख घुमारिएकोबाहेक, अक्षरको हिसाबले संयुक्ताक्षर **र्म्मे** १ चोटि आएकोमा त्यसमा डिकोमाथि लख लगाइएको छ ।[१८९]

७.६.१.५. पाँचौँ वर्गमा परेको एक मात्र लेख अर्थात् सं. (राज्यवर्ष) ४ माघशुक्लप्रतिपदाको राजा विदग्धदेवको ताम्रपत्र हो ।[१९०]

७.६.१.५.१. यहाँ **ए** मात्राको हकमा धेरैजसो डिकोमाथि लख हालिए पनि अर्को एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि घुमारेर पनि मात्रा जनाइएको छ । खुलाएर भन्दा ७० चोटि **ए** मात्रा आएकोमा ५५ चोटि डिकोमाथि लख[१९१] र १५ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ । बाहुल्यले आएको, डिकोमाथि लख लगाइएकोबाहेक,

---

१८७. <u>डिकोमाथि लगाइएको लख</u>
यो- **नियोगस्थान्** (७ पङ्क्ति) ।
रो- °**महाराज्ञीश्रीरन्धादेव्योदरोदधिविवर्धित** (५-६ पङ्क्ति), °**चौरोधरणिक**° (९ पङ्क्ति), **करोतु** (१८ पङ्क्ति) ।
लो- **सखिलोपखिलं** (१३ पङ्क्ति) ।
व्यो- °**महाराज्ञीश्रीरन्धादेव्योदरोदधिविवर्धित** (५-६ पङ्क्ति) ।
<u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>
मो- **पालनात्मरमो**① (१९ पङ्क्ति) ।
यो- **एतत्पुत्रपौत्रान्वयोपभोग्य**° (१७ पङ्क्ति) ।

१८८. जँ फिलिप फोगल १९६१: टेक्स्ट डी, २४४ मा पाठ र २४४ र २४५ को बीचमा आइ-कपी ।

१८९. **देववर्म्मेति** (उही: टेक्स्ट डी १ पङ्क्ति) ।

१९०. उही:२५१-२५३ मा पाठ र २५२ र २५३ को बीचमा फ्याक्सिमिलि ।

१९१. २० पङ्क्तिको **ब्रह्मचारिणेको णेको** मात्रा डिकोमाथि लगाइएको छ र त्यो सोझो छ (यस्तो मात्राको लागि माथि १७८ सङ्ख्याको टिप्पणी हेर्नू) ।

---

① **पालनात्परमो** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षरको हिसाबले भन्दा **गे** ८ चोटि आएकोमा १ चोटि, **जे** र **ये** एकेकचोटि आएकोमा तिनमा, **दे** ९ चोटि आएकोमा ३ चोटि, **पे** २ चोटि आएकोमा १ चोटि, **वे** ६ चोटि आएकोमा ३ चोटि, **रे** ६ चोटि आएकोमा २ चोटि, **से** ४ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **ष्ठे** र **र्थे** एकेकचोटि आएकोमा तिनमा डिकोको बायाँपट्टि लख घुमारिएको छ।[१९२]

७.६.१.५.२. यहीँ **ओ** मात्राको हकमा धेरैजसो डिकोमाथि डिकोमा नछोई **ओ** मात्रा हालिएको भए पनि अरू २ प्रकार अर्थात् डिकोमाथि लख हालेर र डिकोको बायाँपट्टि लख घुमारेर पनि मात्रा जनाइएको छ। खुलाएर भन्दा ४५ चोटि **ओ** मात्रा आएकोमा ३३ चोटि डिकोमाथि डिकोमा नछोई लख, ११ चोटि डिकोमाथि लख[१९३] र १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ। बाहुल्यले आएको, डिकोमाथि डिकोमा नछोई लख लगाइएकोबाहेक, **गो** ६ चोटि आएकोमा १ चोटि, **टो** ३ चोटि आएकोमा २ चोटि, **यो** ७ चोटि आएकोमा २ चोटि, **रो** ४ चोटि आएकोमा २ चोटि, **लो** १ चोटि आएकोमा त्यसमा र संयुक्ताक्षरमा **ण्यो**, **त्यो**, **श्चो** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि लख लगाइएको छ; **तो** २ चोटि आएकोमा १ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ।[१९४]

---

१९२. डिकोको बायाँपट्टि घुमारिएको लख

गे- **उत्तरदिग्भागे** (१५ पङ्क्ति)।

जे- **सुखराजेन** (३० पङ्क्ति)।

दे- °**श्रीमद्युगाकरवर्मदेवपादानुध्यात** (१ पङ्क्ति), **श्रीमद्विदग्धदेव** (५ पङ्क्ति), **सर्वराजभाव्यप्रत्यायमस्योपदेयं** (२२ पङ्क्ति)।

पे- **चतुराघाट्येतं**① (१५-१६ पङ्क्ति)।

ये- **यशोभिवृद्धये** (१८-१९ पङ्क्ति)।

वे- °**वेटकिल**° (८ पङ्क्ति), **पुण्यहेतवे** (१८ पङ्क्ति), **वेदव्यासेन** (२६ पङ्क्ति)।

रे- **गौरेकां** (२७ पङ्क्ति), °**संवत्सरे** (२९ पङ्क्ति)।

से- **वेदव्यासेन** (२६ पङ्क्ति)।

र्थे- **चतुर्थे** (२९ पङ्क्ति)।

ष्ठे- °**काष्ठेन्धनघासबुसादिकं** (२४ पङ्क्ति)।

१९३. ७ पङ्क्तिको °**कुमारामात्योपरिक**°को **त्यो**को **डिकोमाथि** लगाइएको लख सोभो छ।

१९४. डिकोमाथि लगाइएको लख

गो- °**गोयुथी**°② (१६ पङ्क्ति)।

टो- **चतुराघाटोपेता** (१३ पङ्क्ति), °**चिटोलाग्रहण**° (२३ पङ्क्ति)।

यो- °**प्रयोगावाप्त**° (३ पङ्क्ति), **साप्यदशप्रकृत्याधिस्वानीयो**③ (१० पङ्क्ति)।

---

① प्रकाशित पाठ °पेतम् छ।

② °गव्यूति° हुनुपर्ने।

③ °स्थानीयो हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.६.१.६. छैटौँ वर्गमा परेको एक मात्र लेख अर्थात् सं. (राज्यवर्ष) ७ भाद्र-अमावास्याको राजा सोमवर्मदेवको ताम्रपत्र हो ।[१९५]

७.६.१.६.१. यहाँ **ए** मात्राको हकमा धेरैजसो डिकोमाथि लख हालिए पनि अर्को एउटा प्रकार अर्थात् डिकोको बायाँपट्टि घुमारेर पनि मात्रा जनाइएको छ । खुलाएर भन्दा यहाँ ३८ चोटि **ए** मात्रा आएकोमा १ चोटि[१९६] फ्याक्सिमिलिमा नदेखिएको नगन्दा जम्मा ३७ चोटिमध्ये २० चोटि[१९७] डिकोमाथि लख र १७ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ । बाहुल्यले आएको, डिकोमाथि लख लगाइएकोबाहेक, अक्षरको हिसाबले भन्दा **ते** र **से** एकेकचोटि आएकोमा तिनमा, **दे** ११ चोटि आएकोमा ८ चोटि, **मे** २ चोटि आएकोमा दुवैचोटि, **रे** २ चोटि आएकोमा १ चोटि, **शे** ३ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षर **त्ते**, **त्रे**, **द्धे** एकेकचोटि आएकोमा तिनमा डिकोको बायाँपट्टि लख घुमारिएको छ ।[१९८]

रो- **परममाहेश्वरो** (४ पङ्क्ति), °**रोचिक**° (२३ पङ्क्ति) ।

लो- **परलोकसंश्रेयोर्थं** (१९ पङ्क्ति) ।

ण्यो- **परमब्रह्मण्यो** (१-२ पङ्क्ति) ।

त्यो- °**कुमारामात्योपरिक**° (७ पङ्क्ति) ।

श्वो- °**हस्त्यश्वोष्ट्रबलव्यावृतक**° (७ पङ्क्ति) ।

<u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>

तो- **दूतोत्र** (२९ पङ्क्ति) ।

१९५. जँ फिलिप फोगल १९६१:२५६-२५७ मा पाठ र तिनै पृष्ठको बीचमा फ्याक्सिमिलि ।

१९६. **श्रीमत्सालवाहनदेवस्वहस्तः** (२६ पङ्क्ति) ।

१९७. **गिरिसुतानिरुद्धदेहो** (१ पङ्क्ति), **देवः** (२ पङ्क्ति), °**दुर्गरेश्वर**° (३ पङ्क्ति), °**महामणेः** (१० पङ्क्ति), **निर्मले कुले** (११ पङ्क्ति), °**प्रतिनापिता**④**नेकनरनाथ**° (१४ पङ्क्ति), **सकलकलाकेलिपेशलविलासः** (१६ पङ्क्ति), **उन्पात**⑤**वेतुरहितजनस्य** (१६ पङ्क्ति), °**यशोराशिप्रकाशिताशेशविश्वप्रदेशः** (१७ पङ्क्ति), **परममाहेश्वरः** (१८ पङ्क्ति), **निर्गमप्रवेशं** (२२ पङ्क्ति), **वाजिस्नेयशाखाय** (२२ पङ्क्ति), **अग्रहारत्वेति** (२३ पङ्क्ति), °**विजयराज्ये** (२४ पङ्क्ति) मा **ए** मात्रा एकलख जस्तो नदेखिई डिकोमाथि तेर्सो धर्को जस्तो देखिन्छ । यस विषयमा माथि १७८ सङ्ख्याको टिप्पणी हेर्नू ।

१९८. <u>डिकोको बायाँपट्टि घुमारिएको लख</u>

ते- °**कुलूतेश्वर**° (४ पङ्क्ति) ।

दे- °**शूद्रकस्वामिदेव**° (९ पङ्क्ति), **श्रीमत्साहिल्लदेवस्य** (११ पङ्क्ति), **देवद्विजगुरुपूजानिरतमति**° (१२ पङ्क्ति), °**श्रीमत्सालवाहनदेवपादानुध्यात**° (१८ पङ्क्ति), °**महाराज्ञीश्रीरार्द्धदेवी**° (१९ पङ्क्ति), °**श्रीमत्सोमवर्मदेव** (१९-२० पङ्क्ति), **श्रीमत्सोमवर्मदेवस्वहस्तः** (२६ पङ्क्ति), **दे[वपेन]** (२६ पङ्क्ति) ।

मे- °**परमेश्वर**° (१८, १९ पङ्क्ति) ।

रे- **भूरेकाङ्कतः** (२१ पङ्क्ति) ।

---

④ °**प्रतिस्थापिता**° हुनुपर्ने ।

⑤ **उत्पात**° हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.६.१.६.२. यहीँ **ओ** मात्राको हकमा धेरैजसो डिकोमाथि लख हालिए पनि अरू २ प्रकार अर्थात् डिकोमाथि डिकोमा नछोई र डिकोको बायाँपट्टि लख घुमारेर पनि मात्रा जनाइएको छ। खुलाएर भन्दा २८ चोटि **ओ** मात्रा आएकोमा १६ चोटि डिकोमाथि लख,[१९९] ८ चोटि डिकोमाथि डिकोमा नछोई लख र ४ चोटि डिकोको बायाँपट्टि लख घुमारिएको छ। बाहुल्यले आएको, डिकोमाथि लख लगाइएकोबाहेक, **गो** र **लो** चचारचोटि आएकोमा एकेकचोटि, **नो** ४ चोटि आएकोमा २ चोटि, **यो** २ चोटि आएकोमा १ चोटि र संयुक्ताक्षरमा **ण्डो, ण्यो, त्सो** एकेकचोटि आएकोमा तिनमा डिकोमाथि डिकोमा नछोई लख लगाइएको छ; **नो** ४ चोटि आएकोमा १ चोटि, **पो** २ चोटि आएकोमा १ चोटि, **यो** ३ चोटि आएकोमा १ चोटि, **रो** १ चोटि आएकोमा त्यसमा डिकोको बायाँपट्टि लख घुमारिएको छ।[२००]

शे- **उदयशेलो**⑥ (१६ पङ्क्ति)।

से- **सेवाविधिव्यग्र**° (४ पङ्क्ति)।

त्ते- **सूर्यग्रहणनिमित्ते** (२३ पङ्क्ति)।

त्रे- **कुरुक्षत्रे** (५ पङ्क्ति)।

द्धे- **जामदग्न्यशिविकर्णयुधिष्ठिरादिप्रवरप्रसिद्धेः** (८ पङ्क्ति)।

१९९. **गिरिसुतानिरुद्धदेहो** (१ पङ्क्ति), °**सप्तभुवनाभोगस्य** (७ पङ्क्ति), **दर्शनसफलितलोकलोचन**° (८-९ पङ्क्ति), °**मनोरममूर्ति**° (९ पङ्क्ति), °**दर्पदलनव्यग्रोग्रकरवाल**° (१३-१४ पङ्क्ति), °**प्रचण्डप्रतापोत्खात**° (१४ पङ्क्ति), °**यशोराशि**° (१७ पङ्क्ति), °**श्रीमत्सोमवर्मदेव** (१९-२० पङ्क्ति), °**गोचर**° (२१ पङ्क्ति), **सखिलोपखिलं** (२१ पङ्क्ति), **काशपगोत्रागाय** (२२ पङ्क्ति), **भोक्तव्यं** (२४ पङ्क्ति), **दूतोत्र** (२४ पङ्क्ति)मा ए मात्रा एकलख जस्तो नदेखिई डिकोमाथि तेर्सो धर्को जस्तो देखिन्छ। यस विषयमा १७८ सङ्ख्याको टिप्पणी हेर्नू।

२००. डिकोमाथि डिकोमा नछोई लगाइएको लख

गो- **कुलिक्कगोष्ठे** (२० पङ्क्ति)।

नो- **पुरन्दरनन्दनो** (१ पङ्क्ति), °**विद्याविनोद**° (११ पङ्क्ति)।

यो- **पुत्रपौ[त्र]यो** (२३-२४ पङ्क्ति)।

लो- **उदयशेलो**⑦ (१६ पङ्क्ति)।

ण्डो- **दण्डोपनत**° (४ पङ्क्ति)।

ण्यो- **श्रीचण्पकावासकात्परमब्रह्मण्यो** (२ पङ्क्ति)।

त्सो- **श्रीमत्सोमवर्मदेवस्वहस्तः** (२६ पङ्क्ति)।

डिकोको बायाँपट्टि घुमारिएको लख

नो- °**मनोरथः** (१५ पङ्क्ति)।

पो- °**कपोलफलक**° (५-६ पङ्क्ति)।

यो- **पौषणान्मयो**°⑧ (१७ पङ्क्ति)।

रो- **[दु]रितभयापहारो** (२ पङ्क्ति)।

---

⑥ °शैलो हुनुपर्ने।

⑦ °शैलो हुनुपर्ने।

⑧ पौष्णान्वयो हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.७. डिकोको बायाँपट्टि तलसम्म ए वा ओ मात्रा ल्याउने र डिकोमाथि लख लाउने विषयमा पूरै खोतल्ने हो भने ब्राह्मी लिपिदेखिका नै लेख हेर्दै जानुपर्छ।[२०१]

७.७.१. गेओर्ग ब्यूलर (१९५३:२ फलक)ले दिएका फलक हेर्दा ब्राह्मीका प्राचीनतम रूप अर्थात् लगभग ईशापूर्व ३५० देखि ईशाको जन्म (वि.पू. मोयमोटी २९३ देखि वि.सं. ५६)सम्मका लिपिमा खास गरी ३ प्रकारले ए मात्रा जनाउने गरेको देखिन्छ–

१. अक्षरको टाउकोमा बायाँपट्टि छेउमा तेर्सो रेखा हालेर[२०२]

२. अक्षरको बायाँपट्टि बीचमा तेर्सो रेखा हालेर[२०३]

३. अक्षरको टाउकोमाथि छड्के रेखा हालेर[२०४]

यसै गरी ब्राह्मीका प्राचीनतम रूपमा खास गरी ५ प्रकारले ओ मात्रा जनाउने गरेको देखिन्छ–

१. दायाँबायाँ जाने तेर्सो रेखा[२०५] अक्षरको टाउकोमा हालेर[२०६]

---

२०१. गेओर्ग ब्यूलर १९५३:२-३ फलक, गौरीशंकर हीराचंद* ओझा १९७५:१-१५ लिपिपत्र र अहमद हसन दानी २०४२:३ ए- ७ सङ्ख्याका फलक।

२०२. **के** (९ सङ्ख्याको ११ लहर), **खे** (१० सङ्ख्याको १५ लहर), **गे** (११ सङ्ख्याका ४, १० लहर), **घे** (१२ सङ्ख्याको ११ लहर), **जे** (१५ सङ्ख्याको १८ लहर), **डे** (२० सङ्ख्याका ३, ५, ११ लहर), **ते** (२३ सङ्ख्याको २० लहर), **दे** (२५ सङ्ख्याका ३, १०, १८, १९① लहर), **धे** (२६ सङ्ख्याको १२ लहर), **ने** (२७ सङ्ख्याका १२, १६ लहर), **फे** (२९ सङ्ख्याको ६ लहर), **बे** (३० सङ्ख्याको २४ लहर), **मे** (३२ सङ्ख्याको ५ लहर), **ये** (३३ सङ्ख्याका ३, १२, १५ लहर), **ले** (३५ सङ्ख्याका ७, १०, ११ लहर), **से** (३९ सङ्ख्याका ६, १२, १५, १९ लहर), **हे** (४० सङ्ख्याका ६, ७, ११ लहर)।

२०३. **जे** (१५ सङ्ख्याको २२ लहर), **ञे** (१७ सङ्ख्याको १० लहर), **टे** (१८ सङ्ख्याका ३, ५, १०, १६ लहर), **ठे** (१९ सङ्ख्याका १२, १७ लहर), **णे** (२२ सङ्ख्याको ९ लहर), **थे** (२४ सङ्ख्याका १२, १७ लहर)।

२०४. **खे** (१० सङ्ख्याको ३ लहर), **गे** (११ सङ्ख्याका ३, १२ लहर), **भे** (३१ सङ्ख्याको ६ लहर)।

२०५. दायाँपट्टिको रेखाले ओ मात्रा ोको यस्तो ा चिह्न बुझाएको हो र बायाँपट्टिको रेखाले अहिलेको लख जस्तो बुझाएको हो। यसरी यस रेखाले पूरै ओ मात्रा बुझाउँछ।

२०६. **को** (९ सङ्ख्याको १५ लहर), **गो** (११ सङ्ख्याका ५, १५, १७ लहर), **घो** (१२ सङ्ख्याको १४ लहर), **छो** (१४ सङ्ख्याको १४ लहर), **भो** (३१ सङ्ख्याको १९ लहर), **यो** (३३ सङ्ख्याको २२ लहर), **रो** (३४ सङ्ख्याको १६ लहर), **लो** (३५ सङ्ख्याको २४ लहर) **हो** (४० सङ्ख्याका ५, १५ लहर)।②

---

① खुलाएर भन्दा यहाँ अक्षरको टाउकोमा होइन कि घाँटीमा बायाँपट्टि छेउमा तेर्सो रेखा छ।

② मसिनो गरी केलाउँदा यस प्रकारका २ उपभेद देखिएका छन्-
१. अक्षरमा नछोई माथि तेर्सो रेखा हालेर- **गो** (११ सङ्ख्याको २२ लहर),❶ **ठो** (१९ सङ्ख्याको २४ लहर) **थो** (२४

---

❶ अक्षरको टाउकोमा दायाँबायाँ झण्डै झण्डै अर्धचन्द्राकार रेखा हालेर पनि **गो** (११ सङ्ख्याका १९, २० लहर) लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. अक्षरको बायाँपट्टि माथिल्लो भागमा र दायाँपट्टि टाउकोमा तेर्सो रेखा हालेर[२०७]

३. अक्षरको बीचमा दायाँबायाँ तेर्सो रेखा हालेर[२०८]

४. अक्षरको टाउकोमा रेखा हालेर र अक्षरको दायाँपट्टि ठाडो सोझो रेखा हालेर[२०९]

५. अक्षरको बायाँपट्टि बीचमा र दायाँपट्टि टाउकोमा तेर्सो रेखा हालेर[२१०]

७.७.२. ब्राह्मीका, ईशाको जन्मदेखि लगभग ई.सं. ३५० (मोटामोटी वि.सं. ५७ देखि वि.सं. ४०७)सम्मका भेद गेओर्ग ब्यूलर (१९५३)ले अर्को (तेस्रो) फलकमा देखाएका छन्। त्यो हेर्दा दोस्रो फलकमा देखिएका पद्धतिको साथसाथै अक्षरमाथि लख हालेर,[२११] अक्षरको टाउकोमा बायाँपट्टि रेखा घुमारेर[२१२] र अक्षरको

---

२०७. **को** (९ सङ्ख्याको ९ लहर), **नो** (२७ सङ्ख्याको २४ लहर),③ **यो** (३३ सङ्ख्याको ५ लहर), **रो** (३४ सङ्ख्याको १५ लहर), **लो** (३५ सङ्ख्याका ६, १९ लहर),④ **हो** (४० सङ्ख्याको ३ लहर)।

२०८. **जो** (१५ सङ्ख्याको ७ लहर),⑤ **ञो** (१७ सङ्ख्याका १८, १९, २४ लहर), **टो** (१८ सङ्ख्याका १३, २० लहर), **ठो** (१९ सङ्ख्याको १४ लहर), **णो** (२२ सङ्ख्याको १५ लहर),⑥ **थो** (२४ सङ्ख्याको १४ लहर), **बो** (३० सङ्ख्याको ९ लहर), **मो** (३२ सङ्ख्याका १०, २२, २४ लहर)⑦।

२०९. **लो** (३५ सङ्ख्याको १५ लहर) **शो** (३७ सङ्ख्याको १९ लहर)।

२१०. **घो** (१२ सङ्ख्याको ९ लहर), **हो** (४० सङ्ख्याको १० लहर)।⑧

२११. कुनै लख टुसो जस्तो
ठे (१७ सङ्ख्याको १४ लहर), **थे** (२२ सङ्ख्याका १४, १५ लहर), **ये** (३१ सङ्ख्याको २ लहर), **षे** (३६ सङ्ख्याको १ लहर)
र कुनै पूरै लख भएको
टे (१६ सङ्ख्याको ५ लहर), **से** (३७ सङ्ख्याको ५ लहर), **हे** (३८ सङ्ख्याको ४ लहर)
छन्।

सङ्ख्याको २४ लहर)।

२. उल्टिएको मूल अक्षरको दायाँबायाँ जाने तेर्सो रेखा अक्षरको टाउकोमा हालेर- **दो** (२५ सङ्ख्याको १५ लहर), **भो** (३१ सङ्ख्याको १३ लहर)।

③ यसको ठीक उल्टो ढङ्गले अर्थात् अक्षरको बायाँपट्टि टाउकोमा र दायाँपट्टि माथिल्लो भागमा तेर्सो रेखा हालेर **नो** लेखिएको पनि भेटिएको छ (२७ सङ्ख्याका ३, १०, २२ लहर)।

④ अक्षरमाथि बायाँपट्टि तेस्रो रेखा र दायाँपट्टि अहिलेको रेफ जस्तो देखिने रेखा हालेर **लो** लेखिएको पनि भेटिएको छ (३५ सङ्ख्याको २२ लहर)।

⑤ यसो हेर्दा **जे** (१५ सङ्ख्याको १८ लहर) लेखिएकै ढङ्गले अर्थात् अक्षरको टाउकोमा बायाँपट्टि तेर्सो रेखा हालेर **जो** लेखिएको देखिन्छ। तर जमा पहिलेदेखि नै दायाँपट्टि रेखा हुने हुनाले त्यसमा पछि थपिएको रेखा नदेखिएको हुन सक्छ।

⑥ खुलाएर भन्दा दायाँपट्टि रेखा अलि माथि र बायाँपट्टि रेखा अलि तल छ।

⑦ अक्षरको टाउकोमा दायाँबायाँ अलग अलग तेर्सो रेखा हालेर **मो** (३२ सङ्ख्याको ८ लहर) लेखिएको छ, यस्तै छाँटले रेखा हालेर **खो** (१० सङ्ख्याको १२ लहर) पनि लेखिएको छ।

⑧ यसको ठीक उल्टो ढङ्गले अर्थात् अक्षरको टाउकोमा बायाँपट्टि र अक्षरको बीचमा दायाँपट्टि तेर्सो रेखा हालेर **खो** लेखिएको भेटिएको छ (१० सङ्ख्याको ९ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बीचबाट तलसम्म लख ल्याएर[२१३] पनि **ए** मात्रा लगाइएको छ। यसै गरी **ओ** मात्रा जनाउन दोस्रो फलकमा अपवादको रूपमा मात्र देखिएको,[२१४] अक्षरको टाउकोमा दायाँबायाँ जाने झण्डै झण्डै अर्धचन्द्राकार रेखा हालेर[२१५] तथा अक्षरको टाउकोमा दायाँबायाँ रेखा घुमारेर[२१६] र अक्षरको बीचबाट रेखा घुमारेर[२१७] पनि लेखेको देखिन्छ।

७.७.३. गेओर्ग ब्यूलर (१९५३)को चौथो फलकमा ई.सं. ३५० देखि ८०० (मोटामोटी वि.सं. ४०७ देखि ८५७)सम्मका, उत्तरभारतवर्षका लिपिभेद समेटिएका छन्। त्यो फलक हेर्दा निकै अक्षरमा डिको हाल्ने चलन आइसकेको देखिन्छ। डिकोमाथि लख हालेर[२१८] र डिकोको बायाँपट्टि तल अलिकति घुमारेर[२१९] वा डिको बढाएर[२२०] **ए** मात्रा जनाएको छ। यस फलकमा दिइएका अक्षरमध्ये कवर्गका अघिल्ला २ वर्णमा **ओ** मात्रा अहिलेको देवनागरीको रूपको छ र **को** ई.सं. ७६१-७६२ (वि.सं. आ. ८१८)को र **खो** ई.सं. ७५४ (वि.सं. आ. ८११)को उत्कीर्ण लेखबाट उतारिएका छन्।[२२१]

७.८. नेपालका उत्कीर्ण लेख हेर्दा [शक]संवत् ३८६ (वि.सं. ५२२) ज्येष्ठशुक्लप्रतिपदाको, मानदेवको चाँगुको स्तम्भलेख[२२२]मा खास गरी डिकोको बायाँपट्टि अलिकति तल झुकाई **ए** मात्रा लाएको भेटिने[२२३] भए

---

२१२. **के** (७ सङ्ख्याको २० लहर), **मे** (३० सङ्ख्याको १९ लहर), **ये** (३१ सङ्ख्याको २० लहर)।

२१३. **बे** (२८ सङ्ख्याको २० लहर), **मे** (३० सङ्ख्याको १७ लहर), **से** (३७ सङ्ख्याको १० लहर)।

२१४. माथि २०६ टिप्पणीको २ उपटिप्पणीमा १ टिप्पणी हेर्नू।

२१५. **घो** (१० सङ्ख्याको १ लहर), **तो** (२१ सङ्ख्याको ५ लहर), **नो** (२५ सङ्ख्याको ५ लहर), **शो** (३५ सङ्ख्याको २ लहर)।

२१६. **भो** (२९ सङ्ख्याको २० लहर)।

२१७. **जो** (१३ सङ्ख्याको २० लहर), **मो** (३० सङ्ख्याको २० लहर)।

२१८. **के** (७ सङ्ख्याको ९ लहर), **खे** (८ सङ्ख्याको १२ लहर), **घे** (१० सङ्ख्याको ८ लहर), **चे** (१२ सङ्ख्याको ७ लहर), **च्छे** (१३ सङ्ख्याका १७, २० लहर), **ते** (२२ सङ्ख्याका १६, २० लहर), **दे** (२४ सङ्ख्याका ७, ८ लहर), **धे** (२५ सङ्ख्याका ३, ८, ९ लहर), **ने** (२६ सङ्ख्याका ३, ४ लहर), **ये** (३२ सङ्ख्याको १६ लहर), **रे** (३३ सङ्ख्याको ९ लहर), **वे** (३५ सङ्ख्याका १२, १६ लहर), **हे** (३९ सङ्ख्याको १६ लहर)।①

२१९. **चे** (१२ सङ्ख्याको १४ लहर), **ते** (२२ सङ्ख्याको १९ लहर), **दे** (२४ सङ्ख्याको २१ लहर), **धे** (२५ सङ्ख्याको २३ लहर), **ने** (२६ सङ्ख्याको १७ लहर), **मे** (३१ सङ्ख्याको १० लहर), **ये** (३२ सङ्ख्याका १४, २१ लहर), **रे** (३३ सङ्ख्याको १९ लहर), **से** (३८ सङ्ख्याको ३ लहर)।

२२०. **दे** (२४ सङ्ख्याको २ लहर)।

२२१. **को** (७ सङ्ख्याको २१ लहर), **खो** (८ सङ्ख्याको २२ लहर)।

२२२. यसको आइ-कपी भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर [१९३७] २०४०/४१ मा १ सङ्ख्याको उत्कीर्ण लेखका १-३

---

① **बे**मा लख टुसो जस्तो छ (२९ सङ्ख्याको ३ लहर)। यो लख र माथि २११ सङ्ख्याको टिप्पणीमा किटिएका लख उस्तै देखिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि डिकोमाथि लख लाउने चलन पनि नभेटिने होइन[२२४] । टाउकोमा दायाँबायाँ तल रेखा अलिकति घुमारी

पार्टमा छ । यसको फ्याक्सिमिलि सिल्विं लेवि १९६५/६६:१-३ सङ्ख्याका प्लँ, रेन्यरो न्योलि २०१३:१-३ सङ्ख्या, मोहनप्रसाद खनाल २०४०:१-६ ख चित्र संख्या र डिल्लीरमण रेग्मी २०४०:१ ए-सी प्लेटमा छन् । तिनबाट र शङ्करमान राजवंशी २०२१ बाट हामीलाई यहाँ खायस परेका अक्षरको लागि काम लिइएको छ, गौतमवज्र वज्राचार्य २०३० पनि यस प्रसङ्गमा हेरिएको छ । यसको पाठको लागि धनवज्र वज्राचार्य २०३०:२ संख्या = १०-१३ हेर्नू ।

२२३. पहिलो पाटोमा -

शुक्लपक्षे (१ पङ्क्ति), **[रो]हिणीनक्षत्रयुक्ते** (२ पङ्क्ति), **प्रशस्तेभिजिति** (२ पङ्क्ति), **°संक्षेपकृत्** (७ पङ्क्ति), **[राजा]भूद्वृषदेव** (८ पङ्क्ति), **सवितेव** (९ पङ्क्ति), **शङ्करदेव** (१२ पङ्क्ति), **[श्रीध]र्म्मदेवो** (१६ पङ्क्ति), **चेतो** (१८ पङ्क्ति), **°देह°** (२० पङ्क्ति), **हरेः** (२२ पङ्क्ति), **याते②** (२४ पङ्क्ति), **देवाहार°** (२६ पङ्क्ति) ।

दोस्रो पाटोमा -

देवी (१ पङ्क्ति), **नृपते**र्भार्य्याभिधाना③ (१ पङ्क्ति), **श्रीरेवानुगता** (२ पङ्क्ति), **श्रीमानदेवो** (३ पङ्क्ति), **पिता ते** (६ पङ्क्ति), **पुत्रास्तमिते** (७ पङ्क्ति), **किम्भे** (९ पङ्क्ति), **मायास्वप्ननिभे** (१० पङ्क्ति), **यामीत्येवमवस्थिता** (११ पङ्क्ति), **इत्येवम्मुख°** (१५ पङ्क्ति), **सत्पुत्रेण** (१७ पङ्क्ति), **सहौर्द्ध्वदेहिकविधिं** (१७ पङ्क्ति), **°नियमैरेकान्तशुद्धाशया** (१८ पङ्क्ति), **विप्रेभ्योपि④** (१९ पङ्क्ति), **तेजस्वी** (२३ पङ्क्ति) ।

तेस्रो पाटोमा -

°प्रस्पर्द्धमानेक्षणः (३ पङ्क्ति), **क्षात्त्रेणाजिमखाश्रयेण⑤** (६ पङ्क्ति), **इत्येवञ्जननीमपेतकलुषां** (९ पङ्क्ति), **किन्त्वाप्तेन** (११ पङ्क्ति), **तत्पादसंसेवया** (११ पङ्क्ति), **पूर्व्वदेशाश्रयाः** (१३ पङ्क्ति), **विक्रमवशादेष्यत्यसौ मे वशम्** (१९ पङ्क्ति), **कत्थ्यते⑥** (२० पङ्क्ति), **वाजिकुञ्जरशतैरन्वेमि** (२३ पङ्क्ति), **त्वत्सेनामिति** (२४ पङ्क्ति), **देशम्प्रीतमनास्तदा** (२६ पङ्क्ति), **दानम्प्रयच्छेष्टतः⑦** (२८ पङ्क्ति) ।

२२४. पहिलो पाटोमा -

मुहूर्त्ते (२ पङ्क्ति), **सङ्ख्येष्वजेयोरिभिः** (११ पङ्क्ति), **विनयेप्सु°** (१६ पङ्क्ति), **[ध]र्म्मेणैव** (१७ पङ्क्ति), **[ई]जे** (१९ पङ्क्ति) ।

दोस्रो पाटोमा -

प्रेम्णा (६ पङ्क्ति), **जीवितसुखैस्त्वद्विप्रयोगे** (१३ पङ्क्ति), **°पङ्कजान्तरगतैर्न्नेत्राम्बुमिश्रैर्दृढम्** (१५ पङ्क्ति) ।

तेस्रो पाटोमा -

°मखाश्रयेण (६ पङ्क्ति), **ये चाज्ञावशवर्त्तिनो⑧** (८ पङ्क्ति), **°पथेन** (१३ पङ्क्ति), **ये पूर्व्वदेशाश्रयाः**

② धनवज्र वज्राचार्यको पाठ **याति** भएकोमा मोहनप्रसाद खनाल (२०४०:१३४)को **याते** मूलानुसारी छ ।

③ धनवज्र वज्राचार्यको पाठ **नृपतेर्भार्य्याभिधाना** ।

④ धनवज्र वज्राचार्यको पाठ **[वि]प्रेभ्योपि** भएकोमा मोहनप्रसाद खनाल (२०४०:१३५)को **विप्रेभ्योपि** मूलानुसारी छ ।

⑤ धनवज्र वज्राचार्यको पाठ **क्षात्रेणाजिमखाश्रयेण** ।

⑥ धनवज्र वज्राचार्यको पाठ **कथ्यते** ।

⑦ धनवज्र वज्राचार्यको पाठ **दानम्प्रयच्छ स्वतः** भएकोमा मोहनप्रसाद खनाल (२०४०:१३६)को **दानम्प्रयच्छेष्टतः** मूलानुसारी छ ।

⑧ धनवज्र वज्राचार्यको पाठ **°वर्तिनो** ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ओ मात्रा जनाएको खास गरी भेटिएको छ[२२५] र डिकोमाथि लख लगाइएको **ओ** मात्राचाहिँ ४ चोटि मात्र भेटिन्छ[२२६] ।

७.९. अलाहाबाद कोसमको पाली गाउँमा भेटिएको, संवत् १५८ ज्येष्ठपूर्णिमाको, राजा लक्ष्मणको ताम्रपत्र[२२७]को संवत्लाई गुप्तसंवत् नै मान्ने हो भने त्यो ताम्रपत्र वि.सं. ५३४ को हुन जान्छ[२२८] र ती राजा लक्ष्मण र हाम्रा मानदेव सँगसँगैका हुन्छन् । त्यस ताम्रपत्रमा **ए, ऐ, ओ** र **औ** मात्रा जति आएका छन्, ती सबै डिकोमाथि नै लगाइएको चाखलाग्दो छ ।

(१३ पङ्क्ति), **संक्षेपतः** (२० पङ्क्ति), **धनम्प्रादाद्द्विजेभ्योश्रयम्** (२६ पङ्क्ति) ।

२२५. पहिलो पाटेमा -

प्रोद्वृत्तवक्षःस्थलः (३ पङ्क्ति), **सम्यक्प्रवृद्धोत्सवः** (४ पङ्क्ति), **[त्रै]लोक्य°** (५ पङ्क्ति), **°नित्योव्ययः** (५ पङ्क्ति), **निवसञ्जयत्यनि[मि]षैरभ्यर्च्च्यमानो** (६ पङ्क्ति), **सङ्खेष्वजेयोरिभिः** (११ पङ्क्ति), **गामभि[मतैर्भृ]त्यै-[र्मृगे]न्द्रोपमः**⑨ (१४ पङ्क्ति), **[श्रीध]र्म्मदेवो** (१६ पङ्क्ति), **चेतो** (१८ पङ्क्ति) ।

दोस्रो पाटेमा -

लोकान्तरासङ्गिनी (२ पङ्क्ति), **श्रीमानदेवो** (३ पङ्क्ति), **भोग°** (९ पङ्क्ति), **किम्भोगैर्म्मम** (१३ पङ्क्ति), **जीवितसुखैस्त्वद्विप्रयोगे** (१३ पङ्क्ति), **°दमोपवास°** (१८ पङ्क्ति), **विप्रेभ्योपि** (१९ पङ्क्ति), **पुत्रोप्यूर्ज्जित°** (२१ पङ्क्ति), **गर्व्वितो** (२३ पङ्क्ति), **लोकज्ञतान्त्राश्रितः** (२३ पङ्क्ति) ।

तेस्रो पाटेमा -

पीनांसो विकचासितोत्पलदल° (३ पङ्क्ति), **कान्ताविलासोत्सवः** (४ पङ्क्ति), **दीक्षाश्रितोहं** (६ पङ्क्ति), **चाज्ञावशवर्त्तिनो**⑩ (८ पङ्क्ति), **प्रणम्योचिवान्** (९ पङ्क्ति), **नाम्बानृण्यमहन्तपोभिरमलैः शक्नोमि** (१० पङ्क्ति), **ततोम्बयातिमुदया** (१२ पङ्क्ति), **तानाज्ञावशवर्त्तिनो** (१५ पङ्क्ति), **इवाकुलोत्कटसटः** (१६ पङ्क्ति), **हस्तिकरोपमं** (१८ पङ्क्ति), **आहूतो** (१९ पङ्क्ति), **मातुलोरुविषमक्षोभार्ण्णवस्पर्द्धिनीम्** (२१ पङ्क्ति), **धनम्प्रादाद्द्विजेभ्योक्षयम्** (२६ पङ्क्ति), **प्रोक्ता** (२७ पङ्क्ति) ।

२२६. पहिलो पाटेमा -

[स]त्यप्रतिज्ञोदयः (८ पङ्क्ति), **[क]र्म्मज्ञो** (१६ पङ्क्ति), **°रितैर्य्यशोंशुभिरिदं**⑩ (२३ पङ्क्ति)★ ।

तेस्रो पाटेमा -

दत्ताभ्यनुज्ञो (१२ पङ्क्ति) ।

२२७. आलोइस फ्यूरर [१९५१] २०४०/४१:३६४-३६५ ।

२२८. यस ताम्रपत्रका सम्पादक आलोइस फ्यूरर ([१९५१] २०४०/४१: ३६४)ले कुन संवत् हो भन्ने नखुलेको, यहाँको संवत्लाई यो संवत् गुप्तसंवत् हुनु सबभन्दा बढी सम्भव छ भनी लेखेका छन् र भारतीय उत्कीर्ण लेखहरूका सूचीकृत् देवदत्त रामकृष्ण भाण्डारकर [१९८९-१९९५] २०३९/४०:१२८४ सङ्ख्या = १७५)ले यसको संवत् गुप्तसंवत् मान्दा मान्दै प्रश्नचिह्न हालेका छन् ।

---

⑨ धनवज्र वज्राचार्यको पाठ **गामभिमतैर्भृत्यैर्मृगेन्द्रोपमः** ।

⑩ धनवज्र वज्राचार्यको पाठ **°रतैर्य्यशोंशुभिरिदं** भएकोमा मोहनप्रसाद खनाल (२०४०:१३४)को **°रितैर्य्यशोंशुभिरिदं** मूलानुसारी छ ।

★ **तद्विप्रयोगात्पुरा** (२६ पङ्क्ति)को **यो** फ्याक्सिमिलिमा नदेखिएकोले यसलाई माथि नहालेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. हुन त इटुंबहालमा रहेको, यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिका अहिलेभन्दा ३७ वर्षभन्दा पनि अघि, अनि फेरि त्यसको २३ महीनापछि हूबहू त्यही अंश गौतमवज्र वज्राचार्यद्वारा छापिइसकेको हो । तर त्यस पाठमा पुष्पिकाको ७ पङ्क्ति पूरै, ८ पङ्क्तिका ३ अक्षर र ९ पङ्क्तिको आधाजसो भाग मात्र परेको छ र पद्यमा लेखिएको भाग त पर्दै परेको छैन । छापिएको पाठ पनि मूलमुताबिकको छैन भन्ने कुराको दृष्यन्तको लागि **शाक्यभिक्षुवज्राचार्य** (मूलको ७ पङ्क्ति)लाई **शाक्यभिक्षु बुद्धाचार्य** पढेको देखाउनु नै पर्याप्त होला ।[२२९]

९. यस *शतसाहस्रिका प्रज्ञापारमिता*को ४७८ ख पत्रमा पहिलो पङ्क्ति सुनको मसीले र दोस्रो पङ्क्ति चाँदीको मसीले लेखी एवंक्रमले बिजोर पङ्क्ति सुनको मसीले र जोर पङ्क्ति चाँदीको मसीले लेखिएको छ । यस पत्रको पहिलो खण्डको बाहेक अरू २ खण्डको फोटो त्यति राम्रो आएको छैन । त्यसमा पनि सुनको मसीले लेखेका अक्षरभन्दा चाँदीको मसीले लेखेका अक्षर धमिला छन् ।

---

२२९. गौतमवज्र वज्राचार्य २०३१:९७ मा ४ सङ्ख्याको टिप्पणी = उही २०३३:४ मा ३ सङ्ख्याको टिप्पणी–

"सम्वत् ४७८ भाद्रवशुद्धि १० लक्षाभगवति संपूर्ण दिवस ... महायानयायिनः परमधार्मिकः परमसर्वज्ञशासनिक श्रीकोलिग्रामीयश्रीभास्करदेवसंस्कारित इति श्रीकेशवचन्द्रकृतमहाविहाराधिवासिन शाक्यभिक्षुबुद्धाचार्यश्रीराजव्रह्मश्रीनामा"①

---

① गौतमवज्र वज्राचार्य २०३१ र २०३३ मा कहीँ कहीँ पाठ फरक छ । ती २ पाठमध्ये जुनचाहिँ मूलमुताबिकको छ, त्यही माथि दिइएको छ ।❶

सिद्धिरत्न शाक्यभिक्षु (२०६२ कःङ)ले यस पुष्पिकाको विषयमा यस्तो लेखेका छन्–

यसको ११७ वर्ष पछिको एक पुष्पिका वाक्यमा विहारको वास्तविक नाम "भाष्करदेव संस्कारित केशवचन्द्र कृत पारावत् महाविहार" भनी उल्लेख भएको अर्को प्रमाण नेसं ४७८ (बि.सं. १४१४) को एक अभिलेखमा पाइएको छ । यो हस्तलिखित ग्रन्थ पारावत् महाविहारमा वर्षवर्षमा बहीद्यः प्रदर्शन गरिने बेलामा राखिने एउटा हस्तलिखित ग्रन्थको पुष्पिका वाक्यमा यसरी लेखिएको छ । "संबत् ४७८ भाद्रशुदि १० लक्षा भगवति संपूर्ण दिवस .. महायान यायिनः परमधार्मिकःपरमसर्वज्ञ-शाशनिक श्री कोलियग्रामीय श्री भासकर देव संस्कारीत इति श्री केशवचन्द्रकृत महाविहाराधिवासिन शाक्यभिक्षु बुद्धाचार्य श्रीराजब्रम्हश्रीनामा" त्यस अभिलेखको अनुवादः- ने.सं. ४७८ (विसं १४१५) भाद्रशुक्ल दशमीको लक्षभगवती संपूर्ण सारि सिद्धियो । श्री कोलिग्राममा भाष्करदेवले संस्कार गरेको केशवचन्द्रले बनाएको विहार (इतुंबहाल)मा बस्ने बौद्ध धर्मको महायान शाखाका अनुयायी ठूला धर्मौत्मा* शाक्यभिक्षु बौद्ध धर्मका आचार्य श्री राजब्रम्हश्री । यसबाट पारावत् महाविहारको प्राचीनतामा अध्ययन गर्नमा धेरै नजिक ल्याइदिएको भान हुन्छ ।

यस पुष्पिकामा मूलमा पुछारमा रहेको मिति गौतमवज्र वज्राचार्यको उतारमा सबभन्दा अगाडि आए जस्तै सिद्धिरत्न शाक्यभिक्षुको पाठ पनि यसै गरी शुरू भएको छ र सिद्धिरत्न शाक्यभिक्षुको पाठ गौतमवज्र वज्राचार्यको नामै नलिई गरिएको, उनकै पाठको घटिया सरोट हो भन्ने कुरा यी २ पाठ दाँजी हेर्दा छर्लङ्ग हुन्छ ।

गौतमवज्र वज्राचार्य (२०३१:९७ मा ४ सङ्ख्याको टिप्पणी)ले गरेको यस पुष्पिकाको उल्था

ने.सं. ४७८ (विसं १४१५) भाद्र शुक्ल दशमीको लक्षभगवती संपूर्ण सारिसिद्धियो । ..... श्रीकोलिग्राममा भास्करदेवले संस्कार गरेको केशवचन्द्रले बनाएको विहार (इटुम्बहाल) मा बस्ने बौद्धधर्मको महायान शाखाका अनुयायी ठूला धर्मात्मा शाक्यभिक्षु बौद्धधर्मका आचार्य श्रीराजब्रह्मश्री ।

नै सिद्धिरत्न शाक्यभिक्षुले खुरुखुरु सारेको र ने.सं. ४७८ (विसं १४१५) भाद्रशुक्लदशमीको दिन लक्षाभगवती हुनुपर्नेमा गौतमवज्र वज्राचार्यको उल्थामा दिन छुटेकोसमेत उनले थप्न नसकेको यताबाट देखिएको छ ।

---

❶ अरूले छपाएको पाठको उद्धरण गर्नुपर्ने अवस्थामा पदयोग र पदवियोग मैले अनुसरण गर्ने गरेको नियमअनुसार तथा **ब** गर्नुपर्ने ठाउँमा वलाई **ब** बनाएर यस लेखमा पाठ दिएको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुनै कुनै अक्षर स्पष्टै भए पनि सार्नेले सार्दा गल्ती गरेर हो कि ममा ज्ञानको कमीले हो, मैले कहीँ कहीं अर्थसङ्गति मिलाउन सकेको छैन; फोटोमा स्पष्टै आएका कुनै कुनै अक्षरसुद्धा मैले खुट्ट्याउन सकेको छैन । मूल पुस्तकको पुष्पिकाखण्ड वा त्यसको सफा फोटो मभन्दा बढी लिपि र संस्कृत जान्नेले हेर्न पाएको खण्डमा यसको पाठ अविकल रूपमा आउन सक्छ ।

फोटोमा स्पष्ट भए पनि मैले खुट्ट्याउन नसकेको अक्षर जनाउन यस्तो – चिह्न, फोटोमा स्पष्ट नदेखिने अक्षर जनाउन यस्तो × चिह्न र फोटोमा अस्पष्ट देखिँदा पढिएको सन्दिग्ध पाठ जनाउन अक्षरको मुनि यस्तो ~ चिह्न मूलपाठमा हालिएको छ ।

१०. मैले पढेअनुसारको ग्रन्थसमाप्तिको पुष्पिका र सार्दा लेखिएको पुष्पिका यस प्रकारको छ-

४७८ क पत्रको

१० पङ्क्तिबाट- **शतसाहस्र्या प्रज्ञापारमिताया सप्तम**

११ पङ्क्तिमा- **अष्टम परिसमाप्ता ।। .:. ।।**

।। ।।

ये धर्मा हेतुप्रभवा हेतु तेषां तथागतो मेवद-

तेषा च यो निरोध एवंवादी महाश्रमणः ।। ।। ।। ।।

।। ।। ।। ।।

नमो बुद्धाय ।। नमो धर्मोय ।। नमः संघा[२३०]

४७८ ख पत्रको १ पङ्क्तिमा- **य ।।०।।**

प्रख्यातो भुवि पुण्यमल्लनृपतिः पृथ्वीभुजामग्रणी

शौर्य्योदार्यगुणातिलंघितमटीजात क्षमावल्लभः ।

सर्वज्ञगमतत्ववेदिमनसा येनाखिला नाकृतं

सत्वानामधिकं सुखं म्वसगतां

२ पङ्क्तिमा- **समाश्चायतां संततं ।।**

तस्यायं तनुजः क्षमापतिशि[२३१]**र–**[२३२]**णी किरीये ×नं**

मणिकाद्युतिरजिताघ्रिकमलो लक्ष्मीसुधीनायकः ।

---

२३०. अघिल्लो पङ्क्तिमा पूरै शब्द नअटाउँदा त्यो शब्द त्यसपछिको पङ्क्तिमा पनि गएको छ भनी जनाउन यो चिह्न हालिएको हो । यो चिह्न मूलबाट तल उद्धरण गरिएको अंशमा अन्त पनि आएको छ (४७८ ख पत्रका ३ र ७ पङ्क्ति) । यसरी शब्द जोड्ने काइदाको विषयमा महेशराज पन्त २०५७: § १.३.२.५ = ७७-७८ मा लेखिएको छ ।

२३१. शको डिकोमाथि यस्तो ⁀ चिह्न राखिएको छ । यस्तो चिह्न राख्नुको अर्थ गल्ती गरी लेखिएको अक्षरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

×।××ं परपरगार्व विव्यरहित कतुं प्रवृत्तः सदा

पृथ्वीमल्लमहीपतिर्विजय꣸

३ पङ्क्तिमा- **ते श्रीदीपमालाप्रियः ।। ० ।।**

आहूतस्तेन भूपेन विदुषामग्रणीर्महान् ।

विषया नयपालाख्यादाचार्यो जिनशासने ।।

श्रीराजब्रह्मश्रीनामा सर्वविद्याविचक्षणः ।

बोधिसत्व समग्लानां सत्वानामु꣸

४ पङ्क्तिमा- **पकारकः ।।**

पारावतविहारस्य प्रभुणाभेनं लेखितः ।

लक्षाभगवतीग्रन्थ ×।×खण्डः कनकाक्षरैण ꣻ ।।

४ पङ्क्तिमा ꣻ पछि माथि यस्तो ᵕ चिह्न र त्यसको मुनि यस्तो , चिह्न दिई पत्रको माथिल्लो किनारामा कुन पङ्क्तिमा थप्ने हो त्यो बुझाउन ४ लेखी त्यसपछि यस्तो ∆ चिह्न हाली **विमादि**°देखि **सर्वदाः ।। ।।** सम्म थपिएको-

विमादिवर्ष ।। सम्वत् १२८० लिखितः सम्पूर्ण्ण दिनः ।। शुभमऽस्तु सर्वदाः ।। ।।

नभोष्टभास्वद्गणनीयशाके

नभस्तमासस्य वलक्षपक्षे ।

लिखौ दशम्यां द्रविनांबुवषा

व्यलीलिख-

५ पङ्क्तिमा- **द्ग्न्थमिमं स विद्वान् ।।**

पर्वते भुवने ख्याते स्यंजास्थाने निवासिभिः ।

भिक्षुश्रीवज्रभेनाणेर्लिखिता परमेश्वरी ।।ꣻ।।

अनेन मम पुण्येन सर्बसत्वाऽशेषतः

विरम्य सर्वपापेभ्यो कुर्वन्तु कुशलं सदा ।

आवश्यक संशोधन गर्नू भन्ने हो । जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमी र ने.सं. ८७५ (वि.सं. १८१२) नष्टज्येष्ठशुक्लदशमी बुधवारको दिन उत्तरफल्गुनीनक्षत्र वरीयान्योगमा सारिसिद्ध्याइएका पुस्तकमा यसरी गरिएको संशोधनको लागि महेशराज पन्त २०५७: § १.३.४.१.३ = ८२-८३ र § १.३.४.२.२ = ८६-८७ हेर्नू ।

२३२. यो संयुक्ताक्षर हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ पङ्क्तिमा- **बोधिचर्याविरेहेता बोधिचर्यापरायणाः ।**

बुध्धैर्परिगृहीताश्च मारकर्मविवर्जिता ।

अप्रमेयायुषश्चैव सर्वे सत्वा भवन्तु ते

नित्य जीवन्तु सुखिता मृत्युशब्दोपि नस्यतु ।।११।।

देयधर्मोऽयं प्रवर-

७ पङ्क्तिमा- **महायानयायिनः । परमधार्मिकः परमसर्वज्ञशासनिकः । श्रीकौलि[२३३]ग्रामीयश्रीभास्करदेवसंस्करित । शनिश्रीकेशवचन्द्रकृतमहाविहाराधिवाशिनः । शाक्यभिक्षुवज्राचार्यश्रीराजब्रह्म:**

८. पङ्क्तिमा- **श्रीनामा । भार्या ज्योतिलक्ष्मीनाम्नी पुत्रपौत्रादिभिः । विगिद्य सुवर्ण्णपनालीयनवग्रहस्थाना पथमचन्दनाम ।। गुरोपाध्यायपूर्वगम कृत्वा सकलसत्वराशेरनुत्तरज्ञानफलवाप्तय इति ।।११।।**

९ पङ्क्तिमा- **सम्वत् ४७८ भादवशुद्धि १० लक्षाभगवति संपूर्ण्ण दिवस सं कृतसंवच्छल मसिङाव ˎ नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।**

११. यो पुष्पिका खास गरी संस्कृत पद्य र गद्यमा लेखिएको भए पनि अन्त्यमा एउटा वाक्य नेवारीमा छ ।

११.१. यहाँ ११ वटा पद्य छन् । तिनमा पहिलो र पछिल्ला ३ वटाचाहिँ अन्तबाट उतारिएका हुन् । बाँकी ७ मध्ये २ वटा शार्दूलविक्रीडितमा, ४ वटा अनुष्टुभ्मा र एउटा इन्द्रवज्रामा छन् । मैले कहीँ कहीँ पाठ राम्ररी उतार्न नसके पनि संस्कृत काव्यको ढाँचामा लेखिएका यी पद्य प्राञ्जल छन् र त्यति साह्रो अन्वय गरिरहनुपर्ने जरूरत छैन भनी भन्न सकिन्छ ।

११.२. लिपिकरले गरेको गल्ती वास्ता नगर्ने हो भने पद्यमा १ ठाउँमा छोडेर[२३४] अन्त अशुद्धि छैन तापनि पहिलो पद्यको चौथो पाउमा छन्दोभङ्ग भएको छ । खुलाएर भन्दा **सत्वानामधिकं सुखं म्वसगतां समाश्चायतां संततं**मा तेह्रौँ अक्षर गुरु र पन्ध्रौँ अक्षर लघु हुनुपर्नेमा उल्टो मात्र नभई पन्ध्रौँ अक्षरपछि १ अक्षर पनि थपिएको छ ।

११.३. यहाँ प्रयोग भएको **प्रभुणाभेन** (४७८ ख पत्रको ४, पङ्क्ति)[२३५]कै विषयमा केही चर्चा गरूँ । संज्ञा

---

२३३. मूलमा बाइमात्रा र दाहिने दुवै भएकोले यहाँ भ्रौँगाटँसाइ गरिएको हो ।

२३४. मूल (४७८ ख पत्रको ५ पङ्क्ति)मा **लिख्**को ण्यन्त रूप हुनपर्नेमा **लिखिता** छ । लिपिकरको तर्फको गल्तीको लागि तल §§ १५-१८ हेर्नू ।

२३५. ४७८ ख पत्रको ५ पङ्क्तिमा **भिक्षुश्रीवज्रभेनाणेर्लिखिता** छ । यहाँ वर्णविपर्ययसँगै अरू अरू गल्ती पनि भएको देखिए पनि विवक्षित पाठ **भिक्षुश्रीवज्रनाभेन लिखिता** हो कि **भिक्षुश्रीवज्रणाभेन लिखिता** हो, भन्न अलि गाह्रो छ । यहाँ परेका अरू गल्तीको विषयमा– **भे**को प्रभावमा **ण**मा पनि एकलख लाग्न गएको छ र **णे**मा विसर्ग भएको सम्झी **ल** पर हुँदा त्यसको रेफ हुन गएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रभुणाभमा णत्व **पूर्वपदात् संज्ञायामगः** (*अष्टाध्यायी* ८।४।३) अर्थात् **गकारबाहेकको पूर्वपदमा रहेको निमित्तदेखि पर रहेको नकारको णकार आदेश हुन्छ, संज्ञाको विषयमा** भन्ने पाणिनिको सूत्रअनुसार गकारबाहेकको पूर्वपद अर्थात् **प्रभु**को **प्र**मा रहेको **र**देखि पर रहेको नकारको अर्थात् **नाभ**को नकारको ठाउँमा णकार आदेश भई भएको हो ।

यसो भए पनि *अष्टाध्यायी*को नामी टीका *काशिका*मा संज्ञामा **न**को **ण** भएको उदाहरण दिँदा **द्रुणसा**, **वार्ध्रीणस**, **खरणस** र **शूर्पणखा** मात्र र *अष्टाध्यायी*को अर्को एउटा टीका *भाषावृत्ति*मा चाहिँ *काशिका*मै परेका **खरणस** र **शूर्पणखा**बाहेक थप **नारायण** पनि दिइएको छ। *अष्टाध्यायी*कै अर्को एउटा टीका *मितवृत्त्यर्थसङ्ग्रह*,[२३६] *चान्द्रव्याकरण*को टीका अर्थात् *चन्द्रवृत्ति*[२३७] र *अष्टाध्यायी*का प्रक्रियाग्रन्थहरूमा[२३८] पनि यी ४ थरी उदाहरणमध्येबाट नै एउटा वा २ वटा उदाहरण दिई काम चलाइएको छ र कुनै उदाहरणको स्त्रीलिङ्गी रूप *काशिका*मा भएकोमा तिनमा पुंलिङ्गी रूप छ ।

प्राचीन शैलीका कोषमा पनि ज्यादै चल्तीको नाउँ भए पनि **वज्रणाभ** चढेको छैन र पाश्चात्त्य शैलीका कोषमा भने **वज्रणाभ** होइन कि **वज्रनाभ** चढेको छ ।[२३९] तर *रघुवंश* (१८।२२)मा यही नाउँ **वज्रणाभ**को रूपमा छ । *रघुवंश*का जम्मै टीका त मैले हेरेको छैन, हेरेकोमा मल्लिनाथ र हेमाद्रिले यस शब्दको व्युत्पत्तिबारे कुनै टिप्पणी गरेका छैनन् ।

यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिका जसले लेखे, उनले व्याकरणअनुसार **प्रभुणाभ** लेखेकोबाट व्याकरणमा उनको अधिकार भएको देखिएको छ ।

जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएका, वर्णविपर्ययसम्बन्धी अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.७ = १५०-१५३ हेर्नू ।

जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएका, नजीकैको अक्षरको प्रभावमा अर्को अक्षरमा हुन गएका अशुद्धिको लागि उही § १.८.१० = १५४-१६४ हेर्नू ।

२३६. **शूर्पणखा** (५२ ख पत्रको ८ पङ्क्ति) ।

२३७. *चान्द्रव्याकरण*को **पूर्वपदान्नाम्नि** ६।४।१०२ मा- **द्रुणसः । खरणसः** ।

२३८. रूपावतारमा- **शूर्पणखा** (१४२ पृष्ठ) ।

रूपमालामा- **शूर्पणखा । नारायणः** (१९९ पृष्ठ) ।

*प्रक्रियाकौमुदी*मा- **द्रुणसः । खरणसः** (६०४ पृष्ठ) ।

*सिद्धान्तकौमुदी*मा- **द्रुरिव नासिका यस्य द्रुणसः । खरणसः** । (१९७ पृष्ठ) ।

२३९. ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९२८ मा **वज्रनाभ** ।

मोनियर मोनियर-विलियम्ज [१९५५/५६] २०२६/२७ मा **वज्रभित्र वज्रनाभ** ।

जीबानन्द* विद्यासागर [१९५६/५७] २०४७/४८ मा **वज्रनाभ** ।

आर्थर एन्थोनि म्याक्डोनेल [१९८१] २०६०/६१ मा **वज्रभित्र वज्रनाभ** ।

वामन शिवराम आपटे २०१५/१६ मा **वज्रभित्र वज्रनाभ** ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. यहाँ गद्यमा लामा छोटा गरेर ७ वाक्य छन् । सारिएको पुस्तकको पुष्पिका पहिलो वाक्यमा छ । दोस्रोदेखि चौथोसम्मका वाक्य अन्यत्र जति पनि पाइने खालका छन् अर्थात् तिनमा बुद्ध धर्म र सङ्घलाई नमस्कार गरिएको छ । पाँचौं वाक्यमा सारिसिद्धिएको मिति छ । छैटौं वाक्यमा लेखको अन्त्यमा लेखिने खालको, **शुभम्** भएको छोटो वाक्य छ । अन्तिम वाक्य लामो छ र सारिएको पुस्तक कसको देयधर्म हो भनी खुलाइने, वज्रयानका पुस्तकमा जति भने पनि पाइने खालको वाक्य त्यो हो ।

१२.१. पद्यको दाँजोमा गद्यको लेखाइ ज्यादै तल्लो तहको छ । यो पुष्पिका कसले लेख्यो भन्ने कुरा यहाँ नखुलाइए पनि रचना हेर्दा पद्यचाहिँ वश्यवाक् कविको र गद्यचाहिँ लिपिकरले नै टाकटुक पारी लेखेको देखिन्छ । यसैले पद्य र गद्यको तहमा यति बिदि फरक परेको हो भन्ने मलाई लाग्छ ।

१२.२. सारिसिद्धिएको मिति भएको वाक्य (४७८ क पत्रको ४ पङ्क्तिमा थपिएको) व्याकरणले नबाँधिएकोले पूरै फुक्का छ । त्यसै गरी *शतसाहस्रिका प्रज्ञापारमिता*का **सातौँ र आठौँ [परिवर्त] सिद्धिए** भन्दा **सप्तम** लेख्नुपर्नेमा **सप्तमं** (उही पत्रको १० पङ्क्ति), **परिसमाप्तः** लेख्नुपर्नेमा **परिसमाप्ता** (उही पत्रको ११ पङ्क्ति) लेखिएको छ । फलानोको देयधर्म यो हो भन्दा षष्ठीको एकवचनमा भएका विशेषण— **प्रवरमहायानयायिनः** (४७८ ख पत्रका ६-७ पङ्क्ति), **°श्रीकेशवचन्द्रकृतमहाविहाराधिवाशिनः**[२४०] (उही पत्रको ७ पङ्क्ति)को विशेष्य प्रथमाको एकवचन— **शाक्यभिक्षुवज्राचार्यश्रीराजब्रह्मश्रीनामा** (उही पत्रका ७-८ पङ्क्ति)— भएको कुरालाई गल्तीको नमूनाको रूपमा देखाउन सकिन्छ ।

१२.३. कोलि/कोलीग्रामका भन्दा यस गद्यवाक्यमा **कौलिग्रामीय** (उही पत्रको ७ पङ्क्ति) लेखिएको छ । **गाउँले** भन्दा यहाँ **ग्रामीय** शब्दको प्रयोग भएको देखिन्छ । यसको मतलब वृद्ध प्रातिपदिक **ग्राममा छ (ईय)** प्रत्यय लागी **ग्रामीय** शब्द बनेको देखिन्छ । अलग्गै आएको **ग्रामीय** शब्दको प्रयोग यदाकदा देखिए पनि[२४१] समस्तपदमा उत्तरपद भएर आएको **ग्रामीय**को मात्र शब्दसाधुत्व मानिएकोले *आश्वलायनगृह्यसूत्र*को आधारमा **समानग्रामीय** पाश्चात्त्य शैलीको कोषमा चढेको छ[२४२] । त्यसै गरी वि.सं. १२८७ फाल्गुनकृष्णतृतीया आदित्यवारको

---

२४०. **°वासिनः** हुनुपर्ने ।

२४१. **ग्रामीयकुलानां ग्रामवासिनां कुलानां तयोर्विवादिनोश्च समक्षम् ॥**

(*मनुस्मृति* ८।२५४ मा *मानवव्याख्यान*)

२४२. ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९१५ मा **ग्रामीय** ।
उही १९३२ मा **समानग्रामीय** ।①

---

① **समानग्रामीये च श्रोत्रिये**

(*आश्वलायनगृह्यसूत्र* ४ अध्याय ४ खण्ड २७ सूत्र)

समानग्रामवासिनि च श्रोत्रिये मृत एकाहं वर्जयेत् ।

(माथिको सूत्रमा *नारायणीयवृत्ति*बाट)

(आफ्नै गाउँका वैदिक विद्वान् मर्दा दान र पढाइ एक दिन छोड्नू ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आबूको शिलालेख[२४३]मा **उंवरणीकीसरउलीग्रामीय** (मूलको १० पङ्क्ति) र **धउलीग्रामीय** (१६ पङ्क्ति) तथा लक्ष्मणसंवत् ३७६ (वि.सं. १३९३)[२४४] माघशुक्लप्रतिपदा सोमवारको, तिरहुतको एउटा लिखतमा **तिलयीग्रामीय** (मूलको ३ पङ्क्ति)[२४५] शब्द आएको मैले देखेको छु[२४६]। पूर्वपदसमेतको **ग्राम**मा **छ** प्रत्यय लागी **समानग्रामीय** आदि शब्द बनेकाले पूर्वपदमा आदिवृद्धि हुने गुञ्जायस नभएको यी उदाहरणबाट स्पष्ट भएको छ। यस कारण यस पुष्पिकामा **कौलि/कौलीग्रामीय** लेखिएको अशुद्ध ठहर्छ।

१३. अब यस पुष्पिकाको संस्कृत खण्डको वर्णविन्यासबारे एउटा कुरा। रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको विकल्पले हुने द्वित्व यहाँ सामान्यतया गरिएको छैन, अपवादको रूपमा द्वित्व ३ चोटि मात्र गरिएको छ–

शौर्य्योदार्य° (४७८ ख पत्रको १ पङ्क्ति), **संपूर्ण्ण** (उही पत्रको ४ पङ्क्तिमा थपिएको), °**सुवर्ण्ण**° (उही पत्रको ८ पङ्क्ति) ।

१४. अब यस पुष्पिकामा प्रयोग भएका अवग्रहको विषयमा। यहाँ जम्मा ३ ठाउँमा अवग्रह हालिएको छ–

१. **म्**देखि **अ** पर भई दुवैको ठाउँमा **म** हुँदा त्यसपछि– **शुभमऽस्तु** (उही पत्रको ४ पङ्क्तिमा थपिएको)।

२. **आः** देखि **अ** पर हुँदा विसर्गलोप मात्र गरी छोड्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि गर्दा– **सर्वसत्वाऽशेषतः**[२४७] (उही पत्रको ५ पङ्क्ति)।

३. **अः** देखि **अ** पर हुँदा दुवैको ठाउँमा **ओ** हुँदा– **देयधर्मोऽय**[२४८] (उही पत्रको ७ पङ्क्ति)।

१५. अब लिपिकरले मूलको अक्षर नचिन्दा र अक्षरको अंश टुट्याउँदा पुष्पिकामा परेका गल्तीको विषयमा।

१५.१. मूलको अक्षर नचिन्दा हुन गएका गल्ती

१५.१.१. अ मात्राको ठाउँमा ए मात्रा[२४९]

°**विरहिता** हुनुपर्नेमा °**विरेहेता**[२५०] (उही पत्रको ६ पङ्क्ति)।

---

२४३. हेन्‌रिख़ ल्यूडर्स [१९६२-१९६३] २०३७/३८:२२०।

२४४. महेशराज पन्त २०५३ क:१५९-१६१।

२४५. उही:१६७।

२४६. वि.सं. १२८७ फाल्गुनकृष्णतृतीया आदित्यवारको आबूको शिलालेखमा आएको **कासहृदग्रामीय** (१२ पङ्क्ति) शब्द **ग्रामीय** उत्तरपद हुँदा पूर्वपदमा आदिवृद्धि भई बनेको नभई **कास** पद नै पूर्वपदको रूपमा आएको हुनुपर्छ जस्तो मलाई लाग्छ।

२४७. यहाँ **सत्त्वा**° लेख्नुपर्नेमा द्वित्व नगरी **सत्वा**° लेखिएको कुरा तल § १६.४ मा चढेको छ।

२४८. यस्तै अवस्था अन्त आउँदा अवग्रह नहालेको पनि देखिएको छ– **मृत्युशब्दोपि** (४७८ ख पत्रको ६ पङ्क्ति)।

२४९. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.२०.३.१.१.४ = २०९-२१० र § १.८.२०.३.२.१.५ = २१९ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५.१.२. आ मात्राको ठाउँमा ओ मात्रा[२५१]

धर्माय हुनुपर्नेमा **धर्मोय** (४७८ क पत्रको ११ पङ्क्ति) ।

१५.१.३. इ मात्राको ठाउँको ई मात्रा[२५२]

°**मति**° हुनुपर्नेमा °**मटी**°[२५३] (४७८ ख पत्रको १ पङ्क्ति) ।

१५.१.४. इ मात्राको ठाउँमा ए मात्रा[२५४]

°**विरहिता** हुनुपर्नेमा °**विरेहेता**[२५५] (उही पत्रको ६ पङ्क्ति) ।

१५.१.५. ए मात्राको ठाउँमा ऐ मात्रा[२५६]

कनकाक्षरेण हुनुपर्नेमा **कनकाक्षरैण** (उही पत्रको ४ पङ्क्ति) ।

१५.१.६. स्यको ठाउँमा स्त

नभस्यमासस्य हुनुपर्नेमा **नभस्तमासस्य** (उही पत्रको ४ पङ्क्ति) ।

१५.१.७. ह्यको ठाउँमा मे

ह्यवदत्तेषां च हुनुपर्नेमा **मेवदत्तेषा च**[२५७] (४७८ क पत्रको ११ पङ्क्ति) ।

१५.२. अक्षरका अंश टुट्यउँदा हुन गएका गल्ती

१५.२.१. कान्नानी[२५८]

संस्कारित हुनुपर्नेमा **संस्करित** (उही पत्रको ७ पङ्क्ति) ।

---

२५०. **अ** मात्राको ठाउँमा **ए** मात्रा मात्र नभई **इ** मात्राको ठाउँमा यहाँ **ए** मात्रा पनि भएको छ। दोस्रो गल्ती तल § १५.१.४ मा चढेको छ।

२५१. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.२०.३.१.३.३ = २१० र १.८.२०.३.२.२.४ = २२१ हेर्नू।

२५२. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि उही:§ १.८.२०.३.२.४.४ = २२२ हेर्नू।

२५३. **इ** मात्राको ठाउँमा **ई** मात्रा मात्र नभई **त**को ठाउँमा यहाँ **ट** पनि भएको छ । दोस्रो गल्ती तल § १८.३ मा चढेको छ ।

२५४. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.२०.३.१.७.२ = २११-२१२ र १.८.२०.३.२.४.५ = २२३ हेर्नू।

२५५. **इ** मात्राको ठाउँ **ए** मात्रा मात्र नभई **अ** मात्राको ठाउँमा यहाँ **ए** मात्रा पनि भएको छ। दोस्रो गल्ती माथि § १५.१.१ मा चढेको छ।

२५६. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.२०.३.१.१४.४ = २१५ र १.८.२०.३.२.१०.४ = २२७ हेर्नू।

२५७. **ह्य**को ठाउँमा **मे** मात्र नभई यहाँ **षां**को अनुस्वार पनि टुटेको छ । दोस्रो गल्ती तल § १५.२.२ मा चढेको छ ।

२५८. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.२०.३.१.३.१ = २१० र १.८.२०.३.२.२.१ = २१९-२२१ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५.२.२. अनुस्वार[२५९]

ह्यवदत्तेषां च हुनुपर्नेमा **मेवदत्तेषा च**[२६०] (४७८ क पत्रको ११ पङ्क्ति), **°रंजितांघ्रि°** हुनुपर्नेमा **°रजिताघ्रि°**[२६१] (४७८ ख पत्रको २ पङ्क्ति), **नित्यं जीवन्तु** हुनुपर्नेमा **नित्य जीवन्तु** (उही पत्रको ६ पङ्क्ति), **पूर्वंगमं कृत्वा** हुनुपर्नेमा **°पूर्वंगम कृत्वा** (उही पत्रको ८ पङ्क्ति)[२६२] ।

१५.२.३. रेफ[२६३]

°मतिर्जातः क्षमावल्लभः हुनुपर्नेमा **°मटीजात क्षमावल्लभः**[२६४] (उही पत्रको १ पङ्क्ति), **कर्तुं** हुनुपर्नेमा **कतुं** (उही पत्रको २ पङ्क्ति), **°वर्षा** हुनुपर्नेमा **°वषा** (उही पत्रको ४ पङ्क्ति) ।

१६. **लिपिकरले गर्दा व्याकरण बिग्रिएको विषयमा**

१६.१. **परसवर्ण गर्नैपर्नेमा आम चलनअनुसार सर्वत्र परसवर्ण नगरेको**[२६५]

लङ्घित° हुनुपर्नेमा **लंघित°** (उही पत्रको १ पङ्क्ति), **द्रविणाम्बु°** हुनुपर्नेमा **द्रविनांबु°**[२६६] (उही पत्रको ४ पङ्क्ति) ।

१६.२. **परसवर्ण नगरी अनुस्वार हाल्नुपर्ने ठाउँमा परसवर्ण गरेको**[२६७]

संवत् हुनुपर्नेमा **सम्वत्** (उही पत्रको ४ पङ्क्तिमा थपिएको) ।

---

२५९. जातरूपको *अमरकोशटीका*का पुस्तकमा र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि क्रमशः उही: § १.८.१५.१ = १९१-१९५ र उही २०६३ कः § ५ = १० हेर्नू ।

२६०. **षां**को अनुस्वार मात्र नटुटी **ह्य**को ठाउँमा यहाँ **मे** पनि भएको छ । दोस्रो गल्ती माथि § १५.१.७ मा चढेको छ ।

२६१. **°रंजितांघ्रि°** वास्तवमा **रञ्जिताङ्घ्रि**को अशुद्ध रूप हो । परसवर्ण गर्नैपर्नेमा आम चलनअनुसार परसवर्ण नगरी दुवै ठाउँमा राखिएको अनुस्वार —**रंजितांघ्रि**— टुटाउँदा **रजिताघ्रि** यो रूप बन्न गएको हो ।

२६२. **°त्तेषां च**, **नित्यं जीवन्तु** र **पूर्वंगमं कृत्वा**लाई विकल्पले क्रमशः **°त्तेषाञ्च**, **नित्यञ्जीवन्तु** र **पूर्वङ्गमङ्कृत्वा** पनि लेख्न सकिने हुनाले यहाँ **अनुस्वार टुटेको** नभई **परसवर्णको अङ्ग** टुटेको भन्न पनि नमिल्ने होइन ।

२६३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.८.१५.५ = १९९-२०० हेर्नू ।

२६४. रेफ मात्र नटुटी यहाँ **त**को ठाउँमा **ट** र **इ** मात्राको ठाउँमा **ई** मात्रा पनि भएको छ तथा **क्ष**को अगाडिको **जातः**को विसर्गको पनि लोप भएको छ । दोस्रो गल्ती तल § १८.३ मा, तेस्रो गल्ती माथि § १५.१.३ मा र चौथो गल्ती तल § १७.४ मा चढेका छन् ।

२६५. जातरूपको *अमरकोशटीका*का पुस्तकमा र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि क्रमशः महेशराज पन्त २०५७: § १.४.६ = ९५ र उही २०६३ कः § ५ = ७ हेर्नू ।

२६६. परसवर्ण नगरेको मात्र नभई णत्व पनि यहाँ भएको छैन । दोस्रो गल्ती तल § १८.२ मा चढेको छ ।

२६७. जातरूपको *अमरकोशटीका*का पुस्तकमा र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि क्रमशः महेशराज पन्त २०५७: § १.४.२. = ९१-९३ र उही २०६७ कः § ५ = ११ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६.३. परसवर्ण नगरी अनुस्वार हाल्नुपर्ने ठाउँमा अनुस्वार हालेर पनि परसवर्ण गरेको[२६८]

सुखं वशगतां हुनुपर्नेमा **सुखं म्वसगतां**[२६९] (उही पत्रको १ पङ्क्ति) ।

१६.४. द्वित्व गर्नैपर्ने अवस्था आएकोमा आम चलनअनुसार द्वित्व नगरेको[२७०]

°तत्त्व° हुनुपर्नेमा **°तत्व°** (उही पत्रको १ पङ्क्ति), **सत्त्वानामधिकं** हुनुपर्नेमा **सत्वानामधिकं** (उही पत्रको १ पङ्क्ति), **बोधिसत्त्व** हुनुपर्नेमा **बोधिसत्व**[२७१] (उही पत्रको ३ पङ्क्ति), **सत्त्वानामुपकारकः** हुनुपर्नेमा **सत्वानामुपकारकः** (उही पत्रको ३ पङ्क्ति), **सर्वसत्त्वा°** हुनुपर्नेमा **सर्वसत्वा°** (उही पत्रको ५ पङ्क्ति), **सत्वा भवन्तु** हुनुपर्नेमा **सत्वा भवन्तु** (उही पत्रको ६ पङ्क्ति) ।

१७. सन्धिसम्बन्धी गडबडी

१७.१. उदेखि उ पर भएमा दुवैको ठाउँमा ऊ हुनपर्नेमा ओ

गुरूपाध्याय° हुनुपर्नेमा **गुरोपाध्याय°**[२७२] (उही पत्रको ८ पङ्क्ति) ।

१७.२. ध्देखि ध् पर भएमा अघिल्लो ध्को ठाउँमा द् हुनुपर्नेमा ध्

बुद्धै° हुनुपर्नेमा **बुध्धै°** (उही पत्रको ६ पङ्क्ति) ।

१७.३. न द्वित्व वा पदान्तमा द् हुनुपर्नेमा दुवै नभएको[२७३]

विषयान्नयपालाख्यादाचार्यो वा **विषयाद् नयपालाख्यादाचार्यो** हुनुपर्नेमा **विषया नयपालाख्यादाचार्यो** (उही पत्रको ३ पङ्क्ति) ।

---

२६८. जातरूपको *अमरकोशटीका*को पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.१३.३ = २६९ हेर्नू ।

२६९. परसवर्ण नगरी अनुस्वार हाल्नुपर्ने ठाउँमा अनुस्वार हालेर पनि परसवर्ण गरेको मात्र यहाँ नभई तालव्य शको ठाउँमा दन्त्य **स** पनि लेखिएको छ । दोस्रो गल्ती तल § १७.८ मा चढेको छ ।

२७०. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.४.५ = ९५ हेर्नू ।

२७१. **बोधिसत्व** रूपको विषयमा लिभ्अर्पूलको इन्डलजि वेब्साइट (Indology.info/email)मा बहस चलेको थियो । त्यसको लागि (http://listserv.liv.ac.uk/archives/indology.html)मा ई.सं. २००८ डिसेम्बर १८ देखि २४ (वि.सं. २०६५ पौष ३ गतेदेखि ९ गते)सम्मका ई-मेल हेर्नू ।

२७२. ने.सं. १३५ (वि.सं. १०७२) श्रावणशुक्लदशमी शुक्रवारको दिन सारिसिद्धिएको *चतुष्पीठनिबन्ध*को पुष्पिकामा पनि **गुरोपाध्याय** (पूर्णरत्न वज्राचार्य २०२१:१५६-१५७) भेटिएको छ ।

२७३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिलाई द्वित्व गर्नुपर्नेमा द्वित्व नगरेको भनी महेशराज पन्त २०५७: § १.९.१.३ = २५४ मा सँगेटिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७.४. विसर्ग कायमै राख्नुपर्नेमा लोप[२७४]

शतसाहस्रयाः प्रज्ञापारमितायाः सप्तमः अष्टमः परि° हुनुपर्नेमा **शतसाहस्र्या प्रज्ञापारमिताया सप्तम॒ अष्टम परि°**[२७५] (४७८ क पत्रका १०-११ पङ्क्ति), **पृथ्वीभुजामग्रणीः शौर्य्यौदार्य°** हुनुपर्नेमा **पृथ्वीभुजामग्रणी शौर्य्योदार्य°** (४७८ ख पत्रको १ पङ्क्ति), **°जातः क्षमावल्लभः** हुनुपर्नेमा **°जात क्षमावल्लभः**[२७६] (उही पत्रको १ पङ्क्ति), **°रहितः कर्तु** हुनुपर्नेमा **°रहित कतु**[२७७] (उही पत्रको २ पङ्क्ति), **बोधिसत्त्वः समग्राणां** हुनुपर्नेमा **बोधिसत्व**[२७८] **समग्लानां**[२७९] (उही पत्रको ३ पङ्क्ति), **°गृहीताश्च मारकर्मविवर्जिताः** हुनुपर्नेमा **°गृहीताश्च मारकर्मविवर्जिता** (उही पत्रको ६ पङ्क्ति)।

१७.५. विसर्ग कायमै राख्नुपर्नेमा ओत्व

सर्वपापेभ्यः कुर्वन्तु हुनुपर्नेमा **सर्वपापेभ्यो कुर्वन्तु** (उही पत्रको ५ पङ्क्ति)।

१७.६. विसर्ग कायमै राख्नुपर्नेमा रेफ

बुद्धैः परिगृहीताश्च हुनुपर्नेमा **बुध्धैर्परिगृहीताश्च**[२८०] (उही पत्रको ६ पङ्क्ति)।

१७.७. विसर्गदेखि त् पर हुंदा विसर्गको ठाउँमा स् हुनुपर्नेमा विसर्गलोप

हेतुस्तेषां हुनुपर्नेमा **हेतु तेषां** (४७८ क पत्रको ११ पङ्क्ति)।

---

२७४. जातरूपको *अमरकोशटीका*का पुस्तकमा र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि क्रमशः उहीः § १.८.१५.३ = १९६-१९८ र उही २०६३ कः § ५ = १० हेर्नू।

२७५. यस्तै अवस्था आउँदा अर्को ठाउँमा शुद्ध रूप– **परमधार्मिकः परमसर्वज्ञशासनिकः** (४७८ ख पत्रको ७ पङ्क्ति)। पृथ्वी मल्लको कीर्तिस्तम्भमा यस्तै अवस्था आउँदा १ ठाउँमा विसर्गलोप– **बालसरस्वतिसुमति प्रशस्तिमकरोदिमां** (दोस्रो पाटोका ३१-३२ पङ्क्ति) र अर्को ठाउँमा शुद्ध रूप– **गेलान्वयः पुण्यमल्लस्तत्राभ्यषिच्यत** (दोस्रो पाटका १५-१६ पङ्क्ति)।

२७६. यस्तै अवस्था आउँदा अर्को ठाउँमा शुद्ध रूप– **तनुजः क्षमापति°** (४७८ ख पत्रको २ पङ्क्ति)।

२७७. **अः**देखि **क** पर हुँदा विसर्गलोप मात्र नभई **कर्तुं**को रेफ पनि यहाँ टुटेको छ। दोस्रो गल्ती माथि § १५.२.३ मा चढेको छ। अर्को ठाउँमा यस्तै अवस्था आउँदा शुद्ध रूप **°खण्डः कनका°** (४७८ ख पत्रको ४ पङ्क्ति) छ। पृथ्वी मल्लको कीर्तिस्तम्भमा सविसर्ग अच्‌देखि **क** पर हुँदा धेरैजसो ठाउँमा विसर्गलोप गरिएको चाखलाग्दो छ– **स्थिति कृता** (पहिलो पाटको ३४ पङ्क्ति), **तस्माच्चापस्तस्माच्चापिल्ल क्राशिचल्ल इति** (दोस्रो पाटका १-२ पङ्क्ति), **तस्मात्क्राधिचल्ल क्राचल्लस्तत इति** (दोस्रो पाटका २-३ पङ्क्ति), **तात कल्याणमल्लिः** (दोस्रो पाटका ११-१२ पङ्क्ति), **तिष्य कृतयुगीकृतः** (दोस्रो पाटका २३-२४ पङ्क्ति)।

१ ठाउँमा भने विसर्ग कायम राखिएको छ– **जितारिसूनुः कल्याणमल्लस्य** (दोस्रो पाटका १०-११ पङ्क्ति)।

२७८. माथि २७१ सङ्ख्याको टिप्पणी हेर्नू।

२७९. यहाँ **अः**देखि **स** पर हुँदा विसर्गलोप मात्र नभई **ग्रा**को ठाउँमा यहाँ **ग्ला** र त्यसैले **णां**को ठाउँमा **नां** पनि भएको छ। दोस्रो गल्ती तल § १८.५ र तेस्रोचाहिँ तल § १८.२ मा चढेको छ।

२८०. विसर्गदेखि **प** पर हुँदा रेफ मात्र नभई **द्धै**को ठाउँमा यहाँ **ध्धै** पनि भएको छ। दोस्रो गल्ती माथि § १७.२ मा चढेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७.८. श सको खयाल नराखेको[२८१]

सुखं वशगतां हुनुपर्नेमा **सुखं म्वसगतां**[२८२] (४७८ ख पत्रको १ पङ्क्ति), **नश्यतु** हुनुपर्नेमा **नस्यतु** (उही पत्रको ६ पङ्क्ति) ।

महाविहाराधिवासिनः हुनुपर्नेमा **महाविहाराधिवाशिनः** (उही पत्रको ७ पङ्क्ति) ।

१७.९. विसर्गलोप मात्र गरी छेड्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि[२८३]

सर्वसत्त्वा अशेषतः हुनुपर्नेमा **सर्वसत्वाऽशेषतः**[२८४] (उही पत्रको ५ पङ्क्ति) ।

१७.१०. ओत्व गर्नुपर्नेमा विसर्गलोप[२८५]

सर्वज्ञो गम° हुनुपर्नेमा **सर्वज्ञ गम°** (उही पत्रको १ पङ्क्ति) ।

१८. प्राकृतीकरण

१८.१. गृको ठाउँमा ग्र

नवगृह° हुनपर्नेमा **नवग्रह°**[२८६] (उही पत्रको ८ पङ्क्ति) ।

१८.२. णको ठाउँमा न[२८७]

समग्राणां हुनुपर्नेमा **समग्लानां**[२८८] (उही पत्रको ३ पङ्क्ति), **द्रविणाम्बु** हुनुपर्नेमा **द्रविनांबु°**[२८९] (उही पत्रको ४ पङ्क्ति), **°प्रणाली°** हुनुपर्नेमा **°पनाली°**[२९०] (उही पत्रको ८ पङ्क्ति) ।

---

२८१. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.११.२ = २६५ र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा दन्त्य **स** लेख्नुपर्नेमा तालव्य **श** लेख्दा भएको अशुद्धिको लागि उही २०६३ कः § ५ = १० हेर्नू ।

२८२. **श**को ठाउँमा **स** मात्र नभई परसवर्ण नगरी यहाँ अनुस्वार हाल्नुपर्नेमा अनुस्वार हालेर पनि परसवर्ण गरिएको छ । दोस्रो गल्ती माथि § १६.३ मा चढेको छ ।

२८३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि उहीः § १.९.२.१.१ = २६९-२७० र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि उही २०६३ कः § ५ = ११ हेर्नू ।

२८४. **आः**देखि **अ** पर हुँदा विसर्गलोप मात्र गर्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि मात्र नगरी यहाँ **सत्वा**को **त**को द्वित्व पनि गरिएको छैन । दोस्रो गल्ती माथि § १६.४ मा चढेको छ । माथि २७१ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

२८५. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि उही २०६३ कः § ५ = ११ हेर्नू ।

२८६. तल § २९.२ हेर्नू ।

२८७. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.७.१ = २६२ हेर्नू ।

२८८. यहाँ णत्व नहुँदा **र**को ठाउँमा **ल** पनि भएको छ । दोस्रो गल्ती तल § १८.५ मा चढेको छ ।

२८९. यहाँ णत्व मात्र नभएको होइन कि परसवर्ण पनि भएको छैन । दोस्रो गल्ती माथि § १६.१ मा चढेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८.३. **तको ठाउँमा ट**

°मति° हुनुपर्नेमा **°मटी°**[२९१] (उही पत्रको १ पङ्क्ति) ।

१८.४. **प्रको ठाउँमा प**

°प्रणाली° हुनुपर्नेमा **°पनाली°**[२९२] (उही पत्रको ८ पङ्क्ति) ।

१८.५. **रको ठाउँमा ल** [२९३]

समग्राणां हुनुपर्नेमा **समग्लाना**[२९४] (उही पत्रको ३ पङ्क्ति), **रक्षाभगवतीग्रन्थः** हुनुपर्नेमा **लक्षाभगवतीग्रन्थः**[२९५] (उही पत्रको ४ पङ्क्ति) ।

१९. अब यस पुष्पिकाको विषयवस्तुपट्टि लागूँ ।

ग्रन्थसमाप्तिको पुष्पिका दिइसकेपछि त्यहाँ **ये धर्मा**बाट उठेको प्रख्यात पद्य लेखिएको छ । त्यसपछि त्रिरत्नलाई नमस्कार बुझाउने वाक्य लेखिएका छन् ।

त्यसपछि शार्दूलविक्रीडितमा लेखिएका २ पद्य आउँछन् । पहिलो पूरै पद्य राजा पुण्य मल्लको प्रशंसामा छ । उनलाई त्यहाँ **पृथ्वीमा प्रख्यात (प्रख्यातो भुवि)**, **राजाहरूका अग्रणी (पृथ्वीभुजामग्रणीः)**, **पृथ्वीका पति (क्षमावल्लभः)** आदि विशेषण लाइएको छ । दोस्रो पद्यचाहिँ उनका छोरा, **दीपमालाका पति (श्रीदीपमालाप्रियः)**, राजा पृथ्वी मल्लको विषयमा छ । उनलाई त्यहाँ **जवाहिरातको चहकले चरणकमल रङ्गिएका (मणिकाद्युतिरजिताघ्रिकमलो)**

---

२९०. यहाँ णत्व मात्र नभएको होइन कि **प्र**को ठाउँमा **प** पनि भएको छ । दोस्रो गल्ती तल § १८.४ मा चढेको छ ।

२९१. **त**को ठाउँमा **ट** मात्र नभई **इ** मात्राको ठाउँमा यहाँ **ई** मात्रा पनि भएको छ । दोस्रो गल्ती माथि § १५.१.३ मा चढेको छ ।

२९२. **प्र**को ठाउँमा **प** मात्र नभई **णा**को ठाउँमा यहाँ **ना** पनि भएको छ । दोस्रो गल्ती माथि § १८.२ मा चढेको छ ।

२९३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.१०.२ = २६४ हेर्नू ।

२९४. **र**को ठाउँमा **ल** हुँदा यहाँ णत्व भएको छैन । दोस्रो गल्ती माथि § १८.२ मा चढेको छ ।

२९५. *धर्मकोशसङ्ग्रह*मा १ ठाउँ (१८४ पृष्ठ)मा यस्तो **अथ प्रथमखण्ड रक्षाभगवती महायानसूत्रं शास्त्रं प्रथमं शाक्यसिंहतेजोवर्णनं बोधिसत्त्वेन प्रज्ञापारमिता अनुष्ठेया इत्युपदेशः** र अर्को ठाउँ (२०५ पृष्ठ)मा यस्तो **अधोभागे पार्श्वयोः सपीठिकं रक्षाभगवतीपुस्तकद्वयं प्रत्यहं पाठार्थमधिष्ठापितम् ।। ।। एकस्यां पङ्क्तौ चतुर्दशसंख्याका बुद्धाः शुशुभिरे** लेखिएकोले *प्रज्ञापारमिता*को अर्को नाउँ *रक्षाभगवती* भएको बुझिन्छ । ब्रायन हाउटन हाज्सन [१८९३] [१९९७/९८] [१९३०/३१] २०२७/२८:६९)ले *शतसाहस्रिका प्रज्ञापारमिता*को अर्को नाउँ *रक्ष भगवती* हो भनी लेखेका छन् । त्यसै गरी राजेन्द्रलाल मित्र ([१९३९] २०२८:१७३)ले *शतसाहस्रिका प्रज्ञापारमिता*को विशेष नाउँ *रक्षा भगवती* हो भनी लेखेका छन् । *शतसाहस्रिका प्रज्ञापारमिता*को इटुंबहालमा रहेको यस पुस्तकमा यसलाई संस्कृत पद्यमा *लक्षाभगवतीग्रन्थ* र नेवारीमा *लक्षाभगवति* लेखिएकोले **र**को ठाउँमा यो **ल** भएको नभई **लक्ष** अर्थात् **लाख** श्लोक भएको *प्रज्ञापारमिता*लाई यसले सङ्केत गरेको देखिन्छ भनी तर्क गर्न सकिन्छ तापनि **लक्ष**को ठाउँमा **लक्षा** कसरी भयो भन्ने प्रश्नको उत्तर दिन भने बाँकी नै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७.८. श सको खयाल नराखेको[२८१]

सुखं वशगतां हुनुपर्नेमा **सुखं म्वसगतां**[२८२] (४७८ ख पत्रको १ पङ्क्ति), **नश्यतु** हुनुपर्नेमा **नस्यतु** (उही पत्रको ६ पङ्क्ति) ।

महाविहाराधिवासिनः हुनुपर्नेमा **महाविहाराधिवाशिनः** (उही पत्रको ७ पङ्क्ति) ।

१७.९. विसर्गलोप मात्र गरी छोड्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि[२८३]

सर्वसत्त्वा अशेषतः हुनुपर्नेमा **सर्वसत्वाऽशेषतः**[२८४] (उही पत्रको ५ पङ्क्ति) ।

१७.१०. ओत्व गर्नुपर्नेमा विसर्गलोप[२८५]

सर्वज्ञो गम° हुनुपर्नेमा **सर्वज्ञ गम°** (उही पत्रको १ पङ्क्ति) ।

१८. प्राकृतीकरण

१८.१. गृको ठाउँमा ग्र

नवगृह° हुनपर्नेमा **नवग्रह°**[२८६] (उही पत्रको ८ पङ्क्ति) ।

१८.२. णको ठाउँमा न[२८७]

समग्राणां हुनुपर्नेमा **समग्लानां**[२८८] (उही पत्रको ३ पङ्क्ति), **द्रविणाम्बु** हुनुपर्नेमा **द्रविनांबु°**[२८९] (उही पत्रको ४ पङ्क्ति), **°प्रणाली°** हुनुपर्नेमा **°पनाली°**[२९०] (उही पत्रको ८ पङ्क्ति) ।

---

२८१. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.११.२ = २६५ र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा दन्त्य **स** लेख्नुपर्नेमा तालव्य **श** लेख्दा भएको अशुद्धिको लागि उही २०६३ कः § ५ = १० हेर्नू ।

२८२. **श**को ठाउँमा **स** मात्र नभई परसवर्ण नगरी यहाँ अनुस्वार हाल्नुपर्नेमा अनुस्वार हालेर पनि परसवर्ण गरिएको छ । दोस्रो गल्ती माथि § १६.३ मा चढेको छ ।

२८३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि उही: § १.९.२.१.१ = २६९-२७० र संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि उही २०६३ कः § ५ = ११ हेर्नू ।

२८४. **आः**देखि **अ** पर हुँदा विसर्गलोप मात्र गर्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि मात्र नगरी यहाँ **सत्वा**को **त**को द्वित्व पनि गरिएको छैन । दोस्रो गल्ती माथि § १६.४ मा चढेको छ । माथि २७१ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

२८५. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा देखिएको यस्तो अशुद्धिको लागि उही २०६३ कः § ५ = ११ हेर्नू ।

२८६. तल § २९.२ हेर्नू ।

२८७. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.७.१ = २६२ हेर्नू ।

२८८. यहाँ णत्व नहुँदा **र**को ठाउँमा **ल** पनि भएको छ । दोस्रो गल्ती तल § १८.५ मा चढेको छ ।

२८९. यहाँ णत्व मात्र नभएको होइन कि परसवर्ण पनि भएको छैन । दोस्रो गल्ती माथि § १६.१ मा चढेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८.३. **तको ठाउँमा ट**

°मति° हुनुपर्नेमा **°मटी°**[२९१] (उही पत्रको १ पङ्क्ति) ।

१८.४. **प्रको ठाउँमा प**

°प्रणाली° हुनुपर्नेमा **°पनाली°**[२९२] (उही पत्रको ८ पङ्क्ति) ।

१८.५. **रको ठाउँमा ल** [२९३]

समग्राणां हुनुपर्नेमा **समग्लाना**[२९४] (उही पत्रको ३ पङ्क्ति), **रक्षाभगवतीग्रन्थः** हुनुपर्नेमा **लक्षाभगवतीग्रन्थः**[२९५] (उही पत्रको ४ पङ्क्ति) ।

१९. अब यस पुष्पिकाको विषयवस्तुपट्टि लागूँ ।

ग्रन्थसमाप्तिको पुष्पिका दिइसकेपछि त्यहाँ **ये धर्मा**बाट उठेको प्रख्यात पद्य लेखिएको छ । त्यसपछि त्रिरत्नलाई नमस्कार बुझाउने वाक्य लेखिएका छन् ।

त्यसपछि शार्दूलविक्रीडितमा लेखिएका २ पद्य आउँछन् । पहिलो पूरै पद्य राजा पुण्य मल्लको प्रशंसामा छ । उनलाई त्यहाँ **पृथ्वीमा प्रख्यात** (**प्रख्यातो भुवि**), **राजाहरूका अग्रणी** (**पृथ्वीभुजामग्रणीः**), **पृथ्वीका पति** (**क्षमावल्लभः**) आदि विशेषण लाइएको छ । दोस्रो पद्यचाहिँ उनका छोरा, **दीपमालाका पति** (**श्रीदीपमालप्रियः**), राजा पृथ्वी मल्लको विषयमा छ । उनलाई त्यहाँ **जवाहिरातको चहकले चरणकमल रङ्गिएका** (**मणिकाद्युतिरजिताघ्रिकमलो**)

---

२९०. यहाँ णत्व मात्र नभएको होइन कि **प्र**को ठाउँमा **प** पनि भएको छ । दोस्रो गल्ती तल § १८.४ मा चढेको छ ।

२९१. **त**को ठाउँमा **ट** मात्र नभई **इ** मात्राको ठाउँमा यहाँ **ई** मात्रा पनि भएको छ । दोस्रो गल्ती माथि § १५.१.३ मा चढेको छ ।

२९२. **प्र**को ठाउँमा **प** मात्र नभई **णा**को ठाउँमा यहाँ **ना** पनि भएको छ । दोस्रो गल्ती माथि § १८.२ मा चढेको छ ।

२९३. जातरूपको *अमरकोशटीका*का पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७: § १.९.१.५.१०.२ = २६४ हेर्नू ।

२९४. **र**को ठाउँमा **ल** हुँदा यहाँ णत्व भएको छैन । दोस्रो गल्ती माथि § १८.२ मा चढेको छ ।

२९५. *धर्मकोशसङ्ग्रह*मा १ ठाउँ (१८४ पृष्ठ)मा यस्तो **अथ प्रथमखण्ड रक्षाभगवती महायानसूत्रं शास्त्रं प्रथमं शाक्यसिंहतेजोवर्णनं बोधिसत्त्वेन प्रज्ञापारमिता अनुष्ठेया इत्युपदेशः** र अर्को ठाउँ (२०५ पृष्ठ)मा यस्तो **अधोभागे पार्श्वयोः सपीठिकं रक्षाभगवतीपुस्तकद्वयं प्रत्यहं पाठार्थमधिष्ठापितम् ।। ।। एकस्यां पङ्क्तौ चतुर्दशसंख्याका बुद्धाः शुशुभिरे** लेखिएकोले *प्रज्ञापारमिता*को अर्को नाउँ *रक्षाभगवती* भएको बुझिन्छ । ब्रायन हाउटन हाज्सन [१८९३] [१९९७/९८] [१९३०/३१] २०२७/२८:६९)ले *शतसाहस्रिका प्रज्ञापारमिता*को अर्को नाउँ *रक्ष भगवती* हो भनी लेखेका छन् । त्यसै गरी राजेन्द्रलाल मित्र ([१९३९] २०२८:१७३)ले *शतसाहस्रिका प्रज्ञापारमिता*को विशेष नाउँ *रक्षा भगवती* हो भनी लेखेका छन् । *शतसाहस्रिका प्रज्ञापारमिता*को इटुंबहालमा रहेको यस पुस्तकमा यसलाई संस्कृत पद्यमा *लक्षाभगवतीग्रन्थ* र नेवारीमा *लक्षाभगवति* लेखिएकोले **र**को ठाउँमा यो **ल** भएको नभई **लक्ष** अर्थात् लाख श्लोक भएको *प्रज्ञापारमिता*लाई यसले सङ्केत गरेको देखिन्छ भनी तर्क गर्न सकिन्छ तापनि **लक्ष**को ठाउँमा **लक्षा** कसरी भयो भन्ने प्रश्नको उत्तर दिन भने बाँकी नै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्यादि विशेषण लाइएको छ।

त्यसपछिका ३ पद्य लगालग अनुष्टुभ्मा छन्। श्रीराजब्रह्मश्री नाउँ भएका बौद्ध विद्वान्लाई नयपाल नाउँ भएको देशबाट ती राजा अर्थात् पृथ्वी मल्लले बोलाएको कुरा अघिल्ला २ पद्यमा छ। **विद्वान्हरूका महान् अग्रणी (विदुषामग्रणीर्महान्)**, जिनशासन अर्थात् **बौद्धधर्ममा आचार्य (आचार्यो जिनशासने)**, **सबै विद्याका विद्वान् (सर्वविद्याविचक्षणः)**, **बोधिसत्त्व र सबै प्राणीका उपकारक (समग्लानां सत्वानामुपकारकः)** भनी त्यहाँ राजब्रह्मश्रीको तारीफ गरिएको छ। पारावतविहारका प्रभुणाभले सुनको अक्षरले *लक्षाभगवतीग्रन्थ* अर्थात् *शतसाहस्रिका प्रज्ञापारमिता* सारे भन्ने कुरा तेस्रो पद्यमा छ।

त्यसपछि थप्ने चिह्न दिई माथिल्लो किनारामा गद्यमा केही लेखिएको छ। त्यसको अर्थ विमादिवर्ष संवत् १२८० मा सार्ने काम सिद्धियो, सधैँ कल्याण होओस् भन्ने हुन्छ।

अनि इन्द्रवज्रामा लेखिएको पद्य आउँछ। त्यसमा पुस्तक सारिसिद्धिएको दिनको साल, महीना, पक्ष र तिथि दिइएको छ। शब्दद्वारा अङ्क बुझाउने पद्धतिअनुसार यहाँ **शाके** शब्दको प्रयोग गरी **१२८० (नभोष्ट-भास्वद्गणनीयशाके)** भाद्र महीनाको शुक्लपक्षमा दशमीमा यो ग्रन्थ ती विद्वान्ले सारे, यसमा धनरूपी पानीको वर्षा गरियो भनी यहाँ लेखिएको छ।

यसपछि अनुष्टुभ्का ४ पद्य लगालग आउँछन्। यहाँ पहिलो पद्यका तेस्रो र चौथो पाउ **भिक्षुश्रीवज्रभेनाणेर्लिखिता परमेश्वरी** भएकोले लेख्दा वर्णविपर्ययसमेत भएको देखिन्छ। यसैले यसलाई **भिक्षुश्रीवज्रणाभेन लिखिता परमेश्वरी** भनी सच्याउँदा अर्थ स्पष्ट हुन्छ।[२९६] संसारमा प्रख्यात स्यंजास्थानमा बस्नेहरूले भिक्षु श्रीवज्रणाभद्वारा परमेश्वरी अर्थात् *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाइयो[२९७] भनी पहिलो पद्यमा लेखिएको छ।

त्यसपछिका ३ पद्यमा मेरो यस पुण्यद्वारा सबै प्राणीहरू सबै किसिमका पापबाट हटी सधैँ कुशलकर्म गरून्; ती सबै प्राणी बोधिचर्याबाट नअलग्गिएका, बोधिचर्यामा लागेका, बुद्धहरूद्वारा आश्रय दिइएका, मारकर्म छोडेका, नाप्नै नसकिने आयु भएका होऊन्; मृत्यु भन्ने शब्दकै नाश होओस् भन्ने अर्थ भएका आशीर्वचन छन्। ती वचन *बोधिचर्यावतार* (१०।३१-३३)बाट सारिएका हुन्।[२९८]

---

२९६. माथि २३५ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

२९७. मूलमा **लिख्**को ण्यन्त रूप नभई **लिखिता** भए पनि **सार्न लगाइयो** भनी अर्थानुरोधले लेखेको हुँ।

२९८. प्राचीनभारतीयपरम्परामा पूर्वसूरिका ग्रन्थबाट उद्धरण गर्दा अहिले जस्तो कसको कुन ग्रन्थको कुन अंश यो हो भनी खुलाइएको उतिबिदि पाइँदैन। त्यसो हुनुको कारण हाम्रो विद्वत्परम्परामा कण्ठस्थीकरणमा अत्यन्त जोड दिइएकोले लेख्दै जाँदा पूर्वसूरिका ग्रन्थको सम्बद्ध अंश अनायास मुखाग्र आउनु हो। यस पुष्पिकामा भएका पछिल्ला ३ श्लोकको शैली हेर्दा यही पुष्पिकाको लागि यी श्लोक लेखिएका नभई कुनै बौद्ध ग्रन्थबाट यी सारिएका हुन् भन्ने मलाई लागिरहेको थियो। महायान-वज्रयानका अनेकन् ग्रन्थको आलोडन गरिरहने, विद्वान् श्रीदेवहर्ष वज्राचार्यसँग वि.सं. २०६८।१।१०।६ मा यस विषयमा कुरा हुँदा म पक्का त भन्न सक्दिनँ, यस्ता श्लोक *बोधिचर्यावतार*मा आउन सक्छन्, एकचोटि पुस्तक हेर्नुहोस् भनी उहाँले भन्नुभयो र पुस्तक पल्टाई हेर्दा उहाँको अडकल मिल्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि गद्यमा लेख आउँछ। श्रीकोलिग्राममा पर्ने; श्रीभास्करदेवद्वारा संस्कारित, केशवचन्द्रले बनाएको महाविहारमा बस्ने, शाक्यभिक्षु वज्राचार्य श्रीराजब्रह्मश्री नाम भएका र उनकी ज्योतिर्लक्ष्मी[२९९] नाम भएकी पत्नीले छोरानातिसमेत भई गुरु तथा उपाध्यायलगायत सबै प्राणीको अनुत्तरज्ञानफलप्राप्तिको लागि यो दान गरिएको हो भनी त्यहाँ लेखिएको छ। यहीँ सुवर्णप्रणालीको नवग्रहस्थानका पथमचन्दको नाउँ आउँछ, त्यसको सन्दर्भ भने मैले बुझ्न सकेको छैन। यहाँ दाता राजब्रह्मश्री सबै महायानी दातामा लगाउने गरेको **प्रवरमहायानयायी** भन्ने पदवीले मात्र विभूषित नभई **परमधार्मिक** र **परमसर्वज्ञशासनिक** भन्ने पदवीले पनि विभूषित छन्।

संवत् ४७८ भाद्रशुदि १० *लक्षाभगवती* पूरा भएको दिन हो, **संकृतसंवत्सर** थाहा नभएकोले **नेपालसंवत्सरले** निकालियो भनी अन्त्यमा नेवारीमा लेखिएको छ।

२०. यस पुष्पिकामा पद्यमा सारिसिद्धिएको मिति दिनुभन्दा अगाडि **विमादिवर्ष ।। सम्वत् १२८० लिखितः सम्पूर्ण दिनः ।। शुभमऽस्तु सर्वदाः ।।** ।। अर्थात् **विमादिवर्ष संवत् १२८० मा सार्ने काम सिद्धियो, सधैँ कल्याण होओस्** भन्ने वाक्य पत्रको माथिल्लो किनारामा थपिएको छ र पुष्पिकाको अन्त्य **सम्वत् ४७८ भादवशुद्धि १० लक्षाभगवति संपूर्ण दिवस संकृतसंवच्छल मसिञव नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।** अर्थात् संवत् भाद्रशुदि १० *लक्षाभगवती* **पूरा भएको दिन हो, संकृतसंवत्सर थाहा नभएकोले नेपालसंवत्सरले निकालियो** भनी गरिएको छ।

२०.१. **विमादिवर्ष संवत् १२८०** मा सारिसिद्धियो भनी माथि लेखिएको र **ने.सं. ४७८ भाद्रशुक्लदशमीमा** लेखिसिद्धियो भनी तल लेखिएकोले विमादिवर्ष संवत् १२८० = ने.सं. ४७८ हुन्छ भन्ने यताबाट बुझिन्छ। यी २ संवत्को अन्तर (१२८० - ४७८ =) ८०२ वर्षको भएकोले यो **विमादि वर्षसंवत्** भनेको **शकसंवत्** हो भन्ने देखिन्छ। पद्यमा यहाँ **शाके** लेखेर पनि गद्यमा चाहिँ त्यही संवत्लाई **शककाल, शकवर्ष, शकसंवत्, शकाब्द, शाके** वा **शालिवाहनशाके** जस्ता चलनचल्तीका शब्दको प्रयोग नगरी **विमादिवर्ष** किन भनियो भन्ने प्रश्नको उत्तर खोज्नुपरेको छ।

शकसंवत्को सम्बन्ध शकहरूसँग भएकोमा विद्वान्हरूको ऐकमत्य भए पनि यो संवत् कसले चलाएको हो भन्ने विषयमा बडो विवाद छ। कसैकसैले नयाँ शक राजा अर्थात् विमलाई विक्रमादित्य शालिवाहन (=सातवाहन)ले लडाइँमा मारेपछि यस संवत्को थालनी भयो भनी मान्ने गरेका छन्।[३००] यसैले **शकसंवत्**लाई यहाँ **विमादि वर्षसंवत्** भनेको हुन सक्छ।

२०.२. यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारिसिद्धिएको मिति नेवारी भाषामा दिँदा **संकृतसंवच्छल मसिञव नेपालसंवच्छलन पिकास्यं तया ।। जुरो ।।** अर्थात् **संकृतसंवत्सर** (मूलमा- **संकृतसंवच्छल**) **थाहा नभएकोले नेपालसंवत्सरले निकालियो** भनी लेखिएकोले **नेपालसंवत्**भन्दा भिन्न कुनै संवत्लाई **संकृतसंवत्सरले** यहाँ बुझाएको देखिन्छ।

---

२९९. मूलमा बोलीचालीको रूप **ज्योतिलक्ष्मी** भए पनि शुद्ध रूप **ज्योतिर्लक्ष्मी** हुने हुनाले आफ्नो तर्फबाट लेख्दा यहाँ र तल मैले **ज्योतिर्लक्ष्मी** लेखेको हुँ।

३००. उदाहरणको लागि जयचन्द्र विद्यालंकार १९९०:८२४-८२७, उही २०१६:६१, उही २०१६ क:२४८-२४९ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम् उपसर्ग लागेको **कृ** धातुमा **सुट्** (**स्**) आगम नहुँदा त्यसको अर्थ **जोड्नु**,[३०१] **बनाउनु**,[३०२] **गर्नु**,[३०३] **बोलाउनु**[३०४] आदि[३०५] हुने हुनाले **सं** र **कृत** जोड्दा बनेको **संकृत** शब्दले यस्तै अर्थ बुझाउने देखिन्छ । तर **संवत्सर**को सन्दर्भमा **संकृत**को अर्थ स्पष्ट नभएकोले मैले **सं** र **कृतसंवच्छल** अलग अलग पारी माथि पाठ दिएको हुँ ।

संवत्को आद्याक्षर **सं**ले **संवत्**को संक्षिप्त रूप बुझाउने र **विक्रमसंवत्**को पाइएसम्ममा पुरानो नाउँ **कृत** भएकोले[३०६] तथा यस पुष्पिकाभन्दा अढाइ महीना जतिपछिको, खुद पृथ्वी मल्लको एउटा ताम्रपत्रमा **शाके** र **विक्रमसंवत्** दुवै हाल्दा पछिल्लोलाई **संवत्** शब्दले बुझाइएकोले[३०७] **सं कृतसंवच्छल**ले यहाँ **संवत् कृतसंवत्सर** अर्थात् **विक्रमसंवत्** बुझाएको देखिन्छ । पुष्पिकामा संस्कृत गद्यपद्य दुवैमा **शाके** दिइएकोले नेवारीमा लेख्दा **वि.सं.** हाल्ने मनसाय भए पनि यति **वि.सं.** भयो भन्ने याद नभएकोले **नेपालसंवत्**मा मिति हालियो भन्ने अर्थ यस वाक्यबाट आउँछ ।

२०.३. इटुंबहालका अभिलेखमा वि.सं. को प्रयोग अन्त १ ठाउँमा पनि भएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ । कुरा के भने इटुंबहालमा रहेको, वि.सं. १२८० को पट झुत्रो भएकोले त्यही पटको, अठाहौँ शताब्दीमा तयार गरिएको, प्रतिकृतिरूपको अर्को पट अझसम्म छ ।[३०८]

---

३०१. **समिन्द्र गोभिमधुमन्तमक्रन्** (*ऋग्वेदसंहिता* ३।३५।८)
समक्रन् - समकुर्वन् - समयुञ्जन् ।

३०२. **पित्रे चिच्चक्रुः सदनं समस्मै** (*ऋग्वेदसंहिता* १०।८२।४)
संचक्रुः - निर्ममुः ।
तस्यास्थिभिर्महाघोरं वज्रं संक्रियतां दृढम् (*महाभारत* वनपर्व १००।१०)
संक्रियताम् - निर्मीयताम् ।
सौवर्णानि च भाण्डानि संचक्रुस्तत्र शिल्पिनः (*महाभारत* आश्वमेधिकपर्व ८।३५)

३०३. **तस्मिन् संक्रियमाणे तु राघवस्याभिषेचने** (*रामायण* ३।५३।५)
संक्रियमाणे - निर्वर्त्यमाने ।

३०४. **एष सर्वान् महीपालान् करदान् समकारयत्** (*महाभारत* विराटपर्व ७०।२२) ।
समकारयत् - अकारयत् ।

३०५. यी सबै उद्धरण चारुदेव शास्त्री २०३३: सम्-कृ = ११३ बाट गरिएका हुन् ।

३०६. दीनेशचन्द्र सरकार २०२१:२५१-२५३ ।

३०७. नरहरिनाथ २०१३:६९-७० मूलको ७ पङ्क्तिमा- **श्रीशाके १२८० श्रीसंवत् १४१५ मार्गशिरवदि १३ सोमे** ।

३०८. मेअरी शेप्अर्ड स्लसर २०३६:२२०, ३८ सङ्ख्याको टिप्पणी = उही २०६२ क:५१८ मा ३८ सङ्ख्याको टिप्पणी ।
उही २०६७:६०-६१ ।
पुरानो पटको प्रतिकृतिरूपको त्यस पटको अभिलेखको पाठ, अङ्ग्रेजीमा उल्था र व्याख्यासहित गौतमवज्र वज्राचार्य (२०५९:२८३)ले छपाएका छन् र त्यस अभिलेखको पाठअनुसार ने.सं. ८२४ (वि.सं. १७६०) चैत्रशुक्लपञ्चमीको दिन त्यस नयाँ पटको प्रतिष्ठा गरिएको हो । त्यस नयाँ पटको विषयमा गौतमवज्र वज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१. विक्रम शाके दुवै संवत्का, चलनचल्तीबाट हराइसकेका नाउँ यस पुष्पिकामा आए जस्तै संस्कृत पद्य र नेवारी गद्य दुवैपटक यो *शतसाहस्रिका प्रज्ञापारमिता* कुन साल, कुन महीना, कुन पक्ष र कुन तिथिमा सारिसिद्धियो भनी खुलाइए पनि दुवैपटक वार आदि भने नदिइएको कुरा उल्लेखनीय छ। यस *प्रज्ञापारमिता* सारिएको मिति अर्थात् शाके १३८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीभित्रका, *प्रज्ञापारमिता*का ३७ वटा पुस्तकका मिति केलाउँदा १३ वटामा वार नहालेको,[३०९] २२ वटामा हालेको[३१०] र २ वटामा साल मात्र

(२०६१)ले एउटा भिन्नै लेख पनि लेखेका छन् र त्यस पटमा भएको अभिलेखको उल्था पहिले आफूले गर्दा हुन गएको गल्तीको संशोधन पनि त्यही लेख (उही:११५ मा ६ सङ्ख्याको टिप्पणी)मा गरेका छन्। तर उनका अघिल्लापछिल्ला दुवै लेखमा मेअरी शेप्अर्ड स्लसरले लेखेको कुराको पुष्टि गर्ने वाक्य अर्थात् पुरानो पट वि.सं. १२८० मा बनेको हो भन्ने कुरा परेको छैन। त्यसमाथि ने.सं. ८२४ (वि.सं. १७६०) चैत्रशुक्लपञ्चमीको दिन प्रतिष्ठा गरिएको त्यस नयाँ पटमा भएको लेखमा **ह्मापायावु प्रतिभराड जिर्ण्ण जुयाव वङ गुरिमैत्रीवर राजा, प्रतिभराड जिर्ण्णोद्धारण याङाव बाहारया।। [...] थ्व प्रतिभरा जिर्ण्ण जुर हामला ह्नं ...** अर्थात् **पहिलेको प्रतिभराड (–प्रतिभट्टारक– पौभा) जीर्ण भएर गयो। गुरिमैत्रीवर राजा[को] प्रतिभराड जीर्णोद्धार गरेर बहालको। [...] यो प्रतिभराड जीर्ण भयो ...**[①] मात्र लेखिएको छ। पुरानो पट कहिलेको हो भन्ने कुरा पनि नयाँ पटमा नलेखिएको कुरा यताबाट स्पष्ट हुन्छ। वि.सं. मा मिति दिइएको वाक्य अझै छापिन बाँकी रहेको यताबाट देखिन गएको छ। गौतमवज्र वज्राचार्य (उही:११५ मा ३ सङ्ख्याको टिप्पणी)को लेखाइअनुसार त्यस पटमा भएको लेख जति मेअरी शेप्अर्ड स्लसर र उनले मिली पढेकोले गौतमवज्र वज्राचार्यले त्यो वाक्य नछपाए पनि आफूसँग भएको पाठको आधारमा मेअरी शेप्अर्ड स्लसरले यस्तो लेखेको देखिन्छ तापनि पुरानो पटको मिति अहिलेसम्म किन छापिएन, त्यो पहेली बनेर रहेको छ।

३०९. १. *प्रज्ञापारमिता* –**सम्वत् ४० भाद्रपदशुक्लदिव पूर्णमास्यां [...] वार्त्तदिवाकरसिंहेन लिखित्वा इति**
(रामजी तेवारी आदि २०२०:१५ मा १ सङ्ख्याको टिप्पणी र लूछ्याह्रो पेतेक २०४०:३१-३२ मा १ सङ्ख्याको सामग्री। माथिको पाठ पछिल्लोमा छापिएअनुसारको छ।)

२. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् १०० १० ९ मार्गशिरशुक्लदिवा पूर्णमास्यां प्रतिष्ठापितः [...]**
(लूछ्याह्रो पेतेक २०४०:३४ मा १ सङ्ख्याको सामग्री)

३. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **[...] समाप्ता चेयं भगवत्यार्याष्टसहस्रिका प्रज्ञापारमिता ० सम्वत् १०० २० ७ चैत्रशुक्लदिवा चतुर्थ्यां श्रीमहाराजाधिराजपरमेश्वर-श्रीनिर्भयदेवस्य श्रीरुद्रदेवस्याभयराज्य लिखतव्य॰ श्रीमहाराजविहार-वास्तव्यसाक्यभि...**
(महेशराज पन्त २०४५:१ सङ्ख्या = ३५-३६)

४. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **...शुक्लत्रयोदश्याम् श्रीमत्भोजदेवराजे**
(दिनेशराज पन्त २०३०:४ सङ्ख्या = १२१)

---

① मूलमा **जिर्ण्ण जुर**पछि **हामला ह्नं** लेखिएको छ। गौतमवज्र वज्राचार्यले यी २ शब्दको अर्थ गरेका छैनन्, यस सन्दर्भमा यिनको अर्थ मलाई पनि लागेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **राजा वसुमनुप्रथिति श्रीमन्नेपालवत्सरे प्रगते माघशुक्लदशम्यां**

(लूछ्याह्लो पेतेक २०४०:३७ मा ७ सङ्ख्याको सामग्री)

६. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **सम्वत् १०० ६० ९ वैशाखकृष्णदिवा सप्तम्यां ग्राहवपे [...] लिखित-समाप्तमिति**

(उही:४३-४४ मा १ सङ्ख्याको सामग्री)

७. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **सम्वत् १०० ७० ४ चैत्रकृष्णाष्टम्यां । [...] लिखितमिति**

(उही:४४ मा ४ सङ्ख्याको सामग्री)

८. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **सम्वत् २०० ७० द्विराषाढकृष्णैकदश्यां [...]**

(उही:६१ मा ३ सङ्ख्याको सामग्री)

९. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **सम्वत् २०० ८० ६ फाल्गुनशुक्लाष्टम्यान्निस्पादितप्रतिष्ठांक [...]**

(उही:६३-६४ मा २१ सङ्ख्याको टिप्पणी)

१०. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **[...] सम्वत् २८७ कार्तिकशुदि २ लिखितमिदम् [...]**

(उही:६४ मा २३ सङ्ख्याको सामग्री)

११. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **सप्तविंशतिसंख्यानि संयुक्तेऽब्दे शतत्रये**
आषाढस्य दिने पूर्णे लिख्यतेऽसौ जिनप्रसूः ॥

(उही:८१ मा ८ सङ्ख्याको सामग्री)

१२. *शतसाहस्रिका प्रज्ञापारमिता –* **सम्वत्सरण संवत् ३४४ अग्रहायणशुक्लप्रतिपद्दिने समाप्तं ॥**

(रूक्मिणी* वन्त प्रधान २०४२:१०४)

१३. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **शैलरशरामायुतो वह्नवत्सरे वर्त्तते ।**
माघसितेऽनङ्गदिने जिनमाता प्रतिष्ठिता ।

(लूछ्याह्लो पेतेक २०४०:८४-८५ मा १८ सङ्ख्याको सामग्री)

३१०. १. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **समाप्ता चेयं भगवत्यार्याष्टसाहस्रिका प्रज्ञापारमिता [...]**
अब्दे सते साष्टकविंसयुते मासे सुभे फाल्गुणाशुक्लपक्षे
सोमवारे नक्षत्ररम्योत्तरभद्रसंज्ञे ।

(दिनेशराज पन्त २०३०:२ सङ्ख्या = ११८-११९)

२. *प्रज्ञापारमिता –* **सम्वत् १३१ ज्येष्ठशुक्लद्वितीयायां सोमदिने [...] लिखितमिति ।**

(उही:३ सङ्ख्या = १२०)

३. *अष्टसाहस्रिका प्रज्ञापारमिता –* **पञ्चत्रिंशाधिकेऽब्दे शततमप्रशते चैत्त्रमासे हिमाभे ।**
विख्यातेऽस्मिन् दशम्यान्दितिजरिपुगुरोर्वाशरे संप्रसस्ते ।[...]
श्रील्हंविहार इति सर्वजनानुरागो यस्मिन् विभाति वचनं सुगतस्य शश्वत् ।
तस्मिन् विहारे तपसोरम्बुसागरे सुजतभद्रः समलिखत् सुधीः ।
तनोति यां प्राप्य निरुत्तरं सुखं सनातु तांमष्टसहस्रिकाख्यां ॥

(उही:६ सङ्ख्या = १२४-१२५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – सम्वत्सरशते याते त्रयसप्ततिसंयुते ।
पौषे शुक्लदिने षष्ठे रेवतीबुधसंयुते ।।
दीप्ते श्रीबलदेवराजविजये लक्ष्मीप्रभामण्डले ।
श्रीमत्पश्चिमवाहनवरे यो हेमकारोऽवसत् ।।
श्रीदामोदरसिंह इत्यभिहितः श्रद्धागुणालङ्कृतः ।
प्रज्ञापारमिता जिनेन्द्रजननी ततः प्रतिष्ठापिता ।।

(देवीप्रसाद लंसाल २०२१:२३)

५. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – सम्वत् १०० ७० १ । मार्गशिरशुक्लपूर्णमास्या९ शनिश्चरदिने । [...]
शाक्यभिक्षुस्थविरपद्मकुक्षेडुश्चहलकेन लिखितमिदम्मया अष्टसाहस्रिका प्रज्ञा...

(महेशराज पन्त २०४५:२ सङ्ख्या = ३६-३७)

६. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – सम्वत् १०० ८० ९ भाद्रपद ××. [दिव]से [...] श्रीलंजुगुङ्के वास्तव्यगङ्ग-राणकेन लिखितमिदं ।

(लूछ्याह्रो पेतेक २०४०:४६-४७ मा २ सङ्ख्याको सामग्री)

७. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – एकाधिकनवतिकानुगते प्रयाते सम्वच्छरे तपसि मासे तिथौ दशम्यां संवर्द्धमानशशतद्दयितान्वितायां वचस्पतौ ×× शोभनयोगे युक्ते [...]
सम्वत् १०० ९० १ फालगुनशुक्लदशम्यां तिथौ रोहिनीनक्षत्रे शोभनयोगे बृहस्पति-वासरे

(उही:४७ मा ३ सङ्ख्याको सामग्री)

८. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – [...] सम्वत् २०० ४० चैत्रशुक्लपूर्णमास्यां अङ्गारदिने ।।

(उही:५३ मा ४ सङ्ख्याको सामग्री)

९. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – एकपञ्चसमायुक्ते सम्वत्सरशतद्वये
पौषमासे प्रवरे चतुर्थ्यां सिततिथौ
पुष्यनक्षत्रतारकायुक्तबृहस्पतौ प्रीतिमङ्गले① [...]
ख्यातो युगाधरसिंहस्य श्रीयुगलरारोत्तमे ।
श्रद्धाभक्तिसमायुक्तो बुद्धोपासकवत्सलः ।

---

① देवीप्रसाद लंसालको पाठमा

एकपञ्चसमायुक्ते संवत्सरशतद्वये ।
पौषमास प्रवरेऽतीतसत्तिथौ ।
पुष्यनक्षत्रतारकायुक्तबृहस्पतौ प्रीतिमङ्गले

लूछ्याह्रो पेतेककोमा

एकपञ्चसमायुक्तसम्वत्सरशतद्वयं पौषमासे प्रवरे चतुर्थ्यां सित तिथौ पुष्यनक्षत्रे बृहस्पतिवारे

छ । भीनामसिना कुरा छोड्दा देवीप्रसाद लंसालको पाठबाट पक्ष र तिथि आउँदैनन्, लूछ्याह्रो पेतेकको पाठबाट दुवै आउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेनेयं सुविलिखिता परमशुभाकाङ्क्षिणा ।

(देवीप्रसाद लंसाल २०२१:२३-२४, लूछ्याह्लो पेतेक २०४०:५७ मा ३ सङ्ख्याको सामग्री)

१०. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **समाप्ता चेयम्भगवत्यार्याष्टसहस्रिका② प्रज्ञापारमिता ।। [...]**
सम्वत् ... [...] बृहस्पतिदिने । राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमत्इन्द्र-देवस्य विजयराज्ये कायस्थकुलजजयचन्द्रवर्मणा लिखितमिति ।। ।।

(हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:५ पुष्पिकासङ्ख्या = ९-११)

११. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **दृगृतुभुजङ्गयुक्ते वात्सरे पौषमासे शिशिरकिरणवारे पौर्ण्णमास्यां नृपेन्द्रे भुवमवति समस्तां श्रीमदानन्ददेवे निखिलसुगतमातुः कारितास्याः प्रतिष्ठा ।।**

(लूछ्याह्लो पेतेक २०४०:६१ मा २ सङ्ख्या)

१२. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् २०० ७० २ वैशाखशुक्लपौर्णमास्यां आदित्यदिने [...] लिखितमिति ।**

(देवीप्रसाद लंसाल २०२१:२४, लूछ्याह्लो पेतेक २०४०:६१ मा ४ सङ्ख्याको सामग्री)

१३. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् २०० ८० ४ माघशुक्लदिवाऽष्टम्यां आदित्यदिने लिखितसमाप्ती-कृतमिति ।।**

(लूछ्याह्लो पेतेक २०४०:६३ मा १८ सङ्ख्याको सामग्री)

१४. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **यातेऽब्दे मदनास्त्रनागनयने मासे सिते फाल्गुने**
सप्तम्यां भृगुवासरे

(उही:६३ मा १९ सङ्ख्याको सामग्री)

१५. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् २०० ८० ५ श्रावणशुक्लाष्टम्यांमादित्यदिने [...] लिखितेदं ।**

(उही:६३ मा २० सङ्ख्याको सामग्री)

१६. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **शरदि त्रिशते ... धिगते दशमी गुरुवासरे योगवरे [...]**
राज्य श्रीगुणकामदेवजयिनो राज्ये

(उही:७४ मा ५ सङ्ख्याको सामग्री)

१७. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् ३२१ कार्त्तिकशुक्लदशम्यां । सनिश्चरवारे । पूर्व्वभद्रनक्षत्रे । [...] समाप्त**

(उही:८० मा १ सङ्ख्याको सामग्री)

१८. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **शिखिनेत्रयुते वह्नौ गते नेपालवत्सरे ।**
राज्ये ह्यरिमल्लदेवस्य ख्याते सुकीर्त्तिमालिनः ।
मासे दुस्थिति सिते पक्षे दशम्यां बुधवासरे ।।

(उही:८१ मा ६ सङ्ख्याको सामग्री)

१९. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् त्रि हृ ४ कार्त्तिकशुक्लतृतीयायां आदितवासरे [...] लिखितमिति ।।**

(उही:८५ मा २३ सङ्ख्याको सामग्री)

② प्रकाशित पाठ °**सहस्त्रिका** भएकोमा प्रूफको गल्ती हो कि भनी ठानी माथि °**सहस्रिका** बनाएको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिएको[३११] कुरा पनि यसै प्रसङ्गमा भन्नुपर्छ ।

२२. आजभोलि **भगवान्बहाल** भनी कहलिएको, **विक्रमशीलमहाविहार** भन्ने संस्कृत नाउँ भएको, पुराना अभिलेखमा **थंबहिल** भनिने गरेको र त्यही शब्दबाट पूरै इलाका **ठमेल** भनी कहलिएको बहालमा राखिएको *शतसाहस्रिका प्रज्ञापारमिता*को लेखोट पुस्तक[३१२]मा यस्तो लेखिएको छ –

> **पंडितजिनश्रीज्ञानेन स्वयंमेवोपार्जितद्रव्येण महत्कष्टेन वैडूर्यवन्नीलपत्रे जाम्बूनदसुवर्णेन सर्वज्ञजननी आर्यभगवतीशतसाहस्ररूपा प्रज्ञापारमिता लिखापिता ।। विद्यारूपविचक्षणेन वसुना वस्त्रहाराभरणेन च सुखावतीसदृशभूमण्डलमनिनागदेशे ।। तत्र तर्कव्याकरणागमादिशास्त्रव्याख्यानेन महागम्भीरमेघगर्जित-वच्छ्रीधर्मधातुमहाविहारीयपरमगुणालंकृतज्ञानसंघस्थितये संप्रढौकितं ।। [...] सम्वत्सरण संवत् ३४४ अग्रहायणशुक्लप्रतिपद्दिने समाप्तं ।।**[३१३]

---

२०. *शतसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् ४०३ फाल्गुणशुक्लपूर्ण्णमास्यां शनिश्चरवासरे । [...] लिखितं पुस्तकमिदं ।।**
(उही:९७ मा ११ सङ्ख्याको सामग्री)

२१. *शतसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् ४०३ प्रथमाषाढशुक्लपूर्ण्णमस्याम् शनिश्चरवासरे । [...] श्रीनेपालमण्डलकाष्ठमण्डपनामाधिवाशिन उपासकनारायणेन लिखितं ।।**
(उहीमा १२ सङ्ख्याको सामग्री)

२२. *शतसाहस्रिका प्रज्ञापारमिता* – **श्रीनेपालहायण ४०४ फाल्गुणीशुक्लपक्षे त्रियोदश्यान्तिथौ मघनक्षत्रे धृतियोगे बृहस्पतिदिने लिखितेति ।**
(उहीमा १३ सङ्ख्याको सामग्री)

३११. १. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **सम्वत् २०० १० ३ राज्ञः श्रीहर्षदेवराजे श्रीगण्डिगुल्मविषये । कुलपुत्रकायस्थ-पण्डितश्रीजीवधरसिंहस्य पुस्तकोऽयमिति ।।**
(उही:४९ मा ४ सङ्ख्याको सामग्री)

२. *अष्टसाहस्रिका प्रज्ञापारमिता* – **श्रीसम्वत् ३०० ४० ५ मिति [...] कापितनगरस्य श्रीआनन्दभिक्षुनामे लिखतमहं**
(उही:८४ मा १० सङ्ख्याको सामग्री)

३१२. *शतसाहस्रिका प्रज्ञापारमिता*को यस पुस्तकलाई कमलप्रकाश मल्ल(२०६५:२३०)ले *अष्टसाहस्रिका प्रज्ञापारमिता* भनेका छन् ।

३१३. माथि दिइएको पाठ मूलतः नरहरिनाथ २०१०:४५-४६ अनुसारको छ। नेवारी लिपिमा सामान्यतः **ब र व** नछुट्टिने हुनाले नरहरिनाथको जाम्वूनदको ठाउँमा शुद्ध रूप **जाम्बूनद** मैले बनाएको छु। यो पुष्पिका छाप्दा नरहरिनाथको पाठमा यस्तो **नेपालसम्बत् ३४४ अग्रहण शुक्ल प्रतिपदि्ने समाप्तं** भएकोमा रूक्मिणी* वन्त प्रधान (२०४२:१०४)को पाठमा चाहिँ यस्तो **सम्वत्सरण संवत् ३४४ अग्रहायण शुक्लप्रतिपद्दिने समाप्तं** छ। मुख्य कुरा नरहरिनाथको पाठमा संवत्को अङ्कको अगाडि **नेपालसम्बत्** भएकोमा रूक्मिणी* वन्त प्रधानको पाठमा भने **सम्वत्सरण संवत्** छ । पुष्पिकामा भएको संवत् नरहरिनाथले त्यहाँ लेखिएअनुसार अन्त्यमा नदिई आफ्नो वाक्यमा मिसाई पुष्पिका दिन थाल्नुभन्दा अगाडि दिएकाले उनको पाठ मूलअनुसारको नभई त्यसको भावअनुसारको जस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पण्डित जिनश्रीज्ञानले आफैँले कमाएको धनद्वारा (स्वयमेवोपार्जितद्रव्येण), ठूलो दुःखले (महत्कष्टेन), नीलम जस्तो

रूक्मिणी* वन्त प्रधान(उही:१०४-१०५)ले यो *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाउने मान्छेको र यहाँको मितिको विषयमा यस्तो

> **श्रीज्ञान अतीश लाई यहां दीपङ्कर नभनी जिन भनिएको छ। बुद्धलाई कहन त्यसवेला जिन शब्दको प्रयोग हुन्थ्यो। संस्कृतको प्रसिद्ध कोश अमरकोशमा बुद्धलाई जिन भनिएको छ। यस कारण यी जिन श्रीज्ञान पक्कै पनि दीपङ्र* श्रीज्ञान नै हुन् भन्ने कुरामा शंका* छैन। अतीशको जीवनीमा उनी थंविहारमा आई बसेको स्पष्ट चर्चा छ। उनले यस विहारको पुनर्निर्माण गराएका हुन्। अतीशले यहां एक वर्ष बसी बौद्ध धर्मको अध्ययन अध्यापन गराएका थिए। यसको चर्चा धर्मस्वामीले पनि गरेका छन्। यसो हुनाले थंवहिलमा सुरक्षित शतसाहस्त्रिका* प्रज्ञापारमितामा उल्लिखित जिन श्रीज्ञान, दीपङ्कर श्रीज्ञान अतीश नै हुन् भन्ने स्पष्ट छ।**
>
> **अतीशको नेपाल आगमनको समयवारे अलि मतभेद रहेको छ तापनि धेरैजसो विद्वान्हरूले उनको नेपाल आगमन वि.सं. १०९८ मानेका छन्। त्यसको अर्को वर्ष वि.सं. १०९९ मा उनी ङरी (पश्चिमी तिव्वत*) पुगेका थिए। तिव्वती स्रोतमा यसको उल्लेख परेको छ। थंवहिलमा रहेको प्रज्ञापारमितामा उक्त ग्रन्थ सारिएको मिति सम्वत्सरण संवत् ३४४ अग्रहायण दिइएको छ। यो संवत् कुन हो, विचारणीय छ। नेपाल संवत् यो पक्कै होइन। नेपाल संवत् भएको भए यो वि.सं. १२८० हुन जान्छ। दीण्ङ्कर* श्रीज्ञानको समयसंग यसको मेल खांदैन। तिव्वतका* प्रसिद्ध भिक्षु धर्मस्वामी वि.सं. १२८३ मा नेपाल आएका थिए। उनी यहां आठ वर्ष जति बसे। उनी स्वयंभू र थंविहारमा बसेका थिए। उनले दीपंकर श्रीज्ञानको चर्चा गरेका छन्। थंविहारमा अतीशद्वारा बनाइएको शाक्यमुनिको मूर्तिको पनि उनले बयान गरेका छन्। ३ वर्ष अगाडि मात्र अतीश त्यहां बसेको भए धर्मस्वामीले अवश्य पनि जोड दिई त्यसको उल्लेख गर्ने थिए। यसबाट पनि थंवहिलमा रहेको प्रज्ञापारमितामा उल्लिखित संवत् नेपाल संवत् होइन भन्ने स्पष्ट थाहा हुन्छ। यो कुन संवत् हो भन्ने कुरा निर्णयको लागि यसमा संबद्ध विद्वान्हरूको दृष्टि पर्नुपरेको छ।**

लेखेकीले यो *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लाउने मान्छेको नाउँ यस पुष्पिकामा **जिनश्रीज्ञान** भए पनि यिनी **दीपङ्कर श्रीज्ञान** (अतीश) नै हुन्, नेपालमा उनी वि.सं. १०९८ मा आएकाले यस पुस्तकमा दिइएको संवत्लाई ने.सं. मान्दा अतीश नेपाल आएको समय र यो पुस्तक सारिएको समयमा १८२ वर्षको फरक पर्न गएकोले यो **संवत् ३४४** ने.सं. हुन सक्दैन, यहाँ **संवत् ३४४** भन्दा अगाडि **सम्वत्सरण** लेखिएकोले यो अर्कै संवत् हो भन्ने उनको तर्क छ।

श्रीज्ञान यो पद अतीशको नाउँमा मात्र नजोडिई अरूअरूको नाउँमा पनि जोडिएको कुराको उदाहरणको लागि भगवान्‌बहालको *शतसाहस्रिका प्रज्ञापारमिता* सारिनुभन्दा १६ वर्ष ४ महीना जतिअघि ने.सं. ३२७ (वि.सं. १२६४) आषाढ[1]मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता* देयधर्म गर्नेको नाउँ **कीर्तिश्रीज्ञान** भएको कुरा आँल्याउन

---

① यो *अष्टसाहस्रिका प्रज्ञापारमिता* सारिसिद्धिएको मिति यसरी दिइएको छ–

सप्तविंशतिसंख्यानि संयुक्तेऽब्दे शतत्रये
आषाढस्य दिने फूर्णे लिख्यतेऽसौ जिनप्रसूः ॥

(लूछ्याह्लो पेतेक २०४०:८१ मा ८ सङ्ख्याको सामग्री)

यहाँको **फूर्णे** पदले के बुझाएको हो मलाई थाहा छैन। यो **पूर्णे** हो भने **पूर्णे** दिने अर्थात् **पूर्णिमा** भनी यसले बुझाएको हुन सक्छ। **द डेट् सीम्ज् टु कर्‌इस्पन्ड् टु जुलाइ १०थ् १२०७; बट् सम्‌थिङ् मस्ट् बी रङ् हीर्, बिकज् आषाढ वज् इन्टर्‌कलरि इन् द्याट् यर् यान्ड् द फ्याक्ट् इज् नट् इन्डिकेट्इड्** (यस मितिको मिलान ई.सं. १२०७ जुलाई १० तारीखसँग हुन्छ जस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नीलपत्रमा (वैडूर्यवन्नीलपत्रे) सुन[को मसी]ले (जाम्बूनदसुवर्णेन) लेखाएको *शतसाहस्रिका प्रज्ञापारमिता*को यो

सकिन्छ ।② *मञ्जुश्रीनामसङ्गीति*को प्रसिद्ध टीका *अमृतकणिका*का कर्ताको नाउँ **रविश्रीज्ञान** भएको कुरा यहाँ सम्भनुपर्छ ।③ ने.सं. २९३ (वि.सं. १२३०) वैशाखकृष्णत्रयोदशीको दिन *धर्मसमुच्चय* सारिसिद्धियाउने, चित्रविहारका एक जना भिक्षुको नाउँ **अजितश्रीज्ञान** भएको कुराको सम्भना यस प्रसङ्गमा हुन्छ ।④ यसभन्दा ९ दिनअगाडि अर्थात् ने.सं. २९३ (वि.सं. १२३०) वैशाखकृष्णचतुर्थीको दिन त्यही पुस्तक सारिसिद्ध्याउने, चन्द्रविहारका एक जना भिक्षुको नाउँ **पूजितश्रीज्ञान** भएको कुराको सम्भना हुन्छ ।⑤ कामशास्त्रीय ग्रन्थ *नागरसर्वस्व*का कर्ताको नाउँ **पद्मश्रीज्ञान** भएको कुरा पनि यहाँ भन्नुपर्छ ।⑥ ताडपत्रमा प्राचीन नेवारी अक्षरमा सारिएको, मिति नदिइएको *चक्रसंवरतन्त्रपञ्जिका* शाक्यभिक्षु **गगनश्रीज्ञान**को देयधर्म भएको कुराको पनि यस प्रसङ्गमा सम्भना हुन्छ ।⑦ यस कारण भगवान्बहालमा रहेको *शतसाहस्रिका प्रज्ञापारमिता* सार्ने लाउने **जिनश्रीज्ञान** दीपङ्कर श्रीज्ञान अतीश नै हुन् भन्ने तर्कमा कुनै दम छैन भनी भनिरहनु नपर्ला । भगवान्बहालमा रहेको *शतसाहस्रिका प्रज्ञापारमिता*को संवत् ३४४ लाई ने.सं. मान्दा अतीश नेपाल आएको समयसँग १८२ वर्ष फरक परेकोले त्यस *शतसाहस्रिका प्रज्ञापारमिता*को संवत् ने.सं. नभई अर्कै संवत् हुनुपर्छ, त्यहाँ **संवत्** पदको अगाडि **सम्वत्सरण** आएकोले यो अर्कै संवत् हो भनी रूक्मिणी* वन्त प्रधानले लेखेको कुरा मात्र वि.सं. १०९८ = रूक्मिणी वन्त प्रधानको **सम्वत्सरण संवत् ३४४** भएको देखिएकोले १०९८-३४४ = ७५४ भएकोले वि.सं. ७५४ तिर यस संवत्को उठान भएको देखिन गएको छ । तर त्यस ताका कुनै संवत् चलेको नदेखिएको⑧ले रूक्मिणी* वन्त प्रधानको तर्क ठीक छैन । उनले पढेको **सम्वत्सरण** पाठ मूलअनुसारको हो भने यसको अर्थ मलाई लागेन र सम्वत्सरपछि आएको णले नेवारीको न प्रत्यय बुझाएको हो भने यसको अर्थ ले, बाट हुन्छ; यसको सन्दर्भ भने यहाँ छैन ।

[...] हालैमा भगवानवहालमा रहेको शतसाहस्रीका* प्रज्ञापारमितामा अतीशा* दीपंकरको नामउल्लेख भएको तथ्यता अवगत भएवाट नेपाली स्रोतलेपनि उत्तकुरा* पुष्टि गरेको छ भनी रमेश ढुङ्गेल (२०४३:१९२)ले र **द फेमस् "प्रग्यापारमिता*" अ टेक्स्ट् अन् बुड्इस्ट् फिलस्अफि रिट्न् इन् गोल्ड्न् इङ्क, प्रिज्र्भ्ड् याट् थबहि अर् बिक्रमशील* महाबिहार्* इन् ठमेल् येल् डेट्इड् एडी १२२३, ह्विच् इज् शोन् टु द पब्लिक् एभ्रि यर् ड्यूरिङ् गाईजात्रा फेस्टिभ्ल्, वज् रिट्न् बाइ हिम् अर्थात् सुनको मसीले लेखिएको, ठमेलयेलमा थबहि अर्थात् विक्रमशीलमहाविहारमा राखिने गरेको, ई.सं. १२२३ को मिति भएको, गाईजात्राभर सालिन्दा जनसमूहलाई देखाइने गरेको, बौद्ध दर्शनको नामूद ग्रन्थ *प्रज्ञापारमिता* यिनले लेखेका हुन्**

देखिन्छ; तर यहाँ केही अशुद्ध हुनुपर्छ, किनभने त्यो वर्ष आषाढमा अधिमास थियो, त्यो कुरा [यहाँ] जनाइएको छैन) भनी लूछ्याहो पेतेक (२०४०:८१ मा ८ सङ्ख्याको सामग्री)ले यस मितिमा टिप्पणी गरेका छन् ।

② उही ।

③ बनारसीलाल २०५१:xxx–xxxii ।

④ लूछ्याहो पेतेक २०४०:६८ मा ९ सङ्ख्याको सामग्री ।

⑤ डिल्लीरमण रेग्मी २०२२: १८२ मा ११ सङ्ख्याको टिप्पणी ।

⑥ **इति पण्डितपद्मश्रीज्ञानविरचिते नागरकसर्व्वस्वे त्रिवर्गनिर्ण्णयो नाम प्रथमः परिच्छेदः ।। [...]**
(राष्ट्रिय अभिलेखालय चौथो लगत १७९४ को २ पत्र)

इति पद्मश्रीज्ञानविरचिते नागरकसर्व्वस्वे सुतोदयो नामाष्टमः परिच्छेद समाप्तः ।।
(उही २६ पत्र)

⑦ देवीप्रसाद लंसाल २०२४:४१-४२ ।

⑧ उदाहरणको लागि नयराज पन्त २०४५:५-६ मा संवत्हरूको नामनमेसी र तिनको प्रारम्भकाल हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तक ने.सं. ३४४ (वि.सं. १२८०) मार्गशुक्लप्रतिपदाको दिन पूरा भएको र यसलाई धर्मधातुमहाविहारमा राख्न चढाएको यस पुष्पिकाबाट बुझिन्छ। इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*को मिति शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको भएकोले भगवान्‌बहालको *शतसाहस्रिका प्रज्ञापारमिता* इटुंबहालको भन्दा पौने १३५ वर्षपुरानो ठहरिएको छ र नेपालखाल्डोमा पाइएका, *शतसाहस्रिका प्रज्ञापारमिता*का पुस्तकमध्ये इटुंबहालको चाहिँ दोस्रो पुरानो देखिएको छ।

२३. यस पुष्पिकामा **नेपाल**लाई **नयपाल** लेखिएको देख्दा यसभन्दा ११२ वर्षभन्दा अगाडि यसै गरी अन्त **नयपाल** आएको म सम्झन पुगेँ। खुलाएर भन्दा अभय मल्लको पालामा ने.सं. ३६६ (वि.सं. १३०३) वैशाखशुक्लतृतीया आदित्यवारको दिन सारिसिद्धिएको, *पद्मनाभसङ्ग्रह*को पुष्पिकामा **नेपाल**लाई **नयपाल** शब्दले बुझाइएको छ। हाम्रो *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा पद्यमा **नयपाल** आएकोमा यहाँ चाहिँ गद्यमा **नयपाल** आएको चाखलाग्दो छ। भक्तपुरका कुनै भारोको लागि काशीमा सारिएको यो पुस्तक बङ्गाली लिपिमा भएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।[३१४] खास नेपालखाल्डोमा होइन, बाहिरफेर अर्थात् काशी र सिजामा **नयपाल** लेखिनु पनि त्यति नै रमाइलो छ। पृथ्वी मल्लका बाबु पुण्य मल्लको अभिलेखमा अर्थात् शाके १२५९ (वि.सं. १३९४) वैशाखशुक्लत्रयोदशी आदित्यवारको कनकपत्रमा चाहिँ **नेपाल** नै भएको[३१५] र त्यो शब्द गद्यवाक्यमा आएकोले *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा छन्दोऽनुरोधले **नयपाल** लेखिएको हो कि जस्तो देखिन्छ। **नयेन पाल्यते यः सः नयपालः**[३१६] भन्ने व्युत्पत्ति गरी **नेपाल**लाई अर्वाचीन कालमा **नयपाल** भन्ने गरेको त जति भने पनि पाइन्छ[३१७]। **नयपाल** शब्द अहिलेभन्दा कमसेकम ७६६ वर्षअगाडि नै चलिसकेको यताबाट देखिएको छ।

भनी साफल्य अमात्य (२०६८)ले लेखेकाले थंबहिलको *शतसाहस्रिका प्रज्ञापारमिता*को सम्बन्ध अतीश दीपङ्कर श्रीज्ञानसँग छ भन्ने भ्रममा **अन्धेनैवानीयमाना यथान्धाः** अर्थात् **अन्धोले डोऱ्याइएका अन्धाहरू** जस्तै यिनीहरू भएको देखिएको छ। उता ज्ञानमणि नेपाल (२०६२:५७)ले भने रूक्मिणी वन्त प्रधानको तर्कको आफ्नो ढङ्गले गरेको खण्डन पठनीय छ।

३१४. **इति श्रीवाराणस्यां योगीश्वरसंग्रहपद्मनाभसंग्रहौ समाप्तौ। श्रीरस्तु नयपालदेशीयाभिलिख्यमान सम्वत् ३६६ वैशाखशुक्ल ३ रवौ रम्ये दिनोत्तमे॥ पुस्तिका स्वस्तिकारिका॥ राजश्रीअभयमल्लस्य राज्ये भक्तपुर्यां भारोश्रीअमोकस्य।**

(माथि दिइएका वाक्य कुनै हरप्रसाद शास्त्री १९७१/७२:१९ मा मात्र र कुनै लूछ्याह्मो पेतेक २०४०:८४ मा १७ सङ्ख्याको सामग्रीमा मात्र छन्। दुवै मिलाई माथि पूरा पाठ दिइएको हो। दुवैमा भएको पाठमा कहीँ कहीँ फरक हुँदा लूछ्याह्मो पेतेकको पाठ माथि दिइएको छ।)

यस पुस्तकको लिपि बङ्गाली हो भनी त्यहीँ हरप्रसाद शास्त्रीले लेखेका छन्।

भक्तपुरका कुनै भारोले काशीमा सार्न लगाएको यो पुस्तक आफूले कसको लागि सारेको हो भन्ने कुरा सार्नेलाई थाहा नभएकोले **भारोश्रीअमोक्स्य** अर्थात् **श्रीअमुक भारोको** भनी यहाँ लेखेको देखिन्छ।

३१५. नरहरिनाथ २०१६:३५।

३१६. उदाहरणको लागि शिवराज शर्मा २०५४:१० मा च।

३१७. श्यामलदास ([१९४३] २०४३)ले आफूले लेखेको मेवाडको इतिहासमा सर्वत्र **नयपाल** लेखेको कुरालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४. **नयपाल** मात्र होइन, **न्यायपाल** पनि **नेपाल**को अर्थमा चलेको थियो भन्ने कुरा यस प्रसङ्गमा भन्नु राम्रै होला।[३१८]

२५. **श्रीकौलिग्रामीयश्रीभास्करदेवसंस्करित। शनि**[३१९]**श्रीकेशवचन्द्रकृतमहाविहाराधिवाशिनः** अर्थात् **श्रीकोलिग्राममा पर्ने, श्रीभास्करदेवद्वारा संस्करित, श्रीकेशवचन्द्रले बनाएको महाविहारका बासिन्दाको** भनी यस *शतसाहस्रिका प्रज्ञापारमिताला*ई देयधर्म गर्ने राजब्रह्मश्रीको वतन यहाँ खुलाइएको छ। **दक्षिणकोलिग्राम**को चर्चा [शक]संवत् ४५२ (वि.सं. ५८७) पौषशुक्लतृतीयादेखिका अभिलेखमा पाइए[३२०] पनि **कोलिग्राम**को चर्चा भने **दक्षिणकोलिग्राम**को पहिलो चर्चाभन्दा ८२७ वर्ष ८ महीनापछि मात्र पाइन्छ। खुलाएर भन्दा मैले अहिले भेटेसम्म **कोलिग्राम**को सबभन्दा पुरानो उल्लेख शाके १२८०, ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको यही *शतसाहस्रिका प्रज्ञापारमिता*मा आएको छ। दोस्रोचाहिँ ने.सं. ५१७ (वि.सं. १४५४) भाद्रशुक्लषष्ठी बुधवार अनुराधानक्षत्र विष्कम्भयोगको दिन सारिसिद्धिएको *अश्ववैद्यकशास्त्र*[३२१]मा पाइएको छ। त्यसपछि ने.सं. ५९० (वि.सं. १५२७) श्रावणशुक्लप्रतिपदा मघानक्षत्र परिघयोगमा भित्र्याइएको *पञ्चरक्षा*[३२२]मा **कोलिग्राम**को उल्लेख आएको छ। काठमाडौँ शहरको तात्कालिक विभाजनअनुसार इटुंबहाल **कोलिग्राम**भित्र पर्थ्यो भन्ने कुरा *शतसाहस्रिका प्रज्ञापारमिता*को यस पुष्पिकाबाट स्पष्ट हुन्छ।

२६. संस्कृतभाषामा **इटुंबहाल**को पूरा नाउँ **श्रीभास्करदेवसंस्करितश्रीकेशचन्द्रकृतपारावतमहाविहार** र यही नाउँ छोटकरीमा **श्रीकेशचन्द्रकृतपारावतमहाविहार** अहिलेसम्म चलनचल्तीमा छ। यस पुष्पिकामा पद्यमा **पारावतविहार**

यसको उदाहरणको रूपमा लिनुपर्छ।① हालै प्रणय पासा (२०६५)ले पनि **नयपाल** शब्दको प्रयोग गरेको यस प्रसङ्गमा भन्नुपर्छ।

३१८. ज्योतिर् मल्लको पालामा ने.सं. ५४३ (वि.सं. १४७९) मार्गकृष्णद्वितीयाको दिन ललितपुरमा सारिसिद्धिएको *वैराग्यशतक*को पुष्पिकामा **नेपाल**लाई **न्यायपाल** लेखिएको छ-

श्रीश्रीराजाधिराजपरमेश्वरपरमभट्टारकजयज्योतिमल्लदेवस्य न्यायपालमण्डले श्रीललितब्रूमायाः श्रीमानिगलोत्तरे श्रीसोर्थनिह्मगृहवाशिअमात्यहर्षराजेन लिखितमिदं पुस्तकं श्रीमन्नेपालिकसम्वत् ५४३ मार्गशिरकृष्णद्वितियायां तिथौ ॥

(लूछ्याहो पेतेक २०४०:१६५ मा २६ सङ्ख्याको सामग्री)

३१९. यस सन्दर्भमा **शनि** पदको अर्थ मलाई लागेन। **शनि** वा यस्तै पद इटुंबहालको पूरा नाउँ दिँदा आएको विषयमा तल § २८ मा खुलाएर लेखिएको छ।

३२०. धनवज्र वज्राचार्य २०३०:२८ संख्यामा मूलको २ पङ्क्तिमा **दक्षिणकोलिग्रामे** = १३८, १०७ संख्यामा मूलको ७ पङ्क्ति = ४०७, १११ संख्यामा मूलको ७ पङ्क्तिमा **दक्षिणकोलीग्रामे** = ४२३, ११५ संख्यामा मूलको २१ पङ्क्तिमा **दक्षिणकोलिग्रामे** = ४३४, ११७ संख्यामा मूलका १२-१३ पङ्क्तिमा **दक्षिणकोलीग्रामस्य** = ४४२-४४३, १२४ संख्यामा मूलको ७ पङ्क्ति = ४६४।

३२१. डिल्लीरमण रेग्मी २०२२:३७३-३७४ मा ४ सङ्ख्याको सामग्री।

३२२. शङ्करमान राजवंशी २०२३:१५ मा ३७ सङ्ख्याको सामग्री। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि यस दिनको वार दिइएको छैन, खालि भित्र्याइएको पुस्तकको पाठ प्रतिवर्ष आदित्यवारको दिन गराउनू भनी लेखिएको छ।

---

① यस पुस्तकको नेपालसम्बन्धी खण्डको लागि थियोडोर रिकार्डी, जूनियर २०३२ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मात्र र गद्यमा चाहिँ **श्रीभास्करदेवसंस्कारित**[३२३] **शनिश्रीकेशवचन्द्रकृतमहाविहार** भनी यस विहारलाई बुझाइएको छ।

२६.१. जान कर लाकले दिएको, नेपालखाल्डाका विहारहरूको नामसूची पल्टाएर हेर्दा **इटुंबहाल** छोडेर अरू कुनै विहारको नाउँमा एउटैमा **संस्कारित** र **कृत** आएको छैन। भनाइको मतलब के हो भने अरू अरू विहारको नाउँमा जहाँ **संस्कारित** आएको छ त्यहाँ **कृत** आएको छैन,[३२४] जहाँ **कृत** आएको छ त्यहाँ **संस्कारित** आएको

शङ्करमान राजवंशीले गरेको, यहाँको मितिको गणनाअनुसार यो दिन **आदित्यवार** परेकोले होला, मूलमा अरू मितिको लहरमा नभएको **आइतवार** उनले उल्थामा घुसाइदिएका छन्।

३२३. खुलाएर भन्दा **स्का**को **का**नानी छुटेकोले मूलमा **संस्करित** छ। माथि § १५.२.१ मा यो चढेको छ।

३२४. नाउँमा **संस्कारित** आएका विहार–

अमृतवज्रसंस्कारितअमृतवर्णविहार (जान कर लक २०४१/४२:१०८)।

आनन्ददेवसंस्कारितश्रीवत्सविहार (उही:४२-४४)।

इन्द्रदेवसंस्कारितजयमनोहरवर्ममहाविहार (उही:७९-८०)।

इन्द्रदेवसंस्कारितश्रीअसनलोकेश्वरमहाविहार (उही:१४०-१४६)।

काश्यपमिश्रसंस्कारितललितवर्णमहाविहार (उही:२०९)।

गर्गदेव① **संस्कारितलोककीर्तिमहाविहार** (उही:२०१)।

गुणलक्ष्मीसंस्कारितगुणलक्ष्मीमहाविहार (उही:६६-६९)।

गोपिचन्द्रमिश्रसंस्कारितगोपिचन्द्रमहाविहार (उही:२०७-२०९)।

गोवर्धनमिश्रसंस्कारितनापिचन्द्रमहाविहार (उही:२०५-२०९)।

जगत्पालवर्मसंस्कारितपद्मकाष्ठगिरिमहाविहार (उही:१७८-१८०)।

जयसिंहवीरभद्रसंस्कारितजयश्रीमहाविहार (उही:१९७-१९९)।

नरेन्द्रदेवसंस्कारितअमरावतीनाममहाविहार (उही:२३५-२३९)।

बलधर② **गुप्तसंस्कारितबलधर**② **गुप्तमहाविहार**③ (उही:७७-७९)।

भास्करदेवसंस्कारितहिरण्यवर्णमहाविहार (उही:३१-४०)।

भुवनाकरवर्मसंस्कारितधर्मकीर्तिमहाविहार (उही:१३५-१३७)।

मानदेवसंस्कारितचक्रवर्णमहाविहार (उही:१३३-१३५)।

यम्पिबालार्चन④ **संस्कारितज्येष्ठवर्ण**⑤ **महाविहार** (उही:१२८-१३३)।

---

① नामसूची (जान कर लाक २०४१/४२:२३ मा ४५ सङ्ख्या)मा **गङ्गदेव** र विहारको वर्णन (उही:२०१)मा **गर्गदेव** छ। हेराकाजी वज्राचार्य (२०५७:११०)अनुसार **गर्गदेव**।

② नामसूची (जान कर लाक २०४१/४२:२५ मा ११४ सङ्ख्या)मा **बालधर** र विहारको वर्णन (उही:७७)मा **बलधर** छ।

③ नील्स गुत्शो र हेमराज शाक्य (२०३६/३७:१७४ मा १३० सङ्ख्या) तथा हेराकाजी वज्राचार्य (२०५७:४३, २०५८:६, २०५९)अनुसार **बलाधरगुप्तमहाविहार**❶। रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य (२०३९:४० मा ११ सङ्ख्या)अनुसार **बालाधरसंस्कारितमहाविहार**।

④ हेराकाजी वज्राचार्य (२०५७:७०) र रञ्जना वज्राचार्य (२०६०)अनुसार **बालार्चनदेव**°।

---

❶ **बलाधर** यो नाउँ शुद्ध जस्तो देखिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छैन[३२५] ।[३२६]

२६.२. इटुंबहालको नाउँमा आएको संस्कारित शब्दको अर्थ संस्कार गरेको,[३२७] प्रतिष्ठा वा स्थापना गरेको,[३२८]

रत्नमुनिसंस्कारितविहार (उही:४४) ।

रुद्रदेवगर्गगोत्रवर्मसंस्कारितश्रीदत्तनाममहाविहार (उही:१४६) ।

रुद्रदेवनङ्ग⑥पालसंस्कारितज्योतिमहाविहार (उही:७४-७७) ।

विद्याधरशर्म⑦संस्कारितयशोधरमहाविहार (उही:१५४-१५९) ।

शङ्करदेवसंस्कारितमयूरवर्णमहाविहार (उही:८२-८५) ।

शङ्खधरसंस्कारितत्रिरत्नविहार (उही:७४) ।

शिवदेववर्मसंस्कारितश्रीरुद्रवर्मउङ्कुलीनाममहाविहार (उही:९०-९५) ।

शिवदेवसंस्कारितश्रीतेदोमहाविहार (उही:३०४-३०८) ।

श्रीलक्ष्मीकल्याणवर्मसंस्कारितरत्नाकरमहाविहार (उही:१४८-१५२) ।

सर्वानन्दनृपसंस्कारितपद्मोच्चश्रीमहाविहार (उही:१९३-१९५) ।

सुनयश्रीमिश्रसंस्कारितयम्पीनाममहाविहार (उही:२०१-२०५) ।

सूर्यवर्मसंस्कारितवज्रकीर्तिमहाविहार (उही:७०-७२) ।

हर्षवीरसंस्कारितवोलानामविहार⑧ (उही:१६९) ।

३२५. नाउँमा कृत आएका विहार-

इतलंपुकृतमहाविहार (उही:३८९) ।

भीमकृतरत्नलाभविहार (उही:११२-११५) ।

३२६. एउटा विहारको नाउँमा अपवादस्वरूप संस्थापित आएको छ–

श्रीसंजयजितेन संस्थापितवसुवर्द्धनविहार (उही:५६-६०) ।

३२७. गौतमवज्र वज्राचार्य (२०३१:९७ मा ४ सङ्ख्याको टिप्पणी)–

भास्करदेवले संस्कार गरेको केशचन्द्रले बनाएको विहार ।

३२८. जान कर लाक (२०४१/४२:२८७)–

दिस् इज् दि ओन्लि बाहा अफ् दि आचार्य गूठी हूज् स्यान्स्क्रिट् नेम् ह्याज् प्रिज़र्भ्ड् द नेम् अफ् द फाउन्ड्अर् । द नेम् इन्डिकेट्स् द्याट् द पारावत महाविहार वज् बिल्ट् बाइ वन् केशवचन्द्र यान्ड् कन्सिक्रेट्इड् (अर् फाउन्ड्इड्) वाइ वन् भास्कर देव ।

---

⑤ शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य (२०६२:६९ मा ११ सङ्ख्या)अनुसार °ज्येष्ठवर्म° ।

⑥ नङ्ग यहाँ अडमिल्दो देखिन्छ । रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य (२०३९:४० मा ९ सङ्ख्या)अनुसार यहाँ रूद्रदेव रंगपाल°, हेराकाजी वज्राचार्य (२०५७:४०)अनुसार रूद्रदेवानंगपाल° र शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य (२०६२:६९ मा ५ सङ्ख्या)अनुसार रुद्रदेवनागपाल° ।

⑦ हेराकाजी वज्राचार्य (२०५७:१४)अनुसार विद्याधरवर्म° ।

⑧ जान कर लाक (२०४१/४२:१२१-१२३)ले एउटा अर्को विहारको नाउँमा पनि संस्कारित जोडेको– वैश्य श्री दिवाकर वर्म (संस्कारित) महाविहार– भए पनि उनले संस्कारितलाई कोष्ठभित्र राखेकाले त्यो विहार यहाँ गनिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कार (जीर्णोद्धार) गरेको,[३२९] फेरि नयाँ पारेको,[३३०] बनाउन शुरू गरिएको,[३३१] बनाएको वा वर्तमान रूप दिएको,[३३२] फेरि बनाएर पहिलेको अवस्थामा ल्याएको[३३३] भनी थरीथरीका मानिसहरूले थरीथरीको गरेका छन्[३३४] ।

२६.३. संस्कारित शब्द अरू अरू बहालको नाउँमा पनि जोडिएर आएको हुनाले अन्त अन्त यसको अर्थ ककसले के के गरेका रहेछन् भनी हेर्नु पनि उपयुक्त हुन्छ । संस्कार गरिएको,[३३५] राम्रो पारेको/फेरि नयाँ पारेको (इम्बेल्इश्ड्/रेन्ओभेट्इड्),[३३६] प्रतिष्ठापित (कन्सिक्रेट्इड्),[३३७] यताउता बिग्रिरहेको जीर्णोद्धार गरेर

(संस्थापकको नाउँ जोगिएको, आचार्यगूठीको यो एउटा मात्र बहाल हो । पारावतमहाविहार केशवचन्द्र भन्नेले बनाएको र भास्करदेव भन्नेले प्रतिष्ठा (वा स्थापना) गरेको भन्ने कुरा यस नाउँबाट इङ्गित हुन्छ ।)

३२९. मिलन शाक्य (२०४९:३४-३५)–

[...] यो विहार केशचन्द्र नामक ब्यक्तिले निर्माण गरेको र भाष्कर* देवको पालामा (जिर्णोद्धार*) संस्कार गरेको देखिन्छ ।

३३०. गौतमवज्र वज्राचार्य (२०५९:२८३)–

[...] द पारावत मन्अस्टरि, फाउन्ड्इड् बाइ केशवचन्द्र यान्ड् रेन्ओभेट्इड् बाइ भास्करदेव [...]
(केशवचन्द्रले स्थापना गरेको र भास्करदेवले फेरि नयाँ पारेको पारावतविहार) ।

३३१. स्वस्तिरत्न शाक्य (२०६५:४४)–

संस्कृतमा यस विहारको पूरा नाम "श्री भास्करदेव संस्कारित केशवचन्द्र कृत पारावत्* महाविहार" हो । यस नामले के प्रमाणित गरेको छ भने ईतुंबहाल श्री भास्करदेव राजाको पालामा बनाउन शुरु गरिएको थियो ।

३३२. स्वस्तिरत्न शाक्य (२०६६:१३)–

द स्यान्स्क्रिट् वर्ड्ज् "भास्करदेव संस्कारित" सजेस्ट् द्याट् द विहार वज् कन्स्ट्रक्ट्इड् अर् गिभ्न् द कर्अन्ट् स्ट्रक्चर् बाइ भास्करदेव ।
(यो विहार भास्करदेवले बनाएको वा [यसको] वर्तमान रूप भास्करदेवले दिएको भन्ने कुरा संस्कृत शब्दहरू भास्करदेव संस्कारितबाट झल्किन्छ ।)

३३३. मेअरी शेपअर्ड स्लसर (२०६७:६०)–

ग्रेट् मन्अस्टरि अफ् द पिज्इन्ज् फाउन्ड्इड् बाइ दि अन्अर्एब्ल् केशवचन्द्र यान्ड् रिस्टर्ड् बाइ भास्करदेव
(श्रीकेशवचन्द्रले स्थापना गरेको र भास्करदेवले फेरि बनाएर पहिलेको अवस्थामा ल्याएको, परेवाहरूको महाविहार) ।

३३४. अरूहरूले जस्तो संस्कारितको शब्दार्थ नगरी थुगु केशचन्द्र पारावर्त* महाविहार (इटुंबहा) लिच्छवी* जुजु भाष्करदेवं* निर्माणयागु विहार खः अर्थात् यो केशचन्द्रपारावतमहाविहार (इटुंबहाल) लिच्छवि राजा भास्करदेवले निर्माण गरेको विहार हो भनी रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य (२०३९:८६)ले लेखेका छन् । लिपावया केशचन्द्रजुं जिर्णोद्धार* याना थःगुनं नां समावेस* याना अपालं गुथि तया सुधार याना वन अर्थात् पछि गएर केशचन्द्रज्यूले जीर्णोद्धार गरेर आफ्नो पनि नाउँ हाली धेरै गूठी राखी सुधार गरेर [उनी] गए भनी उनीहरूले(उही) गरेकाले कृतको भावार्थ जीर्णोद्धार गरेको देखिन्छ ।

३३५. धनवज्र वज्राचार्य २०४१:१४ ।
सिद्धिरत्न शाक्यभिक्षु २०५९:५९ ।

३३६. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१३ ।

३३७. कमलप्रकाश मल्ल २०४७:१७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राम्ररी सिँगारी बनाएको (उखेथुखे स्यनाच्वंगु जीर्णोद्धार याना: बांलाक छाय्पा याना: भिंकूगु),[३३८] **बनाइराखेको (दय्का त:गु),**[३३९] **संस्कार गरेको (संस्कार या:गु),**[३४०] **पुनर्निर्माण गरेर दिएको (पुननिर्माण* याना ब्यूगु),**[३४१] **बनाएको (संस्कार गरेको) (दयेकुगु (संस्कार या:गु)),**[३४२] **बनाएर राखेको (दयेकात:गु),**[३४३] **निर्माण भएको (निर्माण जूगु),**[३४४] **निर्माण गरेर गएको (निर्माण यानावंगु),**[३४५] **बनाएको (दयेकेगु),**[३४६] **निर्माण गरेर गएको (निर्माण यानाथकूगु),**[३४७] **बनाएर गएको (दयेकावंगु)**[३४८] **संस्कार (जिर्णोद्धार*) गरिएको,**[३४९] **निर्माण भइरहेको (निर्माण जुयाच्वंगु)**[३५०] **संस्कार गरेर नयाँ बनाइएको,**[३५१] **परिवर्तन गरी जीर्णोद्धार गरिएको,**[३५२] **संस्कार गरेको,**[३५३] **स्थापना गरेको वा फेरि बनाएको (फाउन्ड्इड् अर् रीकन्स्ट्रक्ट्इड्),**[३५४] **स्थापना गरेको/(पुनर्)निर्मित (फाउन्ड्इड्/(री)कन्स्ट्रक्ट्इड्)**[३५५] **र निर्मित**[३५६] भनी थरीथरीको अर्थ देखिएको छ।

धर्मरत्न शाक्य 'त्रिशूली' २०५२:१।

३३८. सत्यमोहन जोशी २०४८:प-फ।

३३९. धर्मरत्न शाक्य २०४८:१।

३४०. काशीनाथ तमोट २०४८:२५।

३४१. हेमराज शाक्य २०५१:२५।

३४२. मदनसेन वज्राचार्य २०५६:६०।①

३४३. हेराकाजी वज्राचार्य २०५७:१६।

३४४. उही:२५।

३४५. उही:४१, ८२, ११९, १२०, उही २०५८।

३४६. उही:५०।

३४७. उही:५६।

३४८. उही:५६, ७५, ८७।

३४९. रञ्जना वज्राचार्य २०५७।

३५०. हेराकाजी वज्राचार्य २०५९ क।

३५१. दिनेशचन्द्र रेग्मी २०६०:२२६-२२७। **पुराना विहारहरू संस्कार गरिए र नयाँ बनाइए** भनी त्यहाँ लेखिएको छ।

३५२. उही:२२९ मा १६ सङ्ख्याको टिप्पणी।

३५३. रञ्जना वज्राचार्य २०६०:३।②

३५४. मीन बहादुर शाक्य २०६१:१७।

३५५. ईअन सिन्क्लेर २०६७:१६।

३५६. हीराभाई शाक्य २०६७:७७।

---

① अरूहरूले जस्तो संस्कारितको शब्दार्थ नगरी वि. शाक्य (२०५७)ले **शिवदेव दयेका बिण्या:गुलिं ध्व विहार [...] (शिवदेवले बनाइबक्सेकोले यो विहार)** र राजु नापित (२०६३:१९)ले **छगु विहार दयेकेगु (एउटा विहार बनाएको)** भनी रुद्रवर्णमहाविहारसम्बन्धी आआफ्ना लेखमा लेखेका छन्।

② मुकुन्दराज अर्ज्यालले यस्तै प्रसङ्गमा आएको **संस्कारित** शब्दको अर्थ १ ठाउँमा **संस्कार गरिएका (पूजिएका)** (२०५९:९१), अर्को ठाउँमा **संस्कार (स्थापना) गर्ने** (उही) र भन् अर्को ठाउँमा **संस्कार गरेको** (उही:२१७) भनी गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६.४. सम् उपसर्ग लागेको, **कृ** धातुमा **सुट्** (**स्**) आगम हुँदा **संस्कृ** हुन्छ र यसको मूल अर्थ **सिँगार्नु** हुन्छ। यस्ता विहारहरूमध्ये कुनैलाई पनि **संस्कृत** नभनी **संस्कारित** भनेकोले ण्यन्तमा यस शब्दको प्रयोग भएको देखिन्छ। इटुंबहालको सभ्याचारविशिष्ट नाउँको शब्दशब्दको अर्थ गर्दा **भास्करदेवद्वारा सिँगार्न लगाइएको (संस्कारित) र केशवचन्द्रद्वारा बनाइएको (कृत)** हुने हुनाले बनाउनेलाई भन्दा सिँगार्न लाउनेलाई किन महत्त्व दिइयो भन्ने प्रश्न उठ्छ। बनाउनेको भन्दा सिँगार्न लाउनेको अवदान यस विहारमा बढी भएकोले उसको नाउँ अगाडि आएको हो भन्ने तर्क पनि गर्न नसकिने होइन।

२६.५. संस्कारितको अर्थ गर्न बस्दा तात्कालिक सामग्री केलाउँदा केही प्रकाश पर्छ कि भन्ने आशाले सबभन्दा पहिले त्यसै गर्नुपरेको छ।

२६.५.१. ने.सं. १६५ (वि.सं. ११०२) श्रावणशुक्लदशमी शुक्रवारको दिन सारिसिद्धिएको *चतुष्पीठनिबन्ध*को पुष्पिकामा पुस्तक सार्नेको विषयमा यस्तो **श्रीगुणकामदेवकारिते श्रीपद्मचक्रमहाविहारे स्थितशाक्यभिक्षुकुमारचन्द्रेन लिखितम्**[३५७] अर्थात् **श्रीगुणकामदेवले बनाउन लगाएको (कारित) श्रीपद्मचक्रमहाविहारमा बस्ने शाक्यभिक्षु कुमारचन्द्रले सारे** भनी लेखिएको छ।

२६.५.२. ने.सं. २१८ (वि.सं. ११५५) आश्विनकृष्णअष्टमीको दिन सारिसिद्धिएको *आदिकर्मप्रदीप*को पुष्पिकामा **श्रीविद्याधरवर्मसोमकारितश्रीयशोधरवर्ममहाविहारयः वज्राचार्यश्रीशाक्यभिक्षु ...**[३५८] अर्थात् **श्रीविद्याधर-वर्मसोमले बनाउन लगाएको (कारित) श्रीयशोधरवर्ममहाविहारका वज्राचार्य श्रीशाक्यभिक्षु ...** र ने.सं. ५२० (वि.सं. १४५७) भाद्रशुक्लचतुर्थीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमायाऽ। श्रीमानीग्लकेः पश्चिमस्थ ।। श्रीविद्याधरसोमकारित जसोधरवम्म श्रीनकबहार युकुलिग्रहवास्तव्य शाक्यभिख वजाचान्य श्रीकुलदतपालजुस**[३५९] अर्थात् **श्रीललितब्रुमामा श्रीमाणिग्लमा पश्चिमपट्टि रहेको, श्रीविद्याधरसोमले बनाउन लगाएको (कारित) यशोधरवर्मश्रीनकबहालको आग्नेय (पूर्व र दक्षिण) पट्टिको घरमा बस्ने शाक्यभिक्षु वज्राचार्य श्रीकुलदत्तपालज्यूको** भनी लेखिएको छ।

२६.५.३. ने.सं. २३५ (वि.सं. ११७१) मार्गकृष्णचतुर्दशीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमाया**[३६०] **श्रीतेग्वल्के**

---

३५७. लूछ्याह्रो पेतेक २०४०:४० मा १ सङ्ख्याको सामग्री।

३५८. लुइ द ला भाले पूसाँद्वारा सम्पादित *आदिकर्मप्रदीप*बाट सारी वज्रराज शाक्य (२०५०:१६९)ले यो पुष्पिका छपाएका छन्। लुइ द ला भाले पूसाँको पुस्तक मैले देखेको छैन। सिद्धिरत्न शाक्यभिक्षु (२०५९:५९)ले पूर्व-सूरिहरूको नामै नलिई यो पुष्पिका सारेका छन्।

३५९. महेशराज पन्त २०५०:७ सङ्ख्यामा १ पङ्क्ति = ५३।

३६०. हेमराज शाक्य (२०३७:७ मा मूलको १ पङ्क्ति), धनवज्र वज्राचार्य (२०४१:१४ मा मूलको १ पङ्क्ति), मदनसेन वज्राचार्य (२०५६:६० मा मूलको १ पङ्क्ति), कमलप्रकाश मल्ल (२०४७:२० मा मूलको १ पङ्क्ति)ले **श्रीललितक्रमायां** पढेका छन्। काशीनाथ तमोट (२०५८:६ मा मूलको १ पङ्क्ति)ले चाहिँ **क्रमा**को ठाउँमा **ब्रुमा** पढेका छन्। मूलको फोटो हेर्दा **ब्रुमा** नै देखिएकोले काशीनाथ तमोटको पाठ ठीक ठहर्छ। झ्वाट्ट हेर्दा **ब्रु** र **क्र** उस्तै उस्तै देखिने हुनाले हेमराज शाक्य आदि **ब्रु**लाई **क्र** पढ्न पुगेका हुन्। अन्त अन्त यही अक्षर आउँदा मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीसिवदेवसंस्कारितश्रीमनिधरजैवमहाविहाराऱ्यसऱ्वसंघानां नियमपरिभाषपत्रिकेयं[३६१] अर्थात् **श्रीललितब्रुमामा श्रीतेग्वलमा श्रीशिवदेवद्वारा संस्कारित श्रीमणिधरजैवमहाविहारका आर्यसर्वसङ्घको**[३६२] **नियमपरिभाषापत्रिका यो हो;** ने.सं. २७३ (वि.सं. १२०९) मार्गकृष्णतृतीयाको ताडपत्रको लिखतमा **श्रीललितब्रुमायां श्रीतेगलदक्षिणकुणयेल्के श्रीशिवदेवसंस्कारितश्रीमानीधरजीवमहाविहारार्यसंघभट्टारकानां सकासात्**[३६३] अर्थात् **श्रीललितब्रुमामा श्रीतेगलको दक्षिण कुनाको येलमा श्रीशिवदेवद्वारा संस्कारित श्रीमानीधरजीवमहाविहारका आर्यसङ्घभट्टारकलाई;** ने.सं. २८२ (वि.सं. १२१८) कार्तिकशुक्लपञ्चमीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमायां श्रीत्येग्वल्के शिवदेवसंस्कारितश्रीमानीधरजीव-महाविहारे**[३६४] अर्थात् **श्रीललितब्रुमामा श्रीत्येग्वलमा शिवदेवद्वारा संस्कारित श्रीमानीधरजीवमहाविहारमा;** ने.सं. ३०४ (वि.सं. १२४१) भाद्रशुक्लद्वितीयाको ताडपत्रको लिखतमा **श्रीललित्तब्रूमायां श्रीत्येग्वल्के श्रीशिवदेवसंस्क्वरित्त-मनिज्जीवमहाविहाराद्धिवासिनः आर्ययशाक्यभिक्षुसर्व्वसङ्घानां अन्योन्यानुमतानां ॱ सकाशातः**[३६५] अर्थात् **श्रीललितब्रुमामा**

कहीँ **ब्रु** भनी ठीक पढेको (उदाहरणार्थ महेशराज पन्त २०६५ क:३१६ मा मूलको १ पङ्क्ति)[①] र कहीँ **क्र** पढी (उदाहरणार्थ उही २०६७ क:४२ मा मूलको १ पङ्क्ति)[②] गल्ती गरेको रहेछु। मेरा यी २ थरी लेखाइतर्फ हालै (ई.सं. २०११ डिसेम्बर २२ (वि.सं. २०६८ पौष ७ गते)को ई-मेल) योगेश राजले मेरो दृष्टि खिँचिदिएकाले उनी धन्यवादका पात्र छन्।

३६१. धनवज्र वज्राचार्य २०४१:१४ मा मूलको १ पङ्क्ति। मूलको फोटोसँग रुजू गरी माथि पाठ दिइएको छ।

३६२. कमलप्रकाश मल्ल (२०४७:२२)ले यस लिखतमा परेका पदपदको अर्थ गर्दा **आर्यसर्वसंघानां**को उल्था **अल् द मेम्बर्ज् अफ् दि अर्ड्र्** अर्थात् **सङ्घका सबै सदस्यहरू** भनी गरेका छन्। मूलमा भएको षष्ठी विभक्तिको अर्थ यस उल्थामा नआएको कुरा वास्ता नगर्दा नगर्दै पनि अर्को एउटा कुरा भन्नुपरेको छ। कुरा के भने अरू लिखतमा **सङ्घ**को अगाडि **आर्य** र पछाडि **भट्टारक** आउँदा —°**श्रीरुद्रवर्ममहविहारार्यसर्वसङ्घभट्टारकानां** (बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२: २००), °**श्रीमानीधरजीवमहाविहारार्यसंघभट्टारकानां** (उही:११८), **श्रीरुद्रवर्णमहाविहारार्यसंघ-भट्टारकानां** (उही:२०३), **श्रीरुद्रवर्ममहाविहारर्यसर्व्वसंघभट्टारकानां** (उही:११९), **श्रीरुद्रवर्ममहाविहारार्यसर्व्वसंघ-भट्टारकानां** (उही:२११)— वा **भट्टारक** नआई **आर्य** मात्र आउँदा —**श्रीमानीजीवमहाविहारर्यभिक्षुसर्वसंघानां** (उही:२०२), **आर्ययशाक्यभिक्षुसर्व्वसङ्घानां** (उही:१२३), **श्रीरुद्रवर्ममहाविहारार्यभिक्षुसर्वससंघानां** (उही:१२४)— वा **आर्य** नआई **भट्टारक** मात्र आउँदा —**श्रीरुद्रवर्ममहाविहारससङ्घभट्टारकानां** (उही:१९९)— मात्र बहुवचनको प्रयोग भएकोले तथा ती दुवैको प्रयोग नहुँदा एकवचन —**श्रीशिवदेवसंस्क्वरितश्रीमानासिंहमहाविहारशाक्यभिक्षुसङ्घाय** (हेमराज शाक्य २०३७:२५-२६)—को प्रयोग भएको देखिएकोले यिनमा बहुवचनको प्रयोग **धेरै जना भन्ने अर्थ**मा नभई **पूजार्थ**मा भएको हो। यसैले कमलप्रकाश मल्लको अर्थगराइ ठीक देखिँदैन। माथि उद्धरण गरिएका लिखतहरूको अर्थ गर्दा बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४२:२०१, ११८, २०४, १२०, २०२, १२३, १२५, १९९)ले यसै गरी बहुवचनमा आएका **भट्टारक** र **सङ्घ** शब्दको अर्थ बहुवचनमै गरेको पनि ठीक छैन।

३६३. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१० सङ्ख्यामा मूलको १ पङ्क्ति = ११८।

३६४. हेमराज शाक्य २०३७:२३ सङ्ख्यामा मूलको १ पङ्क्ति = १७। यहाँको **क्र**मालाई माथि **ब्रु**मा बनाइएको छ।

३६५. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१३ सङ्ख्यामा मूलको १ पङ्क्ति =१२३।

---

① यस लिखतको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६५ क:३१९ हेर्नू।

② यस लिखतको फ्याक्सिमिलिको लागि उही २०६७ क:५७ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीत्येग्वलमा श्रीशिवदेवद्वारा संस्कारित श्रीमनिज्जीवमहाविहारमा बस्ने, आपसमा मञ्जूरी गरेका आर्यशाक्यभिक्षुसर्वसङ्घलाई र ने.सं. ३३० (वि.सं. १२६७) भाद्रशुक्लतृतीयाको ताडपत्रको लिखतमा **श्रीललितब्रुमायाम्** । **श्रीतेग्वलके श्रीशिवदेवसंस्कारितश्रीमानासिंह**[366]**महाविहारशाक्यभिक्षुसङ्घाय**[367] अर्थात् **श्रीललितब्रुमामा श्रीतेग्वलकमा श्रीशिवदेवद्वारा संस्कारित**

---

३६६. **तेग्वलमा** भएको विहारको नाउँ ने.सं. २३५ मार्गकृष्णचतुर्दशीको ताडपत्रको लिखतमा **मनिधरजैव;**[3] ने.सं. २६२ प्रथमाषाढशुक्लपञ्चमीको ताडपत्रको लिखतमा **मानीक्यजैव,**[4] ने.सं. २७२ वैशाखपूर्णिमाको ताडपत्रको लिखतमा **मानीजीव;**[5] ने.सं. २७३ मार्गकृष्णतृतीयाको, ने.सं. २८२ कार्तिकशुक्लपञ्चमीको र ने.सं. ३३१ श्रावणशुक्लतृतीयाको[6] ताडपत्रका लिखतमा **मानीधरजीव;**[7] ने.सं. ३०४ भाद्रशुक्लद्वितीयाको ताडपत्रको लिखतमा **मनिज्जीव**[8] भई आएको छ । **मणिधरजीवसँग** सम्बद्ध यस विहारको नाउँमा पहिलो प्रकारमा उत्तरपदको वृद्धि, दोस्रो प्रकारमा उत्तरपदको वृद्धि मात्र नभई **मनि(मणि)**को ठाउँमा **मानीक्य(माणिक्य)** आएको र **धर** पद लुप्त, तेस्रो प्रकारमा पूर्वपदको वृद्धि र **धर** पद लुप्त, चौथो प्रकारमा पूर्वपदको वृद्धि र पाँचौँ प्रकारमा **धर** पद लुप्त र ज द्वित्व भएको देखिन्छ । भ्रीनामसिना कुरा छोड्ने हो भने यस ताडपत्रमा **जीव** वा **जैव**को ठाउँमा **सिंह** आएको देख्दा **मानासिंह**[9] आएको देख्दा यो पाठ ठीक छैन जस्तो लाग्छ[10] ।

---

③ हेमराज शाक्य (२०३७:७ मा मूलको १ पङ्क्ति)ले यहाँ **मनिपुर जैव** पढे पनि उनैले अन्त (२०५१:२८, २९) **मणिपुरजैव** लेखेका छन् । अरूहरू (धनवज्र वज्राचार्य २०४१:१४ मा मूलको १ पङ्क्ति, मदनसेन वज्राचार्य २०५६:६० मा मूलको १ पङ्क्ति, कमलप्रकाश मल्ल २०४७:२० मूलको १ पङ्क्ति र काशीनाथ तमोट २०५८:६ मा मूलको १ पङ्क्ति)ले चाहिँ **मनिधरजैव** पढेका छन् । कमलप्रकाश मल्ल(२०४७)ले दिएको, यस ताडपत्रको फोटेमा सम्बद्ध अक्षरको डिको र सामै मात्र देखिए पनि नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रील नं. ई १४०३/१३ बाट तयार गरिएको यसको फोटेमा भने **ध** स्पष्टै देखिने हुनाले हेमराज शाक्यको पाठ ठीक छैन भन्ने स्पष्ट छ ।

④ यहाँ हेमराज शाक्य (२०३७:१९ सङ्ख्यामा १ पङ्क्ति = १४)ले **मानीकृजैव** र बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४२:९ मा १ पङ्क्ति = ११५-११६)ले **मानीक्यजैव**[❶] पढेका छन् । पछिल्लो पाठ मूलानुसारी छ (उही:१९ सङ्ख्याको प्लेट = २३९) ।

⑤ उही:५८ सङ्ख्यामा मूलको १ पङ्क्ति = २०२ ।

⑥ हेमराज शाक्य २०३७:३५ सङ्ख्यामा १ पङ्क्ति) ।

⑦ ने.सं. २७३ मार्गकृष्णतृतीयाको ताडपत्रको लिखतमा हेमराज शाक्य (२०३७:२२ सङ्ख्यामा मूलको १ पङ्क्ति = १६-१७) र बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४२:१० = ११८)ले पढेको **मानीधरजीव** पाठ मूलानुसारी छ (बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:२१ सङ्ख्याको प्लेट = २४१) । यस लिखतमा **मानिधरजीव** आएको छ भनी उनै हेमराज शाक्यले अर्को पुस्तक (हेमराज शाक्य २०५१:२८, २९)मा लेखेकाले त्यो पाठ ठीक छैन भन्ने स्पष्ट छ ।

⑧ हेमराज शाक्य (२०३७:३१ सङ्ख्यामा मूलको १ पङ्क्ति = २३-२४)ले यहाँ **मनिजीव** पढेका छन् । यस लिखतमा **मानिसिंह** आएको छ भनी उनै हेमराज शाक्यले आफ्नो अर्को पुस्तक (हेमराज शाक्य २०५१:२९)मा लेखेका छन् । बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४१:१३ सङ्ख्यामा मूलको १ पङ्क्ति = १२३)ले पढेको **मनिज्जीव** पाठ मूलानुसारी छ (उही २५ सङ्ख्याको प्लेट = २४५) ।

⑨ हेमराज शाक्य २०३७:३४ सङ्ख्यामा मूलको १ पङ्क्ति = २५-२६ मा यस विहारको नाउँको पूर्वपदमा **मानी**को ठाउँमा **माना** देखिएको **नी**को दाहिनेको यस्तो ˆ भाग छाप्ने क्रममा भाँचिएकोले पनि हुन सक्छ । यही लिखतको आधारमा उनै

---

❶ छापमुनिको, दोब्र्याएर सिइराखेको छोटकरी पाठमा बेर्न्हार्त कोल्फर र हेमराज शाक्यले पढेको **मानीक्यजेव** पनि मूलानुसारी छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीमानासिंहमहाविहारको शाक्यभिक्षुसङ्घलाई भनी लेखिएको छ ।

२६.५.४. ने.सं. २३९ (वि.सं. ११७५) माघशुक्लत्रयोदशीको, ताडपत्रको लिखतमा **श्रीललितब्रुमायाम् श्रीशिवदेवसंस्कारितश्रीरुद्रवर्ममहाविहाराधिवासिन शाक्यभिक्षुरत्नभद्रस्य सकासात्**[३६८] अर्थात् **श्रीललितब्रुमामा श्रीशिवदेवद्वारा संस्कारित श्रीरुद्रवर्ममहाविहारमा बस्ने शाक्यभिक्षु रत्नभद्रलाई**; ने.सं. २६१ (वि.सं. ११९८) वैशाखशुक्लपञ्चमीको, ताडपत्रको लिखतमा **श्रीललितब्रुमायां श्रीशिवदेवसंस्कारितश्रीरुद्रवर्ममहाविहारार्यसङ्घभट्टारकानां सकाषेत:**[३६९] अर्थात् **श्रीललितब्रुमामा श्रीशिवदेवद्वारा संस्कारित श्रीरुद्रवर्ममहाविहारका आर्यसङ्घभट्टारकलाई**; ने.सं. २७३ (वि.सं. १२१०) वैशाखशुक्लपञ्चमीको, ताडपत्रको लिखतमा **श्रीललितब्रुमायां श्रीवंकुयेल्के श्रीसिवदेवसंस्कारित्श्रीरुद्रवर्ममहाविहारार्य-संघभट्टारकानां जेष्ठकनेष्ठसहानुमतानां सकासात्**[३७०] अर्थात् **श्रीललितब्रुमामा श्रीवंकुयेलमा श्रीशिवदेवद्वारा संस्कारित श्रीरुद्रवर्ममहाविहारका, जेठाकान्छासँग मञ्जूरी गरेका, आर्यसङ्घभट्टारकलाई** र ने.सं. ३४९ (वि.सं. १२८६) श्रावणकृष्णपञ्चमीको, ताडपत्रको लिखतमा **श्री: शिवदेवसंस्कारित । श्रीरुद्रवर्ममहाविहारार्य: भिक्षुसर्वसङ्घस:**[३७१] अर्थात् **श्रीशिवदेवद्वारा संस्कारित श्रीरुद्रवर्ममहाविहारको आर्यभिक्षुसर्वसङ्घको** भनी लेखिएको छ ।

---

३६७. हेमराज शाक्य २०३७:३४ सङ्ख्यामा मूलको १ पङ्क्ति = २५-२६ । यहाँको **क्रमालाई** माथि **ब्रुमा** बनाइएको छ ।

३६८. उही:८ मा मूलको १ पङ्क्ति । यहाँ °**द्रमायाम्** छापिएको छ, प्रूफको गल्तीले यस्तो भएको होला भन्ने ठानी माथि °**ब्रुमायाम्** बनाइएको छ ।

३६९. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:५७ सङ्ख्यामा मूलको १ पङ्क्ति = २०० ।

३७०. उही:५९ सङ्ख्यामा मूलको १ पङ्क्ति = २०३-२०४ ।

३७१. हेमराज शाक्य २०३७:३७ सङ्ख्यामा मूलको १ पङ्क्ति = २७ ।

हेमराज शाक्यको अर्को पुस्तकमा १ ठाउँमा **मानसिंह** (हेमराज शाक्य २०५१:२८) र अर्को ठाउँमा **मानिसिंह** (उही:२९) छापिएको छ ।

⑩ ताडपत्रका लिखतमा अलिअलि फरक नाउँ आएकोले होला, यस विहारलाई ३ थरी अलग अलग विहार हुन् भनी हेमराज शाक्य (२०५१:२८-२९)ले लेखे पनि विहार भएको टोल खुलाउँदा कहीँ (ने.सं. २३५ मार्गकृष्णचतुर्दशीकोमा र ने.सं. २६२ प्रथमाषाढशुक्लपञ्चमीकोमा❷) **तेग्वल्क**, कहीँ (ने.सं. २६२ प्रथमाषाढशुक्लपञ्चमीकोमा❸ र ने.सं. ३३० भाद्रशुक्लतृतीयाकोमा) **तेग्वलक**, कहीँ (ने.सं. २७२ वैशाखपूर्णिमाकोमा❹) **तेगल्क**, कहीँ (ने.सं. २७३ मार्गकृष्णतृतीयाकोमा) **तेगल**, कहीँ (ने.सं. २८२ कार्तिकशुक्लपञ्चमीकोमा र ने.सं. ३०४ भाद्रशुक्लद्वितीयाकोमा) **त्येग्वल्क**❺ र कहीँ (ने.सं. ३३१ श्रावणशुक्लतृतीयाकोमा❻) **त्यगल्क** लेखिंएकोले यो विहार एउटै हो भन्ने स्पष्ट छ ।

---

❷ बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:९ सङ्ख्यामा मूलको १ पङ्क्ति = ११५-११६ ।

❸ उही:९ सङ्ख्यामा छापमुनिको, दोब्र्याएर सिइराखेको छोटकरी पाठको मूलको १ पङ्क्ति = ११५ ।

❹ उही:५८ सङ्ख्यामा मूलको १ पङ्क्ति = २०२ ।

❺ ने.सं. ३०४ भाद्रशुक्लद्वितीयाको लिखतमा हेमराज शाक्य (२०३७:३१ सङ्ख्यामा मूलको १ पङ्क्ति = २३-२४)को पाठमा त्येको ठाउँमा त्यं आएको मूलानुसारी छैन (बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:२५ सङ्ख्याको प्लेट = २४५) ।

❻ हेमराज शाक्य २०३७:३५ सङ्ख्यामा मूलको १ पङ्क्ति = २६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६.५.५. ने.सं. ३३८ (वि.सं. १२७४/७५)[३७२]मा सारिएको *निष्पन्नयोगावली*[३७३]मा **श्रीललितपुर्यां श्रीमत्इन्द्रिय-संस्कारितश्रीजयमनोहरवर्मणामहाविहारास्थितकायस्थवज्राचार्यभिक्षुज्ञानरक्षितेन लिखितं**[३७४] अर्थात् **श्रीललितपुरीमा इन्द्रदेव** (मूलमा- **इन्द्रिय)द्वारा संस्कारित श्रीजयमनोहरवर्ण भन्ने नाउँ रहेको महाविहारमा बस्ने, कायस्थ वज्राचार्य भिक्षु ज्ञानरक्षितले सारे**; ने.सं. ४०४ (वि.सं. १३४०) फाल्गुनशुक्लत्रयोदशी बृहस्पतिवार मघानक्षत्र धृतियोगमा सारिसिद्धयाइएको *शतसाहस्रिका प्रज्ञापारमिता*मा **श्रीललितपुर्यां महानगर्यां श्रीनवम्लके श्रीमदेन्द्रियदेवराज्ञ संस्कारितश्रीययमनोहरवर्ण्णमहाविहाराधिवाशीगृहाश्रमभिक्ष्वाचार्यकायस्थसुगतरखितेन लिखितमिदं**[३७५] अर्थात् **श्रीललितपुरी महानगरीमा श्रीनवम्लमा श्रीमान् इन्द्रदेव** (मूलमा- **एन्द्रियदेव) राजाद्वारा संस्कारित श्रीजयमनोहरवर्णमहाविहारमा बस्ने गृहस्थाश्रमका भिक्षु आचार्य कायस्थ सुगतरक्षितले यो सारे**; ने.सं. ६५६ (वि.सं. १५९३) वैशाखपूर्णिमा शुक्रवार विशाखानक्षत्र परिघयोगको[३७६] शिलापत्रमा **दानपति यजमान श्रीइन्द्रदेवसंस्कारितजयमनोहरमाहाविहारः श्रीशस्वकबाहार शाक्यभिक्षु श्रीचन्द्रसिंहजुशन**[३७७] अर्थात् **दानपति जजमान श्रीइन्द्रदेवद्वारा संस्कारित जयमनोहरमहाविहार श्रीशस्वकबहालका शाक्यभिक्षु श्रीचन्द्रसिंहज्यूले** र ने.सं. ६६६ (वि.सं. १६०३) आषाढशुक्लसप्तमीउप्रान्त अष्टमी आदित्यवारको शिलापत्रमा **दानपति श्रीइन्द्रदेवसंस्कारित श्रीशलकोविहार**

---

३७२. लूछ्याह्मे पेतेक (२०४०:८३ मा ३ सङ्ख्याको सामग्री)ले पढेको पाठअनुसार यस पुस्तकको पुष्पिकामा मिति यसरी दिइएको छ – **नेपालहायने वसुवह्निइतिरभिगतिवहनेन्दु ..... भृगुमण्डिते च**। वसुको अर्थ ८, वह्निको अर्थ ३ भए पनि त्यसपछिका शब्दको अर्थ खुलस्त छैन। महीना, पक्ष र तिथि भएको अंश पनि यहाँ खण्डित छ र खालि वार मात्र यहाँबाट आउँछ। यस पुष्पिकामा राजाको नाउँ अभय मल्ल भनी दिइएकोले र उनको पालाका ने.सं. ३३७ (वि.सं. १२७४) ज्येष्ठपूर्णिमादेखि ने.सं. ३७५ (वि.सं. १३१२) चैत्रकृष्णद्वादशीसम्मका सामग्री पाइएकाले (लूछ्याह्मे पेतेक २०४०:८३-८६) यसको शतस्थानी अङ्क ३ हुनुपर्ने भएकोले यसको संवत् द डेट् अपीर्ज् टु बी द यर् ३३८ [...] अर्थात् मिति संवत् ३३८ हुनुपर्ने देखिन्छ भनी लूछ्याह्मे पेतेक (उही:८३ मा ३ सङ्ख्याको सामग्री)ले लेखेका छन्।

३७३. डिल्लीरमण रेग्मी (२०२२:२१७ मा २ सङ्ख्याको सामग्री) र लूछ्याह्मे पेतेक (२०४०:८३ मा ३ सङ्ख्याको सामग्री)ले यस पुस्तकको नाउँ *निष्पन्दयोगावली* लेखेका छन्। दुवैले दिएको पुष्पिकामा पुस्तकको नाउँ नआए पनि वज्रयानको प्रसिद्ध ग्रन्थ *निष्पन्नयोगावली* यो हुनुपर्छ।① ज्ञानमणि नेपाल (२०६२:१५० मा ५३ सङ्ख्याको ग टिप्पणी)ले पनि यस पुस्तकको नाउँ *निष्पन्दयोगावली* नै लेखेका छन्।②

३७४. लूछ्याह्मे पेतेक २०४०:८३ मा ३ सङ्ख्याको सामग्री।

३७५. उही:९७ मा १३ सङ्ख्याको सामग्री। यहाँका तिथि नक्षत्र र योगको समाप्ति बुधवार भएकोले बृहस्पतिवार भनी लेखिएको मिल्दैन भनी लूछ्याह्मे पेतेकले टिप्पणी गरेका छन्।

३७६. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

३७७. धनवज्र वज्राचार्य २०५६:५ सङ्ख्यामा मूलका ७-८ पङ्क्ति = ७-८।

---

① सम्पादित यस ग्रन्थको लागि बिनय*तोष भट्टाचार्य्य [२००६] २०२८/२९ र यस ग्रन्थका २ वटा लेखोटका फ्याक्सिमिलिको लागि गूद्रुन ब्यूह्लेमन र मुसाशि ताचिकावा २०४८ हेर्नू।

② यस विषयमा महेशराज पन्त २०६८: § १०.२१ = १९-२० मा पनि लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गृह ।। **शाक्यभिक्षु श्रीचन्द्रसिंहजुस्त**[३७८] अर्थात् **दानपति श्रीइन्द्रदेवद्वारा संस्कारित श्रीशलकोविहारमा घर भएका शाक्यभिक्षु श्रीचन्द्रसिंहज्यूलाई** भनी लेखिएको छ ।

२६.५.६. ने.सं. ३३६ (वि.सं. १२७३) आश्विनदेखि राज्य गर्न थाली ने.सं. ३७५ (वि.सं. १३१२) आषाढशुक्लअष्टमीको दिन परलोक भएका[३७९] अभयमल्लको पालामा सारिएको, *पञ्चरक्षा*को बेमितिको पुष्पिकामा **श्रीसखरदेवकारितश्रीसीहदेवमहाविहारार्यभिक्षुश्रीधरसेनस्य लिखितमिति**[३८०] अर्थात् **श्रीशङ्करदेवले बनाउन लगाएको, श्रीसिंहदेवमहादेवविहारका आर्यभिक्षु श्रीधरसेनले सारे** भनी लेखिएको छ ।

२६.५.७. ने.सं. ३९१ (वि.सं. १३२८) आश्विनदशमी[३८१] मङ्गलवारको दिन सारिसिद्धिएको *ख»पूजाविधि*को पुष्पिकामा **राजाधिराजपरमेश्वरश्री---मालदेवकारितं । श्वक्वेवेहार श्रीभिक्षुदेवमना लिखित**[३८२] अर्थात् **राजाधिराज परमेश्वर श्री--- हमालदेवले बनाउन लगाएको (कारित) श्वक्वेविहारका श्रीभिक्षु देवमनाले सारे** भनी लेखिएको छ ।

२६.५.८. कलिगत संवत्, वि.सं., शाके र ने.सं. गरी चारै थरी संवत् हालिएको, ने.सं. ५११ वि.सं. १४४८ प्रथमाषाढशुक्लदशमीउप्रान्त एकादशी[३८३] सोमवार स्वातिनक्षत्र शिवयोगउप्रान्त सिद्धियोग वणिक्-करणको[३८४] ताम्रपत्रमा **दिवंगतभिक्षुश्रीजयसिंहथवरभद्रेण: समकारित: श्रीजयश्रीमहाविहारिय: दानपटय:**[३८५] अर्थात्

---

३७८. उही:६ सङ्ख्यामा मूलका १-२ पङ्क्ति = ९-१० ।

३७९. महेशराज पन्त २०५८:४१ मा २१ सङ्ख्याको टिप्पणी ।

३८०. उही २०६३ ख:३१-३२ ।

३८१. मूलमा पक्ष नष्ट छ ।

३८२. लूछ्याह्रो पेतेक २०४०:९५ मा भएको सामग्री । मूलमा पक्ष बुझाउने अक्षर नष्ट छन् ।

३८३. यस ताम्रपत्र (धनवज्र वज्राचार्य २०६८:६१ सङ्ख्या = १८२-१८४)मा तिथिमिति यसरी दिइएको छ –

> **अथ कलिराजवर्ष ४४९२ विक्रमराजवर्ष १४४४ शकराजवर्ष १३१३ श्रीमत्नेपालिक: श्रेयोऽस्तु ।। सम्वत् ५११ प्रथमाषाढशुक्लदशम्यायां घटि २५ वेला एकादश्यायां तिथौ: कपिलदिने ।। वनिकरने ।। शशिहोरायां स्वातिनक्षत्रघटि ४९ तस्मिननेव नक्षत्रे प्रतिस्थापितं शिवजोगघटि १५ प्र सिधिजोगे सोमवासरे [...] मीथुनराशिगते सविस्तरि तुलराशिगते चंद्रमशि ।**
>
> (मूलका ४-६ पङ्क्ति)

कलिगतसंवत् र विक्रमसंवत्को अन्तर ४४९२-१४४४ = ३०४८, विक्रमसंवत् र शकसंवत्को अन्तर १४४४-१३१३ = १३१, विक्रमसंवत् र नेपालसंवत्को अन्तर १४४४-५११ = ९३३ भएको यसबाट देखिन आउँछ । वास्तवमा कलिगतसंवत् र विक्रमसंवत्को अन्तर ३०४४, विक्रमसंवत् र शकसंवत्को अन्तर १३५ तथा विक्रमसंवत् र नेपालसंवत्को अन्तर आषाढ महीनामा ९३७ हुने हुनाले① चार चार वर्षको फरक भएको देखिएको छ । यस कारण मूलमा **विक्रमराजवर्ष १४४८** को ठाउँमा भ्रमवश **विक्रमराजवर्ष १४४४** कुँदिएको देखिन्छ ।

३८४. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

३८५. धनवज्र वज्राचार्य २०६८:६१ सङ्ख्यामा मूलका ६-७ पङ्क्ति । धनवज्र वज्राचार्यले **संमकारित:** पढेका छन्, उनको पुस्तकमा दिइएको फ्याक्सिमिलि हेर्दा त्यहाँ अनुस्वार नभएको स्पष्ट देखिन्छ । यस कारण डिल्लीरमण

---

① उदाहरणको लागि शङ्करमान राजवंशी २०२२:१३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिवंगत भिक्षु श्रीजयसिंह भलादमी स्थविरद्वारा (स्थविरभद्रेण) संस्कारित श्रीजयश्रीमहाविहारका दानपतिहरू भनी लेखिएको छ ।

२६.५.९. ने.सं. ५८९ (वि.सं. १५२५) फाल्गुन[३८६]को शिलापत्रमा **भास्करदेवसंस्कारितश्रीविहारमध्ये संस्थित** अर्थात् **भास्करदेवद्वारा संस्कारित श्रीबिहारको बीचमा रहेको** भनी लेखिएको छ ।

२६.५.१०. यही शिलापत्रमा अर्को ठाउँमा **श्रीधर्मदेवसंस्कारितभुवनाकरश्रीविहारावस्थित**[३८७] अर्थात् **श्रीधर्मदेवद्वारा संस्कारित भुवनाकरश्रीविहारमा बस्ने** भनी लेखिएको छ ।

२६.५.११. ने.सं. ६६८ (वि.सं. १६०४) पौषकृष्णतृतीया बृहस्पतिवार मघानक्षत्र आयुष्मान्योग[३८८]को निमन्त्रणापत्रमा **श्रीभाष्करदेवसंस्कारित श्रीहिरण्यवर्णमहाविहार श्रीकोबहार**[३८९] अर्थात् **श्रीभास्करदेवद्वारा संस्कारित श्रीहिरण्यवर्णमहाविहार श्रीकोबहाल**, ने.सं. ७५७ (वि.सं. १६९३) पौषशुक्लनवमी आदित्यवार साध्ययोग गरकरण त्वष्यमुहूर्त[३९०]को ताम्रपत्रमा **श्रीभास्करदेवसंस्कारितहिरण्यवर्ण्णमहाविहाराधिस्थितवज्रासन**[३९१] अर्थात्

रेग्मी (२०२३ क:१ खण्ड ३४ सङ्ख्यामा मूलको ७ पङ्क्ति = ३१-३३)को पाठ **समकारितः** ठीक ठहर्छ ।

३८६. शङ्करमान राजवंशी २०२३ क:२१ मा ४८ सङ्ख्याको सामग्री, डिल्लीरमण रेग्मी २०२३ क:१ खण्डमा ६६ सङ्ख्यामा मूलका ८-१० पङ्क्ति =७६-७७, रञ्जना वज्राचार्य २०६०: परिशिष्ट नं. ४ मा मूलको ६ पङ्क्ति = १२०, धनवज्र वज्राचार्य २०६८:१३९ सङ्ख्यामा मूलको १७ पङ्क्ति ।②

शङ्करमान राजवंशीले संवत् महीना पक्ष पढेका छैनन्, त्यहाँका अरू मिति यसरी दिएका छन्– **चार्द्रानक्षत्रे प्रीतियोगे बुध ... द्वादश्यान्तिथौ पुनर्वसुनक्षत्रे आयुष्मयोगे बृहस्पति...** ।

डिल्लीरमण रेग्मीले पनि संवत् महीना पक्ष पढेका छैनन्, त्यहाँका अरू मिति यसरी दिएका छन्– **......... योगे सोमवासर ....नक्षत्रे प्रीतियोगे ....द्वादश्यान्तिथौ पुनर्व्वसुनक्षेत्रे आयुष्मा योगे...** ।

रञ्जना वज्राचार्यले चाहिँ संवत् र महीनासमेत अरू मिति यसरी दिएकी छिन्– **सम्वत् ५८९ फलगुन — — योगे सोमवासरे — आर्द्रानक्षत्रे प्रीतियोगे — — पुनर्वसुनक्षेत्रे —** ।

धनवज्र वज्राचार्यले पनि संवत् महीना पक्ष पढेका छैनन्, अरू मिति यसरी दिएका छन्– **... सम्वत् ... योगे सोमवासरे ... ... चार्द्रानक्षत्रे प्रीतियोगे ... ... द्वादश्यान्तिथौ पुनर्व्वसुनक्षेत्रे आयुष्मयोगे ...** ।

३८७. शङ्करमान राजवंशी २०२३ क:२१ मा ४८ सङ्ख्याको सामग्री ।

३८८. यहाँ नक्षत्र दिएपछि **आयु ध्यानयासे** (१ पङ्क्ति) छापिएको छ । यो पाठ मूलानुसारी नभई भ्रष्ट छ । मूलमा **आयुष्मानयोगे** हुनुपर्छ । यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि त्यो हालिएको छैन ।

३८९. सुरेशज्योति शाक्य २०६१ कमा मूलको २ पङ्क्ति ।

३९०. यस ताम्रपत्रमा मिति यसरी दिइएको छ-

श्रीमत्नैपालिके सागरहरवदनविरिञ्चितनयाकिंतवत्सर सहस्यमासे शितवरे दुर्गा(तिथौ य)ामे ऋक्षे साधेयोगे गल्कलण्य त्वस्तामुहुर्त्ते रविवासरे ॱ विजयादिने मक्रराशिगते रवि । मेषराशिगते चन्द्रमसि (।। इदमे)व दिवसे दिनाक्षे महापर्व्वदिने

---

② यस शिलापत्रमा हामीलाई अहिले चाहिएको अंशका पङ्क्ति शङ्करमान राजवंशीको लेखाइबाट नखुले पनि बाँकी ३ जनाको लेखाइबाट खुल्छ । तर तीनै जनाले पङ्क्तिको सङ्ख्या अलग अलग दिएकाले उनीहरूको पङ्क्तिरखाइ विश्वसनीय देखिँदैन । छाँटबाट धनवज्र वज्राचार्यको पङ्क्तिरखाइ ठीक देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीभास्करदेवद्वारा संस्कारित हिरण्यवर्णमहाविहारमा रहेका वज्रासन र ने.सं. ८३९ (वि.सं. १७७५) माघअमावास्या आदित्यवार शतभिषानक्षत्र शिवयोग नागकरण चिन्तामणि नाउँ भएको कुम्भपर्व सूर्यग्रहणको मिति भएको शिलपत्रमा **श्रीललितपत्तनमहानगरे लोकाकृतिनकविहारतोरावस्थितशाक्यभिक्षुधर्मश्रीनाम्ना कृतसंकल्पसंघभोज्यदानार्थं भास्करदेवसंस्कारितश्रीहिरण्यवर्णमहाविहाराधिष्ठितवज्रासनश्री ३ शाक्यमुनिप्रभृतिसकलसंघेभ्यः**[392] अर्थात् **श्रीललितपत्तन महानगरमा लोकाकृति**[393] **नकविहारयेलमा रहेका, शाक्यभिक्षु धर्मश्री भन्ने नाउँ भएकाले सङ्कल्प गरी सङ्घलाई**

(मूलका ७-९ पङ्क्ति। डिल्लीरमण रेग्मी २०२३ ख:४२ सङ्ख्या = ६९-७० मा यो ताम्रपत्र छापिएको छ। प्रकाशित त्यही पाठलाई मसँग रहेको फोटोसँग रुजू गरी माथिको पाठ दिइएको हो। बिजुलीको तार ताम्रपत्र भएर जाँदा तारको छायाले फोटोमा नदेखिएका अक्षर जति डिल्लीरमण रेग्मीको पाठबाट कोष्ठभित्र राखिएका छन्। नक्षत्रलाई यहाँ **यामे** भनिएको छ, त्यसको अर्थ मलाई लागेन। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि मुहूर्तसम्म मात्र हालिएको छ।)

यहाँ संवत् बुझाउन शब्दद्वारा अङ्क बुझाउने रीतिअनुसार **सागरहरवदनविरिञ्चितनयाकिंतवत्सर** अर्थात् **समुद्र, महादेवका मुख र ब्रह्माकी छोरी अर्थात् सरस्वतीले चिनो लाइएको वर्ष** भनी लेखिएको छ। **सागर** अर्थात् **समुद्र** ४ वटा हुने हुनाले सागरले सामान्यत: ४ बुझाउने भए पनि समुद्र ७ वटा छन् भन्ने पनि धारणा भएकोले होला, सागरले ७ पनि बुझाउने गरेको छ।③ **शिवजीका मुख** बुझाउने **हरवदन** वा यसका पर्यायले ५ बुझाउने कुरा अङ्कनिघण्टुको विषयमा लेख्दा शङ्करमान राजवंशी (२०३१:५८-५९)ले नलेखे पनि④ अरूले भने नलेखेका होइनन्।⑤ **सरस्वती** वा यसका पर्यायले के बुझाउँछ भन्ने कुरा अङ्कनिघण्टुको विषय परेका आधुनिक पुस्तकमा छैन। *अपराजितपृच्छा* भन्ने वास्तुशास्त्रको पुस्तकमा शब्दद्वारा अङ्क बुझाउने शब्दसूची दिँदा **सागर**ले ७, **शम्भुवक्त्र** वा **भवमुखानि** अर्थात् **महादेवका मुख**ले ५ बुझाउने कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ। त्यस शब्दसूचीमा **सरस्वती** वा त्यसको पर्याय नपरे पनि ७ बुझाउने शब्दसूचीमा **कन्या** शब्द परेकोले⑥ ब्रह्माकी छोरी अर्थात् **सरस्वती** वा त्यसका पर्यायले ७ बुझाएको देखिन आएको छ। **अङ्कानां वामतो गतिः** अर्थात् **अङ्कको हिँडाइ बायाँपट्टिबाट हुन्छ** भन्ने सिद्धान्तअनुसार **सागरहरवदनविरिञ्चितनया**ले ने.सं. ७५७ बुझाएको देखिन आएको छ। यस कारण डिल्लीरमण रेग्मी (२०२३ ख:६९)ले यसको संवत् ७५७ भनेको ठीक ठहर्छ।

३९१. डिल्लीरमण रेग्मी २०२३ ख:४२ सङ्ख्यामा मूलको १ पङ्क्ति = ६९-७०।

३९२. उही:१२४ सङ्ख्यामा मूलका ८-९ पङ्क्ति = २६५-२६६।

३९३. यस शिलापत्रमा [डिल्लीरमण रेग्मीको पाठअनुसार] **लोकाकृति** छ।

---

③ दीनेशचन्द्र सरकार २०२१:२३२।

④ शङ्करमान राजवंशीले यो अङ्कनिघण्टु मूलतः गौरीशंकर हीराचंद* ओझा १९७५:१२० बाट उठाएका हुन्, पूर्वसूरिको नाउँ भने लिएका छैनन्।

⑤ दीनेशचन्द्र सरकार २०२१:२३१।

⑥ **इषुविषयतत्त्वेन्द्रियधृषणशम्भुवक्त्रक्षेत्राणि।**
वास्तुलिङ्गप्रतीतादृतभवमुखानि च पञ्चानाम्॥ [...]
समुद्राद्रिद्वीपनगाः कन्यायक्षस्वरनादखण्डाग्रम्।
ऋषिमुनीन्द्रसप्तलोकसूर्याश्च पातालानि सप्तानाम्॥
(४२ सूत्र। महेशराज पन्त र दिनेशराज पन्त २०६३:१५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोजनदान दिन भास्करदेवद्वारा संस्कारित श्रीहिरण्यवर्णमहाविहारमा रहेका वज्रासन श्री ३ शाक्यमुनिलगायत सबै सङ्घलाई भनी लेखिएको छ।

२६.५.१२. ने.सं. ६६८ (वि.सं. १६०४) पौषकृष्णतृतीया बृहस्पतिवार मघानक्षत्र आयुष्मान्योग[३९४]को निमन्त्रणापत्रमा **श्रीभुवनाकरसस्कारितपशुपतिमहाविहार**[३९५] अर्थात् **श्रीभुवनाकरद्वारा संस्कारित पशुपतिमहाविहार** भनी लेखिएको छ। ने.सं. ६९४ (वि.सं. १६३१) ज्येष्ठकृष्णचतुर्थी शनिवार मघानक्षत्र आयुष्मान्योग[३९६]को निमन्त्रणापत्रमा **श्रीभुवणाकरवर्मसंस्कारितश्रीधर्मकीर्तिमहाविहार ˎ श्रीपशुपतिविहार**[३९७] अर्थात् **श्रीभुवनाकरवर्माद्वारा**

जान कर लाक(२०४१/४२:२०१)ले **यान् इन्स्क्रिप्शन् अफ् एन्.एस्. ८३९ गिभ्ज् द नेम् अफ् द बहीज्**[①] **याज् 'लोककृति-नक विहार'** अर्थात् **ने.सं. ८३९ को एउटा अभिलेखमा त्यस विहारको नाउँ लोककृति-नकविहार दिइएको छ भन्ने लेखी** त्यसको प्रमाणको लागि उनले धनवज्र वज्राचार्यको **मेड्इईभल् इन्स्क्रिप्शन्ज्** अर्थात् **मध्यकालका उत्कीर्ण लेख** आँल्याएका छन् (उही:४९५ मा १ सङ्ख्याको टिप्पणी)। उनले आँल्याएको त्यो उत्कीर्ण लेख हामीले माथि उद्धरण गरेको नै हो भन्ने यताबाट स्पष्ट हुन्छ। **आइ याम् इस्पेश्अल्लि ग्रेट्फुल् टु धनवज्र वज्राचार्य, हू लेट् मी रीड् यान्ड् मेक् यूस् अफ् द मटीरइअल् ही ह्याज् ग्याद्अर्ड् फर् हिज् फोर्थ्कमइङ् वर्क् अन् द मल्ल पीरइअड् इन्स्क्रिप्शन्ज्** अर्थात् **मल्लकालका उत्कीर्ण लेखको विषयमा निस्कन लागेको, आफ्नो पुस्तकको लागि आफूले जम्मा गरेका सामग्री पढ्न र तिनको उपयोग गर्न दिने धनवज्र वज्राचार्यप्रति म खास गरी कृतज्ञ छु** भनी विहारसम्बन्धी आफ्नो यही पुस्तकको प्रिफेस् (प्रस्तावना) (उही:४ पृष्ठ)मा जान कर लाकले लेखेकाले धनवज्र वज्राचार्यको मध्यकालका उत्कीर्ण लेख नछापिँदै उनले हेरेको देखिन्छ। धनवज्र वज्राचार्य परलोक भइसकेपछि छापिएको, ललितपुरका उत्कीर्ण लेखसम्बन्धी, उनको पुस्तक (धनवज्र वज्राचार्य २०५६)मा त्यो उत्कीर्ण लेख नपरे पनि उनले मानेको पाठ **लोककृति** रहेछ भन्ने यताबाट बुझिन्छ।

ने.सं. ७८९ (वि.सं. १७२५) कार्तिककृष्णत्रयोदशीको शिलापत्रमा यस विहारको नाउँ रबिसन शाक्य (२०५८:५ सङ्ख्यामा मूलको ८ पङ्क्ति = २४)ले पढेअनुसार **लोकाकिक्तिनाममहाविहार** छ। उनले शिलापत्रको फोटो पनि दिएको भए पनि उनले **क्ति** पढेको अक्षर फोटोमा त्यति स्पष्ट देखिँदैन (उही: ३८)। ने.सं. १०५५ (वि.सं. १९९२) वैशाखशुक्लतृतीयाको ताम्रपत्रमा रबिसन शाक्य (उही:६३ मा मूलको ३ पङ्क्ति)को पाठअनुसार **लोकाकृर्तिमहाविहार** लेखिएको छ।

जान कर लाक (२०४१/४२:२०१)ले यस विहारको सभ्याचारविशिष्ट नाउँ दिँदा **गर्गदेवसंस्कारित-लोकक्कीर्तिमहाविहार** लेखेकाले उनले **लोकक्कीर्ति** पाठ मानेको देखिन्छ। हेराकाजी वज्राचार्य (२०५७:११०)ले चाहिँ यस विहारको नाउँ **गर्गदेवसंस्कारितलोकाकीर्तिमहाविहार** लेखेका छन्। रबिसन शाक्य (२०५८:२५)ले छोटकरीमा लेख्दा यस विहारको नाउँ **लोकाकीर्तिमहाविहार** दिएका छन्।

३९४. माथि ३८८ सङ्ख्याको टिप्पणी हेर्नू।

३९५. सुरेशज्योति शाक्य २०६१ कमा मूलको ३ पङ्क्ति।

३९६. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि त्यो हालिएको छैन।

३९७. सुरेशज्योति शाक्य २०५५ मा मूलको ३ पङ्क्ति। त्यहाँ **भुवणाकार** भएकोमा सुरेशज्योति शाक्य २०६१, उही २०६१ ख र *पलेस्वां* २०५७:५० मा **भुवणाकर** भएकोले त्यो पाठ मैले सकारेको छु, **भुवणाकर**पछि चारै थरी

---

① **बहीज्** भए पुग्नेमा **बहीज्'** र **विहार** हुनुपर्नेमा **विहार'** त्यहाँ छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्क्ररित श्रीधर्मकीर्तिमहाविहार श्रीपशुपतिविहार भनी लेखिएको छ ।

२६.५.१३. ने.सं. ६६८ (वि.सं. १६०४) पौषकृष्णतृतीया बृहस्पतिवार मघानक्षत्र आयुष्मान्योगको निमन्त्रणापत्रमा **श्रीशङ्करदेवसंस्कारितमयुरवर्णमहाविहार**[३९८] अर्थात् **श्रीशङ्करदेवद्वारा संस्कारित मयूरवर्णमहाविहार** भनी लेखिएको छ ।

२६.५.१४. ने.सं. ६९४ (वि.सं. १६३१) ज्येष्ठकृष्णचतुर्थीको ताडपत्रको लिखतमा **राजगतलोकवर्मसस्कारित ।। श्रीपद्मकाष्ट्यगिरिसं गुंविहार**[३९९] अर्थात् **राजगत(?) लोकवर्माद्वारा संस्करित श्रीपद्मकाष्ठगिरिमा गुंविहार** भनी लेखिएको छ ।

२६.५.१५. ने.सं. ७८५ (वि.सं. १७२२) वैशाखशुक्लद्वादशी आदित्यवार उत्तरफल्गुनीनक्षत्र व्याघातयोगको शिलापत्रमा **श्रीछायवहारथाने प्रदेशे श्रीरत्नमुनिसंस्कारितमहाविहार अंगश्रीसाक्यमुनिस्तथागत प्रतिष्ठा याङा दिन**[४००] अर्थात् **श्रीछायबहारस्थान भएको प्रदेशमा श्रीरत्नमुनिद्वारा संस्कारित महाविहार अङ्ग श्रीशाक्यमुनि तथागतको प्रतिष्ठा गरिएको दिन** भनी लेखिएको छ ।

२६.५.१६. ने.सं. ९२७ (वि.सं. १८६४) वैशाखशुक्लचतुर्दशी बृहस्पतिवार चित्रानक्षत्र वज्रयोगमा सारिसिद्धिएको, *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा **लिखित श्रीमानदेवसंस्कारितचक्रमहाविहारधिष्ठितः**

पाठमा आएको **धर्मलाई वर्म** बनाएको छु ।

३९८. सुरेशज्योति शाक्य २०६१ कमा मूलको ६ पङ्क्ति ।

३९९. उही २०५५ मा मूलको २ पङ्क्ति । सुरेशज्योति शाक्य २०५५, उही २०६१, उही २०६१ ख र *पलेस्वां* २०५७:५० मा **राजगत**पछि आएको **लोकधर्म**लाई मैले **लोकवर्म** बनाएको छु ।[①]

सुरेशज्योति शाक्य २०५५ मा मूलको ५ पङ्क्तिमा **श्री कान्तिपुरिदेश शङ्करदेव संस्कारित महाविहारनंत्रर ----संघ सहभोज्य प्रतिष्था ---- ।। शुभ ।।** र *पलेस्वां* २०५७:५० मा त्यही ठाउँमा मिल्दोजुल्दो पाठ अर्थात् **श्री कान्तिपुरी देश (शंकरदेव संस्कारित) महाविहार नं त्तर ..... दिशा दिसंघ सह भोग्य प्रतिस्था शुभ** छ । सुरेशज्योति शाक्य २०६१ र उही २०६१ खमा चाहिँ **श्री कीर्तिपुरि देश पद्मकास्ट गिरि विहार ××××× संघसह भोग्य प्रतिस्था ××××× शुभ** । पाठ छ । अघिल्ला २ पाठ ठीक हुन् भने नाउँमा **संस्कारित** आएको अर्को विहारको अस्तित्व थाहा हुन्छ ।

४००. धनवज्र वज्राचार्य २०५६:९६ सङ्ख्यामा मूलका ४-६ पङ्क्ति = १३५-१३६ ।

धनवज्र वज्राचार्य परलोक भइसकेपछि छापिएको, उनको यस पुस्तकमा परेका अभिलेखका पाठको तह आफ्नो जीवनकालमा उनले प्रकाश गरेका अरूअरू अभिलेखका पाठभन्दा निकै नै तल्लो भएको मैले अनुभव गरेकोले[②] त्यहाँ **संकारित महविहार** र **साक्यमुनिस्तथोगत**° छापिएको भए पनि प्रसङ्गानुरोधले **संस्कारितमहाविहार** र **साक्यमुनिस्तथागत**° बनाएको छु ।

---

① सुरेशज्योति शाक्य २०५५, उही २०६१, उही २०६१ ख, *पलेस्वां* २०५७: परिशिष्ट (ख) २ = ४९-५० मा प्रकाशित ४ थरी पाठमध्ये पहिलो अर्थात् सुरेशज्योति शाक्य २०५५ बढी मूलअनुसारको देखिन्छ । *पलेस्वां* २०५७ मा संवत् ५९४ छापिएको छ । मूल वा त्यसको फोटो आदि मैले देखेको छैन ।

② महेशराज पन्त २०५८ क:६९ ।
उही २०६५:२९२-२९३, २९५ ।[❶]

---

❶ महेशराज पन्त २०६५:२९२ मा ३ सङ्ख्याको टिप्पणीमा, ३०८ मा १८ पङ्क्तिमा २०५७ भएकोमा २०५८ हुनुपर्ने, त्यहीँ १९ पङ्क्तिमा **ई.सं. २००० (वि.सं. २०५७)** भएकोमा **ई.सं. २००२ (वि.सं. २०५८)** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीवज्राचार्यज्ञाजणग्लन संपूर्णमिति[४०१] अर्थात् **श्रीमानदेवद्वारा संस्कारित चक्रमहाविहारमा बस्ने श्रीवज्राचार्य ज्ञाजणग्लले पूरा गरी सारे**, ने.सं. ९५६ (वि.सं. १८९३) नष्टआषाढद्वादशीको दिन सारिसिद्धिएको, *अष्टमीव्रतमाहात्म्य*को पुष्पिकामा **लिखितं ललितपतने श्रीमानदेवसंस्कारितचक्रमहाविहाराधिवासितवज्राचार्य्यश्रीभिमनलसिंहनाममुटेन**[४०२] अर्थात् **ललितपत्तनमा श्रीमानदेवद्वारा संस्कारित चक्रमहाविहारका बासिन्दा श्रीभीमनरसिंह नाउँ भएका मुट(?)ले सारे**, ने.सं. ९७२ (वि.सं. १९०८) माघशुक्लदशमी शनिवार कृत्तिकाउप्रान्त रोहिणीनक्षत्र[४०३]को दिन सारिसिद्धिएको *दशभूमीश्वरमहायानसूत्र*को पुष्पिकामा **लिखितं ललितापुरमहानगरे श्रीमानदेवसंस्कारितचक्रमहाविहारावस्थित-वज्राचार्य्यश्रीमणिदत्तेन संपूर्ण लिखितम्**[४०४] अर्थात् **ललितापुर महानगरमा श्रीमानदेवद्वारा संस्कारित चक्रमहाविहारका बासिन्दा वज्राचार्य श्रीमणिदत्तले पूरा सारे**, त्यही मितिमा सारिसिद्धिएको *लङ्कावतार*को पुष्पिकामा **लिखितं ललितापुर-महानगरे श्रीमानदेवसंस्कारितचक्रमहाविहारावस्थितवज्राचार्य्यश्रीमणिदत्तेन संपूर्ण लिखित**[४०५] अर्थात् **ललितापुरमहानगरमा श्रीमानदेवद्वारा संस्कारित चक्रमहाविहारका बासिन्दा वज्राचार्य श्रीमणिदत्तले पूरा सारे**, फेरि त्यही मितिमा सारिसिद्धिएको *तथागतगुह्यक*को पुष्पिकामा **लिखितं ललितापुरमहानगरे श्रीमानदेवसंस्कारितचक्रमहाविहारावस्थित-वज्राचार्यश्रीलक्ष्मीदत्तेन संपूर्ण लिखितम्**[४०६] अर्थात् **ललितापुर महानगरमा श्रीमानदेवद्वारा संस्कारित चक्रमहाविहारका**

---

४०१. सेसिल बेन्डल १९४०:१४७-१४८ मा याङ्. १६३३ । आफूले पढेको पाठमा उनले लेखकको नाउँमा प्रश्नचिह्न हालेका छन् । त्यस नाउँमा आएको न त **ले** भन्ने अर्थमा आएको हो । **ज्ञाजणग्ल**चाहिँ उनले राम्ररी लिपि नचिन्दा उब्जेको हो जस्तो छ ।

पुराना पुस्तक पढ्दा उनले गल्ती गर्ने गरेको उदाहरणको लागि **राजद्धिराज**लाई **राजद्विराज** (उही:१५५, याङ्. १६४९), **श्रीफानपिङ्गविषयाधिवासिन**लाई **श्रीधानपिङ्गविषयाधिवासिन**① (उही:१८२, याङ्. १६९३) र **अङ्गारदिने**लाई **अञ्जारदिने**② (उही:१९९, याङ्. १७०६) जस्तो औँल्याउन सकिन्छ ।

उत्कीर्ण लेखको, उनले पढेको पाठ त्यति भरपर्दो हुँदैन भन्ने कुराको उदाहरणको लागि ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्णषष्ठी आदित्यवार श्रवणनक्षत्र ऐन्द्रयोग गरकरण विश्वमुहूर्तको कुम्भेश्वरको शिलापत्रमा **संपाल्य** (मूलको ६ पङ्क्ति)लाई **संयातृ** (उही १९४२:८३), **यत्तीर्थेऽपि** (१० पङ्क्ति)लाई **पत्नी – पि (उही:८४)**, **दुरितापह०** (१२ पङ्क्ति)लाई **दूरितापदं** (उही), **बारि सुनिर्म्मलं** (१३ पङ्क्ति)लाई **वारि सुनिर्म्मितं** (उही), **पुण्याब्धिसंभूतो** (१६ पङ्क्ति)लाई **पुण्याद्धि संभूतो** (उही), **गणवर्म्मणोऽसौ** (१७ पङ्क्ति)लाई **गुणवर्म्मणोऽसौ** (उही), **अनंतलक्ष्मीति** (१८ पङ्क्ति)लाई **अनन्तलक्ष्मी** (उही) पढेको औँल्याउन सकिन्छ ।

४०२. शरद* कसा: २०५६:१४ ।

४०३. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि त्यो हालिएको छैन, माथि योग पनि परेको छैन ।

४०४. देवीप्रसाद लंसाल २०२१:४७-४८ ।

४०५. उही:७३-७४ ।

४०६. उही २०२४:७६-८२ । प्रूफको गल्तीले र सम्पादकको कमजोरीले भएका गल्ती सच्याई माथि पाठ दिइएको छ ।

---

① सेसिल बेन्डल (१९४०:१८२)ले **फानपिङ्ग**लाई **धानपिङ्ग** पढेका छन् भनी लूछ्याहो पेतेक (२०४०:६३ मा ७ सङ्ख्याको टिप्पणी)ले लेखिसकेका छन् ।

② लूछ्याहो पेतेक (उही:९५)ले **अङ्गारदिने** पढेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बासिन्दा वज्राचार्य **श्रीलक्ष्मीदत्तले पूरा सारे** र ने.सं. १०३१ (वि.सं. १९६७) माघशुक्लषष्ठी आदित्यवारको दिन लेखिसिद्धिएको *गुरुमण्डलपूजा*को पुष्पिकामा **लिखितं मानदेवसंस्कारितचक्रमहाविहारया श्रीवज्राचार्य्य वज्रराजन**[४०७] अर्थात् **मानदेवद्वारा संस्कारित चक्रमहाविहारका श्रीवज्राचार्य वज्रराजले सारे** भनी लेखिएको छ ।

२६.५.१७. ने.सं. ९५९ (वि.सं. १८९५) चैत्रपूर्णिमा शुक्रवार उत्तरफल्गुनीनक्षत्र वृद्धियोगको,[४०८] ललितपुर हबहालको शिलापत्रमा **श्री ३ लक्ष्मिकल्याणवर्मण संस्कारितलक्ष्मिवर्णमहाविहार**[४०९] अर्थात् **श्री ३ लक्ष्मीकल्याणवर्माद्वारा संस्कारित लक्ष्मीवर्णमहाविहार**, ने.सं. ९८१ (वि.सं. १९१७) माघकृष्णतृतीया बुधवार हस्तनक्षत्र शूलउप्रान्त गण्डयोगको[४१०] हबहालको शिलापत्रमा **ललितापुरमहानगरान्तर्वर्तिश्रीलक्ष्मीकल्याणवर्मण संस्कारितश्रीलक्ष्मीवर्ण-महाविहारस**[४११] अर्थात् **ललितपुर महानगरभित्र पर्ने, श्रीलक्ष्मीकल्याणवर्माद्वारा संस्कारित श्रीलक्ष्मीवर्णमहाविहारको**, ने.सं. १००० (वि.सं. १९३६) पौष महीनाको कुरा भएको, ने.सं. १०१३ (वि.सं. १९४९/५०)[४१२]को शिलापत्रमा **श्री ३ लक्ष्मीकल्याणवर्मण संस्कारितरत्नाकरमहाविहारस**[४१३] अर्थात् **श्री ३ लक्ष्मीकल्याणवर्माद्वारा संस्कारित रत्नाकरमहाविहारमा** र **श्री ३ लक्ष्मीकल्याणवर्मण संस्कारितरत्नाकरमहाविहारया**[४१४] अर्थात् **श्री ३ लक्ष्मीकल्याणवर्माद्वारा संस्कारित रत्नाकरमहाविहारको** लेखिएको छ ।

२६.६. साढे आठ सय पैंसट्ठी वर्षभित्रका अर्थात् ने.सं. १६५ (वि.सं. ११०२) देखि ने.सं. १०३१ (वि.सं. १९६७)भित्रका, कमसेकम १६ वटा विहार[४१५]सँग सम्बद्ध अभिलेखमध्ये सबभन्दा पुरानो अर्थात्

---

४०७. राजेन्द्रमान वज्राचार्य २०६७ कमा गाभिएको *गुरुमण्डलपूजा*को अन्तिम पृष्ठ ।

४०८. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि त्यो हालिएको छैन ।

४०९. शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य २०६२:४ अपेन्डिक्स = १६० ।

४१०. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि त्यो हालिएको छैन ।

४११. शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य २०६२:५ अपेन्डिक्स = १६१ ।

४१२. यस शिलापत्रको मितिको प्रकाशित पाठअनुसार यस्तो **सम्वत् १०१३ कृष्णमासे शुक्लपक्षे ज्येष्ठभ्यांतिथौः मेघा नक्षत्रेः व्याघात् योगे मंगलवारसरे वृषराशिगते श्री सूर्यसिंह राशिगते चन्दैमशि एतत् दिने** भएकोले शिलापत्र राख्नेले पूरै मिति दिए पनि शिलापत्र पढ्नेले अत्यन्त भ्रष्ट तरीकाले पढेकोले र यस शिलापत्रको मूल वा फोटो आदि आफूले नहेरेकोलें महीना र तिथि निर्क्योल्न सकिएन ।

४१३. शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य २०६२:६ अपेन्डिक्स = १६२ ।

४१४. उही ।

४१५. वास्तवमा १७ वटा विहारको नाउँमा **कारित** वा **संस्कारित** आएको छ । माथि § २६.५.५ मा चर्चित **जयमनोहर-वर्ममहाविहार** र § २६.५.७ मा चर्चित **श्वक्वेविहार** एउटै हुन् ।① अघिल्लोलाई **इन्द्रदेवसंस्कारित** र पछिल्लोलाई

---

① ने.सं. ६५६ (वि.सं. १५९३) वैशाखपूर्णिमा शुक्रवार विशाखानक्षत्र परिघयोगको शिलापत्रमा **श्रीइन्द्रदेवसंस्कारितजयमनोहर-माहाविहारः श्रीशस्वकवाहार** र ने.सं. ६६६ (वि.सं. १६०३) आषाढशुक्लसप्तमीउप्रान्त अष्टमी आदित्यवारको शिलापत्रमा **श्रीइन्द्रदेवसंस्कारित श्रीशल्कोविहार** लेखिएको र यस पुष्पिकामा आएको **श्वक्वेविहार**मा नामसादृश्य भएकोले मैले एकै हो भनी लेखेको हुँ । लूछ्याहो पेतेक (२०४०:८३ मा ३ सङ्ख्याको सामग्री, ९५ को सामग्री, ९७ मा १३ सङ्ख्याको सामग्री)को पनि यही विचार छ र यो सुबहाल हो भनी उनी भन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. १६५ (वि.सं. ११०२) श्रावणशुक्लदशमी शुक्रवारको पुष्पिकामा पद्मचक्रमहाविहारलाई, ने.सं. २१८

...**हमालदेवकारितं** भनिएको छ। ने.सं. ३७९ (वि.सं. १३१५) कार्तिककृष्णद्वितीयामा युवराजको रूपमा देखिएका जयशीह मल्ल② भन्दा ठीकअगाडि राजा हुने जयभीमदेवको सबभन्दा पछिल्लो सामग्री ने.सं. ३९० (वि.सं. १३२६) पौषशुक्लद्वादशी आदित्यवार③को पाइएको र ने.सं. ३९१ (वि.सं. १३२८) आश्विनदशमी④ मङ्गलवारको दिन सारिसिद्धिएको यस *खड्गपूजाविधि*मा राजाको नाउँमा अघिल्ला अक्षर नष्ट भई **हमालदेव** मात्र बाँकी रहेका राजा **जयशीह मल्ल**⑤ नै हुन् भन्ने लूछ्याह्लो पेतेक(२०४०:९५)को भनाइ ठीक ठहर्छ⑥। *खड्गपूजाविधि*को यस पुष्पिकाभन्दा ५३ वर्षअगाडिको तथा १३ वर्ष ५ महीना, २६४ वर्ष ७ महीना र २७४ वर्ष

---

② उही २०४०:९५। युवराज जयशीह मल्लको कुरा *गोपालराजवंशावली* भनी आजभोलि कहलिएको इतिवृत्तमा ३६ क पत्रमा आउँछ भनी उनले लेखेका छन्, वास्तवमा यो कुरा ३६ ख पत्रमा छ।

③ उही २०४०:९४ मा ७ सङ्ख्याको सामग्री।

④ मूलमा पक्ष नष्ट छ।

⑤ *गोपालराजवंशावली* भनी कहलिएको टिपोटमा यी राजाको नाउँ **जयशीहमल** भनी लेखिएको छ। यही नाउँसँग धेरै मिल्दोजुल्दो नाउँ अरू १३ पटक त्यस टिपोटमा आएको छ। खुलाएर भन्दा **जयशीह**° ६ पटक (२६ क पत्रको ३ पङ्क्ति, ३५ क पत्रको २ पङ्क्ति, ३६ ख पत्रको २ पङ्क्ति, ३६ ख पत्रको ३ पङ्क्ति, ३७ क पत्रको ३ पङ्क्ति, ३८ क पत्रको १ पङ्क्ति), **जयसीह**° ४ पटक (३५ ख पत्रको १ पङ्क्ति, ३६ क पत्रको १ पङ्क्ति, ३६ क पत्रको ३ पङ्क्ति, ३९ क पत्रको १ पङ्क्ति❶), **जयशि**° १ पटक (३२ ख पत्रको २ पङ्क्ति), **जयशी**° १ पटक (३८ ख पत्रको ५ पङ्क्ति) र **जयसी**° १ पटक (४० क पत्रको २ पङ्क्ति), **जशि**° १ पटक (३७ क पत्रको २ पङ्क्ति) त्यहाँ देखिएको छ।

त्यस टिपोटमा अन्यत्र पनि **शीहदेव** (३१ ख पत्रको १ पङ्क्ति) वा **सीहदेव** (३१ क पत्रको ३ पङ्क्ति र ३१ ख पत्रका २, ३-४ पङ्क्ति) राजाको नाउँमा आएको छ। यही नाउँ तात्कालिक लेखमा कहीं **शीहदेव**❷ (लूछ्याह्लो पेतेक २०४०:५३ मा ५ सङ्ख्याको सामग्री) र **सीहदेव** (योगेश राज २०५७) भई आएको छ।

संस्कृतको **सिंह** प्राकृतमा **सीह** पनि हुन्छ (*प्राकृतप्रकाश* ३।१७, *सिद्धहेमशब्दानुशासन* ८।१।२९ र ९२, *प्राकृतचन्द्रिका* ३।९०। रिशर्द पिषल २०३८: §§ ७६, २६७ = ८३-८४, २१८-२१९ = हेमचन्द्र जोशी २०१५:१४३-१४५, ३८२-३८४ पनि हेर्नू।

श स र दीर्घ ह्रस्वमा खास खयाल नराख्दा र अन्त्यको अक्षर हराउँदा **सिंह**बाट उत्पन्न **सीह** कतै **शीह, सिह, सीह, शी, सी** भई अनेक रूपको बनेको छ।

हामीलाई अहिले खायस परेको, अगाडिका अक्षर नष्ट भई **हमालदेव** मात्र बाँकी भएको नाउँमा अक्षरपूर्ति गर्दा लूछ्याह्लो पेतेकले ठाने जस्तो **जयशी** नलेखी **जयसी** लेख्नु उपयुक्त हुन्छ।

यी राजाको थर प्रकृत पुष्पिकामा **माल** लेखिएको छ। *गोपालराजवंशावली* भनी कहलिएको टिपोटमा १ ठाउँमा यसैसँग मिल्दोजुल्दो एउटा नाउँमा **माल** थर आएको छ (३७ क पत्रको २ पङ्क्तिमा **श्रीजशिमाल**)। ने.सं. ३६४ (वि.सं. १३०१) वैशाखशुक्लचतुर्थीको एउटा शिलापत्रमा राजा **अनर्घमल्ल**लाई **अणर्घमाल** लेखिएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ (योगेश राज २०५५)। यो **मल्ल**को अपभ्रंश हो र यो रूप पुरानो गुजरातीमा तथा अझसम्म पनि असमिया, बङ्गाली, भोजपुरी र हिन्दीमा चलेको छ (राल्फ लिली टर्नर २०२३:९९०७ शब्दसङ्ख्या)।

---

❶ धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल (२०४२:४७)ले यहाँ **श्रीजयशीहमलदेव** पाठ दिएका छन्, वास्तवमा मूलमा **शी** नभई **सी** छ। उनीहरूले छपाएको, यस पत्रको फ्याक्सिमिलि हेर्नू। यसको संशोधन मैले अन्त गरिसकेको छु (महेशराज पन्त २०४४:२०)।

❷ लूछ्याह्लो पेतेक (२०४०:५२ मा १ सङ्ख्याको सामग्री)ले **सिहदेव** पढेका छन्। वास्तवमा मूलमा **शीहदेव** छ (जेस्पर ट्रिअर २०२९:१२१ सङ्ख्याको प्लेट)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(वि.सं. ११५५) आश्विनकृष्णअष्टमीको पुष्पिका र ने.सं. ५२० (वि.सं. १४५७) भाद्रशुक्लचतुर्थीको

९ महीनापछाडिका सामग्रीमा इन्द्रदेवद्वारा **संस्कारित** भनी कहलिएको विहार *यन्त्र खड्गपूजाविधि*मा तात्कालिक राजाद्वारा **कारित** भनिएको छ।

यी इन्द्रदेव ने.सं. २४७ (वि.सं. ११८४) आषाढकृष्णअष्टमीदेखि ने.सं. २५६ (वि.सं. ११९२) कार्तिकशुक्लपञ्चमी[7]सम्मका सामग्रीमा राजाको रूपमा देखिएका इन्द्रदेव[8] नै हुन् भने यिनको र जयसीह मल्लको

⑥ ने.सं. २७४ (वि.सं. १२१०)मार्गकृष्ण[3]मा बाबु बनेका **जयशिमल** (*गोपालराजवंशावली* ३२ ख पत्रका १-२ पङ्क्ति)-देखि ने.सं. ४०८ (वि.सं. १३४४) मार्गशुक्लप्रतिपदाको दिन परलोक भएका **जयशीमल** (उही:४० क पत्रको २ पङ्क्ति)सम्म १३४ वर्षको अन्तरालमा देखिएका, उही नाउँ भएका, यी राजा वा राजकुमार एकै हुनु सम्भव छैन।

ने.सं. २७४ (वि.सं. १२१०)मा बाबु भएका **जयशिमल** (उही:३२ ख पत्रका १-२ पङ्क्ति) १, ने.सं. ३२६ (वि.सं. १२६२)[4]मा बाबु भएका **जयसीहमल** (उही:३५ ख पत्रको १ पङ्क्ति) २, ने.सं. ३४९ (वि.सं. १२८६) वैशाखकृष्णनवमीमा जन्मेका **जयशीहमल** (उही:३५ क पत्रको २ पङ्क्ति) ३, ने.सं. ३५४ (वि.सं. १२९०) कार्तिककृष्णएकादशीमा अभयमल्लका छोरा भई जन्मी (उही: ३४ क पत्रको ५ पङ्क्ति - ३४ ख पत्रको १ पङ्क्ति) ने.सं. ४०८ (वि.सं. १३४४)मार्गशुक्लप्रतिपदामा परलोक भएका (उही: ४० क पत्रको २ पङ्क्ति) **जयसीमल** ४ गरी उही नाउँ भएका यिनीहरू ४ जना भिन्नाभिन्नै मानिस हुन् भन्ने अर्थ ज्ञानमणि नेपाल (२०६२:१६२)को लेखाइबाट आउँछ। उनले उही नाउँ भएका मानिस ४ जना भिन्नाभिन्नै हुन् भनी छुट्ट्याएकोमा अघिल्ला ३ जनाको निर्क्योल पूरै ठीक छ, चौथा भनी उनले छुट्ट्याएकोमा चाहिँ पूरै विप्रतिपत्ति उठाउन सकिन्छ।

कुरा के भने **चौथा चाहिँ ने.सं. ३५४ मा जन्मेका अभयमल्लका छोरा थिए र युवराज भएर चौवन्न वर्ष बाँचेर ने.सं. ४०८ मा परलोक भएका थिए भन्ने मैले मानेको छु** भनी ज्ञानमणि नेपालले लेखेको कुरा पूरै हावादारी हो।

पहिलो त, अभयमल्लका छोरा जन्मेको साल भनी उनले मानेको संवत् **ने.सं. ३५४** नभई **ने.सं. ३२४** हो। यस विषयमा मैले भण्डै २६ वर्षअगाडि १ पटक (महेशराज पन्त २०४३:३८-३९ मा ३३ सङ्ख्याको टिप्पणी), १० वर्षअगाडि अर्कोपटक (उही २०५८:३९-४१ मा १८ सङ्ख्याको टिप्पणी) गरी २ पटक प्रसङ्गवश खुलाएर लेखिसकेको छु।

दोस्रो, ज्ञानमणि नेपालले नै आफ्नो अघिल्लो पुस्तक (ज्ञानमणि नेपाल २०५४:१३६ मा ५ सङ्ख्याको टिप्पणी)मा लेखे जस्तै, **परन्तु मूल वाक्य 'अभय मल्लका .... छोरा [...] जन्मे' भन्ने कुरा मात्र स्पष्ट भन्न सकिन्छ। जन्मने राजाको नाम किटेर भन्न सकिंदैन**। मूल पुस्तक अर्थात् *गोपालराजवंशावली* भनी कहलिएको टिपोटको ३४ क पत्रको पछिल्लो पङ्क्तिमा **सम्वत् ३२४ कार्त्तिककृष्णएकादशी श्रीअभय**पछिका केही अक्षर मेटिएर गएकाले पढ्न सकिँदैनन् र त्यसपछि अर्को पातो (३४ ख)मा **स जात ৲ राजा अस्तवर्ष ५४ माषशुदि ५ ॥ ॥** लेखिएको छ। त्यस टिपोटको, ने.सं. ३२४ लाई ३५४ पढ्दा ने.सं. ४०८ मा बितेका **जयशीमल**को आयु त्यहाँ लेखेअनुसार ५४ वर्ष (४०८-३५४ = ५४) आए पनि अभयमल्लका छोरा भनी ज्ञानमणि नेपाल (२०६२:१६२)ले ठानेका **जयसीमल** माघशुक्लपञ्चमीको दिन परलोक हुन्छन्, उता अर्का **जयसीमल**चाहिँ मार्गशुक्लप्रतिपदाको दिन परलोक हुन्छन् (४० क पत्रको २ पङ्क्ति)। अझ ने.सं. ४०८ मा बितेका **जयसीमल**मा राजा वा राजोचित विशेषण लागेको छैन, उता अभय मल्लको नाउँपछि आएकालाई चाहिँ राजा भनी लेखिएको छ। यस कारण अभयमल्लको नाउँ दिई लेखिएका, नाउँचाहिँ मेटिएका कुमारलाई ज्ञानमणि नेपालले ने.सं. ४०८ मा परलोक भएका **जयसीमल** माने पनि प्रमाणकोटिमा त्यो चढ्दैन।

⑦ इन्द्रदेवको विषयमा लेख्दा **वि.सं. ११८४ देखि ११९३ सम्मका यिनका पालामा लेखिएका ग्रन्थ पाइएका छन्** भनी ज्ञानमणि नेपाल (२०६२:९९)ले लेखेका छन् र त्यसको प्रमाणको लागि लूछ्याहो पेतेकले उद्धरण गरे जति पुष्पिकाको आधार

❸ मूलमा पक्षसम्म मात्र देखिन्छ।

❹ ने.सं. ३२६ पौषशुक्लत्रयोदशीको घटना यो भएकोले वि.सं. मा बदल्न ९३६ जोडे (३२६ + ९३६ = १२६२) पुग्नेमा ज्ञानमणि नेपाल(२०६२:१६२)ले ने.सं. ३२६ (वि.सं. १२६३) लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिखितमा यशोधरवर्ममहाविहारलाई, मिति नष्ट भइसकेको तर ने.सं. ३३६ (वि.सं. १२७३) आश्विनदेखि ने.सं. ३७५ (वि.सं. १३१२) आषाढभित्रको भनी सिद्ध गर्न सकिने पुष्पिकामा सिंहदेवमहाविहारलाई र ने.सं. ३९१ (वि.सं. १३२८) आश्विनको दशमीको पुष्पिकामा श्वक्वेविहारलाई फलानाद्वारा **कारित** भने पनि अरू अभिलेखमा चर्चा गरिएका, अरू विहारलाई भने फलानाद्वारा **संस्कारित** भनिएको छ। खास गरी पुराना पुराना सन्दर्भमा फलानाद्वारा **कारित** भनिएकोले पहिले पहिले **कारित** भन्ने गरेकोमा पछि पछि **संस्कारित** भन्ने गरेको जस्तो देखिन गएको छ।

२६.७. हामीले समाधान गर्न नसकिरहेको **संस्कारित**को अर्थ ने.सं. ७९२ (वि.सं. १७२८) माघशुक्लत्रयोदशी बृहस्पतिवार पुनर्वसूनक्षत्रको एउटा शिलापत्रको आधारमा गर्न सकिन्छ जस्तो मलाई लाग्छ। त्यहाँ **स एव मानिग्रया उत्तरस ‿ ब्रह्मचर्य्यभिक्षु श्रीशुनश्रीमिश्रन दयका श्रीयंपिविहारिस ब्रह्मचर्य्यभिक्षु श्रीशुनश्रीमिश्रस वंशभिक्षु श्रीनाथसिंह थ्वया पुत्र श्रीनुगुसिंह थ्वया पुत्र श्रीभानुदेव जुलो**[४१६] अर्थात् **त्यही माणिग्लको उत्तरपट्टि ब्रह्मचर्यभिक्षु श्रीसुनयश्रीमिश्रले बनाएको श्रीयंपिविहारमा ब्रह्मचर्यभिक्षु श्रीसुनयश्रीमिश्रको वंशका भिक्षु श्रीनाथसिंह, उनका छोरा श्रीनुगुसिंह, उनका**

राज्यकालको बीचमा १३५ वर्षको अन्तर छ र यी २ राजाको बीचमा कमसेकम अरू १३ जना राजा हुन्छन्।[⑨] लूछ्याह्लो पेतेक (२०४०:९५)ले लेखे जस्तै, अन्त पाइने, फलानाको **विजयराज्ये** भन्ने शब्द यहाँ नभई उनको हुकूमद्वारा बनाइएको विहार भन्ने मात्र छ। **राजाधिराजपरमेश्वरश्रीजयशीहमालदेवस्य विजयराज्ये श्रीइन्द्रदेवकारितश्वक्वे-विहारश्रीभिक्षुदेवमना लिखितं** हुनुपर्नेमा लेख्दा बीचका **स्य विजयराज्ये श्रीइन्द्रदेव** टुटी **राजाधिराजपरमेश्वर-श्री[जयशी]हमालदेवकारितश्वक्वेविहारश्रीभिक्षुदेवमना लिखितं** हुन गएकोले यस विहारको निर्माणसँग जयशीह मल्लको सम्बन्ध नभई इन्द्रदेवको मात्र सम्बन्ध भएको भनी तर्क गर्न सकिन्छ।

राजाधिराजपरमेश्वरश्री---मालदेवकारितं। श्वक्वेवेहार श्रीभिक्षुदेवमना लिखितं भन्ने यस वाक्यलाई अर्को दृष्टिबाट हेर्दा विहारको पूरा नाउँ नदिई बोलीचालीको नाउँ मात्र यहाँ दिइएकोले **श्वक्वेविहार**को विशेषण **कारितं** नभई फलानाले **सारेको** भन्न सार्ने मान्छेको नाउँसँगसँगै **लिखितं** आए जस्तै फलानाले **सार्न लगाएको** भन्न सार्न लगाउने मान्छेको नाउँसँगसँगै **कारितं** आएको हुन सक्छ।

४१६. धनवज्र वज्राचार्य २०५६:१२७ सङ्ख्यामा मूलका १०-१२ पङ्क्ति = १६७-१६८। यही शिलापत्र छत्रबहादुर कायस्थ २०५९:३५-३६ मा पनि छापिएको छ। त्यहाँ पूर्वसूरिको नाउँ लिइएको छैन। त्यहीं यस शिलापत्रको फ्याक्सिमिलि छापिए पनि त्यसबाट पाठनिर्णयमा कुनै मदत मिल्दैन। धनवज्र वज्राचार्यको पाठ र छत्रबहादुर कायस्थको पाठ कहीं कहीं मिल्दैन। मैले धनवज्र वज्राचार्यको पाठअनुसार माथि पाठ दिएको छु। त्यहाँ यस्तो , छापिएकोमा तात्कालिक अभिलेखमा दिइने, यस्तो हालेको छु। फन्ट नभएकोले होला, त्यहाँ र्य्य छापिएकोमा

लिएका छन्। तिनमा सबभन्दा पछाडि *नामसङ्गीति* आउँछ। त्यो पुस्तक ने.सं. २५६ कार्तिकशुक्लपञ्चमीको दिन सारिसद्धिएकोले त्यहाँको ने.सं. लाई वि.सं. मा बदल्न ९३६ जोडे (२५६+९३६=११९२) जोडे पुग्नेमा ज्ञानमणि नेपालले ९३७ जोडेकाले यो गल्ती भएको हो।

⑧ लूछ्याह्लो पेतेक २०४०:५७-५८।

⑨ इन्द्रदेव, मानदेव, नरेन्द्रदेव, आनन्ददेव, रुद्रदेव, अमृतदेव, सोमेश्वरदेव, गुणकामदेव, लक्ष्मीकामदेव, विजयकामदेव, अरि मल्ल, अभय मल्ल, जयदेव, जयभीमदेव र जयशीह मल्ल (लूछ्याह्लो पेतेक २०४०:५७-९६, ज्ञानमणि नेपाल २०६२:९९-१६६)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोरा **श्रीभानुदेव भए** भनी लेखिएको छ। संस्कृतमा **सुनयश्रीमिश्रसंस्कारितयम्पीनाममहाविहार** भनिने विहारलाई नेवारीमा लेख्दा **ब्रह्मचर्य्यभिक्षु श्रीशुनश्रीमिश्रन दयका श्रीयंपिविहारि** अर्थात् **ब्रह्मचर्यभिक्षु श्रीसुनयश्रीमिश्रले बनाएको श्रीयंपिविहार** भनी लेखेकोले **दयका**को उल्था **संस्कारित** भएको देखिएको छ। नेवारीमा प्रेरणार्थक नभएको र संस्कृतमा चाहिँ भएको यताबाट देखिएको छ।

२६.८. राम्रोसँग बनाउन लगाएको भन्ने अर्थमा **सम्** उपसर्ग लगाए पनि भूषणार्थ नहुँदा **सुट्** आगम नभई खालि **संकारित** हुनुपर्नेमा[४१७] **संस्कार** शब्द ज्यादा चल्तीको भएकोले **संस्कारित** लेखेको जस्तो मलाई लाग्छ[४१८]।

२६.९. माथि § २६.५.१ मा चर्चा गरिएको पद्मचक्रमहाविहार गुणकामदेवद्वारा **कारित** (बनाउन लाएको) भने जस्तै जुन जुन विहारमा फलानाद्वारा **संस्कारित** भनिएको छ, ती ती गुणकामदेव जस्तै राजा —आनन्ददेव, इन्द्रदेव, नरेन्द्रदेव, भास्करदेव, रुद्रदेव, शङ्करदेव, शिवदेव आदि— वा ठूलाबडा —काश्यपमिश्र, गोपिचन्द्रमिश्र, गोवर्धनमिश्र, जगत्पालवर्मा, बलधरगुप्त, विद्याधरशर्मा वा °वर्मा, सुनयश्रीमिश्र आदि— भएकाले तिनीहरूको अनुमति लिई वा तिनीहरूको सहयोगमा यी विहार बनाएको देखाउन **संस्कारित** शब्दको प्रयोग भएको जस्तो देखिन्छ।

२६.१०. कुनै कुनै विहारको नाउँ **बलधरगुप्तसंस्कारितबलधरगुप्तमहाविहार, गुणलक्ष्मीसंस्कारितगुणलक्ष्मी-महाविहार** र **गोपिचन्द्रसंस्कारितगोपिचन्द्रमहाविहार** भएकोले कसैकसैले आफैँले आफ्नो नाउँमा विहार बनाउन लागेको पनि देखिएको छ।

२६.११. मानदेवको चाँगुको स्तम्भलेखका आद्य सम्पादक भगवान्लाल इन्द्रजीले त्यस उत्कीर्ण लेखमा आएको एउटा वाक्यमाथि गरेको टिप्पणीमाथि त्यही उत्कीर्ण लेखका दोस्रा सम्पादक सिल्विं लेविले गरेको प्रतिटिप्पणी यस प्रसङ्गमा म सम्झन पुग्छु। कुरा के हो भने आफ्ना पति धर्मदेव अकस्मात् बितेपछि सती जान आँटेकी रानी राज्यवतीले आफ्ना छोरा मानदेवलाई **हे छोरा राज्य गर** भन्न त्यस उत्कीर्ण लेखमा **राज्यम्पुत्रक कारय** भनी लेखिएकोमा सामान्य क्रियापदको प्रयोग नगरी ण्यन्त **कारय**को प्रयोग गर्नु गल्ती हो[४१९] भन्ने भगवान्लाल

मैले र्य्य बनाएको छु। त्यहाँ १ ठाउँमा यस्तो **भिक्षि** छापिएकोमा **भिक्षु** बनाएको छु। त्यहाँ **मित्र** छापिएको भए पनि प्रसङ्गानुरोधले **मिश्र** बनाएको छु।

४१७. माथि § २०.२ मा हेर्नू।

४१८. सिखंमुबहाल, मछिन्द्रबहाल, गंबहाल र इकुबहालको नियमपुस्तकमा सिखंमुबहालको प्रसङ्गमा **श्री रेन्द्रसेन मुनीन्द्रसेन वरचन्द्र त्रिभय सत्कारित श्रीतरुमूलमहाविहारवस्थित श्रीमत श्री श्री देवावतार भट्टारक दीपंकर दिन सप्तत्रिंशत बोधिपाक्षाणां सानुचर भिक्षुराचार्य पासक स्थविरासत स्थवीर प्रमुख सर्वसंघेभ्यो**॥ भनी लेखिएको छ भन्ने कुरा फणिन्द्र* रत्न बज्राचार्य* (२०६४:२१९)ले लेखेका छन्। रचयिताको नाउँसुद्धा शुद्ध नलेखिएको यस लेखमा पुरानो पुस्तकबाट उतार्दा ठाउँठाउँमा गल्ती भएको जस्तो लाग्छ। **संस्कारित**को ठाउँमा यहाँ आएको सत्कारित मूलमुताबिकको हो भने यसको अर्थ **राम्रोसँग बनाउन लाएको** भन्ने हुन्छ।

४१९. द **कज्एटिभ् कारय इज् इम्प्रपर्लि यूज्ड् फर् द सिम्प्ल् भर्ब्**।

(भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७:१६४ मा मूलको दोस्रो पाटोको ८ पङ्क्तिमा टिप्पणी)

(सामान्य क्रियापदको सट्टा ण्यन्त कारयको प्रयोग गल्ती गरी भएको छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इन्द्रजीको भनाइ *रामायणमहाभारत*हरूमा **रामो राज्यमकारयत्** जस्ता वाक्य भेट्टिएकाले **राज्य**सँग ण्यन्त **कारय**को प्रयोग हुने देखिन्छ, यसैले भगवान्लाल इन्द्रजीले गरेको आलोचना ठीक छैन भनी सिल्विं लेविले लेखेको[४२०] । प्रेरणार्थ नहुँदा पनि प्राचीन ग्रन्थमा यसरी ण्यन्त **कृ** धातुको प्रयोग देखिएकोले **संस्कारित**को प्रयोग पनि प्रेरणार्थमा नभई सामान्य अर्थमै भएको हो कि भन्न मन लाग्छ ।

---

४२०. भगवान्लाल् नोत् कोम् यून् आम्प्रोप्रिएते ल्'अँप्ल्वा द्यु कोजातिफ् *कारय* पूर् ल साँप्ल् (२, ८ *राज्यम्पुत्रक कारय*); मे सा क्रितिक् पोर्त् आ फो । ल्'एक्स्प्रेर्श्यों *राज्यं कारय्°* ए कँसाक्रे तु ओ म्वाँ पार् ल भेर् त्रादिश्योनेल् स्युर् ल रेन्य द राम, अतेस्ते आ ला फ्वा अँ सँस्क्री पार् ल रामायण ६, १३०, १०४; ल महा भारत ७, २२४४ (ए. सेएफ्. ३, ११२१९): ल हरिवंश २३५४:

... *रामो राज्यमकारयत्*

ए अँ पालि पार् ल जातक ४६१ (दशरथ ज्°):

... *रामो रज्जमकारयि ।*

ल रामायण अँप्ल्वा आइयर् अँकर् ला मेम् एक्स्प्रेर्श्यों, पे. एक्स्. आ प्रोप्रो द दिलीप (१, ४२, ८ एद्. बम्बे):

... *राजा राज्यमकारयत्*

(सिल्विं लेवि १९६५/६६:३-४)①

(सामान्य क्रियापदको अर्थमा ण्यन्त कारय (दोस्रो पायको ८ पङ्क्ति- राज्यम्पुत्रक कारय)को प्रयोगलाई अनौचित्यको रूपमा भगवान्लाल② टिप्पणी गर्छन्, तर उनको आलोचना गलत छ । राज्यं कारय्° भन्ने भनाइ परम्परीण पद्यहरूद्वारा कमसेकम रामको राज्य[को सन्दर्भ]मा स्थापित छ, संस्कृतमा *रामायण* ६, १३०, १०४; *महाभारत* ७, २२४४ (र ३, ११२१९ सँग तुलना गर्नु); *हरिवंश* २३५४ मा प्रमाणित छ–

रामो राज्यमकारयत्③

र पालिमा ४६१ जातक (*दशरथजातक*)द्वारा

रामो रज्जमकारयि ।

रामायण (१, ४२, ८, बम्बईसंस्करण)मा अन्त अझै उही भनाइ उदाहरणार्थ दिलीपको सन्दर्भमा–

राजा राज्यमकारयत्)④

---

① यसको अङ्ग्रेजी उल्था सिल्विं लेवि २०४३-२०४४:१८ मा ।

② भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर दुवैको संयुक्त नाउँमा त्यो लेख छापिएको भए पनि मूलतः यो लेख भगवान्लाल इन्द्रजीको भएकोले गेओर्ग ब्यूलरको तर्फबाट थपिएको कुरा जति उनका नाउँ र थरका आद्याक्षर अर्थात् जी.बी. लेखी त्यहाँ छुट्ट्याइएको छ । यस अंशमा गेओर्ग ब्यूलरको नाउँ नआएकोले सिल्विं लेविले भगवान्लाल इन्द्रजीको मात्र नाउँ काढेको हो ।

③ पूरा श्लोक यस्तो छ-

दशवर्षसहस्राणि दश वर्षशतानि च ।
अयोध्याधिपतिर्भूत्वा रामो राज्यमकारयत् ।।

(*हरिवंश* ३१।१३८)

④ पूरा श्लोक यस्तो छ-

दिलीपस्तु महातेजा यज्ञैर्बहुभिरिष्टवान् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६.१२. उही विहारको नाउँमा **संस्कारित**को ठाउँमा **संस्थापित**[४२१] आएकोले पनि हाम्रो तर्कमा बढी बल मिलेको छ ।

२६.१३. इटुंबहालको पूरा संस्कृत नाउँ **श्रीभास्करदेवसंस्कारितश्रीकेशवचन्द्रकृतमहाविहार** भएकोले बनाउन लाउनेचाहिँ **भास्करदेव** र बनाउनेचाहिँ **केशवचन्द्र** भन्ने देखिन आएको छ । **श्रीशिवदेवसंस्कारितश्रीरुद्रवर्ममहाविहार** जस्ता नाउँमा बनाउन लाउनेको नाउँ आए पनि कसले बनाएको भन्ने स्पष्ट छैन । त्यस्ता विहारहरूमा **संस्कारित**पछि जसको नाउँ आउँछ, तिनले नै त्यो विहार बनाएको हो, खालि इटुंबहालको नाउँमा जस्तो **कृत** शब्द नलेखी यसले एक प्रकारको मध्यमपदलोपी समासको उदाहरण देखाएको हो कि जस्तो मलाई लाग्छ ।[४२२]

२६.१४. रातो मछिन्द्रको मूल घर भएको बुङ्मतीलाई **नरेन्द्रदेवसंस्कारित** भनी अभिलेखहरूमा लेखिने गरेको

---

४२१. माथि ३२६ सङ्ख्याको टिप्पणी हेर्नू ।

४२२. *धर्मकोशसङ्ग्रह*मा यस्तो

> **तत्र प्रथमं ललितपत्तने विहारसंज्ञासंस्थितानाम्. तत्र प्रथमं विहारद्वात्रिंशत्परिमिता विहाराः सन्ति ।। तत्र प्रथमं माणिक्यगलादाग्नेये कोणभागे शिवदेववर्मसंस्कारितः रुद्रवर्णनामा महाविहारो यत्र श्रीशाक्यसिंहो महाबुद्धो धर्मधातुचैत्यो धर्मधातुमण्डलं विहरति. यो विहारः शङ्खधरकृते एकाङ्के नेपालवत्सरे रुद्रदेवनाम्ना वैश्यवर्येण भिक्षुभूतेन निर्मितः.**
>
> (२१७ पृष्ठ)
>
> **(त्यहाँ पहिले ललितपत्तनमा विहार नाउँले रहेकाहरूको । त्यहाँ पहिले ३२ वटा विहार छन् ।⑤ त्यहाँ पहिले माणिक्यगलबाट आग्नेय (दक्षिणपूर्व) कोणभागमा शिवदेववर्माद्वारा संस्कारित रुद्रवर्ण नाउँ भएको महाविहार छ । जहाँ श्रीशाक्यसिंह महाबुद्ध धर्मधातुचैत्य धर्मधातुमण्डल विहार गर्छन् । जुन विहार शङ्खधरले गरेको (चलाएको) नेपालसंवत् १ मा वैश्यमा श्रेष्ठ, भिक्षु भएका रुद्रदेव नाउँ भएकाले बनाएको हो ।)**

लेखिएकोले कृत शब्द यहाँ अनुच्चरित रूपमा रहेको देखिन्छ ।⑥

त्रिंशद्वर्षसहस्राणि राजा राज्यमकारयत् ।।

(*वाल्मीकिरामायण* १।४२।८)

⑤ यहाँ मूलमा तत्र प्रथमं विहारद्वात्रिंशत्परिमिता विहाराः सन्ति छ, पहिलो विहारको सङ्गति उल्थामा मिलाउन सकिएन । यहाँ उठानका ३ वटा वाक्यको थालनी प्रथमंबाट भएको छ । यस कारण हरेक प्रथमंको उल्था पहिले भनी गर्दा नमिले पनि शब्दशः उल्था गरेकोले पहिले भनी लेखिएको हो ।

⑥ शिवदेवसंस्कारितरुद्रवर्णमहाविहार रुद्रदेवले बनाएको हो भन्ने कुरा *धर्मकोशसङ्ग्रह*मा अन्त पनि आएको छ-

> **तस्मादाग्नेयकोणभागे ललितपत्तननामा महानगरवरो वरीवर्त्ति. श्रीमदार्यावलोकितेश्वरपद्मपाणिना बोधिसत्त्वेन प्रतिपालितश्चतुर्विंशतिसाहस्रिकचातुर्वर्णिकप्रजापरिपूर्णः ।। मणिगलमणिकुमारमणिधारामणिमण्डपमणिमङ्गलभट्टविराजमानः ।। तस्याग्नेयभागे रुद्रदेवनामवैश्यराजेन प्रव्रजितेन विनिर्मितो रुद्रवर्णनामा महाविहारो विराजते ।।**
>
> (१५५ पृष्ठ)
>
> (त्यहाँबाट आग्नेय (पूर्व र दक्षिण) कोणमा शहरहरूमा श्रेष्ठ, ललितपत्तन नाउँ भएको ठूलो शहर छ । श्रीमान् आर्यावलोकितेश्वर पद्मपाणि बोधिसत्त्वले पालना गरिएको, चारै वर्णका २४ हजार प्रजाले भरिएको, मणिगल मणिकुमार मणिधारा मणिमण्डप मणिमङ्गलभट्ट विराजमान भएको । त्यसको आग्नेय (पूर्व र दक्षिण) भागमा रुद्रदेव नाउँ भएका, प्रव्रज्या लिएका वैश्यराजले बनाएको रुद्रवर्ण नाउँ भएको महाविहार छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुराको पनि सम्भना यसै प्रसङ्गमा हुन्छ ।[४२३] राजा नरेन्द्रदेवले कामरूपबाट मत्स्येन्द्र ल्याई बुङ्मतीमा मत्स्येन्द्रपुर बनाई उनले प्रतिष्ठा गरेको अनुश्रुति चलेकोले[४२४] **बनाएको** भन्ने अर्थमा **संस्कारित** शब्दको प्रयोग यहाँ पनि भएको देखिन्छ ।

२७.१. पुराना पुराना अभिलेखमा **केशवचन्द्र** भए जस्तै यस पुष्पिकामा पनि **केशवचन्द्र** नै भएको यस प्रसङ्गमा भन्नुपर्छ ।[४२५]

---

४२३. यस्ता अभिलेख महेशराज पन्त छापिन बाँकीमा समेटिएका छन् ।

४२४. *भाषावंशावली* : ४-१६ ।

४२५. केशव-

१. ने.सं. ५९९ (वि.सं. १५३५) माघशुक्लद्वादशीउप्रान्त त्रयोदशी (फाल्गुन १० गते) पुष्यनक्षत्र आयुष्मान्‌योग[⑦]मा सारिसिद्धिएको *पञ्चरक्षा*को पुष्पिकामा १५४ क पत्रको मूलको ५ पङ्क्ति (महेशराज पन्त २०६२ क:३६-३७, ४२) ।

२. ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी क:१ सङ्ख्या) ।

३. ने.सं. ६१२ (वि.सं. १५४९) आश्विनशुक्लचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:२ सङ्ख्या) ।

४. ने.सं. ××(शतस्थानी र दशस्थानी अङ्क नष्ट भएको)२ द्विराषाढशुक्लसप्तमी बुधवार शिवयोगको,[⑧] शिवसिंहको पालाको अभिलेखमा (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:३) ।

५. ने.सं. ६४९ (वि.सं. १५८५) कार्तिकशुक्लदशमीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क:३ सङ्ख्या) ।

६. ने.सं. ६६० (वि.सं. १५९६) फाल्गुनकृष्णद्वादशी शुक्रवार[⑨] धनिष्ठानक्षत्र सिद्धियोगको ताम्रपत्रमा मूलको ३ पङ्क्ति (मदनसेन वज्राचार्य २०६८:८-९) ।

७. ने.सं. ७०७ (वि.सं. १६४४) श्रावणशुक्ल...को ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क:४ सङ्ख्या) ।

८. ने.सं. ७१४ (वि.सं. १६५१) वैशाखपूर्णिमा बुधवारको शिलापत्रमा मूलको ३ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:४-५) ।

९. ने.सं. ७१८ (वि.सं. १६५५) ज्येष्ठशुक्लतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क:५ सङ्ख्या) ।

---

⑦ मूलमा वार नष्ट छ ।

⑧ मूलमा नक्षत्रको नाउँ नष्ट छ, यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

⑨ आफूले छापेको फ्याक्सिमिलिमा **धनिष्टनक्षत्रे शुक्रवासरे** देखिँदा देखिँदै यस ताम्रपत्रका सम्पादक मदनसेन वज्राचार्य (२०६८:८)ले **पविष्ट नक्षेत्रे शुक्रबारसरे** पढेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७.२. भास्करमल्ल भन्ने ठकुरीका छोरा केशचन्द्रले इटुंबहाल बनाए भनी *केम्ब्रिजवंशावली*-२ मा लेखिएको

१०. ने.सं. ७१९ (वि.सं. १६५५) कार्तिककृष्णदशमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:६ सङ्ख्या)।

११. ने.सं. ७२७ (वि.सं. १६६३) माघकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:७ सङ्ख्या)।

१२. ने.सं. ७३६ (वि.सं. १६७३) भाद्रकृष्णएकादशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५० ख:८३ सङ्ख्या = १०)।

१३. ने.सं. ७४१ (वि.सं. १६७८) चैत्रकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:८५ सङ्ख्या = १२)।

१४. ने.सं. ७४१ (वि.सं. १६७८)भाद्रशुक्लसप्तमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी क:८ सङ्ख्या)।

१५. ने.सं. ७४२ (वि.सं. १६७८) पौषकृष्णद्वितीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:९ सङ्ख्या)।

१६. ने.सं. ७४९ (वि.सं. १६८५) मार्गकृष्णचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही: १० सङ्ख्या)।

१७. ने.सं. ७४९ (वि.सं. १६८५) माघशुक्लद्वादशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही: ११ सङ्ख्या)।

१८. ने.सं. ७४९ (वि.सं. १६८५) माघकृष्णसप्तमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:१२ सङ्ख्या)।

१९. ने.सं. ७५१ (वि.सं. १६८७) फाल्गुनकृष्णषष्ठीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:१३ सङ्ख्या)।

२०. ने.सं. ७५१ (वि.सं. १६८८) चैत्रकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५० ख:८८ सङ्ख्या = १४)।

२१. मिति नष्ट भएको ताम्रपत्रमा मूलको १ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:६)।

२२. ने.सं. ७५२ (वि.सं.१६८९) आषाढशुक्लद्वितीयाको शिलापत्रमा मूलको १ पङ्क्ति (उही:६-७)।

२३. ने.सं. ७८८ (वि.सं. १७२५) वैशाखकृष्णचतुर्थी सोमवार मूलनक्षत्र शिवउप्रान्त सिद्धियोगको⑩ शिलापत्रमा मूलको ५ पङ्क्ति (उही:१०)।

२४. ने.सं. ७८८ (वि.सं. १७२५) वैशाखकृष्णचतुर्थी मूलनक्षत्र शिवउप्रान्त सिद्धियोगको* अर्को शिलापत्रमा मूलका ५-६ पङ्क्ति (उही:१०-११)।

२५. ने.सं. ७९५ (वि.सं. १७३२) आषाढशुक्लअष्टमी आदित्यवार हस्तनक्षत्र✪ परिघयोगको घण्टाभिलेखमा (उही:१३)।

२६. ने.सं. ८२४ (वि.सं. १७६०) चैत्रशुक्लपञ्चमीको पटमा (गौतमवज्र वज्राचार्य २०५९:२८३)।

२७. ने.सं. ८३२ (वि.सं. १७६८) माघशुक्लनवमीउप्रान्त दशमीको शिलापत्रमा मूलको ७ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क: १४-१५)।

---

⑩ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

* यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

✪ यस अभिलेखका सम्पादक सिद्धिरत्न शाक्यभिक्षु (२०६२ क:१३)ले **हर्ष नक्षत्रे** भनी पाठ पढेका छन् र **हर्षनक्षत्र** भनी त्यसको उल्था गरेका छन्। **हर्ष** भन्ने नक्षत्र नहुने भएकोले **हस्त** हो कि भनी मैले संशोधन गरेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८. ने.सं. ९७० (वि.सं. १९०६/७) को घण्टाभिलेखमा (उही:१९)।

२९. ने.सं. ९८३ (वि.सं. १९१९) फाल्गुनशुक्लषष्ठी बुधवार अश्विनीनक्षत्रको ताम्रपत्रमा मूलको ३ पङ्क्ति (उही:२०)।

३०. ह्यागा गहनामा कुँदिएको, ने.सं. १०५३ (वि.सं. १९८९) कार्तिकशुक्लनवमीको अभिलेखमा मूलको १ पङ्क्ति (उही:२५)।

केश-

१. ने.सं. ७८३ (वि.सं. १७१९) चैत्रशुक्लपञ्चमी बृहस्पतिवार मृगशिरोनक्षत्र शोभनयोगको शिलापत्रमा मूलको ८ पङ्क्ति (उही:८)।◎

२. ने.सं. ९७१ (वि.सं. १९०८) वैशाखकृष्णपञ्चमीको दिन सारिसिद्धिएको *वर्षापणविधिसङ्ग्रह*को पुष्पिकामा (पूर्णरत्न वज्राचार्य २०२३ क:३६)।

३. ने.सं. १००३ (वि.सं. १९४०) आश्विनकृष्णप्रतिपदाको ताम्रपत्रमा मूलको २ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:२१)।

४. ने.सं. १०४६ शाके १८४७ वि.सं. १९८२ कलिगताब्द ५०२६ मार्गशुक्लदशमी बुधवारको शिलापत्रमा मूलको ३ पङ्क्ति (उही:२३)।

५. ने.सं. १०४६ (वि.सं. १९८२) मार्गशुक्लदशमी बुधवारको अर्को शिलापत्रमा मूलको ५ पङ्क्ति (उही:२४)।

६. वि.सं. १९९० माघ २ गतेको भैँचालोमा भत्केको आगम जीर्णोद्धार गरी राखिएको अभिलेखमा मूलको १ पङ्क्ति (उही:२६)।

केश भएकोमा ने.सं. ७८३ (वि.सं. १७१९) चैत्रशुक्लपञ्चमी बृहस्पतिवारको शिलापत्र (केशचन्द्र भएको १ सङ्ख्या) छोडेर अरू सबै नयाँ अर्थात् ने.सं. ९७१ (वि.सं. १९०८) वैशाखकृष्णपञ्चमी (केशचन्द्र भएको २ सङ्ख्या)देखिका मात्र छन्।✧ केशव भएकोमा चाहिँ सबभन्दा पछिल्लो, ने.सं. १०५३ (वि.सं. १९८९) कार्तिकशुक्लनवमी (केशवचन्द्र भएको २९ सङ्ख्या)को छ।

◎ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ। ने.सं. ८५२ (वि.सं. १७८८) माघकृष्णदशमीको ताडपत्रको लिखतमा **श्रीमत्कातिपुरमहानग**❶ **श्रीयंम्बुब्रुमायां श्रीकेशचंद्रब**❷**थाने** (महेशराज पन्त २०६० क: मूलको १ पङ्क्ति = ५९-६०) लेखिएको छ। यसमा भएको **श्रीकेशचंद्रबथाने**को **ब**को अर्थ मलाई लागेको छैन। **केशवचंद्रथाने** हुनपर्नेमा **केशचन्द्रवथाने** भएको हो भने यहाँ वर्णविपर्यय भएको छ।

✧ **ने.सं. ७१७ र ७२४ का दुई ताडपत्रमा यस विहारको नाम– क्रमशः भाष्करदेव संस्कारित केशचन्द्रकृत पारावत महाविहार र "श्री केशवचन्द्र कृत पारावत महाविहार ईटुंम्बहार" शब्द उल्लेखित छ** भनी मिलन शाक्य (२०४९:३४)ले लेखेका छन् र त्यसको प्रमाणको लागि यस्तो **चिरन्जीवी प्रभा वज्राचार्य-पूर्ववत ५६ पृ. १२** (उही:३४ मा ६५ सङ्ख्याको टिप्पणी) लेखेका छन्। यो भनेको **चिरन्जीवी प्रभा वज्राचार्य-(अप्रकाशित शोधपत्र) भास्करदेव संस्कारित केश चन्द्रकृत पारावत महाविहार (भाद्र २०४१) [...]** हो (उही:३३ मा ५८ सङ्ख्याको टिप्पणी)। यो थेसिस मैले देखेको छैन। चिरञ्जीवी प्रभा वज्राचार्यले पढेको पाठ ठीक हो भने वा मिलन शाक्यले त्यो पाठ ठीकसँग उतारेको हो भने केशनाउँको पहिलो उल्लेख ने.सं. ७१७ मा आएको यताबाट देखियो।

---

❶ मूलमा रे छुटेको छ।

❷ यस **व**को पेट चिरेको जस्तो देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ।[४२६] **भास्करदेवद्वारा संस्कारित** भनी इटुंबहाल कहलिएकोले त्यस बहालको नाउँबाट चिनिएका **भास्करदेव** र **केशचन्द्रका बाबु** भनी वंशावलीमा लेखिएका **भास्करमल्ल**को आद्यनाम उस्तै भएको यताबाट देखिएको छ।

२७.२.१. नेपालखाल्डोमा राज्य गरिरहेका, कर्णाटवंशी राजा हरिदेवकी छोरीसँग केशचन्द्रको विवाह भएको थियो भनी वंशावलीमा लेखिएको छ।[४२७] वंशावलीमा दिइएअनुसारको, कर्णाटवंशी राजाहरूको समय विचार गर्दै जाँदा जान कर लाक (२०४१/४२:२८७)ले हरिदेव ई.सं. १०८८ (वि.सं. ११४५) तिर हुने ठह्याएका छन् र यहाँ कर्णाटवंशीहरूको राज्य चलेको कुनै प्रमाण नपाइएको र कमसेकम ई.सं. १०४५ (वि.सं. ११०२) देखि ई.सं. १०४७ (वि.सं. ११०४) सम्म राज्य गर्ने भास्करदेव[४२८]लाई नै हरिदेव भनी ठानेको हुन सक्ने तर्क उनले गरेका छन्।

२८. यस पुष्पिकामा **श्रीभास्करदेवसंस्कारित** र **श्रीकेशवचन्द्रकृतमहाविहार**को बीचमा **शनि** पद आएको छ।[४२९] यसभन्दा पछिका अभिलेखमा यही ठाउँमा कहीं **शत्र**[४३०] र कहीं **सत्र**[४३१] आएको छ। **शनि, शत्र** वा **सत्र**ले के

---

४२६. ड्यान्यल राइट १९३३:१६७-१७० र यसको मूल रूप *केम्ब्रिजवंशावली*-२:९२ क-९४ ख पत्रमा यो कथा छ। यसको लागि तल २८०-२८५ पृष्ठ हेर्नू।

४२७. *केम्ब्रिजवंशावली*-२:९३ ख र ड्यान्यल राइट १९३३:१६९।

४२८. राजाको रूपमा भास्करदेवको पहिलो सामग्री ने.सं. १६५ (वि.सं ११०२) श्रावणशुक्लदशमी शुक्रवार (लूछ्याह्रो पेतेक २०४०:४० मा १ सङ्ख्याको सामग्री) र पछिल्लोचाहिँ ने.सं. १६७ (वि.सं. ११०४) आश्विनकृष्णषष्ठी बुधवार (उही:३ सङ्ख्याको सामग्री)को हो।

४२९. हामीले **शनि** पढेको ठाउँमा गौतमवज्र वज्राचार्य (२०३१:९७ = २०३३:४) **इति** पढेका छन्। गौतमवज्र वज्राचार्यकै पाठ सारेकोले जान कर लाक (२०४१/४२:५००)को पाठमा पनि **इति** नै हुने भइहाल्यो। सिद्धिरत्न शाक्यभिक्षु (२०६२ क:ङ)ले गौतमवज्र वज्राचार्यको नामै नलिए पनि उनले त्यही पाठ सारेकाले (माथि २२९ सङ्ख्याको टिप्पणीको १ उपटिप्पणी) **इति** नै हुने भइहाल्यो। गौतमवज्र वज्राचार्यको पाठ सारे पनि त्यहाँ **इति** अप्रासङ्गिक भएकोले होला, ज्ञानमणि नेपाल (२०६२:४९ मा २२ सङ्ख्याको टिप्पणी)ले त्यो पद नै छोडिदिएका छन्।

४३०. १. ने.सं. ५९९ (वि.सं. १५३५) माघशुक्लद्वादशीउप्रान्त त्रयोदशी (फाल्गुन १० गते) पुष्यनक्षत्र आयुष्मान्योग[①]मा सारिएको *पञ्चरक्षा*को पुष्पिकामा १५४ क पत्रको मूलको ५ पङ्क्ति (महेशराज पन्त २०६२ क:३६-३७, ४२)।

२. ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी क:१ सङ्ख्या)।

३. ने.सं. ६१२ (वि.सं. १५४९) आश्विनशुक्लचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:२ सङ्ख्या)।[②]

४. ने.सं. ६४९ (वि.सं. १५८५) कार्तिकशुक्लदशमीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (उही:३ सङ्ख्या)।

---

① मूलमा वार नष्ट छ।

② शङ्करमान राजवंशीले पढेअनुसारको यस लिखतको केही अंश जान कर लाक (२०४१/४२:५०० मा ६० सङ्ख्याको टिप्पणी)ले छपाएका छन्। त्यहाँ **शत्र**को ठाउँमा **सत्त** पाठ दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुझाएको हो, म भन्न सक्दिनँ।

कहीं कहीं त **शत्र/सत्र**को ठाउँमा **शत**[४३२] र **सत**[४३३] र १ ठाउँमा त **सत्**[४३४] पनि आएको देखिएको छ। केम्ब्रिज

---

५. ने.सं. ७४९ (वि.सं. १६८५) माघकृष्णसप्तमीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (उही:१२ सङ्ख्या)।

४३१. १. ने.सं. ६६० (वि.सं. १५९६) फाल्गुनकृष्णद्वादशी शुक्रवार धनिष्ठानक्षत्र सिद्धियोगको ताम्रपत्रको लिखतमा मूलको ३ पङ्क्ति (मदनसेन वज्राचार्य २०६८:८)।

२. ने.सं. ७१९ (वि.सं. १६५५) कार्तिककृष्णदशमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क :६ सङ्ख्या)।

३. ने.सं. ७३६ (वि.सं. १६७३) भाद्रकृष्णएकादशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५० ख:८३ सङ्ख्या = १०)।

४. ने.सं. ७४२ (वि.सं. १६७८) पौषकृष्णद्वितीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी क:११ सङ्ख्या)।

५. ने.सं. ७४९ (वि.सं. १६८५) मार्गकृष्णचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही: १० सङ्ख्या)।

६. ने.सं. ७४९ (वि.सं. १६८५) माघशुक्लद्वादशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही: ११ सङ्ख्या)।

७. ने.सं. ७५१ (वि.सं. १६८७) फाल्गुनकृष्णषष्ठीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही:१२ सङ्ख्या)।

८. ने.सं. ७५१ (वि.सं. १६८८) चैत्रकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५० ख:८८ सङ्ख्या = १४)।③

४३२. ने.सं. ७८३ (वि.सं. १७१९) चैत्रशुक्लपञ्चमीको शिलापत्रमा मूलको ८ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२)।

४३३. १. ने.सं. ७१८ (वि.सं. १६५५) ज्येष्ठशुक्लतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क:५ सङ्ख्या)।

२. ने.सं. ७१४ (वि.सं. १६५१) वैशाखपूर्णिमा बुधवारको शिलापत्रमा मूलको ३ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:४-५)।

३ ने.सं. ७८८ (वि.सं. १७२५) वैशाखकृष्णचतुर्थी मूलनक्षत्र शिवउप्रान्त सिद्धियोगको④ शिलापत्रमा मूलका ५-६ पङ्क्ति (उही:१०-११)।⑤

---

③ **ने.सं. ७५१ चैत्रकृष्णतृतीया**को ताडपत्रलाई एकपटक **ने.सं. ७४१ चैत्रकृष्णतृतीया**को र अर्कोपटक **ने.सं. ७५१ चैत्रकृष्णतृतीया**को भनी एकपटक त्यही दशस्थानी अङ्क ५ लाई ४ पढी त्यही लिखत २ पटक छपाएछु। यस कारण ८५ सङ्ख्या (महेशराज पन्त २०५० ख:११-१२) र ८८ सङ्ख्या (उही:१४) उही लिखतका पाठ हुन् भन्ने कुरा मैले पछि थाहा पाएँ (उही २०६७ क:२७ मा ३ सङ्ख्याको टिप्पणी)।

④ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

⑤ ने.सं. ७५२ (वि.सं. १६८९) आषाढशुक्लद्वितीयाको शिलापत्रको पाठ दिँदा सिद्धिरत्न शाक्यभिक्षु (२०६२:६-७)ले यस्तो **भास्कदेव सस्कारितस्य, सेत श्री केशवचद्रकित पावत महाव्यवहालिक, येतुं बाहार येथलड०हे** (मूलका १-२ पङ्क्ति) पढेकाले यस शिलापत्रमा **सेत** पाठ भएको देखिन गए पनि यो पाठ अन्यत्र कहीं नआएकोले र देवनागरीमा छापिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुगेको एउटा नेपाली लेखोट पुस्तकमा दानपतिको वतन खुलाउँदा यसै गरी **भास्करदेवसंस्कारित** र **श्रीकेशवचन्द्रकृत**को बीचमा **सत** आएको देखेर सेसिल बेन्डल (१९४०:५०)ले **सत**पछि **सिक्** अर्थात् **यस्तै छ** लेखेको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

ताडपत्रका कुनै कुनै लिखतमा त **शक्र** आएको पनि देखिएको छ।[४३५] केशवचन्द्र इटुंबहालइलाकाको राजा भएको अनुश्रुति भएकोले[४३६] र **शक्र** शब्दको अर्थ **इन्द्र** भएकोले उनको नाउँमा देवराजोचित विशेषण लागेको पनि हुन सक्छ।

२९. यस पुष्पिकामा १ ठाउँमा **सुवर्ण्णपनालीयनवग्रहस्थाना** भनी लेखिएको छ। यसको शब्दार्थ गर्दा **सुवर्णप्रणालीको नवगृहस्थान** भन्ने हुन्छ। ठहिटीटेलको, अहिलेको चैत्यमुनि पहिले सुनधारा थियो, त्यही धारा पुरेर त्यो चैत्य उभ्याइएको हो भन्ने भनाइ छ।[४३७] काठमाडौँ शहर **थ:ने** र **को:ने** अर्थात् **माथिल्लो** र **तल्लो** भागमा बाँडिएको

---

४. नेसं. ८३९ (विसं. १७७६) भाद्रशुक्ल...मा सारिसिद्धिएको *धारणीसङ्ग्रहमा* (सेसिल बेन्डल १९४०:४९-५०)।

४३४. ने.सं. ७८८ (वि.सं. १७२५) वैशाखकृष्णचतुर्थीको शिलापत्रमा मूलको ५ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६२ क:१०-११)।

४३५. १. ने.सं. ७०७ (वि.सं. १६४४) श्रावणशुक्ल...मा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी क: ४ सङ्ख्या)।

२. ने.सं. ७२७ (वि.सं. १६६३) माघकृष्णतृतीयाकोमा मूलको १ पङ्क्ति (उही:७ सङ्ख्या)।

३. ने.सं. ७४१ (वि.सं. १६७८)भाद्रशुक्लसप्तमीकोमा मूलको १ पङ्क्ति (उही:८ सङ्ख्या)।

४३६. मेअरी एम. एन्डर्सन [२०२७/२८] २०३३/३४:२५५।
गौतमवज्र वज्राचार्य २०६१:१०८-१०९।

४३७. ठहिटीको ठूलो चैत्यको, ने.सं. १००० (वि.सं. १९३६) फाल्गुनशुक्लद्वितीया बुधवार उत्तरभद्रानक्षत्र शुभयोगको⑥ शिलालेखमा यस्तो लेखिएको छ –

[...] ह्मापा सुवर्ण्णपनारि थहिटि तोकपुयगु सम्वत ५५२ म्ति वैशाषशुक्र ३⑦ रोहिनीनक्षत्र सुकर्मजोग बुद्धवार षुनु

पाठ सार्दा पनि उनले थुप्रै गल्ती गरेको देखिएकोले (धनवज्र वज्राचार्य २०२२:३३-३५ सँग सिद्धिरत्न शाक्यभिक्षु २०६२:१-२ भिडाउनू) **सत**लाई उनले **सेत** पढ्नु असम्भव छैन।

⑥ तीर्थलाल न:घ:भनी (राजभण्डारी) (२०४९:१३०-१३१)ले यस शिलापत्रको संवत् ने.सं. १००१ वि.सं. १९३८ भनी दिएका छन्। उनकै लहलहैमा लागि मैले (महेशराज पन्त २०६१ क:३१)मा ने.सं. १००१ (वि.सं. १९३८)को ठहिटीको शिलापत्र (उही:१२ उपटिप्पणी) भनी लेखेँ र त्यसको टिप्पणीमा तीर्थलाल न:घ:भनी (राजभण्डारी) २०४९:१३०-१३१। त्यहाँ शिलापत्रको महीना आदि नदिई खालि ने.सं. मात्र दिएर त्यसलाई वि.सं. मा परिवर्तन गरिएको छ भनी लेखेँ। अहिले त्यस शिलापत्रको, लक्ष्मीपति-नयराजसङ्ग्रहमा रहेको रबिङ हेर्दा यसको मिति यस्तो **सम्वत् १००० म्ति फार्गुणमासे शुक्लपक्षे द्वितीयायां तिथौ उत्रभद्रनक्षत्रे शुभयोगे यथाकर्ण्णमुहूर्ते बुधवारे** (मूलका २५-२६ पङ्क्ति) भएकोले यो शिलालेख वि.सं. १९३६ को ठहरियो।

⑦ तीर्थलाल न:घ:भनी (राजभण्डारी) (२०४९:१३०-१३१)ले यस शिलापत्रको १ अंशको पाठ दिँदा उनले **सम्वत ५५२ मिति वैशाख शुक्र रोहिणी नक्षत्र सुकर्म जोग बुधबारकुह्नु** पढेकाले मैले (महेशराज पन्त २०६१ क:३१) ने.सं. ५५२ (वि.सं. १४८९) वैशाखशुक्ल रोहिणीनक्षत्रमा सुकर्मयोग बुधवारको दिन (उही:१२ उपटिप्पणी) भनी लेखेँ र त्यसको टिप्पणीमा **मूलमै छुटेर हो कि किन हो**, तीर्थलाल न:घ:भनी (राजभण्डारी) २०४९ मा तिथि दिइएको छैन भनी लेखेँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वेलामा त्यस धारालाई **थँहिति** अर्थात् **माथिल्लो** [भागको] **धारा** भन्ने गरिन्थ्यो । जैसीदेवलबाट पश्चिमपट्टि ओह्रालो लागेपछि एउटा गहिरीधारा आउँछ र त्यस धारालाई अझै पनि **कोहिति** अर्थात् **तल्लो** [भागको] **धारा** भनिँदैछ । **राजमति कुमति**[४३८] बोल भएको नामी गानामा **थ:ने**[४३९]**या थँहिति को:ने**[४३९]**या कोहिति बिचे**[४४०] **लाक मरुहिति**[४४१] अर्थात् **माथिल्लो भागको ठहिटी, तल्लो भागको कोहिटी, बीचमा परेको मरुहिटी** भएको पनि यस प्रसङ्गमा सम्झना आउँछ । त्यही **थँहिति**को संस्कृत नाउँ **सुवर्णप्रणाली** अर्थात् **सुनधारा** थियो र त्यो इलाका पछि **सुवर्णप्रणालीस्थान** भन्ने नाउँले प्रख्यात भयो । यसको सबभन्दा पहिलो उल्लेख ने.सं. ३२७ (वि.सं. १२६४) वैशाखपूर्णिमाको दिन चन्द्रग्रहण लागेको वेलाको मिति भएको दानपत्रमा **श्रीस्वर्णपनारिमहास्थाने** भई आएको छ ।[४४२] यस

पात्र महीन्द्रराजया पर्यस थहिटित्वा बिज्यापुतया सिल्पिकार मेघराज रसिषल अतपानं चैत्य दयकाओ तोकपुल जुल ।। थ्वंलि लोहतं तोकपुओगुया पुस्ताया नाम जीवकी १ मेघराज २ जयराज ३ ××[⑧]तराज ४ मंजुराज ५ तस्य पुत्र संखराज ६ तस्य पुत्र ज्ञानराज ७ थुह्मसिनं जयसूर्यमल्लदेव राजाया पर्यस अतया चैत्ययां पिने लोहतं भुनाओ दयेकाओ तओगु सम्वत् ६४४ बैशाखशुक्ल १२ सुकवार षुनु प्रतिष्ठा यानाओ तओगु दीन जुलो ।। ।। [...][⑨]

(मूलका २-८ पङ्क्तिबाट)

(पहिले सुनधारा ठहिटी पुरी संवत् ५५२ (वि.सं. १४८९) मिति वैशाखशुक्ल ३ रोहिणीनक्षत्र सुकर्मयोग बुधवारको दिन पात्र महीन्द्रराजको पालामा ठहिटीयेल बिज्यापुतका शिल्पकार मेघराज रसिखलद्वारा ईँटले चैत्य बनाई छोपियो । यसपछि ढुङ्गाले छोप्नेको पुस्ताको नाउँ- जीवकी १, मेघराज २, जयराज ३, ××तराज ४, मञ्जुराज ५, तिनका छोरा शङ्ख-राज ६, तिनका छोरा ज्ञानराज ७ यति जना । जयसूर्य मल्लदेव राजाको पालामा ईँटको चैत्यको बाहिर ढुङ्गाले छोपेर राखेको संवत् ६४४ (वि.सं. १५८१) वैशाखशुक्ल १२ शुक्रवारको दिन प्रतिष्ठा गरेर राखेको दिन भयो ।)[⑩]

४३८. नेवारी गीतका प्रामाणिक सम्पादक ज़ीगफ्रीद लीन्हार्द (२०३०/३१:३५ सङ्ख्या = ५९)ले **राजमती कुमती** पाठ छपाएका छन् । जहाँबाट उनले यो गीत सारे, त्यहाँ अर्थात् प्रेमबहादुर कसा २०१६:१४४ सङ्ख्या = ११७-११८ मा दुवै ह्रस्व **राजमति कुमति** पाठ छ । नेपालीमा नेवारी गीतको उल्था गर्ने हरि श्रेष्ठ (२०३१:२१८-२१९)ले दुवै शब्द ज़ीगफ्रीद लीन्हार्दले जस्तै दीर्घ दिएका छन् । यी दुवै शब्द संस्कृतका भएकाले व्याकरणको खयाल राखी मैले प्रेमबहादुर कसाको पाठ मानेको छु ।

४३९. ज़ीगफ्रीद लीन्हार्द (२०३०/३१:५९)ले **थ:ने** र **को:ने** यी दुवैमा विसर्ग हालेका छन् । पदको बीचमा विसर्ग हाल्नुपर्ने कारणको विषयमा उही:२९ हेर्नू ।

४४०. ज़ीगफ्रीद लीन्हार्द र उनको आकर (प्रेमबहादुर कसा २०१६:११८)मा **बिचे** भए पनि नेवारी शब्दको उच्चारणको खयाल राख्ने हो भने **बिचय्** हुनुपर्ने हो ।

४४१. ज़ीगफ्रीद लीन्हार्द २०३०/३१:५९ ।

४४२. चित्तधर 'हृदय' २०२८:३-४ ।

अहिले त्यस शिलापत्रको रबिङ हेर्दा त्यहाँ **वैशाषशुक्र ३** लेखिएको देखियो ।

⑧ रबिङमा स्पष्ट भए पनि यी २ अक्षर प्रसङ्ग मिलाई पढ्न सकिएन ।

⑨ लक्ष्मीपति-नयराजसङ्ग्रहमा रहेको यस शिलालेखको रबिङसँग तीर्थलाल न:घ:भनी (राजभण्डारी) (२०४९:१३०-१३१)ले छपाएको पाठ रुजू र थपथाप गरी माथि दिइएको छ ।

⑩ उही:१३१ मा छापिएको उल्थामा आवश्यक संशोधन गरी यहाँ दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाउँको दोस्रो उल्लेख ने.सं. ६७२ (वि.सं. १६०८) माघकृष्णद्वितीया शुक्रवार उत्तरफल्गुनीनक्षत्र शूलयोगको शिलापत्रमा **श्रीसुवर्ण्णपनालि महानगर** भई आएको कुरा काठमाडौँ शहरको पुरानो भुवनकोशको खोजी गरी लेखिएको पुस्तकबाट बुझिन्छ।[४४३] शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन सारिसिद्धिएको, यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा **सुवर्ण्णपनाली**को कुरा आएकोले **सुवर्णप्रणाली**को दोस्रो उल्लेख यो हुन गएको छ।

२९.१. यस पुष्पिकाअनुसार **सुवर्णप्रणाली**को इलाकाभित्र **नवगृहस्थान** पर्ने देखिन्छ। काठमाडौँ शहरको पुरानो भुवनकोशको खोजी गरी लेखिएको पुस्तकमा **नघलटेल**को चर्चा कहाँ कहाँ आएको छ भन्ने विषयमा लेखिएको छ।[४४४] त्यसमा लेखिएअनुसारका सामग्री हेर्दै जाँदा ने.सं. ७७३ (वि.सं. १७०९) माघपूर्णिमा बुधवार मघानक्षत्र अतिगण्डयोगको,[४४५] नघलटेलको शिलापत्रमा **सुवर्ण्णपनारीमहानगर शान्तिग्र**[४४६]मा **नवघर**[४४७]को उल्लेख आएको छ। ने.सं. ७९४ (वि.सं. १७३०) माघशुक्लत्रयोदशी आदित्यवार स्वातिनक्षत्रको, बाङ्गेमुढाको शिलापत्रमा **नओघ्रतोर**को उल्लेख आएको छ।[४४८] ने.सं. ८०५ (वि.सं. १७४२) वैशाखशुक्लसप्तमी बृहस्पतिवारको, ठहिटीनिरको रत्नमण्डलविहारको शिलापत्रमा **सूवर्ण्णपर्ण्णालिमहानगरे श्री ३ सा[म्ह]घटस्थान नवघरतोर श्रीरत्नमण्डरमहाविहार** लेखिएको छ।[४४९]

---

४४३. जगदीशचन्द्र रेग्मी २०५१: **सुवर्णप्रणाली नगर**को ३ सङ्ख्या = १११-११२। जगदीशचन्द्र रेग्मीले ने.सं. मात्र दिएका छन्। उनको उपजीव्य ग्रन्थ (हेमराज शाक्य र तुलसीराम वैद्य २०२७)बाट माथि पूरा मिति माथि दिइएको हो। त्यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ। ने.सं. ४०२ (वि.सं. १३३९) वैशाखकृष्णद्वादशीउप्रान्त त्रयोदशी बुधवारको दिन सारिसिद्धिएको *महालक्ष्मीचरित्र*मा सार्ने मान्छेको वतन खुलाउँदा **सुवर्णपनालिके वास्तव्य**① भनी लेखेको देखेर जगदीशचन्द्र रेग्मी②ले यस नाउँको दोस्रो उल्लेखको रूपमा यसलाई राखेका छन्। तर यो **सुवर्णप्रणाली** कहाँको हो भन्ने कुरा यहाँबाट नखुल्ने हुनाले हामीलाई खायस परेको **सुवर्णप्रणालीस्थान**सँग यसलाई जोड्न मिल्दैन। ने.सं. ५२९ (वि.सं. १४६६) ज्येष्ठशुक्लसप्तमीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमाया॰ श्रीमानिग्लके॥ पोर्व्वसथः सुर्त्रपनारिकाया॰**③ लेखी पाटनको वर्तमान सुनधाराको चिनारी गराइएकोले यो **सुवर्णप्रणाली** पनि त्यही हुन सक्छ।

४४४. जगदीशचन्द्र रेग्मी २०५१: नघलटेल = १४३-१४४।

४४५. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:२९ सङ्ख्याको उत्कीर्ण लेखमा मूलको १० पङ्क्ति = ११८-१२२।

४४६. उही:२९ सङ्ख्याको अभिलेखमा मूलको ३९ पङ्क्ति।

४४७. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

४४८. शङ्करमान राजवंशी २०२७:१४४ अभिलेखसंख्या = १०५। प्रूफको गल्तीले त्यहाँ **नओघ्र॰** छापिएको छ।

४४९. डिल्लीरमण रेग्मी २०२३ ख: ९४ सङ्ख्यामा मूलका ३-५ पङ्क्ति = २०४।

---

① डिल्लीरमण रेग्मी २०२२:२३२ मा ४ सङ्ख्याको सामग्री।

② जगदीशचन्द्र रेग्मी २०५१ मा **सुवर्णप्रणाली नगर**को २ सङ्ख्या = १११। प्रूफको गल्तीले यहाँ प छुटी **सुवर्णनालिक** भएको छ।

③ महेशराज पन्त २०५५ क:३ सङ्ख्यामा मूलको १ पङ्क्ति = ३।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर यसभन्दा धेरै पुराना अभिलेखमा नै **नवघर**को चर्चा आएको यस प्रसङ्गमा भन्नुपर्छ-

१. ने.सं. ५४० (वि.सं. १४७६) कार्तिककृष्णचतुर्दशी बृहस्पतिवार अश्विनीनक्षत्र धृतियोग[४५०]को, ताडपत्रमा लेखिएको दानपत्रमा **श्रीमत्कान्तिपुर महानगर श्रीयम्बु शुवर्ण्णपनारीमहास्थाने श्रीसान्तिगरङ्के ।। इहैव पुनेभूमौ [...] नवघ्रतोर[४५१] तवननि[४५२]** ।

२. ने.सं. ५४२ (वि.सं. १४७९) भाद्रशुक्लचतुर्थीको ताडपत्रको लिखतमा **श्रीयम्बुमहानगरे श्रीसातिगुलं नवघरतोल्के** ।[४५३]

३. ने.सं. ६९६ (वि.सं. १६३३) नष्टज्येष्ठकृष्णएकादशीको ताडपत्रको लिखतमा **श्रीयंबुमाहानगरे श्रीसातिगलंके श्रीनवघरतोलके लाछ** ।[४५४]

काठमाडौँ सहरको पुरानो भुवनकोशको पुस्तकमा नपरेका अरू सामग्रीमा पनि यस टोलको नाउँ आएको यस प्रसङ्गमा भन्नु राम्रै होला-

१. ने.सं. ७७४ (वि.सं. १७११) वैशाखशुक्लतृतीयाको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुरमहानगरे श्रीयंबुमहानगरे ॱ श्रीसान्तिगरकं श्रीपसुपतिस्थाने ॱ श्रीनवघ्रतोरके गन्थिबाहार** ।[४५५]

२. ने.सं. ८१८ (वि.सं. १७५४) माघकृष्णसप्तमीको ताडपत्रको लिखतमा **नवघरयेलके थथुबाहार** ।[४५६]

३. ने.सं. ८२४ (वि.सं. १७६०) पौषशुक्लद्वितीयाको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुरमहानगरे ।। श्रीयम्बु शुवर्ण्णपनारिमहास्थाने ।। श्रीसान्तिङ्गलङ्ने ।। नवघरतोरके ग्वाठननि** ।[४५७]

४. ने.सं. ८५१ (वि.सं. १७८८) आश्विनशुक्लद्वादशीको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुरमहानगरे यंबुभूमौ नवघलतोल खलचुकननि** ।[४५८]

---

४५०. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

४५१. श्यामसुन्दर राजवंशी (२०५०:१६)ले **नवधु तोर** भन्ने पाठ दिएका छन् । मैले मूल ताडपत्र वा यसका फोटो आदि देख्न पाएको छैन । **नवघ्र**मा **घ**लाई **ध** र **घ**मा लागेको रलाई तर्कुल्ले पढ्दा यस अपपाठको जन्म भएको जस्तो मलाई अहिले लागेको छ । श्यामसुन्दर राजवंशीले पढेको यो पाठ ठीक छैन भन्ने विषयमा मैले पहिल्यै लेखेको हुँ (महेशराज पन्त २०६१ क:२७ मा १४ उपटिप्पणी) ।

४५२. श्यामसुन्दर राजवंशी २०५०:१५-१६ मा मूलको १ पङ्क्ति ।

४५३. मूलको १ पङ्क्ति । यसको फ्याक्सिमिलिको लागि तल २४१ पृष्ठ र पाठको लागि महेशराज पन्त २०५७ क: ३३ सङ्ख्या = २७-२८ हेर्नू ।

४५४. मूलको १ पङ्क्ति । यसको फ्याक्सिमिलिको लागि उही २०६१:४२ र पाठको लागि उही:५३ सङ्ख्या = ३-४ हेर्नू ।

४५५. महेशराज पन्त छापिन बाँकी ख:१ सङ्ख्यामा मूलको १ पङ्क्ति ।

४५६. उही:२ सङ्ख्यामा मूलको १ पङ्क्ति ।

४५७. उही:३ सङ्ख्यामा मूलको १ पङ्क्ति ।

४५८. शंकरमान राजवंशी २०२९ मा मूलको २ पङ्क्ति = ४४ । उनले **नवव्वल तीलखल चूकननि** पाठ छपाएकोमा मूलसँग रुजू गरी शुद्ध पाठ माथि दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ५४२ (वि.सं. १४७९) भाद्रशुक्लचतुर्थीको ताडपत्रको लिखतको फ्याक्सिमिलि

यस लिखतको पाठ महेशराज पन्त २०५७ क:२७-२८ पृष्ठमा छ।





CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. ने.सं. ८६३ (वि.सं. १८००) आश्विनशुक्लद्वितीयाको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुरमहानगरे ॥ श्रीयंबु शुवर्ण्णपनारिमहास्थाने । नवग्रतोल चपाल ।**[४५९]

६. ने.सं. ८६६ (वि.सं. १८०३) श्रावणकृष्णषष्ठीको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुलिमहानग्ले ॱ श्रीयम्बुब्रुमायां ॱॱ गांगुलझेः नओघरतोरके ॱॱ इखामुगुर र ।**[४६०]

७. ने.सं. ८६८ (वि.सं. १८०५) वैशाखकृष्णसप्तमीको ताडपत्रको लिखतमा **श्रीयम्बु शुवर्ण्ण-पनारिमहास्थाने ॥ नओघलतोल सितगल ।**[४६१]

८. ने.सं. ८७१ (वि.सं. १८०८) श्रावणशुक्लद्वादशीको ताडपत्रको लिखतमा **श्रीमत्कान्तिपुरीमाहानगरे ॥ यंम्बूभूमौ ॥ नवघरतोर यिरखारमूगर ।**[४६२]

९. ने.सं. १००८ (वि.सं. १९४५) श्रावणकृष्णप्रतिपदा बुधवारको दिन सारिसिद्धिएको चचाको पुस्तकमा **नओघलतोल सुवर्णपनालिमहानगर सांतिघतमहाथाने रत्नमण्डलमहाविहारंवस्थित ।**[४६३]

२९.२. नवघरको संस्कृत रूप **नवगृह** हुने हुनाले र कतै कतै **गृह**को **ग्रह**[४६४] भएको देखिएकोले यस *शतसाहस्रिका प्रज्ञापारमिता*को **सुवर्ण्णपनालीयनवग्रहस्थाना** भनेको **सुवर्णप्रणालीयनवगृहस्थान** हो र यो **नघल** हो भन्ने कुरामा शङ्का छैन । यसरी यस *शतसाहस्रिका प्रज्ञापारमिता*मा आएको **नवग्रहस्थान** नाउँ **नघल**को पहिलो उल्लेख हुन गएको छ ।

---

४५९. महेशराज पन्त छापिन बाँकी ख:४ सङ्ख्यामा मूलको १ पङ्क्ति ।

४६०. उही २०६०:९ सङ्ख्यामा मूलको १ पङ्क्ति = ५५-५६ ।

४६१. उही छापिन बाँकी ख:५ सङ्ख्यामा मूलका १-२ पङ्क्ति ।

४६२. उही २०५७ ग:१४ सङ्ख्यामा मूलका २-३ पङ्क्ति = ६२ ।

४६३. शरद* कसा: २०५६: बुच-९ = १५ । त्यहाँ प्रूफको गल्तीले **नओधल** छापिएको छ ।

४६४. राल्फ लिली टर्नर २०२३:४२४४ सङ्ख्याको शब्द (**गृहस्थ**)मा अशोकको शाहबाजगढीको, चट्टानमा कुँदिएको लेखमा **ग्रहथ** । ने.सं. ६३५ (वि.सं. १५७२) भाद्रकृष्णत्रयोदशीको (पूर्णरत्न वज्राचार्य २०४४:५८-५९ मा मूलको १ पङ्क्ति), ने.सं. ६७० (वि.सं. १६०७) वैशाखशुक्लद्वितीयाको (शङ्करमान राजवंशी २०४०:३ क्रमसंख्यामा १ पङ्क्ति = २-३) र ने.सं. ६७३ (वि.सं. १६१०) श्रावणकृष्णचतुर्दशीको (उही २०४४:३ क्रमसंख्यामा मूलका १, ३ पङ्क्ति = ३-४) ताडपत्रको लिखतमा **ग्रहाग्न** लेखिएकोले यस समस्तपदमा पूर्वपद **गृह**को अपभ्रष्ट रूप **ग्रह** बनेकोमा शङ्का छैन । उत्तरपदमा चाहिँ कुनै कुनै आधुनिक भाषामा **अङ्गण**को मध्यवर्णलोप भई अर्थात् **ङ्ग**को **अ** हराएको देखिएकोले① **अङ्गण**को ठाउँमा **आग्न** भई **गृहाग्न** भएको हो कि जस्तो मलाई लाग्छ ।

---

① गुजरातीमा- **आँग्णुँ** ।
[पश्चिमी पहाडीको] भद्रवाहीमा- **अङ्ग्नाँ** (**अङ्गन**को बहुवचन) ।
मराठीमा- **आँग्णेँ** ।
विहारीमा- **अँग्ना, एँग्ना** ।
हिन्दीमा- **अँग्ना, अग्ना** ।

(राल्फ लिली टर्नर २०२३:११८ सङ्ख्याको शब्द (**अङ्गन**))

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०. राजा पृथ्वी मल्लले ठूला बौद्ध विद्वान् राजब्रह्मश्रीलाई नयपाल देशदेखि (**विषया नयपालाख्याद्**) बोलाएको, पारावतविहारका (**पारावतविहारस्य**) प्रभुणाभले सुनका अक्षरले (**कनकाक्षरैण**) *शतसाहस्रिका प्रज्ञापारमिता* सारेको, सिजाका बासिन्दाहरूले (**स्यंजास्थाने निवासिभिः**) भिक्षु वज्रणाभद्वारा सार्न लगाएको यो ग्रन्थ कोलिग्राममा पर्ने, भास्करदेवद्वारा संस्कारित, केशवचन्द्रले बनाएको महाविहारका बासिन्दा (**श्रीकौलि/लीग्रामीयश्रीभास्करदेवसंस्कारितश्रीकेशवचन्द्रकृतमहाविहाराधिवासी**) शाक्यभिक्षुवज्राचार्य राजब्रह्मश्री, उनकी पत्नी ज्योतिर्लक्ष्मी र उनीहरूका छोरानातिहरूको देयधर्म हो, यस देयधर्मबाट सुवर्णप्रणालीको नवगृहस्थानका (**सुवण्णपनालीयनवग्रहस्थाना**) आफ्ना गुरुलगायत सबै प्राणीलाई अनुत्तरज्ञानफलको प्राप्ति होओस् भनी यहाँ लेखिएको छ।

३०.१. इटुंबहालका **राजब्रह्मश्री**लाई पृथ्वी मल्लले बोलाएको, इटुंबहालका **प्रभुणाभले** *शतसाहस्रिका प्रज्ञापारमिता* सारेको, सिजालीहरूले **भिक्षु वज्रणाभ**द्वारा *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाएको भन्ने कुरा यो पुष्पिकाबाट आएको छ। **राजब्रह्मश्री**लाई पृथ्वी मल्लले किन बोलाएको भन्ने कुरा यहाँ स्पष्ट छैन। **राजब्रह्मश्री**को कुरा लेखेको लगत्तै इटुंबहालका **प्रभुणाभले** *शतसाहस्रिका प्रज्ञापारमिता* सारे भनी यहाँ लेखिएको र अर्को पङ्क्तिमा सिजालीहरूले **भिक्षु वज्रणाभ**द्वारा *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाए भनी यहाँ लेखिएकोले **राजब्रह्मश्री**को मातहतमा **प्रभुणाभ** र **वज्रणाभ**ले मिलेर यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारेका हुन् कि जस्तो यताबाट देखिन गएको छ।

३०.२. सिजालीहरूले इटुंबहालका भिक्षुलाई लगाई सार्न लाएको भनी पुष्पिकामा लेखिएको यो पुस्तक त्यही पुष्पिकामा लेखिएअनुसार राजब्रह्मश्रीको देयधर्म कसरी भयो र यो पुस्तक सार्न यही पुष्पिकाको शब्दमा **द्रविणाम्बुवर्षा** अर्थात् **धनरूपी पानीको वर्षा** कसले गऱ्यो भन्ने कुरा स्पष्ट छैन।

३०.३. सिजालीहरूले भिक्षु वज्रणाभद्वारा *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाइयो भन्ने कुरा लेखिसकेपछि **मेरो यस पुण्यबाट सबै प्राणीहरू सबै किसिमका पापबाट विरत भई सधैँ कुशलकर्म गरून्, बोधिचर्यामा लागून्, मारकर्मविवर्जित होऊन्, सबै प्राणीको अपरिमेय आयु होओस् र मृत्यु भन्ने शब्दकै नाश होओस्** भन्ने अर्थ भएका, ३ पद्य *बोधिचर्यावतार*बाट यहाँ उतारिएको छ।[४६५] सिजामा राजब्रह्मश्रीलाई बोलाउने पृथ्वी मल्ल वा देयधर्म गर्ने राजब्रह्मश्री कुनचाहिँसँग

४६५. सार्दा भएका गल्तीको वास्ता नगर्ने हो भने *बोधिचर्यावतार*का, मैले हेरे जति प्रकाशित पुस्तकहरूसँग यहाँको पाठ २ ठाउँमा बाझ्छ। पहिलो, प्रकाशित पुस्तकहरूमा अघिल्लो पाउमा **बोधिचित्ताविरहिता** र त्यसपछि लगत्तै आएको पाउमा **बोधिचर्यापरायणाः** छ,[①] यहाँ भने दुवै पाउमा **बोधिचर्या°** छ। दोस्रो, प्रकाशित पुस्तकहरूमा **सर्वसत्त्वा**

① परशुराम लक्ष्मण वैद्य २०१६:२८५, द्वारिकादास शास्त्री २०४४:४३१, परमानन्द शर्मा [२०४६/४७] २०५७/५८:४८०, नारायण प्रसाद रिजाल (बुद्धवज्र) २०५७:४४७।
दिव्यवज्र वज्राचार्य (२०४३:४८३)ले **बोधिचित्तविरहिता** पाठ दिएका छन् र **बोधिचित्त मदुपिं व्यक्तितसें बोधिचित्त उत्पन्न याना** अर्थात् **बोधिचित्त नभएका मानिसहरूले बोधिचित्त उत्पन्न गरेर** भनी त्यसको उल्था गरेका छन्। इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा यस ठाउँमा **बोधिचर्या°** पाठ भएकोले आकारान्त **चर्या** र **विरहिता** वा **अविरहिता**मध्ये कुनचाहिँको समास भएको हो, भन्न गाह्रो छ। दिव्यवज्र वज्राचार्यले मानेको पाठअनुसार अर्थ गर्दा **बोधिचित्तबाट अलग्गिएकाहरू बोधिचर्यामा लागेका होऊन्** भन्ने हुन्छ। अरूहरूको पाठअनुसार **बोधिचित्तबाट नअलग्गिएका बोधिचर्यामा लागेका होऊन्** भन्ने अर्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँको **मम** अर्थात् **मेरो** सम्बद्ध छ, त्यो स्पष्ट छैन ।

३०.४. पृथ्वी मल्लले इटुंबहालका राजब्रह्मश्रीलाई आफूकहाँ बोलाएको र इटुंबहालकै लेखकले *शतसाहस्रिका प्रज्ञापारमिता* सारेकोबाट यस सरोटमा **द्रविणाम्बुवर्षा** पृथ्वी मल्लले गरे पनि उनले आफू दाता नभई काठमाडौँदेखि आफूले झिकाएका आफ्ना पाहुनालाई शिष्टाचारवश दाता बनाएको यस लेखाइबाट मैले बुझेको छु ।

३१. पृथ्वी मल्लले यसरी *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाएको र त्यस *प्रज्ञापारमिता*का दानपति इटुंबहालका बासिन्दालाई बनाएको थाहा पाउँदा पृथ्वी मल्लका बाबु पुण्य मल्लले डोल्पा भिसजेर[४६६] गाउँको नांसार[४६७] गुम्बामा पूरा भोटे वाङ्मय अर्थात् कग्युर र तङ्ग्युरको एकेक प्रति[४६८] र वि.सं. १३९२ तिर खोजरनाथमा कग्युर

भएकोमा यहाँ यो समस्तपद नभई **सर्वे सत्त्वा**② छ ।

४६६. सर्‌भे अफ् इन्डिअको नक्शा (*नेपाल्: प्रिलिमिनरि एडिशन् १९८४/८५*)मा यस गाउँको नाउँ **Phijor** लेखिएको छ । डेभिड लुवेलिन स्नेल्ग्रोभ [२०३८] २०४५/४६ मा यसरी नै यस गाउँको नाउँ दिइएको छ (यस पुस्तकको इन्डेक्समा किटिएका पृष्ठमा हेर्नू) । डेभिड लुवेलिन स्नेल्ग्रोभ [२०२३/२४] २०४८/४९ मा चाहिँ यस गाउँको नाउँ **Bi-cher** लेखिएको छ (यस पुस्तकको **टिबेटन् इन्डाइसिज्इज् – प्लेस् नेम्ज्**मा किटिएका पृष्ठमा हेर्नू) । नेपालको सरकारी नक्शा (टप्अग्राफिक्ल सर्‌भे ब्रान्च २०४४/४५:२७१)मा यो नाउँ Bhijer भई छापिएको छ । यो नाउँ अङ्ग्रेजी भाषाका लेखमा **Bicher** भई आएको छ (क्लाउस-दीतर माथेस २०६०:८५ र अन्यत्र, एमि हेलर २०६६:३८ र अन्यत्र) । नांसार गुम्बाको लेटर प्याडमा रोमनमा **Vijar** र देवनागरीमा **भिसजेर** भई आएको छ (उही:२४१) । विश्वनाथ ढकाल (२०३५:६, ८५), धीरेन्द्र बहादुर विष्ट* (२०४८:४६), प्रतीक ढकाल (२०६१:३० र अन्यत्र, उही २०६७) र ङ्वाङ वोशेर लामा (शेर्पा) (२०६३:२७१)ले चाहिँ यो नाउँ **भिजेर** तथा पदम गौतम (२०६८)ले **बिजेर** भनी लेखेका छन् । त्यहाँका मान्छेले मानेको नाउँ मैले माथि दिएको छु ।

४६७. क्लाउस-दीतर माथेस (२०६०:८५ र अन्यत्र)ले यस गुम्बाको नाउँ **Näsar** लेखेका छन्, एमि हेलर (२०६६:३८ र अन्यत्र)ले चाहिँ **Nesar** लेखेकी छिन् । यस गुम्बाको नाउँ धीरेन्द्र बहादुर विष्ट* (२०४८:४६)ले **नाँसार** र ङ्वाङ वोशेर लामा (शेर्पा) (२०६३:२७१)ले **नासार** भनी दिएका छन् । यही गुम्बाको लेटर प्याडमा रोमनमा **Nasar** र देवनागरीमा **नांसार** लेखिएको छ । त्यहाँका मान्छेले मानेको **नांसार** नाउँ मैले माथि दिएको छु ।

४६८. क्लाउस-दीतर माथेस २०६०:९४ र एमि हेलेर २०६६:३८ ।

आउँछ । यी ६ पाउमा अर्थात् **सर्वसत्त्वा भवन्तु** तेसम्म यस्तो मान्छे यस्तो होओस् भन्ने खालको वचन नपरेकोले र **बोधिचर्यापरायणाः**पछि क्रियापद नआई एकैचोटि ३ वटा आशीर्वचनपछि मात्र क्रियापद **–भवन्तु–** आएकोले दिव्यवज्र वज्राचार्यको अर्थगराइ चिन्त्य छ जस्तो मलाई लाग्छ । यस परिच्छेदमा प्रज्ञाकरमतिको टीका नभएकोले पनि यसै हो भन्न गाह्रो छ ।

*बोधिचर्यावतार*का मैले हेरेका अरू उल्थामध्ये एउटा अर्थात् सिद्धिविलास वज्राचार्य (२०६५:८९)को मात्र दिव्यवज्र वज्राचार्यको पाठ र उल्थासँग मिल्छ, अरू सबैको उल्था **बोधिचित्ताविरहिता**अनुसारको छ (पद्माकर ट्रान्स्लेशन ग्रूप २०५४/५५:१६६, पेमा छ्योद्रोन [२०६१/६२] २०६३/६४:३५३, मारिअन म्याटिक्स [२०५६/५७] २०५७/५८:१६२, येशे तोब्देन २०६१/६२:३५६, वेस्ना ए. वालस र बी. यालन वालस २०५३/५४ :१४२) ।

② खुलाएर भन्दा इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा **सर्वे सत्वा** छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र तङ्ग्युरको अर्को एकेक प्रति चढाएको[४६९] कुरा भोटे भाषाको लेखमा भएको कुराको सम्झना हुन्छ। आफ्ना मन्त्रीसहित भई पृथ्वी मल्लले सक्य गुम्बामा सुनको सिंहासन र ल्हासाको जोबोकङ गुम्बाको अवलोकितेश्वरको मन्दिरमा गजुर चढाएको कुरा भोटे लेखहरूबाट थाहा भएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।[४७०]

३२. शाके १२८०, ने.सं. ४७८ (वि.सं. १४१५)को यो पुष्पिका पाइएकोले नेवारराज्य र खसराज्यमा धार्मिक सम्बन्ध भएको त्यसबाट देखिएको छ।

३३. हुन त यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारिनुभन्दा २२२ वर्षअगाडि ने.सं. २५६ (वि.सं. ११९२) कार्तिकशुक्लपञ्चमीको दिन सारिसिद्ध्याइएको *धारणीसङ्ग्रह*बाट पनि जुम्लासँग यहाँको सम्बन्ध भएको भन्ने कुरा प्रचारमा आएको छ। कुरा के भने डिल्लीरमण रेग्मीको मध्यकालको इतिहासमा राजा इन्द्रदेवको पालाका सामग्री दिँदा राष्ट्रिय पुस्तकालयमा १६६ सङ्ख्यामा रहेको त्यस पुस्तक[४७१]को पुष्पिका यसरी छापिएको छ–

> *राजाधिराज परमेश्वर श्री इन्द्रदेवस्यरज विजयराज्ये सम्वत्*। आल्‌ ६ *(२०० + ५० + ६)कार्तिक शुक्ल पञ्चम्याम् श्री जुमलके शाक्यभिक्षु रत्नगुप्तेन लिखितम्*, इट्सेट्र।[४७२]

---

४६९. रोबेर्तो वितालि २०५२/५३:४५४ र एमि हेलेर २०६६:३८।

४७०. लूछ्याह्लो पेतेक २०४४/४५:३८१।

४७१. त्यस पुस्तकलाई डिल्लीरमण रेग्मी, लूछ्याह्लो पेतेक आदि सबैले *नामसङ्गीति* भनेका छन्। त्यस पुस्तकको माइक्रोफिल्म (बी १०९/२८)बाट पुष्पिकासमेत ४ पृष्ठको, वि.सं. २०६७ कार्तिक ११ गते बिहीवार झिकिएको प्रिन्टआउट राष्ट्रिय अभिलेखालयलाई शुल्क तिरी लिएँ। ती प्रिन्टआउटबाट यो पुस्तक *नामसङ्गीति*को मात्र होइन रहेछ र पुष्पिकाअनुसार यो *उष्णीषविजयानाम धारणी*को रहेछ भन्ने थाहा भयो। यसैले त्यसमा के के गाभिएका रहेछन् भनी जान्न मलाई मन लाग्यो। पूर्वसूरिहरूले पढेका कुनै कुनै अक्षर पुष्पिका भएको पृष्ठको माइक्रोफिल्मको प्रिन्टआउटमा नदेखिएकाले मूल पुस्तक (५ लगतको १६६ सङ्ख्या) नै हेर्ने विचार गरी म राष्ट्रिय अभिलेखालय गएँ। मूल पुस्तक पल्टाई हेर्दा पत्रको दायाँपट्टिको भाग माइक्रोफिल्म भएको वेलाको भन्दा बढी नष्ट भएको देखियो। त्यस पुस्तकमा के के गाभिएका रहेछन् त भन्ने कुरा जान्न त्यसका सबै अर्थात् ३४ पत्रको डिजिटल फोटो मैले मगाएँ। अनि वि.सं. २०६८ आषाढ ६ गते सोमवार झिकिएको डिजिटल फोटोको सीडी शुल्क तिरी लिएँ। त्यहाँका अधिकारीले यसलाई *नामसङ्गीतिटीका* भनी लेखेका छन्। नीलपत्रमा सुनको मसीले लेखिएको, ३४ पत्रे त्यस पुस्तकमा रहेका जम्मै पत्रको फोटो हेर्दा त्यहाँ *नामसङ्गीति* मात्र नभई *नामसङ्गीति*को *अनुशंसा, उष्णीषविजयानाम धारणी, मारीचीनाम धारणी* र *वसुधारानाम धारणी* पनि त्यहीँ भएको देखियो। यस कारण त्यसमा *नामसङ्गीति*सँगै थरीथरीका *धारणी* पनि परेको देखिन्छ। यसो भए पनि त्यसका सबै पत्र साबूत छैनन्, खुद *नामसङ्गीति* पनि अपूरो छ। त्यस पुस्तकमा अन्यत्र पुष्पिका नदेखिएको र एउटा पत्रमा **आर्य्योष्णीषविजयानाम धारणी समाप्ता** भनी लामो पुष्पिका लेखिएकोले सबभन्दा पछि यस पुस्तकमा *उष्णीषविजयानाम धारणी* सारिएको देखिन्छ। *नामसङ्गीति* अलग्गै पुस्तक र *धारणी* अलग्गै भएकाले *धारणी*मध्ये एउटा *उष्णीषविजयामा धारणी* भएकोले मैले हामीलाई खायस भएको खण्डको नाउँ *धारणीसङ्ग्रह* राखेको हुँ।

४७२. डिल्लीरमण रेग्मी २०२२:१६७ मा इन्द्रदेवको ४ सङ्ख्याको सामग्री। त्यहाँ आल्‌ ६ बाहेक अरू सबै पुष्पिका रोमनमा दिइएको छ, ***Rd*** ले राजाधिराज र ***Pm*** ले **परमेश्वर** बुझाइएको छ। त्यहाँ इटालिक्समा दिइएको अंश यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३३.१. राष्ट्रिय अभिलेखालय बनिसकेपछि राष्ट्रिय पुस्तकालयका लेखोट पुस्तक जति अभिलेखालयमा ल्याइए र त्यहाँ पाँचौँ लगत खडा भयो । पछि त्यहीँ पाँचौँ लगतको १६६ सङ्ख्याको, त्यही पुस्तकको पुष्पिका लूछ्याह्लो पेतेकले यसरी छपाए-

> ***राजाधिराज-परमेश्वर-श्री-इन्द्रदेवस्य विजयराज्ये सम्वत्* २००-५०-६ *कार्तिक-शुक्ल-पञ्चम्यां श्री-जुमलक-शाक्यभिक्षु-रत्नगुप्तेन लिखितं ।***[४७३]

र यस पुष्पिकामा यस्तो टिप्पणी गरे (लूछ्याह्लो पेतेक २०४०:५८)–

> **द म्यान्युस्क्रिप्ट् वज् रिट्न् बाइ अ मङ्कनेटिभ् अफ् जुम्ला, बट् अल्मोस्ट् सर्टिन्लि नट् इन् जुम्ला । द डेट् करइस्पन्ड्ज् टु अक्टोबर् १३थ्, ११३५ ।**
>
> **(यो लेखोट पुस्तक जुम्लामा जन्मेका भिक्षुले लेखेका थिए । तर जुम्लामा जन्मेको होइन भन्ने करीब करीब पक्का छ । यहाँको मिति ई.सं. ११३५ अक्टोबर १३ तारीख हुन्छ ।)**

३३.२. तर शाक्यहरूको अवदानको विषयमा सिङ्गै पुस्तिका लेख्ने हर्षमुनि शाक्य (२०६३:४३)ले **शाक्य भिक्षु रत्नगुप्ताद्वारा खसिया राज्य जुम्लामा बुद्ध धर्म प्रचार** भन्ने शीर्षक हाली लेखेको लेखमा यस विषयमा यस्तो लेखिएको छ–

> **नेपालका राजा इन्द्रदेवको शासनकालमा सबभन्दा पछि प्राप्त भएको शाक्यभिक्षु रत्नगुप्तले ने.सं. २५६ (सन् ११३५) मा जुम्लामा बसी प्रतिलिपि सारेको नामसंगीति नामक ग्रन्थ हाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । त्यस ग्रन्थका प्रतिलिपिकार जुम्लाका शाक्यभिक्षु रत्नगुप्त थिए भनेर लेखिएको छ । तर यी शाक्यभिक्षु वर्तमान जुम्लाका चाहिँ होइनन् भन्ने कुरा इयलीका विद्वान् पेटेकले लेखेका छन् । तर वास्तविक कुरा शाक्यभिक्षु रत्नगुप्त लिच्छविकालका उत्तर कोलिग्रामको जमयाङपि (जमलगण्ठि) महाविहारबाट बौद्धधर्म प्रचार गर्नको लागि जुम्लामा गएका थिए । उनले जुम्लाका राजादेखि रंकसम्ममा गई बौद्धधर्म प्रचार गरेका थिए ।**

३३.३. अब यस पुस्तकको पुष्पिका[४७४] पल्टाई हेरूँ–

३ पङ्क्तिमा - **आन्योष्णीषविजयानाम धारणी (सम[४७५])प्ता देयधर्मोयं प्रवरमहायानयायिन । राजाधिराजपरम-(श्वर[४७६]परमभट्टार[४७७])-**

पनि इटालिक्समा दिइएको छ ।

४७३. लूछ्याह्लो पेतेक २०४०:५७-५८ मा इन्द्रदेवको ६ सङ्ख्याको सामग्री । रोमनमा छापिएको त्यस पुष्पिकामा ***R.*****ले राजाधिराज** र ***P.*****ले परमेश्वर** बुझाइएको छ । त्यहाँ इटालिक्समा दिइएको अंश यहाँ पनि इटालिक्समा दिइएको छ ।

४७४. यसको फ्याक्सिमिलि तल २४८ पृष्ठमा छ ।

४७५. मूलको रीडर प्रिन्टमा डिकोसमेतको, अघिल्लो अक्षरको केही रूप देखिन्छ । प्रसङ्गानुरोधले र दुवै पूर्वसूरिले यही पाठ दिएकाले मैले कोष्ठभित्र पढेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ पङ्क्तिमा - **क। श्रीमदिन्द्रदेवस्य विजयराजे। श्रीग[478]ाङ्गलं।[479] गाधिवासिनः परमोपासिका। पनंसिंङ्गस्य यदत्र पुण्य ×× (।) गृह ××× (उ)-**

५ पङ्क्तिमा - **पाध्यायमातापितापूर्वंगमेन। सकलसत्वरा।[479] से अनुत्तरफल सप्राप्तमिति ।। ।। सम्बत् आ लृ ६ कार्त्तिक(शु)[480]क्लपंचम्यां**

६ पङ्क्तिमा - **श्रीजाबूलके श्रीकनचैत्रमहाविहाराधिवासीसाक्यभिक्षुरत्लगुप्तलेखकेन लिखितमिदं पुस्तकमिति।**

३३.४. गाङ्गलङ्गमा बस्ने पनंसिङ्ग भन्नेले जाबूलकमा कनचैत्रमहाविहारमा बस्ने शाक्यभिक्षु रत्नगुप्तलाई सार्न लगाएको यो पुस्तक राजा इन्द्रदेवको पालामा ने.सं. २५६ (वि.सं. ११९२) कार्तिकशुक्लपञ्चमीको दिन सिद्धियो भन्ने कुरा यस पुष्पिकाबाट बुझिन्छ।

३३.५. डिल्लीरमण रेग्मीले सप्तम्यन्त **जुमलके**[481] पढेकोमा लूछ्याह्रो पेतेकले यसको प्रातिपदिक रूप **जुमलक** पढे पनि मूल अर्थमा केही फरक परेन। वास्तवमा त्यहाँ **जुमलक** नभई **जाबूलक** भएकोले **जुम्ला** भन्ने अर्थमा नै संशोधन गर्नुपर्ने भएको छ।

३३.६. सार्ने मान्छेको वतनमा **कनचैत्रमहाविहार** भनी लेखिएकोले यो **कनकचैत्यमहाविहार**को अपभ्रष्ट रूप हो भन्ने देखिन्छ र **कनकचैत्यमहाविहार** भनेको **जनबहाल** अर्थात् **मछिन्द्रबहाल** हो भन्नेमा शङ्का छैन। यस कारण **मछिन्द्रबहाल** भएको इलाकालाई यहाँ **जाबूलक** भनेको देखिन्छ। **जाबूलमा कन्** (क) प्रत्यय लगाइएकोले शब्दको मूल रूप **जाबूल** हो भन्ने स्पष्ट छ। त्यही **जाबूल** कालान्तरमा **जमल** हुन गएको छ।[482]

३३.७. यो पुस्तक **जाबूलक कनचैत्रमहाविहार** अर्थात् **मछिन्द्रबहाल**का रत्नगुप्त शाक्यभिक्षुले सारेका हुन् भन्ने कुरा यतिसम्मका कुराबाट छर्लङ्ग भएको छ र जुम्लासँग यी लेखकको कति पनि सम्बन्ध छैन भन्ने स्पष्ट भएको छ।

---

४७६. मूलको रीडर प्रिन्टमा मेपछि अक्षर देखिन्छन् तापनि ती स्पष्ट छैनन्। प्रसङ्गानुरोधले र दुवै पूर्वसूरिले यही पाठ दिएकाले मैले कोष्ठभित्र पढेको हुँ।

४७७. मूलको रीडर प्रिन्टमा कुनै कुनै अक्षरका अवशेष देखिन्छन्। दुवै पूर्वसूरिले **परमेश्वर**पछि **श्रीइन्द्रदेव** पढे पनि तेस्रो पङ्क्तिमा केही अक्षरको लागि अवकाश भएकोले र चौथो पङ्क्तिको उठान **क**बाट भएकोले प्रसङ्गानुरोधले मैले **परमभट्टार** कोष्ठभित्र पढेको हुँ।

४७८. मूलको रीडर प्रिन्टमा **श्री**पछिको अक्षरको अंश देखिन्छ। प्रसङ्गानुरोधले मैले कोष्ठभित्र **ग** पढेको हुँ।

४७९. मूल ताडपत्रमा पृष्ठको झण्डै झण्डै बीच भागमा माथिदेखि तलसम्म दायाँबायाँ दुइदुइवटा धर्का तानी एकनासले माथिदेखि तलसम्म केही ठाउँ छोडी पुस्तक धागोले बाँध्नको लागि धागो छिराउन बीचमा प्वाल पारिएको छ। पहिलो जोर, लामो धर्कोअगाडि यो दण्ड हालिएको छ।

४८०. मूलको रीडर प्रिन्टमा **क**पछिको अक्षर नदेखिए पनि प्रसङ्गानुरोधले र दुवै पूर्वसूरिले यही पाठ दिएकाले मैले कोष्ठभित्र पढेको हुँ।

४८१. धनवज्र वज्राचार्य (२०६४:४४)ले पनि **जुमलके** नै पढेका छन्, तर केही टिप्पणी गरेका छैनन्।

४८२. **जमल** यस नाउँको विषयमा महेशराज पन्त २०६७: § २ मा ३ सङ्ख्याको टिप्पणी = १८ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेसं. २५६ (वि.सं. ११९२) कार्तिकशुक्लपञ्चमीको दिन सारिसिद्धिएको *उष्णीषविजया नामधारणी*को पुष्पिका भएको पृष्ठको फोटोको फ्याक्सिमिलि



माइक्रोफिल्मको प्रिन्टआउट

डिजिटल फोटोको प्रिन्टआउट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३३.८. रत्नगुप्त मछिन्द्रबहालका हुन् भन्ने कुरा डिल्लीरमण रेग्मी र लूछ्याह्यो पेतेक दुवैले छपाएको पुष्पिकाको अंशबाट नखुल्दा नखुल्दै पनि हर्षमुनि शाक्य (२०६३:४३)ले शाक्यभिक्षु रत्नगुप्तलाई **उत्तरकोलिग्रामको जमयाङपि (जमलगण्ठि) महाविहार**का भनी लेखेको चाहिँ ठीक हो।

३३.९. डिल्लीरमण रेग्मीको पाठ **जुमलके** नै हरिराम जोशी (२०४१:२८ = २०४८:८७)ले सारे पनि उनले यसको अर्थ **जमल** (उही २०४१:२९ = उही २०४८:८८) भनी ठहऱ्याएको उल्लेखनीय छ।

३४. खस राजा जितारि मल्लले पहिलोपटक वि.सं. १३४४ पौषमा, दोस्रोपटक वि.सं. १३४५ फाल्गुनमा र तेस्रोपटक वि.सं. १३४६ फाल्गुनमा गरी नेपालखाल्डोमा ३ पटक हमला गरेका थिए।[४८३] जितारि मल्लका छोरा आदित्य मल्लले पहिलोपटक वि.सं. १३७८ चैत्रमा[४८४] र दोस्रोपटक फेरि वि.सं. १३८४ फाल्गुन-चैत्रमा[४८५] गरी

---

४८३. उही २०६६:३२०-३२१।

४८४. वि.सं. १३४४ पौष, वि.सं. १३४५ फाल्गुन र वि.सं. १३४६ फाल्गुनमा लगालग ३ वर्ष नेवारराज्यमा पश्चिमबाट खशिया अर्थात् खसको हमला भएको थियो भन्ने कुराको एक मात्र प्रमाण *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटमा भेटिएको हो। त्यसअनुसार राजा जितारि मल्ल आफैँ यहाँ आएको बुझिन्छ। वि.सं. १३७७ को हमला पनि त्यही टिपोटबाट मात्र थाहा भएको हो। त्यहाँ खालि ने.सं. ४४१ (वि.सं. १३७७) चैत्रशुक्लद्वितीयाको दिन खशिया हमलावरहरूले भिडन्तमा त्रिपुरको राजवास किल्ला भत्काए भन्ने मात्र लेखिएको छ, राजाको नाउँ अघिल्ला ३ पटकका हमलामा जस्तो दिइएको छैन।[①] आदित्य मल्लका शाके १२३८ (वि.सं. १३७३) मार्गशुक्लद्वादशी बृहस्पतिवार[②] र शाके १२४३ (वि.सं. १३७८) आश्विनशुक्लतृतीया बृहस्पतिवार[③]का ताम्रपत्र पाइएका छन्। पुरानो पहाडी भाषा[④]मा र भोटे भाषामा लेखिएको, उनको अर्को एउटा ताम्रपत्र पनि पाइएको छ।

---

① महेशराज पन्त २०६६:३२४ मा ११६ सङ्ख्याको टिप्पणी।

② उही:३१५ मा ७३ सङ्ख्याको टिप्पणी।

③ उही:३२४ मा ११८ सङ्ख्याको टिप्पणी।

④ कुमाउका राजाहरूका उत्कीर्ण लेखका देशभाषालाई नेपाली खस राजाहरूका अभिलेखका देशभाषासँग भाषाको दृष्टिले छुट्ट्याउन नसकिने हुनाले कुमाउका अभिलेखमा देखिएको भाषा[❶]लाई **कुमाउनी** र नेपालका उत्कीर्ण लेखमा देखिएको भाषालाई नेपाली भनी छुट्ट्याइएको ठीक देखिँदैन भनी मैले लेखे[❷] पनि यस विषयमा प्रामाणिक ढङ्गले काम गर्न बाँकी छ। जोर्ज एब्रह्यम ग्रीर्सन ([१९७२/७३] २०२४/२५)ले नेपाली (उही:१७-१०७) मध्य पहाडी अर्थात् कुमाउनी गढवाली (उही:१०८-३७१) र पश्चिमी पहाडी (उही:३७३-९२३) गरी पहाडी भाषाका ३ समूह बनाएको, खास गरी मध्यपहाडी भाषासमूहलाई अलग्गै बनाएको कुराको प्रतिवादमा महेश्वरप्रसाद जोशी र विद्याधर एस. नेगी २०५० पठनीय छ। मैले यस भाषाको विषयमा अङ्ग्रेजीमा लेख्दा यिनै कारणले **प्रोये-पहारी** भनेँ।[❸]
मेरो यस लेखको छापिनुभन्दा अगाडिको रूप पढेपछि ई.सं. २००९ जुलाई १८ तारीखमा (वि.सं. २०६५ श्रावण १५ गते) मिषायल भिट्सेलले लेखेको ई-मेलमा यस्तो सुझाव

अ भेऱ्इ स्मल् सजेस्चन्: यू स्पीक् अफ् "प्रोये-पाहारी"। इट् माइट् बी अप्रोप्रिअट् टु कल् दिस् "ओल्ड् पहारी," याज् द

---

❶ कुमाउका अभिलेखको लागि महेश्वरप्रसाद जोशी २०६६ हेर्नू।

❷ महेशराज पन्त २०६६:२९४ मा ५ सङ्ख्याको टिप्पणी।

❸ उही:२९४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ पटक हमला गरेका थिए । *शतसाहस्रिका प्रज्ञापारमिता*को यस पुस्तकका दाता, पृथ्वी मल्लका बाबु पुण्य मल्लले वि.सं. १३९१ भाद्रमा यहाँ हमला गरेका थिए र खस सैन्य फाल्गुनसम्म यहाँ बसी कर उठाई फर्केको थियो ।[४८६] यसरी वि.सं. १३४४ पौषदेखि वि.सं. १३९१ फाल्गुनसम्मको, ४७ वर्षभन्दा बढीको अन्तरालमा

त्यो ताम्रपत्र अहिले चीनको सरहदभित्र परेको ताघवाइ गुम्बा[⑤]का लामालाई उनले गरिदिएको हो । त्यस ताम्रपत्रमा पुरानो पहाडी भाषामा लेखिएको खण्डमा साल मात्र अर्थात् **शाके १२४३** र भोटे भाषामा लेखिएको खण्डमा **चरा (ब्य लो)** वर्ष **श्रावण (स्वन्) महीनाको दशौं दिन** भनी मिति दिइएको छ ।[⑥] यस कारण वि.सं. १३७८ मा आदित्य मल्ल खस राज्यको सिंहासनमा विराजमान देखिन्छन् र वि.सं. १३७८ को श्रावण महीनामा अहिले गोरखाको इलाकामा पर्ने, ताघवाइ गुम्बाका लामालाई उनले गरिदिएको ताम्रपत्र भेट्टाइएकोले भक्तपुरमा हमला गर्ने खस राजाको नाउँ *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटमा वि.सं. १३७८ को हमला आदित्य मल्लको पालामा भएको सन्देह छैन ।

४८५. धनवज्र वज्राचार्य २०२८:३३-३४ ।

४८६. यो हमला पनि *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटबाट थाहा भएको हो (उही:३७) । वि.सं. १३७८ को हमलामा जस्तै वि.सं. १३९१ को यस हमलाको कुरा लेख्दा पनि खालि **खशिया** शब्दको प्रयोग भएको छ, खस राजाको नाउँ दिइएको छैन । पुण्य मल्लका शाके १२५८ (वि.सं. १३९३) कार्तिकशुक्लदशमी आदित्यवारको[⑦] र शाके १२५९ (वि.सं. १३९४) वैशाखशुक्लत्रयोदशी आदित्यवारको[⑧] ताम्रपत्र भेटिएका छन् । पुरानो पहाडी भाषामा र भोटे भाषामा लेखिएको, उनको अर्को एउटा ताम्रपत्र पनि पाइएको छ । त्यो ताम्रपत्र पुण्य मल्लले पूर्वतिर लागेका आफ्ना कर्मचारीहरूलाई ताघवाइ गुम्बाको विषयमा लेखेको हो । त्यस ताम्रपत्रमा पुरानो पहाडी भाषाको खण्डमा मिति नभए पनि भोटे भाषाको खण्डमा **साँढे (ग्लाङ् लो)** वर्षको तेस्रो महीनाको २३ दिन भनी मिति दिइएको छ ।[⑨] यो मिति वि.सं. १३९४ सँग मिल्छ ।[⑩] यी सबै कारणबाट नेपालखाल्डोमा हमला गर्ने खस राजाको नाउँ *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटमा नदिइए पनि वि.सं. १३९१ को हमला पुण्य मल्लको पालामा भएकोमा सन्देह छैन ।

ल्याङ्ग्विज् इज् याक्चुअल्लि अटेस्ट्इड् (इन् द इन्स्क्रिप्शन्ज् इट्सेट्र) यान्ड् नट् मीर्लि 'रीकन्स्ट्रक्ट्इड्' लाइक् प्रोये-इन्डो-एरइअन्, पी-इन्डो-युरपिअन् इट्सेट्र । याज् सच्, ओल्ड् पाहारी इज् द मदअर् अफ् कुमाओनी, डोटेली, नेपाली... (लाइक् ल्याटिन् इज् टु फ्रेन्च्, इट्सेट्र)– नट् इम्पर्ट्यान्ट् बट् नाइस्अर् ।

(ज्यादै सानो एउटा सुझाव । तपाईं प्रोये-पाहारी भन्नुहुन्छ । यो भाषा [उत्कीर्ण लेखहरू इत्यादिमा] साँचिक्कै भेटिएकोले र प्रोये-इन्डो-एरइअन, प्रोये-इन्डो-युरपिअन् इत्यादि जस्तै खालि पुनरचना नगरिएकोले यसलाई ओल्ड् पहारी भन्नु बढी ठीक होला । यस्तो भएकोले (फरासीस इत्यादिको लागि ल्याटिन भए जस्तै) कुमाउनी, डोटेली, नेपाली... को लागि ओल्ड पाहारी आमा हो । यो ठूलो होइन, तर [सच्याउँदा] बढी राम्रो हुन्छ ।)

आएकोले त्यस लेखमा **प्रोये-पहारी**को ठाउँमा **ओल्ड पहारी** भनी बदल्ने उद्योग गरें । तर छपाइ टुङ्गिन टुङ्गिन लागेकोले हेरफेर गर्न प्रकाशक मञ्जूर भएनन् र **प्रोये-पहारी** नै छापियो ।

⑤ यो परिचय मैले मोहनप्रसाद खनाल २०३०:१ र रमेश ढुङ्गेल २०६७:६२ को आधारमा दिएको हुँ ।

⑥ महेशराज पन्त २०६६:३२२-३२३ ।

⑦ नरहरिनाथ २०२२:७६१ ।

⑧ उही २०१६:३५ ।

⑨ महेशराज पन्त २०६६:३२३-३२४ ।

⑩ लूछ्याह्रो पेतेक २०४४/४५:३८० मा ४८ सङ्ख्याको टिप्पणीको ३ उपटिप्पणी र दिनेशराज पन्त २०४५:६५१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालखाल्डोले खस मल्ल राजाहरूको आक्रमण ६ पटक भेल्लुपरेको थियो[४८७] र पृथ्वी मल्लका बाबु पुण्य मल्लको पालामा पछिल्लोपटक आक्रमण यहाँ भएको थियो।

३५. जितारि मल्लले नेपालखाल्डोमा पछिल्लोपटक आक्रमण गरेको २३ वर्षपछि ने.सं. ४३३ (वि.सं. १३६९) फाल्गुनमा उनका भतिजा रिपु मल्ल नेपालखाल्डोमा आएको बयान *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटमा छ। त्यही साल फाल्गुनकृष्णप्रतिपदाको दिन खसिया राजा रिपु मल्लले बुग्मतीमा रातो मत्स्येन्द्रनाथको महास्नान गरी घोडा आदि चढाए, देउपाटनमा पशुपतिनाथलाई छोएर बसे, चूडाकर्म भए जति सबैलाई स्वयम्भूमा भोज खुवाए, १८ दिन बसी फर्के भनी त्यस टिपोटमा लेखिएकोले रिपु मल्ल यहाँ हमला गर्न नआई तीर्थ गर्न आएको देखिन्छ।[४८८] रिपु मल्लले यसरी धर्मकर्म गरेको साढे ४५ वर्षपछि पृथ्वी मल्लले *शतसाहस्रिका प्रज्ञापारमिता* सुन र चाँदीको मसीले सार्न लगाई इटुंबहालमा चढाएको देखिन्छ।

३६. यसरी नेवारराज्य र खसराज्यको बीचमा भण्डै ७१ वर्षको अन्तरालमा ६ पटक लडाइँ र २ पटक असङ्ग्रामिक सम्पर्क भएको देखिएको छ। २ पटक भएका असाङ्ग्रामिक सम्पर्कमध्ये पहिलोमा खस मल्ल राजाले यहाँ धर्मकर्म गरेको र दोस्रोमा खस मल्ल राजाले काठमाडौँ इटुंबहालका बौद्ध पण्डितलाई आफूकहाँ बोलाई पुस्तक सार्न लगाई त्यही पुस्तक त्यही बहालमा दानधर्म गरेको देखिएको छ।

खस राजा जितारि मल्लले इटुंबहालका शाक्यभिक्षुवज्राचार्य राजब्रह्मश्रीलाई सिजामा बोलाएको, सुन र चाँदीको मसीले *शतसाहस्रिका प्रज्ञापारमिता* सार्न लगाएको यस घटनाबाट खसराज्यले नेवारराज्यमा जनस्तरमा सम्बन्ध राखेको प्रमाण पाइएको छ।

---

४८७. एमि हेलर (२०६६:२३)ले **फ्रम् १२८८ टु १३३४, द खश किङ्ज् अन्डरटुक् नो लेस् द्यान् सेभ्न् अक्युपेशन्ज् यान्ड् सीज्इज् अराउन्ड् काठ्मान्डु** अर्थात् **वि.सं. १३४४ देखि १३९१ सम्म खश राजाहरूले काठमाडौँमा सबैतिर कमसेकम ७ पटक दखल गर्ने र घेर्ने काम गरे** भनी लेखी यसको प्रमाणको लागि सूर्यमणि अधिकारी २०५३:५७-६३ औँल्याएकी छिन् (उही:३० सङ्ख्याको टिप्पणी)। सूर्यमणि अधिकारी (२०५३:५७)ले **अकर्ईइङ् टु द *गोपाल राज वंशावली*, द खशज् ह्याड् इन्भेड्इड् द भ्यालइ अफ् नेपाल् सेभ्अर्अल् यइम्ज् याज् फल्ओज्** अर्थात् **खशहरूले नेपालखाल्डोमा *गोपालराजवंशावली*अनुसार केहीपटक तल लेखिएअनुसार हमला गरेका थिए** भनी लेखेपछि खसहरू ७ पटक आएको फेहरिस्त उनले दिएका छन् (उही)। त्यसबाट ६ पटक हमला गर्न आएको बुझिए पनि रिपु मल्लको अवाइको विषयमा **रिपुमल्ल'ज् भिजिइट्- एन्एस् ४३३ फाल्गुन (१३१३ ए.डी.)** अर्थात् **रिपु मल्लको आगमन- ने.सं. ४३३ फाल्गुन** भनी त्यहाँ लेखिएको छ र तल (उही:६०) रिपु मल्लको यात्राको विषयमा पूरै कण्डिका लेखी **ही ह्याड् भिजिइटइड् नेपाल् नट् याज् यान् इन्भेड्अर् बट् याज् अ पिल्ग्रिम्** अर्थात् **उनी आक्रामक भएर नेपाल आएको नभई तीर्थयात्री भएर हो** भनी कुरा टुङ्ग्याएका छन्। फेहरिस्तमा र तल त्यसैको व्याख्यामा रिपु मल्लको अवाइ हमलाको लागि नभएको भनी स्पष्ट लेखे पनि माथि **खशहरूले नेपालखाल्डोमा *गोपालराजवंशावली*अनुसार केहीपटक तल लेखिएअनुसार हमला गरेका थिए** भनी उनले लेखिदिएकाले एमि हेलरलाई भ्रम परेको देखिन्छ।

४८८. *गोपालराजवंशावली* ४३ क पत्रमा २-३ पङ्क्ति। मूलको **प्रस चोङ**को अर्थ धनवज्र वज्राचार्य (२०४२:९९)ले **प्रसन्न पारे** र कमलप्रकाश मल्ल (२०४२:१४५)ले **प्लीज्ड्** अर्थात् **खुशी पारे** भनी गरेकोमा ज्ञानमणि नेपाल (२०४३:११)ले **स्पर्श**को भ्रष्ट रूप **प्रस** हो भन्ने सिद्ध गरी पशुपतिलाई **छोई ढोगेको** भन्ने अर्थको अनुसरण माथि गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३७. यस पुष्पिकामा राजा पृथ्वी मल्ललाई **श्रीदीपमालाप्रियः** अर्थात् **श्रीदीपमालाका पति** भनिएको छ। आफूले राखेको कीर्तिस्तम्भ (शाके १२७९ (वि.सं. १४१४) ज्येष्ठकृष्णएकादशी आदित्यवारको मितिको)मा पृथ्वी मल्लले आफ्ना २ जना रानीको नाउँ दिएका छन्। तिनमध्ये एउटीको नाउँ **धर्ममाल** र अर्कीको **दीपमाल** भन्ने थाहा पाइन्छ।[४८९] त्यस कीतिस्तम्भमा अघिबाट **धर्ममाला**को नाउँ लिइसकेपछि मात्र **दीपमाला**को नाउँ लिइएकोले यिनी पृथ्वी मल्लकी कान्छी रानी हुन् कि जस्तो लाग्छ। **धर्ममाला**को सालिक नपाइएको र **दीपमाला**को सालिक पाइएकोले[४९०] र यस *शतसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिकामा पनि पृथ्वी मल्ललाई **श्रीदीपमालाप्रियः** भनी लेखिएकोले **दीपमाला** पृथ्वी मल्लकी प्रियतमा देखिन्छिन्।

३७.१. मूर्तिसङ्ग्राहक एक दम्पतीकहाँबाट ल्याई ब्रुक्लिन म्यूजियममा देखाउन राखिएको, पादपीठमा **गिफ्ट् अफ् दीपमाला** अर्थात् **दीपमालाले चढाएको** भन्ने अर्थ आउने कुरा देवनागरीमा र भोटेमा **उम** कुँदिएको, तामामा सुनको जलप लाएको, एउटा स्त्रीमूर्तिको फोटो वि.सं. २०३८ मा प्रकाशित, काँसका मूर्तिसम्बन्धी भीमकाय र ज्यादै नै महँगो, आफ्नो पुस्तकमा उल्‌रिख़ फन श्रोडरले छापे र उनले **दीपमालालाई पृथ्वी मल्लकी रानी** भनी ठहर गरे।[४९१] उल्‌रिख़ फन श्रोडरले **उम** पढेकोलाई धनवज्र वज्राचार्यले **युम्** भनी सच्याए।[४९२] यस मूर्तिको पादपीठमा **दीपमालाकृति** कुँदिएकोले यसको अर्थ **मेड् बाइ दीपमाला** अर्थात् **दीपमालाले बनाएको** भनी वाशिङ्टन डी.सी.को फ्रीइर ग्याल्‌अर्इ अफ आर्टमा त्यो मूर्ति सारिइसकेपछि वि.सं. २०५१ मा प्रकाशित, खस-मल्लराज्यका धातुमूर्तिसम्बन्धी आफ्नो लेखमा ईअन एल्‌सपले लेखे।[४९३] यस मूर्तिलाई कसैले प्रज्ञापारमिताको स्वरूपको, कसैले कुनै देवीको, कसैले उमा अर्थात् पार्वतीको हो भनी लेखेको देखेका ईअन एल्‌सपले यो मूर्ति रानी दीपमालाकै पनि हुन सक्छ भनी त्यही लेखमा लेखे।[४९४] यसको २ वर्ष जतिपछि उनले यही विषयमा अर्को लेख प्रकाश गरे र यस मूर्तिको विषयमा पुरानै कुरा दोहऱ्याए।[४९५] त्यही लेखमा अलिकति तलमाथि गरिएको, उनको लेख ८/९ वर्ष जतिपछि प्रकाशमा आयो र यस मूर्तिको विषयमा पुरानै कुरा दोहऱ्याइयो।[४९६] डोल्पाको भिसजेर गाउँको नांसार गुम्बाको विषयमा लेखिएको, वि.सं. २०६६ मा छापिएको, आफ्नो पुस्तकमा एमि हेलरले प्रसङ्गवश यस मूर्तिको विषयमा लेख्दा यसलाई **अ पोर्ट्रट् अफ् द क्वीन्**[४९७] अर्थात् **रानीको प्रतिकृति, पोर्ट्रट् अफ् दीपमाला**[४९८] अर्थात् **दीपमालाको प्रतिकृति** वा **गिल्ड्इड् कप्अर्**

---

४८९. *परिशिष्ट खण्ड* २०२८:६-८ मा २१ श्लोक।

४९०. तल § ३७.१ हेर्नू।

४९१. उल्‌रिख़ फन श्रोडर [२०३८] २०६४/६५:३४८, ९० बी चित्रसङ्ख्या।

४९२. ईअन एल्‌सप २०५१:६१।

४९३. उही।

४९४. उही:६१-६२।

४९५. उही २०५३/५४:६८-७०।

४९६. उही २०६२:१-४ कण्डिका।

४९७. एमि हेलर २०६६:२५ मा ३४ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्कल्प्चर् अफ् दीपमाला[४९९] अर्थात् **सुनको जलप लगाएको तामाको, दीपमालाको मूर्ति** भनेकी छिन् ।[५००] **दीपमाला** यस पदको विग्रह **दीपमाला + आकृति** गरी षष्ठीसमास र सवर्णदीर्घसन्धि गर्दा **दीपमालाको अनुहार** भन्ने अर्थ आउँछ भन्ने कुरा यहाँनिर सम्झनुपर्छ ।

३८. यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारिँदा यहाँ राजदेव गद्दीमा बसिरहेका[५०१] भए पनि यहाँका ठाउँठाउँका रजौटाले विद्रोह गरेकाले उनको हैकम त्यति चल्न नसकेकोले[५०२] होला, राजब्रह्मश्रीले आफ्ना राजाका नाउँ लेख्न जरूरत नसम्झेको ।

३९. पृथ्वी मल्लका बाबु पुण्य मल्लको शाके १२५९ (वि.सं. १३९४) वैशाखशुक्लत्रयोदशी[५०३]सम्मको अभिलेख पाइएको छ । संस्कृतभाषाका ग्रन्थहरूको भोटे भाषाको उल्थाको सङ्ग्रह अर्थात् तङ्ग्युरका संशोधक र निकै संस्कृतग्रन्थका अनुवादक, महापण्डित बुतोनले पुण्य मल्ललाई वि.सं. १३९६ आषाढमा लेखेको चिठी भेटिएकोले यस वेलासम्म पुण्य मल्ल जीवित देखिन्छन् र त्यसपछि मात्र पृथ्वी मल्ल गद्दीमा बसेका देखिन्छन् ।[५०४] पृथ्वी मल्लको पछिल्लो अभिलेख शाके १२८० वि.सं. १४१५ मार्गकृष्णत्रयोदशी

---

४९८. उही:२१७ मा १६२ चित्र ।

४९९. उही:२१७ ।

५००. एमि हेलर (२०६६:२५ मा ३४ सङ्ख्याको टिप्पणी)ले यस मूर्तिको पादपीठमा **युम्छेन्मो** कुँदिएको छ भनी लेखेकी छिन् र **ग्रेट् क्वीन्** अर्थात् **महारानी** भनी त्यसको अर्थ गरेकी छिन् । वास्तवमा त्यहाँ **युम्** मात्र कुँदिएको छ । प्रज्ञापारमितालाई **युम् छेन्मो**ले बुझाउँछ भनी ईअन एल्सप (२०५१:६१)ले लेखेका छन् । मलाई भोटे भाषा आउँदैन । यस कारण यस शब्दको वास्तव अर्थ तज्ज्ञले प्रकाशमा ल्याउनुपर्छ ।

५०१. ने.सं. ४६७ (वि.सं. १४०४) श्रावणकृष्णचतुर्थीको दिन राजदेव राजा बनाइए भनी *गोपालराजवंशावली* भनी पछि नाउँ राखिएको टिपोटमा लेखिएको छ ।① ने.सं. ४७० (वि.सं. १४०६) मङ्सीरमा यहाँ बङ्गालका सुल्तान शमसुद्दीन इल्यासको हमला हुँदा यहाँको राजगद्दीमा राजदेव थिए भन्ने कुरा शमसुद्दीनले डढाएर गएको स्वयम्भू चैत्यको पुन:प्रतिष्ठा झण्डै २३ वर्षपछि गर्दा राखिएको शिलापत्रबाट थाहा पाइन्छ ।② राजाको हैसियतमा राजदेवको पहिलो सामग्री ने.सं. ४७४ (वि.सं. १४१०/११)को, दोस्रो ने.सं. ४७६ (वि.सं. १४१२) फाल्गुनशुक्लदशमी शुक्रवार आर्द्रानक्षत्रको, तेस्रो ने.सं. ४७६ (वि.सं. १४१३) ज्येष्ठकृष्णसप्तमी आदित्यवारको र पछिल्लो ने.सं. ४८१ (वि.सं. १४१७) माघकृष्ण-अष्टमी शनिवार अनुराधानक्षत्रको③ पाइन्छ । यस कारण शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन यो *शतसाहस्रिका प्रज्ञापारमिता* सारिसिद्धिँदा यहाँको गद्दीमा राजदेव बसिरहेका देखिन्छन् ।

५०२. राजदेवको पालाको इतिहासको लागि ज्ञानमणि नेपाल २०६२:२०५-२११ हेर्नू ।

५०३. नरहरिनाथ २०१६:३४-३५ ।

५०४. **ॐ स्वस्ति ।। श्रीशाके १२६० मासानि ।। १ ।। तिथय: ।।१३।। श्रीपृथ्वीमल्लदेव: क्षिति परिवार: चिरं जयतु धर्मभद्रथापासुकृतं ...** (नरहरिनाथ २०१३:४५) भनी लेखिएको अभिलेख पाइएकोले शाके १२६० (वि.सं.१३९५)को

---

① *गोपालराजवंशावली* २८ ख पत्रका १-२ पङ्क्ति ।

② धनवज्र वज्राचार्य २०२२ क:९-१० ।

③ लूछ्याहो पेतेक २०४०:१२३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोमवारको छ ।[५०५] यस कारण शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको दिन पृथ्वी मल्लको पालामा सारिसिद्धिएको यो *शतसाहस्रिका प्रज्ञापारमिता* उनको पालाको उपान्त्य साधन बन्न गएको छ ।

४०. यस *शतसाहस्रिका प्रज्ञापारमितालाई* देयधर्म गर्ने राजब्रह्मश्रीको नाउँको अगाडि **शाक्यभिक्षुवज्राचार्य** जोडिएको छ । अहिलेको जातिव्यवस्थामा **शाक्य** र **वज्राचार्यमा** भेद छ र यी २ थरीमा बिहेबारी पनि त्यति चल्दैनथ्यो ।[५०६] तर यहाँ एउटै मान्छेको नाउँमा **शाक्यभिक्षु** र **वज्राचार्य** जोडिएकोले **राजब्रह्मश्री शाक्य** पछि **आचार्याभिषिक्त** भएकाले उनको नाउँमा दुवै पदवी जोडिएको हुन सक्छ ।

पहिलो महीनामा पृथ्वी मल्ल राजा भइसकेको देखिन गएको छ । **द् पल् छोस् स्क्योङ् ब'इ र्ग्यल्पो छेन् पो** अर्थात् **श्रीमहाराज, धर्मरक्षक**④ र **ह्न ङ दग् छेन् पो** अर्थात् **ठूला दिव्य अधीश्वर** भनी बुतोनले **समोयो** वर्षको छैटौँ महीनाको २५ दिनमा पुण्य मल्ललाई लेखेको चिठी भेटिएको छ । लूछ्याह्नो पेतेक (२०४४/४५:३७९)ले यो मिति ई.सं. १३३९ जुलाई ३ तारीख भनी परिवर्तन गरेका छन् ।⑤ मोटमोटी रूपमा यो मिति वि.सं. १३९६ आषाढको हुन्छ ।

राजाको हैसियतको, पृथ्वी मल्लको वि.सं. १३९५ को उठानको अभिलेख पाइएको र उनका बाबु पुण्य मल्ल वि.सं. १३९६ आषाढसम्म राजाकै हैसियतमा देखिएकोले पृथ्वी मल्लको माथि उद्धरण गरिएको अभिलेखको संवत् गल्तीले शाके १२६० पढेको हुन सक्छ, वास्तवमा यो १२८० को हो भनी लूछ्याह्नो पेतेक (२०४४/४५:३८०मा ५० सङ्ख्याको टिप्पणीमा २ सङ्ख्या)को तर्क छ ।

५०५. नरहरिनाथ २०१३:६९-७१ ।

५०६. कोलिन रोसर २०२२/२३:१२६-१२७ ।
जान कर लाक २०४१/४२:४ ।
डेभिड एन. गेल्नर [२०४५/४६] २०५७:११०-१११ ।
उही २०५२:२२०-२१ ।

---

④ आदित्य मल्लको ताघवाइ गुम्बाको ताम्रपत्रको भोटे भाषाको खण्डमा उनको नाउँको अगाडि **छोस् स्क्योङ् बइ ग्यल्पो** (महेशराज पन्त २०६६:३२३ मा ११० सङ्ख्याको टिप्पणी) अर्थात् राजा [र] **धर्मरक्षक** (उही:३२२ मा भएको अङ्ग्रेजी उल्थाको नेपाली) भन्ने विशेषण जोडिएको छ । पुण्य मल्लको त्यही गुम्बाको ताम्रपत्रको आद्य पहाडी भाषाको खण्डमा उनको नाउँअगाडि **धर्म्मको निको यकुर** (उही:३२६ मा १२१ सङ्ख्याको टिप्पणी) र भोटे भाषाको खण्डमा चाहिँ उनको नाउँको अगाडि **छोस् स्क्योङ् ब'इ र्ग्यल्पो छेन् पो** (उही) अर्थात् **महाराज** [र] **धर्मरक्षक** भन्ने विशेषण जोडिएको छ । यताबाट आदित्य मल्ल र पुण्य मल्लले भोटे भाषाको उस्तै उस्तै छाँटको पदवी लिएको देखिन्छ र पुण्य मल्लको ताम्रपत्रको आद्य पहाडी भाषाको खण्डमा भएको **धर्म्मको निको यकुर** त्यसैको उल्था भएको स्पष्ट छ । बुतोनले पुण्य मल्ललाई लेखेको चिठीमा पुण्य मल्लको पदवीमा सबभन्दा अगाडि आएको, **पल्** पद छोड्ने हो भने त्यो ठ्याक्कै पुण्य मल्लको ताम्रपत्रमा भएकै पदवी हो ।

⑤ रोबेर्तो विताले (२०४७:१०२, २०५२/५३:४५३)ले यस चिठीलाई ई.सं. १३३९ को हो भनी लेखेका छन् । यस चिठीको विषयमा बढी खुलाउँदा **मोर् अर् लेस् अगस्ट्** (उही २०५३:५६३) अर्थात् **घटीबढी अगस्टको** भनी उनले लेखेका छन् । एमि हेलर(२०६६:३८ र ३९ मा ३१ सङ्ख्याको टिप्पणी)ले चाहिँ ई.सं. १३४० को हो भनी लेखेकी छिन् । लूछ्याह्नो पेतेकको गणनाअनुसार रोबेर्तो विताले दिएको मिति सत्यको नजीक छ र एमि हेलरको चाहिँ पूरै गलत छ भनी भनिरहनु नपर्ला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४०.१. यस पुष्पिकाभन्दा अगाडिपछाडिका लेखमा पनि यी दुवै पदवी एउटै मान्छेको नाउँमा आएको देखिएको छ । यसको उदाहरणको लागि ने.सं. २१८ (वि.सं. ११५५) आश्विनकृष्णअष्टमीको दिन सारिसिद्धिएको *आदिकर्मप्रदीप*को पुष्पिकामा **श्रीविद्याधरवर्मसोमकारितश्रीयशोधरवर्ममहाविहारयः वज्राचार्य श्रीशाक्यभिक्षु ...**[५०७] अर्थात् **श्रीविद्याधरवर्मा सोमले बनाउन लाएको श्रीयशोधरवर्ममहाविहारका वज्राचार्य श्रीशाक्यभिक्षु ...**, ने.सं. २६२ (वि.सं. ११९९) प्रथमाषाढशुक्लपञ्चमीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमायां श्रीतेग्वल्के श्रीमानीक्यजैवमहाविहाराधिवासिना शाक्यभिक्षुवज्राचार्जश्रीहर्षेन्द्रबुदिनाम्नः सकासात्**[५०८] अर्थात् **श्रीललितब्रुमामा श्रीतेग्वलमा श्रीमाणिक्यजैवमहाविहारका बासिन्दा शाक्यभिक्षुवज्राचार्य श्रीहर्षेन्द्रबुद्धि नाउँ भएकालाई**, ने.सं. ५०० (वि.सं. १४३६) फाल्गुनशुक्लतृतीया (फाल्गुन १५ गते) बृहस्पतिवार[५०९]को दिन सारिसिद्धिएको *न्यायविकासिनी*मा **श्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये भक्तपुरे ˎ अमात्यजयतवर्मणः पुष्पकमिदमलेखि श्रीकीर्त्तिपुण्यमहाविहाराधिवासिना ˎ साक्यभिक्षुवज्राचार्यश्रीलुन्तभद्रेनेति**[५१०] अर्थात् **श्रीश्रीजयस्थितिराजमल्लदेवको विजय-राज्यमा भक्तपुरमा अमात्य जयत वर्माको यो पुस्तक श्रीकीर्तिपुण्यमहाविहारका बासिन्दा शाक्यभिक्षुवज्राचार्य श्रीलुन्तभद्रले यो पुस्तक सारे**, ने.सं. ५२० (वि.सं. १४५७) भाद्रशुक्लचतुर्थीको ताडपत्रको लिखतमा **श्रीललितब्रुमाया९ । श्रीमानीग्लकेः पश्चिमस्थ ।। श्रीविद्याधरसोमकारितजसोधरवम्मश्रीनकबहारयुकुलिग्रहवास्तव्य शाक्यभिख वजाचाऱ्य श्रीकुलदतपालजुस**[५११] अर्थात् **श्रीललितब्रुमामा श्रीमाणिग्लमा पश्चिमपट्टि रहेको, श्रीविद्याधरसोमले बनाउन लगाएको यशोधरवर्म श्रीनकबहालको नैर्ऋत्य (दक्षिणपश्चिम) पट्टिको घरका बासिन्दा शाक्यभिक्षुवज्राचार्य श्रीकुलदत्तपालज्यूको**, ने.सं. ५७९ (वि.सं. १५१६) ज्येष्ठशुक्लदशमीको ताडपत्रको लिखतमा **श्रीयन्बूमहानगरे । श्रीसातिगलके । श्रीक्वाथबहाराद्धिवासनः साक्य वज्राचाज्य भिक्षु श्रीजिपाल थरपाजुत्वं प्रमुखन**[५१२] अर्थात् **श्रीयम्बू महानगरमा श्रीसातिगलमा श्रीक्वाबहालका बासिन्दा शाक्यवज्राचार्यभिक्षु श्रीजिपाल स्थविरज्यू आदिले**, ने.सं. ६८५ (वि.सं. १६२१) चैत्रशुक्लत्रयोदशी बुधवारको दिन सारिसिद्धिएको पुस्तकको पुष्पिकामा **घविहारावस्थितः लंतले श्रीवज्रयोगीनिस्थाने ˎ शाक्यभिक्षु**

---

५०७. माथि § २६.५.२ हेर्नू ।

५०८. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:९ सङ्ख्यामा मूलको १ पङ्क्ति = ११५-११६ । यसको फ्याक्सिमिलिको लागि उही:२३९ हेर्नू । **बुद्धि**को अपभ्रंश भन्ने ठानी प्रकाशित पाठ **बुदि**लाई **बुदि** बनाएको हुँ ।

५०९. दिनेशराज पन्त २०६५: वक्तव्यमा १ सङ्ख्याको टिप्पणी ।

५१०. उही २०६५ क:३२८ ।①

५११. महेशराज पन्त २०५०:७ सङ्ख्या १ पङ्क्ति = ५३ ।

५१२. उही २०४५ कमा मूलको १ पङ्क्ति = १ ।

---

① *न्यायविकासिनी*मा पद्यमा चाहिँ लुन्तभद्रलाई **वज्राचार्य** मात्र भनिएको छ -

लिखिता लुंतभद्रेण वज्राचार्येण धीमता ।
मन्त्रींद्रजयतस्यार्थे ˎ स्पष्टेयं न्यायटिप्पिणी ।।

(दिनेशराज पन्त २०६५ क:३२७)

(बुद्धिमान् वज्राचार्य श्रीमान् लुन्तभद्रले मन्त्रिश्रेष्ठ जयतको लागि यो स्पष्ट न्यायटिप्पणी सारे ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीवज्राचार्य विजयचन्द्रन[५१३] अर्थात् **घविहारमा रहेको लंतले**[५१४] **(?) श्रीवज्रयोगिनीस्थानमा शाक्यभिक्षु श्रीवज्राचार्य विजयचन्द्रले** र ने.सं. ७८८ (वि.सं. १७२४) मार्गपूर्णिमा बुधवार रोहिणीनक्षत्र सिद्धियोगको दिन चन्द्रग्रहण लागेको वेलाको[५१५] ताडपत्रको दानपत्रमा **दानपति गाडबाहालत्वर बुयाबाहालननि वंकुरि दुंदुगृहनिवासि ।। शाक्यवंश वज्राचार्य्य श्रीउजोतसिंहजु भात्तेसहस नाम्नेन**[५१६] अर्थात् **दानपति गाबहालयेल बुबहालननीको ईशान** (पूर्व र उत्तर) **पट्टि भित्रको घरका बासिन्दा शाक्यवंश वज्राचार्य श्रीउजोतसिंहज्यू भाइसमेतको नामले** आएकोलाई देखाउन सकिन्छ[५१७] । हालसम्म पनि आफूलाई **वज्राचार्य शाक्यवंश** भन्ने मानिस भेटिँदैछन् ।[५१८]

---

५१३. यो पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलिको लागि तल २८६ पृष्ठ र पाठको लागि तल २८७ पृष्ठ हेर्नू ।

५१४. यस शब्दको अर्थ मलाई नलागे पनि अन्यत्र २ ठाउँमा विहारको प्रसङ्गमा यो शब्द आएको मैले देखेको छु-

संवत् ९३० कार्तिकशुक्ल १२ स मणिसंघमहाविहारे लतले श्रीदेव्या चरणकमलसेवित ल्हुग्रबाहरस चौव्हृ श्रीवज्राचार्य चन्द्रपतिनं थओत कारण तओदह वनेत चोया जुर शुभं ।

(पूर्णरत्न वज्राचार्य २०२१:१० मा *नागसमाधि*)

संवत् ९७२ माघशुक्ल① **१० मणिसंघमहाविहार लंतले च्छेया ह्वग्रवारस चोनह्म श्रीवज्राचार्य चन्द्रपतिधननं चोया जुरो शुभं ।।**

(उही २०२३ क:१२३-१२४ मा *गणचक्रविधि: धूमांगारीपूजाविधिश्च*)

५१५. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

५१६. महेशराज पन्त २०६० ख:३ सङ्ख्यामा मूलको २ पङ्क्ति = ११-१४ ।

५१७. टेबहालको, ने.सं. ६८४ (वि.सं. १६२०) माघकृष्णद्वादशीको ताडपत्रको लिखतमा जेठो बाबुको नाउँको अगाडि **वज्राचार्यभिक्षु** र भतिजाको नाउँको अगाडि **भिक्षु** मात्र (उही छापिन बाँकी ग:३ सङ्ख्यामा मूलका १, २ पङ्क्ति) जोडिएको छ । त्यसै गरी काठमाडौँ मछिन्द्रबहालको, ने.सं. ८३६ (वि.सं. १७७२) मार्गशुक्लएकादशी②को ताडपत्रको लिखतमा काकाभतिजाको नाउँमा **वज्राचार्यभिक्षु** र भतिजाको छोराको नाउँमा चाहिँ **भिक्षु** (सिद्धिरत्न शाक्यभिक्षु २०५६:५९ मा मूलका १-२, ३ पङ्क्ति) मात्र जोडिएको छ। एउटै घरमा आचार्याभिषेक पाई कोही **वज्राचार्यभिक्षु** हुने र कोहीचाहिँ **शाक्यभिक्षु/भिक्षु** मात्र रहने यताबाट देखिएको छ ।

इटुंबहालको, ने.सं ६५८ (वि.सं. १५९४) माघशुक्लचतुर्थीको ताडपत्रको लिखतमा बाबु, जेठो र साहिँलो छोराको नाउँको अगाडि **भिक्षु** र माहिलो छोराको नाउँको अगाडि चाहिँ **भिक्षुवंश** (महेशराज पन्त छापिन बाँकी घ:१ सङ्ख्या); इटुंबहालकै, ने.सं. ७०४ (वि.सं. १६४१) श्रावणशुक्लदशमीको, ताडपत्रको लिखतमा बाबुको नाउँको अगाडि **भिक्षु** र छोराको नाउँको अगाडि **भिक्षुवंश** (उही: २ सङ्ख्यामा मूलका १, ३ पङ्क्ति); ठमेलको इलाकामा पर्ने भीमशिरोविहारको, ने.सं. ७४६ (वि.सं. १६८२) माघशुक्लचतुर्थीको, ताडपत्रको लिखतमा भाइभाइका छोरामा एक भाइको नाउँको अगाडि **भिक्षुवंश** र अर्कोको नाउँको अगाडि **भिक्षु** (उही २०५५ क:३९ सङ्ख्यामा मूलका १, ३ पङ्क्ति = ३०-३१) आएको छ। चापागाउँ दुरुख्योबहालको, ने.सं. ७५९ (वि.सं. १६९६) आश्विनशुक्लसप्तमी शुक्रवारको शिलापत्रमा आमाको नाउँमा **साक्यवशोद्‌र्भवश्रीअमृतसिंहभद्रस्य भार्य्या** अर्थात् **शाक्यवंशमा जन्मेका श्रीअमृतसिंहभद्रकी पत्नी** र जेठो छोराको नाउँमा **साक्यभिक्षु** (डिल्लीरमण

---

① प्रकाशित पाठमा **शुल्क** छापिएकोमा त्यसलाई **शुक्ल** बनाएको छु ।

② यस पत्रको संवत् वि.सं. मा बदल्दा यसका सम्पादक सिद्धिरत्न शाक्यभिक्षु (२०५६:५९)ले भ्रमवश **वि.सं. १७७१** लेखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४०.२. अन्यत्र एउटै नाउँमा **वज्राचार्य** र **शाक्यभिक्षु** जोडिए जस्तै खास गरी ठिमीका, ताडपत्रका लिखतमा नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** वा यसबाट निस्किएका **बदे, बादे** जस्ता रूप लेखिएको

रेग्मी २०२३ ख:४१ सङ्ख्यामा मूलका ११-१२ पङ्क्ति = ६७-६९) आएको छ। चिकंमुगलको, ने.सं. ८२४ (वि.सं. १७६१) आषाढशुक्लत्रयोदशीको ताडपत्रको लिखतमा बाबु र एक जना छोराको नाउँको अगाडि **भिक्षु** र अर्को छोराको नाउँको अगाडि **भिक्षुवंश** (उही छापिन बाँकी घ:३ सङ्ख्या) आएको छ। **शाक्यभिक्षु** र **शाक्यवंश** भए जस्तै **भिक्षु** र **भिक्षुवंश** पनि भएको यताबाट देखिएको छ।[3] एउटै घरमा कसैको संस्कार भई **भिक्षु** हुने र कसैको भिक्षूचित संस्कार बाँकी रहँदा ऊ **भिक्षुवंश** मात्र रहने अनुमान यताबाट हुन्छ।

एक जना शाक्यभिक्षुले जग्गा किन्दा उनका **भ्राता** अर्थात् **दाजु** वा **भाइ** वज्राचार्य साक्षी बसेको, ई.सं. १५०७ अर्थात् ने.सं. ७०६/७०७ को एउटा लिखतमा[4] डेभिड एन. गेल्नर (२०४८/४९:१६४)ले देखेको कुरा पनि यस प्रसङ्गमा उल्लेखनीय छ।

५१८. एक जना रचयिताले आफ्नो नाउँ **दानमान बज्राचार्य*, शाक्यवंश** (२०३७) लेखेको उल्लेखनीय छ।[5]

---

③ काठमाडौँ वंबहालको, ने.सं. ७२९ (वि.सं. १६६५) कार्तिककृष्णदशमीको चिकंमुगलको ताडपत्रको लिखतमा नाउँको अगाडि **भिक्षुवंश** र पछाडि **भारो** आएको पनि यस प्रसङ्गमा भन्नुपर्छ (फ्याक्सिमिलिको लागि तल २८८ पृष्ठ र पाठको लागि तल २८९ पृष्ठ हेर्नू)।

④ यस लिखतलाई डेभिड एन. गेल्नरले **बर्च्-बार्क् डकुमन्ट्** अर्थात् **भोजपत्रको लिखत** भनेका छन्। यहाँ भोजपत्र अत्यन्त दुर्लभ छन् र त्यसताका यस्ता लिखत ताडपत्रमा लेखिने हुनाले उनले **ताडपत्रलाई** भ्रमवश **भोजपत्र** भनेका हुन्। यो गल्ती उनले अन्यत्र पनि गरेका छन्। (डेभिड एन. गेल्नर २०४६:१२ मा १३ सङ्ख्याको टिप्पणी)।

⑤ ब्रायन हाउटन हाज्सनका सहायक, उकुबहालका शाक्य अमृतानन्दलाई **वज्राचार्य** भनी तात्कालिक अङ्ग्रेजी लेखमा लेखिएको र ब्रायन हाउटन हाज्सनले पनि उनलाई **वज्राचार्य**कै रूपमा चिनाएका छन् भनी विल तुलाधर-डग्लस ([२०६२/६३] २०६३/६४:१६१ मा ६१ सङ्ख्याको टिप्पणी)ले लेखेका छन्। अमृतानन्दका बाबु रामानन्दले आफूलाई **श्रीशाक्यवंशोद्भव** अर्थात् **श्रीशाक्यवंशमा जन्मेका** भनी चिनाएका छन् (ने.सं. ९३४ (वि.सं. १८७१) श्रावणमा सारिसिद्धिएको *स्वयम्भूपुराण* = मीन बहादुर शाक्य र शान्तहर्ष वज्राचार्य २०५८:२६१)। अमृतानन्दका भाइ सुन्दरानन्दले आफूलाई **बाँडा** भनी लेखेका छन् (नयराज पन्त २०१९:६)। तात्कालिक सरकारी कागतमा अमृतानन्द र उनका भाइ सुन्दरानन्दलाई (गोविन्द टण्डन २०५२: परिशिष्ट- ३१ = १४६-१४७ = मञ्जुतारा शाक्य २०५९:७५ = गोविन्द टण्डन २०६१:९०-९१ = उही २०६६:२२२) र अमृतानन्दका छोरा विश्वानन्द (मञ्जुतारा शाक्य २०५९:६६)लाई **बाँडा** भनी संबोधन गरिएको छ। सुन्दरानन्दका पाँचौँ पुस्तामा जन्मेका यज्ञानन्द आफ्नो थर **वज्राचार्य** लेख्थे (नयराज पन्त २०१९:६)।

क्वाठछे श्रीबालकौमारीको पीठमा शान्ति स्वस्त्ययन वर्षापण नागसाधन यज्ञ गर्नानिमित्त तेरा पितामह सर्वानन्द पण्डित बांडालाई श्रीविष्णुमल्ल महाराजाले प्रसन्न भै बक्स्याको २४ हजारका जानुकारले जान्याको वज्राचार्याभिषेक पदवी तोलाई थामिबक्स्यौं (मञ्जुतारा शाक्य २०५९:७३) भनी सुन्दरानन्द बाँडालाई वि.सं. १८६४ मा गरिदिएको एउटा लालमोहरमा र **तेरा पुरूषा सर्वानन्द बाडालाई श्रीविष्णुमल्ल राजाले अनिकाल हुंदामा पानि मागन मशानसाधन गरि क्वाठछे श्रीबालकौमारीको पीठमा नागसाधन यज्ञ गर्नको अधिकार दि वज्रचार्य गुबाहालको पदवी दि गुबाहाल तुल्यायाको हो. पछि तेस घेरा पर्दा एक पुस्ता यज्ञ गर्न्य कम छुट्याको रहेछ तपनि २४ हजरको श्रेष्यले र शास्त्रका प्रमाणले पनि पाउन्या रहेछ. आज हामिले पनि सोहि वज्राचार्यको अधिकार तंलाई थामि बक्स्यौं** (उही:७६) भनी अमृतानन्दका छोरा विश्वानन्दलाई वि.सं. १८८५ श्रावणकृष्णचतुर्दशी शनिवारको दिन गरिदिएको रुक्का लालमोहरमा लेखिएकोले ललितपुरका तात्कालिक राजा विष्णु मल्लले अमृतानन्द र सुन्दरानन्दका बाजे सर्वानन्द शाक्यलाई वज्राचार्यको पदवी दिएको देखिन्छ। यही कुरा अभिलेख देखेर होइन कि श्रुतिपरम्पराबाट गोविन्द टण्डन (२०६१:८९-९० = २०६६:२२१)ले पनि लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भेटिन्छ।[५१९] ललितपुर,[५२०] भक्तपुर[५२१] र काठमाडौँ[५२२]का अभिलेखमा पनि आकलझुकल यसै गरी नाउँ लेखिएको देखिएको छ। कसैको नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** लेखिएका, ठिमीका ती लिखतमा पनि कसैको नाउँको अगाडि **वज्राचार्य** र कसैको नाउँको पछाडि **बन्दे** मात्र लेखिएको पनि नभेटिने होइन। ठिमीको एउटा लिखतमा नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** लेखिएको मान्छे अर्को लिखतमा **वज्राचार्य** फलाना मात्र भएको पनि देखिएको छ। ललितपुरका, ताडपत्रका लिखतमा नाउँको अगाडि **शाक्यवंश** र पछाडि **बदे/बादे** लेखिएको पनि देखिएको छ।[५२३]

---

५१९. यस्ता लिखत र एउटा लिखतमा नाउँको अगाडि **वज्राचार्य** र पछाडि **बन्दे** लेखिएको मान्छे अर्को लिखतमा **वज्राचार्य** फलाना मात्र लेखिएका लिखत जति महेशराज पन्त छापिन बाँकी ङमा समेटिएका छन्।

५२०. १. ने.सं. ७०० (वि.सं. १६३६) माघशुक्लद्वादशी[⑥]को ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (पूर्णरत्न वज्राचार्य २०४८: १२६-१२७)।

२. ने.सं. ७०९ (वि.सं. १६४५) चैत्रशुक्लषष्ठीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त २०५७ ख:१३ सङ्ख्या = ४९)।

३. ने.सं. ७४८ (वि.सं. १६८५) आषाढ-अमावास्या सोमवारको शिलापत्रमा मूलको ९ पङ्क्ति (धनवज्र वज्राचार्य २०५६:३६ सङ्ख्या = ७०-७१)।

४. ने.सं. ८१६ (वि.सं. १७५३) वैशाखकृष्णदशमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त २०५७ ङ:३८ सङ्ख्या = २७)।

५. ने.सं. ८६३ (वि.सं. १८००) श्रावणशुक्लप्रतिपदाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (यसको फ्याक्सिमिलिको लागि तल २९० पृष्ठ र पाठको लागि तल २९१ पृष्ठ हेर्नू)।

५२१. ने.सं. ६७० (वि.सं. १६०७) चैत्रकृष्णत्रयोदशीको, विश्व मल्लको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (महेशराज पन्त २०५६ क:१३ सङ्ख्या = २०-२१)। त्यहाँ **श्रीवंधवपुरिस्थाने ॥ कोथ्वयेल ॥ गृहाधिवासिन ॥ वज्राचार्य्य ॥ चिकुतिबंन्देनाम्नेन प्रसादिकृतं ॥** लेखिएको छ। **बंधवपुरि** भनी कुन ठाउँलाई भनेको हो, थाहा भएन।

भक्तपुर पशुपतिमहाविहारको, ने.सं. ७६८ (वि.सं. १७०४) माघशुक्लनवमीको सुवर्णपत्रमा मूलका २, ३, ४ पङ्क्ति (पुष्परत्न शाक्य २०६१:१७३)।

५२२. ने.सं. ८४६ (१७८३) चैत्रशुक्लदशमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्तिमा **श्रीमंकांन्तिपुरीमहानगले ॥ श्रीयंब्रु शुर्व्वर्ण्णपनारीमहास्थाने ॥ श्रीसांन्तिगलंके ॥ तर्म्मराछेतोर ॥ धोकाबाहार यंन्ता गृहेवातवे ॥ वज्राचार्ज्ये ॥ गून्देव बंदेस नामनां सकासात ॥** (सिद्धिरत्न शाक्यभिक्षु २०६४:४६-४७ मा छापिएको यस पत्रको पाठ मूलसँग रुजू गरी दिइएको छ)।

५२३. ने.सं. ७८७ (वि.सं. १७२४) आषाढशुक्लएकादशीकोमा मूलको १ पङ्क्ति (पूर्णरत्न वज्राचार्य २०४९:१०६-१०७)। ने.सं. ८१६ (वि.सं. १७५२) फाल्गुनकृष्णनवमीकोमा मूलको १ पङ्क्ति (महेशराज पन्त २०५५)। ने.सं. ८१७ (वि.सं. १७५३) कार्तिकशुक्लत्रयोदशीकोमा (*रोलम्ब* २०४२)।

---

⑥ यस लिखतको मिति वि.सं.मा बदल्दा यसका सम्पादक पूर्णरत्न वज्राचार्य (२०४८:१२७)ले भ्रमवश **वि.सं. १६३७** लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी नाउँको अगाडि कहीं **वज्राचार्य** र कहीं **शाक्यवंश** रहने तथा पछाडिचाहिँ **बदे** रहने देखिएकोले **बदे**बाट निस्किएका **बरे** वा **बाँडा** शब्दले आजभोलि खास गरी **शाक्य** बुझाउने गरे पनि उहिले **वज्राचार्य** र **शाक्य** दुवै बुझाउने गरेको देखिन्छ। यो परम्परा पछिसम्म थियो भन्ने कुरा फ्रान्सिस ब्युकानन ह्यामिल्टन र ब्रायन हाउटन हाज्सनलगायतका अन्वेषकहरूका कृतिबाट पनि स्पष्ट हुन्छ।[५२४] **बदे** मात्र लेख्याले **शाक्य** हो कि,

५२४. फ्रान्सिस ब्युकानन ह्यामिल्टन [१८७५/७६] २०२८:३१-३२।[①]
ब्रायन हाउटन हाज्सन [१८८५] [१८९७/९८] [१९३०/३१] २०२७/२८:४१, ५१-५२।
उही [१८८५ क] [१८९७/९८] [१९३०/३१] २०२७/२८:६३।
हेन्रि याम्ब्रोज़ ओल्ड्फील्ड [१९३६/३७] २०३०:७७, १३३।
ड्यान्यल राइट १९३३:१८४-१८५।
बन्यहरूलाई सिल्विं लेवि (१९६१/६२:२४०)ले **बौद्ध धर्मका ब्राह्मण बन्यहरू** (**ले बन्य, कि सों ले ब्राह्मान् द्यु बुद्दिस्म्**) भनी तिनीहरूलाई १) **गुभर-जु** (**गुबल, गुबाहाल, गुरु-भाजु**), २) **बर्ह-जु**, ३) **बिखु**, ४) **भिक्षु**, ५) **नेभर**, ६) **निभरबरी**, ७) **तामकर्मी**, ८) **गंसबन्ही** र ९) **छिवरबरी**[②] गरी ९ समूहमा बाँडेका छन् (उही:२४०-२४१)।[③]

① **बाङ्ग्रा** (Bangras) वा **बा्येसु** (Baryesu)[❶] बुद्धमार्गमा मुख्य हुन्, यिनीहरू २ वर्गमा बाँडिएका छन्, पहिला थरी **गुबाल बाङ्ग्रा** (Gubal Bangras) हुन्, यिनीहरू गुरुपुरोहित र पुजारी हुन्छन्, **बकाली बाङ्ग्रा** (Bakali Bangras) सुन, चाँदी, तामा कमाउने काम गर्छन् र व्यापार र खेती पनि गर्छन् भनी यिनले लेखेका छन्। **गुभाजू**लाई **गुबाल बाङ्ग्रा** र शाक्यलाई **बकाली बाङ्ग्रा** भनी उनले छुट्ट्याएको यताबाट देखिएको छ।

② हाम्रो यतातिरका नव्यभाषाहरूमा लेखिएका कुरा रोमन लिपिमा उतार्दा युक्तस्वरव्यञ्जनमा उच्चारण नहुने, अन्त्यको **अ** हटाई अन्त्यको वर्ण हलन्त पार्ने चलन पश्चिमाहरूले चलाएकाले[❷] सिल्विं लेविले **गुभर्°**, **गुबल्**, **गुबाहाल्**, **नेभर्**, **निभर्°**, **ताम्°**, **छिवर्°** लेखे पनि हाम्रा भाषामा यस्तो गर्ने चलन नभएकोले मैले अकारान्त रूप दिएको हुँ। यसै गरी उनले **भरि°**, **°कर्मि**, **°बन्हि** लेखे पनि नेपालीमा थर लेख्दा दीर्घ लेख्नुपर्छ भनी मैले पढेकोले दीर्घ गरेको हुँ।

③ सिल्विं लेवि १९६१/६२ को नेपाली उल्था अर्थात् डिल्लीराज उप्रेती २०६२ मा यो कुरा १५३ पृष्ठमा छ। त्यो नेपाली उल्था छाप्नेले **सटीक**लाई **सटिक** लेखी आफ्नो पाण्डित्यको इयत्ता देखाउँदै मूल फरासीस पुस्तकको अज्ञातकर्तृक अङ्ग्रेजी उल्थाको विषयमा यस्तो **त्यसरी अङ्ग्रेजीमा उल्था गर्ने अनुवादकको फ्रान्सेली भाषाको ज्ञान कुन स्तरको थियो र सो अनुवाद कति सटिक थियो भन्ने कुरा आफ्नो ठाउँमा छँदै छ** (*प्रकाशकीय*:५) लेखी त्यस अङ्ग्रेजी उल्थाको

❶ Baryesu यस शब्दको प्रयोग सबभन्दा पहिले रोवातोका कापुचिन पादरी जूजेप्पे ([१८५७/५८] २०२८/२९:२४२)को नेपाल राज्यको वर्णनमा भएको मैले देखेको छु। जुजेप्पेकै त्यही लेखको अर्को लेखोटमा भने Baryesu को ठाउँमा Bariesce आएको छ (योगेश राज २०६३:२४७-२४८)।

❷ नेवारीमा कुनै कुनै शब्द र विभक्तिहरूको अन्त्यको अको उच्चारण हुन्छ भन्ने कुरा नेवारीका ख्यातनामा कोषकार र वैयाकरण, डेनमार्कका हान्स योर्‌गेन्सेन (१९९७: § ७ = ११)ले निर्क्योल्न सके पनि नेवारी बोलेको सुन्न नपाएका उनले आफूले तयार गरेका नेवारी कोष (उही १९८४/८५ र १९९२) र व्याकरण (उही १९९७)मा धेरैजसो अकारान्त नेवारी शब्द र धातुहरूलाई हाँसोउठ्दो ढङ्गले हलन्त पारिदिएका छन् र कर्तृकारक **न** पनि यसको अपवाद छैन (उदाहरणको लागि उही १९९७: §§ २४-२५ = २२ हेर्नू)[✪]।

✪ यस विषयमा महेशराज पन्त २०६३:३९ मा ९ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वज्राचार्य हो भन्ने स्पष्ट नहुने भएकोले कहीँ **भिक्षु** वा **शाक्यवंश** र कहीँ **वज्राचार्य** अगाडि लेखी स्पष्ट पार्ने

म्याक्स वेबर [१९७२-१९७३] [१९७७/७८] [२०१४/१५] २०४८/४९:२८३ ।
के.पी. चट्टोपाध्याय १९८०:५५५ = २०३६/३७:५ ।
पर्सिभल ल्यान्डन [१९८४/८५] २०३२/३३:२ ठेली २१७ ।
डेभिड लुवेलिन स्नेलग्रोभ २०१८:८ ।
मेअरी शेपर्अड स्लसर २०३९:२८७ मा १०९ सङ्ख्याको टिप्पणी ।
टड थ्रान्टन लुइस २०५३:१०९ ।④

विश्वसनीयतामा शङ्का उठाए पनि विद्वद्ग्राह्य मूल पुस्तकको उनले प्रकाशमा ल्याएको नेपाली उल्था पण्डितराज जगन्नाथको *रसगङ्गाधर*बाट शब्द सापटी लिएर भन्ने हो भने पामरश्लाघ्य[3] बन्न गएको छ भन्ने प्रमाणको लागि मूल पुस्तकका **बन्ध**, **बिखु**, **भिक्षु**, **तामकर्मी**, **छिवर** त्यस उल्थामा क्रमशः **बन्ड्या**, **भिखु**, **विक्सु**, **तमकर्मी**, **शिव** मात्र देखाए पनि पर्याप्त होला ।
म नेपाल जाँदा डिल्लीराज उप्रेती पेरिसको युनेस्कोमा थिए । उनले कहिल्यै राम्रो फ्रान्सेली बोलेनन् । [...] उप्रेती युनेस्कोमा काम गर्ने हुनाले सधैँ अंग्रेजी बोल्थे । तैपनि अन्ततः उनले सिल्भाँ लेभीका पुस्तक नेपालीमा अनुवाद गरे । मैले पनि त्यो किताब निस्कियो भनेर सुनें तर हेर्न चाहन्नँ । मेरा सहयात्रीहरू जसले हेरे त्यो किताबको अनुवाद देखेर त्यति सन्तुष्ट छैनन् भनी सिल्विं लेविको यस पुस्तकका अघिल्ला २ ठेली (सिल्विं लेवि १९६१/६२, १९६१/६२ क)को यस नेपाली उल्था (डिल्लीराज उप्रेती:२०६२, उही: २०६४)को विषयमा उता फरासीस नेपालज्ञ मार्क गाबोरियो (२०६८:२८०) बोल्छन् त यता कमल दीक्षित (२०६८:२९) त्यही उल्थाको यसरी तारीफ गर्छन्–

> **भेट्दा डिल्ली[राज उप्रेती] जैले पनि "तिमीहरू सबैले यत्रो तरक्की गऱ्यौ, मैले केही गर्न सकिनँ" भन्थे । अनि मैले सम्झाउनुपर्थ्यो उनका उपलब्धिहरू उनैलाई । "नेपालका थोरै फ्रेन्च विद्वान् डिल्ली, तिमी हाम्रा गौरव हौ" भन्थेँ म । त्यसले केही काम गऱ्यो क्यारे । उनले सिल्भन लेभीको नेपाल विषयक किताप मूल फ्रेन्चबाट नेपालीमा अनुवाद गर्ने बृहत् कार्य थालनी गरे । निकै वर्ष लाग्यो त्यो सम्पन्न हुन, तर डिल्लीले त्यो काम पुरा गरेरै छोडे । उनको अध्यावशाय* र विद्वत्ताको जति प्रशंसा गरे पनि पुग्दैन ।**

श्यामलदास ([१९४३] २०४३:१८२० = थियोडोर रिकार्डी, जूनियर २०३२:२१८)ले यस विषयमा लेखेको कुरा सिल्विं लेविको उल्था हो भनी भन्दा फरक पर्दैन ।

④ नेपाली भाषामा लेखिएको *श्रीसिद्धिनरसिं मल्ल राजाले बाध्याको स्थिति*मा **विखु बरे**, **विखु बाडा**, **साधारण बरे** र **वज्राचार्य भनी गुवाहाल** (काशीनाथ तमोट २०५०) तथा *भाषावंशावली* (देवीप्रसाद लंसाल २०२३:४१, ४८-४९; हाइको फ्रेज़ २०५९:२०१-२०२)मा[4] **बाडा** र **गुभाजु** र लामा त्सन्पोले वि.सं. १८७७ मा लेखेको धार्मिक भुवनकोशमा नेपालमा **गोबाल्** र **बन्ट** गरी **गुभाजू** र **बाँडा** छुट्ट्याएको कुरा उल्लेखनीय छ (तुर्रेल वाइलि २०२६/२७:३४) ।
वन्दे वा त्यसबाट निस्केका शब्दले आफ्नो समयमा **शाक्य** मात्र बुझाउने गरेको धारणा भएका आधुनिक अन्वेषक वा अवेक्षकहरूमा लूछ्याह्यो पेतेक (२०१५:१८६), गोपालसिंह नेपाली ([२०२२] २०४४/४५:१५०), याल्ङ्ग्ज्यान्डर म्याक्डनल्ड र आन वेर्गाति स्ताल (२०३६:७३), जनकलाल शर्मा (२०३९:३४१), जेरार्ड तोफाँ (२०४०/४१:२२९, ४३२, ४७५, ६३१; २०६३ क:१६७),[5] हेमराज शाक्य (२०४८:२९, २०५५:३५), मिलन शाक्य (२०५३), प्रयाग

---

❸ *रसगङ्गाधर* (केदारनाथ ओझा २०३३:६४) ।

❹ *भाषावंशावली*को **शास्त्र पढिसक्यापछिलाई शास्त्र पट्टि सक्यापछि** भनी हाइको फ्रेज़ (२०५९:२०२ मा मूलका ८-९ पङ्क्ति)ले पढेका छन् ।

❺ जेरार्ड तोफाँ(२०५२:१८८ = २०६३:५२)ले आफ्नो एउटा लेखमा चाहिँ **द बान्रे (आइ.ई. वज्राचार्यज् यान्ड् शाक्यज्)** अर्थात् **बान्रे (अर्थात् वज्राचार्यहरू र शाक्यहरू)** भनी **बरे**भित्र **वज्राचार्य** र **शाक्य** दुवैलाई गाभेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेको देखिएको छ।

देउपाटन,[५२५] काठमाडौँ[५२६] र भक्तपुरका[५२७] ताडपत्रका लिखतमा कहीँ कहीँ नाउँको अगाडि **भिक्षु** र पछाडि **बन्दे** वा **बादे** आएको पनि देखिएको छ। ललितपुरको एउटा शिलापत्रमा चाहिँ नाउँको अगाडि **वज्राचार्य** र पछाडि **भिक्षु** आएको छ।[५२८]

४१. शाक्यभिक्षु राजब्रह्मश्रीले आफ्नी पत्नी ज्योतिर्‌लक्ष्मी र छोरानातिसहित भई यो देयधर्म गरे भनी यहाँ लेखिएको देख्दा आफूलाई **भिक्षु** भन्ने मान्छेका कसरी स्वास्नी र सन्तान भए भन्ने प्रश्न वर्तमान वज्रयानी परम्परा नबुझ्ने मान्छेको मनमा उठ्न सक्छ। गृहस्थाश्रममा प्रवेश गरे पनि शाक्यहरूमध्ये एक थरी आफूलाई अझै शाक्यभिक्षु भन्ने गर्छन्।

४२. वज्रयानका अनुयायी पनि बौद्धधर्मका अरू अरू यान जस्तै भिक्षु र उपासक गरी २ थरीमा बाँडिए पनि कालान्तरमा त्यस यानमा भिक्षु निमिट्यान्न भए। वज्रयानमा भिक्षुहरू हुँदै नहुने चलन यहाँ जातिप्रथा लाद्ने जयस्थिति मल्लले चलाएपछि भयो भनी अबुझहरूले भ्रम फैलाएका छन्।[५२९] जयस्थिति मल्ल अर्थात् स्थितिराज मल्लले जातिप्रथा चलाए भन्नु जति निराधार छ,[५३०] त्यति नै निराधार वज्रयानमा भिक्षु हुने चलन पनि उनैको

---

५२५. ने.सं. ७६० (वि.सं. १६९७) ज्येष्ठकृष्णतृतीयाकोमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ज: १ सङ्ख्या)।

५२६. ने.सं. ७९३ (वि.सं. १७३०) आश्विनकृष्णपञ्चमीकोमा मूलको १ पङ्क्ति⑤ (उही २०४९:९ सङ्ख्यामा मूलको १ पङ्क्ति = ८०)।⑥

५२७. ने.सं. ८२२ (वि.सं. १७५८) माघकृष्णद्वादशीकोमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी ज:२ सङ्ख्या)।

५२८. ने.सं. ७८९ (वि.सं. १७२५) कार्तिककृष्णनवमीउप्रान्त दशमी बुधवार उत्तरफल्गुनीनक्षत्र प्रीतियोग⑦को शिलापत्रमा मूलका १०-११ पङ्क्ति (रबिसन शाक्य २०५८:५ सङ्ख्या = २४। यसको फ्याक्सिमिलिको लागि उही:३८ हेर्नू)।

५२९. उदाहरणको लागि इन्द्रकुमारी वज्राचार्य २०६१/६२:१२०, शङ्कर थापा र इन्द्रकुमारी वज्राचार्य २०६२:२९, वज्रमुनि वज्राचार्य २०६७:८७, लक्ष्मीचन्द्र वज्राचार्य २०६८।

५३०. नेपालखाल्डोकै कुरा गर्ने हो भने पनि स्थितिराज मल्लभन्दा झण्डै हजार वर्षअगाडि लिच्छविकालदेखि नै यहाँ

राज शर्मा (२०५४:५०), सुवर्ण शाक्य (२०५४), केदार शाक्य (२०५६:२८१-२८२) आनन्दबहादुर बज्राचार्य* (२०५७:२४), श्रीधर राणा (२०६०:९), गोविन्द टण्डन (२०६१ = २०६६), राजु शाक्य (२०६१), विल तुलाधर-डग्लस ([२०६२/६३] २०६३/६४:१६१ मा ६२ सङ्ख्याको टिप्पणी), तुलसी नारायण श्रेष्ठ (२०६६:५३), नानीभाइ मिखाद्वँमि (२०६७), मिलन शाक्य (२०६७:५४), फणीन्द्ररत्न वज्राचार्य (२०६८:१) र राजेन्द्रमान वज्राचार्य (२०६८:२६-२९) आदि पर्छन्।

⑤ ताडपत्र बेरेर राख्दा नखोलीकनै चिनियोस् भनी त्यही बेलामै पछाडि लेख्दा यस ताडपत्रमा **भिक्षु** नलेखी नाउँपछि **बादे** मात्र लेखिएको छ।

⑥ ने.सं. ८०४ (वि.सं. १७४१) श्रावणकृष्णपञ्चमीको, पार्थिवेन्द्र मल्लको ताडपत्रको लिखतमा किन्ने मान्छेको नाउँ **जिनदेव विखूवदि** (*सितु* २०३७) भनी दिइएकोले नाउँ अगाडि र **भिक्षु** र **बदे** एकैचोटि पछाडि आएको देखिएको छ।

⑦ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पालादेखि हरायो भन्ने भनाइ छ ।

४२.१. अझै धेरै खोजी नभइसकेकोले ब्रह्मचारी शाक्य र वज्राचार्यहरू कहिलेदेखि गृहस्थ हुन थाले भन्ने विषयमा ठोकेर भन्न सक्ने अवस्था आएको छैन । एउटी भिक्षुणीले आफ्नो, आफैँले भोगचलन गरिराखेको खेतको आयस्ता बन्धक राखी पैसा सापटी लिँदा ने.सं. १८९ (वि.सं. ११२६) चैत्रकृष्णसप्तमीको दिन गरिएको, ताडपत्रको एउटा लिखतमा यस्तो **सार्द्धपत्यन्समात्रमेकादशवर्षावदिना वन्धकत्वेनोदिस्य**[५३१] अर्थात् **लोग्नेको अंशको आधा मात्र ११ वर्षको अवधिको लागि बन्धक राखेर** लेखिएकोले ती भिक्षुणीका पति त्यस वेलासम्म बाँचेकै थिए भनी बेर्न्हार्त कोल्फर र हेमराज शाक्य (२०४२:६२)ले तर्क गरेकाले शाक्यभिक्षु विवाहित भए जस्तै भिक्षुणी पनि विवाहित हुन्थे र बाह्रौँ शताब्दीको शुरूमै यहाँका भिक्षु गृहस्थ भइसकेको देखिन गए पनि यो तर्क ठीक छैन भन्ने डेभिड एन. गेल्नर (२०४८/४९:२२)को मत छ । तल्लो जातकी आमाबाट जन्मेको छोरोको चूडाकर्म गर्नु हुँदैन भनी ललितपुरको वंबहालमा रहेको, ई.सं. १४४०/४१ अर्थात् ने.सं. ५४० को पुस्तकमा लेखिएकोले [ईसवीको] पन्ध्रौँ शताब्दीसम्म नेवार बौद्धहरूको वर्तमान स्थिति आइसकेको थियो भनी डेभिड एन. गेल्नर (उही) भन्छन्। विवाहित शाक्यभिक्षुको पहिलो उल्लेख जान कर लाक (२०४०/४१:४८१)ले ने.सं. ६३१ (वि.सं. १५६७)को ताम्रपत्रमा भेट्टाएका रहेछन् ।[५३२] त्यसै गरी आफूलाई ब्रह्मचर्यभिक्षु भने पनि

जातिप्रथा भएको कुरा तात्कालिक लेखहरूबाट बुझिन्छ (नयराज पन्त २०२१) ।

५३१. बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:५१ सङ्ख्यामा मूलको २ पङ्क्ति = १९०-१९२ । यसको फ्याक्सिमिलिको लागि उही २२६ हेर्नू ।

५३२. यस ताम्रपत्रको सम्बद्ध अंश यस प्रकारको छ -

स्वस्ति श्रीनेपालविषये श्रीश्रीश्रीस्वयम्भूचैत्यसन्निधाने श्रीकाष्ठमण्डपमहानगरे राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयरत्न-मल्लदेवस्य विजयराजे ।। दानपति काष्ठमण्डपनगरस्थचिकनमगुद्धितोलके ‿ नकविहार निह्म लिपछे शाक्यभिक्षु श्रीज्योतिराज पाल माता उल्लासलक्ष्मी ‿ भार्या अभयलक्ष्मी भ्राता शाक्यभिक्षु श्रीशुत्रो पाल भिक्षु श्रीकमलाज पाल ‿ माता श्रीआशुलक्ष्मी ध्वते समेतन श्रीउद्योतकीर्तिविहारीया श्रेयोऽस्तु सम्वत् ६२८ वैशाषशुक्लपूर्ण्णिमास्यां स्वातिनक्षत्रे सुद्धियोगे शनैश्चरवासरे पादस्थापन ।। ज्वेष्ठकृष्णपञ्चमी श्रवणनक्षत्रे ऐन्द्रयोगे शुक्रवासरे द्वारस्थापन ।। सम्वत् ६२९ चतुर्दशी कुह्नु आवनछेया विहिरिज्या सम्पूर्ण्ण जुयावलीव उद्योतराजजु थं गुतो जुषे ध्वस उभे दिवंगत जुयावलीव पुत्र शाक्यवंशोत्तम जयकेशराज बाबुचा माताप्रमाता सहसन सुवर्ण्णप्रतिमा श्रीअक्षोभ्य देवतार भ्रातृ कमलाज पाल भार्या केतकीलक्ष्मी मातासन सुवर्ण्णप्रतिमा श्रीदीपंकर बुद्ध भट्टारकत्वं दयक ध्वस उभेसन स्वंचा प्यह्नु यज्ञ याङ प्रतिष्ठा याङा जुरो ।। सम्वत् ६३१ मार्ग्गशिरकृष्णसप्तमीपरअष्टम्यां तिथौ पूर्व्वफाल्गुनिक्षत्रे विस्कुंभपरप्रीतिजोगे शनैश्चरवासरे ध्व कोह्नु यज्ञारम्भ ‿ अग्निस्थापन ।। नवमीपरदशम्यां हस्तनक्षत्रे आयुष्मानपरसोभाग्ययोगे सोमवासरे ध्व कोह्नु श्रीगन्धूली श्रीदीपंकरश्रीसंवरप्रतिष्ठा ।। दशमीपरएकादशी चित्रनक्षत्र शौभाग्यपरसोभनयोगे अंगारवासरे ध्व कोह्नु यज्ञ पूर्ण्णा ।।①

---

① डिल्लीरमण रेग्मी २०२३ क:९० सङ्ख्या❶का १-१० पङ्क्तिबाट = १ खण्ड ९६-९७ । डिल्लीरमण रेग्मीको पाठमा

---

❶ डिल्लीरमण रेग्मीले ९० बुझाउन LXL लेखेका छन् । रोमन पद्धतिबाट अङ्क लेख्न उनको त्यति हात नबसेकोले यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवाहितको पहिलो उल्लेख उनले (उही) ने.सं. ६३५ (वि.सं. १५७२) को शिलापत्रमा भेट्टाएका रहेछन् ।[५३३]

४२.२. मैले यस विषयमा त्यति गडेर त हेरेको छैन, तर जान कर लाकले उल्लेख गरेको ताम्रपत्रभन्दा ५ वर्ष १० महीनाअगाडिको[५३४] अर्थात् ने.सं. ६२५ (वि.सं. १५६१) माघकृष्णचतुर्थी बृहस्पतिवार उत्तरफल्गुनीउप्रान्त हस्तनक्षत्र सुकर्माउप्रान्त धृतियोगमा सारिसिद्धिएका *वसुधाराधारणी* र *जम्भलहृदय*का दानपति शाक्यभिक्षु सपत्नीक र सपुत्र भएको कुरा यहाँ भन्नुपर्छ ।[५३५] पक्कै पनि विवाहित शाक्यभिक्षु वा वज्राचार्यको पहिलो उल्लेख यो होइन ।[५३६] यसभन्दा १६ वर्ष ७ महीनाअगाडिको अर्थात् ने.सं. ६०८ (वि.सं. १५४५)

५३३. यस शिलापत्रको सम्बद्ध अंश यस प्रकारको छ –

नेपालवच्छलगते सरगग्निस्वादे मासे शुचि कृष्णचतुर्दशी चः
ऋक्षेऽदितिहृषनयोगयुक्ताः भौमे च वारे तत् देव स्थापिता ।।
एते पुण्यार्थेन सर्व्वत्र सुखीनो भवे ।।

नेपालाधिपति राजाधिराज परमेश्वर परमभतारक श्रीश्रीजयरत्नमल्लदेव प्रभु ठाकुरस विजयराजे ।। ।। श्रीललिता-पुरिणगरे एव स्थाने श्रीगुस्तलमहविहारीमूलचोकनिवासित ज्वजमान ब्रह्मचर्यभिक्षु श्रीजखराजजुसः भार्या माणमयि भरिसः ध्वस स्त्रीपुरुषसः पुत्र दिवंगतः विजयसिंह भारोयात निमित्यार्थेन श्रीमत्श्रीश्रीमहंकालदेव दयका यंथो शक्तबहिरिस जगाजोग्य याङ थापरपा जुरो ।।[२]

५३४. यस प्रसङ्गमा यहाँ र तल तिथिको घटबढको विचार नगरी सरासर दिनगन्ती गरिएको छ र अधिमासको हिसाब पनि राखिएको छैन, ज्यादै थोरै दिनले मात्र मिति फरक परेका सामग्रीमा बाहेक अन्त १ महीनाभन्दा कम दिनको गन्ती गरिएको छैन ।

५३५. महेशराज पन्त २०३७:२३ ।

५३६. काठमाडौँ (**ञदेस**) तछेबहाल (**तओछेबाहाल**)का वज्राचार्य जीवचन्द्रलाई ने.सं. ६११ (वि.सं. १५४८) आश्विनअमावास्याको दिन राजा राय मल्ल, राम मल्ल, रत्न मल्ल र अरि मल्लले भक्तपुर (**खपदेस**) श्रीबहालमा घर (**छेँ**) बिर्ता (**बिर्त्ता**) दिएको र जीवचन्द्रका छोराहरूले आचार्यगूठी बनाएको कुरा परेको एउटा लिखत *बलि-राजस्तोत्र*को अन्त्यमा छ ।[३] लिपि, भाषा र शब्दावली आदिको आधारमा यो लिखत तात्कालिक नदेखिएकोले यसबाट वज्राचार्य जीवचन्द्र सपुत्र भएको थाहा भए पनि यो कुरा माथि नराखिएको हो ।[४]

चिकनमशुद्धितोलके भएकोमा **चिकनमगुद्धितोलके**, **ज्वेष्ठ** भएकोमा **ज्येष्ठ**, **पाद स्थाने** भएकोमा **पादस्थापन** बनाउने जस्ता संशोधन गरी माथि पाठ दिइएको छ ।

② डिल्लीरमण रेग्मी २०२३ क १ खण्ड:६५ सङ्ख्याका ३-१६ पङ्क्ति = १०३-१०४ ।

③ नारायणप्रसाद न्यौपाने २०४६:३०, ६८ ।
वज्रयान अनुसन्धान पुचः २०६४ ।

④ शाके १७८३ वि.सं. १९१८ ने.सं. ९९२ पौषशुक्लतृतीया शनैश्चरवार धनिष्ठानक्षत्र शुभयोग मकरसङ्क्रान्ति[❷]को दिन सारिसिद्धिएको *पञ्चरक्षा*को पुष्पिकामा पनि यो कुरा आएको छ (सुरेशज्योति शाक्य २०६१ घः मूलका ३-६ पङ्क्ति) ।

गल्ती भएको हो । यस विषयमा महेशराज पन्त २०६६ क:२४५ मा ५३ सङ्ख्याको टिप्पणी हेर्नू ।

❷ **श्री शाके सम्बत १७८३ श्री विक्रम सम्वत १९२८ श्री नेपाल सम्वत ९९२ मिति पोष शुद्धि ३ नक्षत्र धतेष्ट्र शुभजोगः शनिचवार मक्र** संक्रान्ति भनी यस पुष्पिकाका सम्पादक सुरेशज्योति शाक्य (२०६१ घ:१५१)ले यसको मिति पढेका छन् । भ्रष्ट ढङ्गले उतारिएको यस पाठमा वि.सं. १९१८ हुनुपर्नेमा **१९२८** भएको छ । यस पाठबाट मितिको उद्धार गर्दा **नक्षत्र धतेष्ट्र** भनेको **धनिष्ठानक्षत्र** हो कि भनी अडकल गरेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्येष्ठकृष्णचतुर्दशीको ताडपत्रको लिखतमा सपुत्र शाक्यभिक्षुको उल्लेख मैले पाएको छु ।[५३७] यसभन्दा ५ वर्ष १ महीनाअगाडिको अर्थात् ने.सं. ६०३ (वि.सं. १५४०) वैशाखकृष्णत्रयोदशी आदित्यवार अश्विनीनक्षत्र आयुष्मान्योगमा सारिसिद्धिएका *पञ्चरक्षा, नामसङ्गीति* र *ग्रहमातृका*का दानपति शाक्यभिक्षु सपत्नीक मात्र होइनन्, उनका छोरा र छोरी पनि छन् ।[५३८] यसभन्दा १ वर्ष ५ महीनाअगाडिको अर्थात् ने.सं. ६०२ (वि.सं. १५३८) मार्गकृष्णषष्ठीको ताडपत्रको लिखतमा बाबुछोरा [शाक्य]भिक्षुको उल्लेख आएको छ ।[५३९] यसभन्दा ३ वर्ष ५ महीनाअगाडिको अर्थात् ने.सं. ५९८ (वि.सं. १५३५) अधिकाषाढकृष्णतृतीयाको ताडपत्रको लिखतमा २ जना छोरासहितका शाक्यभिक्षुको,[५४०] यसभन्दा २१ महीनाअगाडिको अर्थात् ने.सं. ५९६ (वि.सं. १५३३) आश्विनशुक्लचतुर्थीको ताडपत्रको लिखतमा छोरासहितका वज्राचार्य भिक्षुको,[५४१] यसभन्दा ५ महीनाअगाडिको अर्थात् ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लसप्तमी (वैशाख ५ गते)

---

५३७. यसको फ्याक्सिमिलिको लागि तल २९२ पृष्ठ र पाठको लागि तल २९३ पृष्ठ हेर्नू ।

५३८. महेशराज पन्त २०४५ ख:२५ ।

५३९. उही २०६२:१ सङ्ख्यामा मूलका १, २ पङ्क्ति = ३१-३२ ।

५४०. उही २०५७ घ:५४ सङ्ख्यामा मूलका १-२ पङ्क्ति = ४१-४२ ।

५४१. उही २०५० क: ३४ सङ्ख्यामा मूलको १ पङ्क्ति = १९ ।

---

*बलिराजस्तोत्र*मा भएको लिखतमा जीवचन्द्रका हेलसिं, अभेसिं र तयासिं नाउँ भएका ३ जना छोराको चर्चा छ ।[❸] *पञ्चरक्षा*को पुष्पिकामा चाहिँ जयचन्द्रपछि वज्राचार्य पूर्णराज भए भनी लेखिएको छ । *बलिराजस्तोत्र*मा भएको लिखतमा जीवचन्द्रको पूर्वजको विषयमा केही लेखिएको छैन । *पञ्चरक्षा*को पुष्पिकाबाटचाहिँ उनी तछैंबहालका सुरथवज्र वज्राचार्यका सन्तान भन्ने बुझिन्छ । त्यहाँको लेखाइको हिसाबबाट जयचन्द्र सुरथवज्रका जनाति देखिन्छन् (सुरथवज्र→जयरत्न→जयमुनि→जयधर्म→जयचन्द्र) ।

जीवचन्द्र वज्राचार्यलाई सुरतवज्र वज्राचार्यका छोरा भनी विजयराज वज्राचार्य (२०४९:१५२)ले लेखेकोमा [...] **जीवचन्द्र सुरतवज्रको सन्तान हो छोरा नै होइन भन्ने कुराको पुष्ठी* हुने गर्दछ** भनी राजेन्द्रमान वज्राचार्य (२०६७)ले लेखेको ठीक ठहर्छ । *बलिराजस्तोत्र*मा भएको लिखत र *पञ्चरक्षा*को पुष्पिकामा **आश्विनवदि १५** भएकोमा पञ्चाङ्गको सामान्यज्ञान पनि नभएकोले हो कि राजेन्द्रमान वज्राचार्यले **सम्वत् ६११ आश्विन १५ को दानपत्र** मात्र लेखी **वदि** छुट्याएको ।[❹]

---

❸ राजेन्द्रमान वज्राचार्य (२०६७)ले जीवचन्द्रका छोराहरूको नाउँ **मचासिं, हेलंसि, अभ्यासिं** भनी लेखेका छन् । तर उनको पनि आकरचाहिँ यही लिखत हो ।

❹ जीवचन्द्र वज्राचार्यको विषयमा रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य (२०३९:८१-८२)ले लेखेका छन् । तिनैलाई जान कर लाक (२०४१/४२:२९८)ले जीववज्र भनेका छन् । बद्रीरत्न बज्राचार्य* (२०४६:३४), फणिन्द्र* रत्न बज्राचार्य* (२०६४:२४१), बुद्धाचार्य शाक्य (२०६५-२०६६:६), आनन्दमुनि बज्राचार्य* (२०६७:६१) र माणिकरत्न बज्राचार्य* (२०६८:१४)ले यही कुरा आआफ्नो शब्दमा भनेका छन् । सम्यक*रत्न बज्राचार्य*को *ख्वपदेया बहा बहीया संक्षिप्त परिचय*को आधारमा आफूहरूले जीवचन्द्र वज्राचार्यबारे लेखेको कुरा रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य (२०३९:८१-८२)ले खुलाएका छन् । त्यो पुस्तक मैले देखेको छैन । रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्यअनुसार सम्यकरत्न* बज्राचार्य*ले चतुर्ब्रह्मविहारमा रहेको *पञ्चरक्षा*को पुष्पिकाको आधारमा जीवचन्द्र वज्राचार्यबारे लेखेको देखिन्छ । आनन्दमुनि बज्राचार्य*ले त बाबु **यक्ष मल्ल** र छोरा **राय मल्ल**लाई एउटै अर्थात् **राय यक्ष मल्ल** बनाइदिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आदित्यवार आर्द्रानक्षत्र सुकर्मयोगमा सारिसिद्धिएको *पञ्चरक्षा*को पुष्पिकामा पत्नीसहितका शाक्यभिक्षुको,[५४२] यसभन्दा ३० वर्ष ११ महीनाअगाडिको अर्थात् ने.सं. ५६५ (वि.सं. १५०२) वैशाखशुक्लपञ्चमीको ताडपत्रको लिखतमा छोरासहितका [शाक्य]भिक्षुको[५४३] कुरा आएको छ। यसभन्दा २९ वर्ष ९ महीनाअगाडिको ने.सं. ५३५ (वि.सं. १४७२) श्रावणकृष्णचतुर्थीको ताडपत्रको लिखतमा एक जना शाक्यभिक्षुकी पत्नीले दानधर्म गरेको कुरा आएको छ।[५४४] यसभन्दा ५ महीनाअगाडिको अर्थात् ने.सं. ५३५ (वि.सं. १४७१) फाल्गुनशुक्लअष्टमी बृहस्पतिवार श्रवणनक्षत्र ऐन्द्रयोगको ताम्रपत्रमा दुइटी स्वास्नी र छोराछोरीसहितका वज्राचार्यको उल्लेख आएको छ।[५४५] यसभन्दा ८ दिनअगाडिको अर्थात् ने.सं. ५३५ (वि.सं. १४७१) फाल्गुनशुक्लप्रतिपदाको ताडपत्रको लिखतमा अक्षेश्वरविहारका एक जना ब्रह्मचर्यभिक्षुका छोरा अलग्गै बसे पनि ती छोराले आफ्ना बाबुलाई दयामाया गरे भने तिनको बहिलमा अधिकार हुन्छ भनी लेखिएको छ।[५४६] यसभन्दा ६ वर्षअगाडिको अर्थात् ने.सं. ५२९ (वि.सं. १४६५) माघकृष्णनवमी शुक्रवार ज्येष्ठानक्षत्र हर्षणयोगको ताम्रपत्रमा सपत्नीक वज्राचार्यको उल्लेख आएको छ।[५४७] यसभन्दा १६ वर्ष ५ महीना-अगाडिको अर्थात् ने.सं. ५१२ (वि.सं. १४४९) श्रावणकृष्णत्रयोदशी शनैश्चरवार अश्लेषानक्षत्र परिघयोग

---

५४२. उही २०६२ क:८ सङ्ख्यामा मूलका ३-४ पङ्क्ति = ३४-३६, ४२।
५४३. उही २०५०:१९ सङ्ख्यामा मूलको १ पङ्क्ति = ५९-६०।
५४४. उही २०५७ क:१९ सङ्ख्यामा मूलका १-२ पङ्क्ति = १७।
५४५. शङ्करमान राजवंशी २०१८:१२६ सङ्ख्यामा मूलको ५ पङ्क्ति = १५१-१५३।
५४६. हेमराज शाक्य २०५२:६२ मा २१ सङ्ख्याको अभिलेख।
५४७. धनवज्र वज्राचार्य २०६८:७७ सङ्ख्यामा मूलका ३-६ पङ्क्ति = २२६-२२७।①

---

① यस ताम्रपत्रको पाठ मलाई थाहा भएसम्म ३ जनाले भिन्नाभिन्नै छपाएका छन्। सबभन्दा पहिले रञ्जना वज्राचार्य (२०५२:१०)ले यसको पाठ यसरी छपाएकी छिन्–

शुभ श्रेयोस्तु संवत् ५२९ माघ कृष्ण नवम्याम तिथौ हस्त नक्षत्र हर्षन योगे शुक्रवारसरे श्री उत्तरविहाराधिपति उत्तर प श्री योगाम्वर घेस्थि महाविहार गण मध्यत श्री हिरण्यवण माहाबिहार गण मध्य स्थित श्री श्री चैत्य भट्टारकस्यालय तत्रेव वज्राचार्य श्री दव्यजनय पास्य श्री मेघराम थवर पासन भार्या धर्मपत्नि जयलक्ष्मी भरि सहितन कनकलश ध्वजावरोहन याङादिन जुरो ।। शुभम् ।।

त्यसपछि मीन बहादुर शाक्य (२०६१:१८ मा १५ सङ्ख्याको टिप्पणी)ले यसको पाठ यसरी छपाएका छन् –

शुभ श्रयस्तु संवत् ५२९ माघ कृष्ण नवम्याम्र तिथौ हस्त नक्षत्र हर्षन शुक्रवरसरे श्री उत्तर विहारधिपति श्री योगम्बर गेस्थित श्री हिरण्यवर्ण महाविहार गण मध्यमस्थित श्री श्री चैत्य भट्टारकस्यालय तत्रैव वज्रा-चार्य श्री दव्यजनय पास्य श्री मेघराम थवर पासन भार्या धर्मपत्नी जयलक्ष्मी भरि सहितन कनलश ध्वज वरोहन यन्नादिन जुरो ।। शुभम् ।।❶

हालै धनवज्र वज्राचार्य २०६८:७७ सङ्ख्या = २२६ मा यसको पाठ यसरी छपाइएको छ –

१. ॐ शुभ ।। श्रेयोऽस्तु ।। सम्वत् ५२९ माघकृष्णनवम्यां तिथौ ।। जे-
२. ष्ठानक्षत्रे ।। हषणयोगे ।। शुक्रवासरे ।। उत्तरविहाराधिप-

---

❶ रोमनमा छापिएको पाठलाई देवनागरीमा उतारी माथि दिइएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वणिक्करण[५४८]को ताडपत्रको दानपत्रमा एक जना बन्देले आफ्ना छोराछोरीको आयु, आरोग्य, ऐश्वर्य, जनधन,

---

५४८. **अद्य जुगमतो धार्णात श्रावणमासे कृष्णपक्षे त्रयोदस्यातथो वनिक कर्णा आदि मूर्हूते, श्री दिने गुरुहारोया मश्रे षनक्षत्रे परिद्य योगे शाश्विवासरे शिहराशिगते सवितरि ककठ राशिगते चन्द्रमशि** भनी यस लिखतका सम्पादक सुरेशज्योति शाक्य (२०६१:१२८)ले यसको मिति पढेका छन्। अत्यन्त भ्रष्ट ढङ्गले उतारिएको यस पाठबाट मितिको उद्धार गर्दा **मश्रे षनक्षत्र** भनेको **अश्लेषानक्षत्र** हो कि भनी अडकल गरेको छु। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि करणसम्म मात्र हालिएको छ।

---

३. **तिश्रीश्रीचोगांवराधिस्थितश्रीहिरण्यवर्ण्णमहाविहारगणम-**

४. **ध्यस्थितश्रीश्रीचैत्यभट्टारकस्यालये तत्रैव वज्राचार्यश्रीदक्षज-**

५. **नय यास्य श्रीमेगराम थवरयासन भार्या धर्म्मपत्नी जयलक्ष्मी भरी-**

६. **स सहितन कन(क)कलश धजावरोहन याङा दिन जुरोः ।। शुभमस्तु ।।**

धनवज्र वज्राचार्य २०६८: २२७ मा यस ताम्रपत्रको फ्याक्सिमिलि छापिएकोले तीनै जनाको पाठ फ्याक्सिमिलिसँग रुजू गर्दा नतीजा यस्तो आएको छ–

अघिल्ला २ जनाले सबभन्दा अगाडि रहेको **ॐ** र **शुभ**पछिको ।। छोडेका छन्। पहिलीले **श्रेयोस्तु**, दोस्राले **श्रयस्तु** र पछिल्लाले **श्रेयोऽस्तु** पढेकोमा मूलमा **श्रैयोऽस्तु** छ। पहिलीले **नवम्याम** र दोस्राले **नवम्याम्र** पढेकोमा पछिल्लाले **नवम्यां** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **तिथौ** पढेकोमा पछिल्लाले **तिथौ** ।। पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **हस्त नक्षत्र** पढेकोमा पछिल्लाले **जेष्ठानक्षत्रे** ।। पढेको मूलानुसारी छ। पहिलीले **हर्षन योगे**, दोस्राले **हर्षन** पढेकोमा पछिल्लाले **हषणयोगे** ।। पढेको मूलानुसारी छ। पहिलीले **शुक्रवारसरे**, दोस्राले **शुक्रवरसरे** पढेकोमा पछिल्लाले **शुक्रवासरे** ।। पढेको मूलानुसारी छ। पहिलीले **श्री उत्तरविहाराधिपति उत्तर प**, दोस्राले **श्री उत्तर विहारधिपति** र पछिल्लाले **उत्तरविहाराधिपति** पढेकोमा मूलमा **श्रीउत्तराविहाराधिपति** छ। पहिलीले **श्री योगाम्वर घेस्थि**, दोस्राले **श्री योगम्बर गेस्थित** र पछिल्लाले **श्रीश्रीचोगांवराधिस्थित** पढेकोमा मूलमा **श्रीश्रीयोगांबराधिस्थित** छ। पहिलीले **महाविहार गण मध्यत श्री हिरण्यवण माहाबिहार गण मध्य स्थित**, दोस्राले **श्री हिरण्यवर्ण महाविहार गण मध्यमस्थित** पढेकोमा पछिल्लाले **श्रीहिरण्यवर्ण्णमहाविहारगणमध्यस्थित** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **श्री श्री चैत्य भट्टारकस्यालय** पढेकोमा पछिल्लाले **श्रीश्रीचैत्यभट्टारकस्यालये** पढेको मूलानुसारी छ। अघिल्लीले **तत्रेव** र पछिल्ला २ जनाले **तत्रैव** पढेकोमा अघिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **श्री दव्यजनय** र पछिल्लाले **श्रीदक्षजनय** पढेकोमा **द**को पछाडि र **ज**को अगाडि आएको अक्षर **व्य** पनि होइन, **क्ष** पनि होइन भनी भन्न सके पनि त्यो अक्षर के हो भनी मैले खुट्ट्याउन सकिनँ। **जनय**पछि आएका २ अक्षरलाई अघिल्ला २ जनाले **पास्य** पढेकोमा पछिल्लाले **यास्य** पढेको ठीक छैन। अघिल्ला २ जनाले **मेघराम** पढेकोमा पछिल्लाले **मेगराम** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **थवर पासन** र पछिल्लाले **थवरयासन** पढेकोमा अघिल्लो पाठमा ती २ पद जोड्दा मूलानुसारी अर्थ आउँछ। पहिलीले **धर्मपत्नि**, दोस्राले **धर्मपत्नी** र पछिल्लाले **धर्म्मपत्नी** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **भरि सहितन** पढेकोमा पछिल्लाले **भरीस सहितन** पढेको मूलानुसारी छ। पहिलीले **कनकलश**, दोस्राले **कनलश** र तेस्राले **कन(क)कलश** पढेकोमा पहिलो पाठ मूलानुसारी र पछिल्लो पाठ मूलमा टुटेको अक्षरलाई कोष्ठभित्र हाली सच्याइएको छ। पहिलीले **ध्वजावरोहन**, दोस्राले **ध्वज वरोहन** र पछिल्लाले **धजावरोहन** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। पहिलीले र पछिल्लाले **याङा**, दोस्राले **यन्गा** पढेकोमा अघिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **जुरो** ।। र पछिल्लाले **जुरोः** ।।[❷] पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **शुभम्** र पछिल्लाले **शुभमस्तु** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ।

---

❷ दण्डको अगाडि अनावश्यक ठाउँमा आएको विसर्गले विरामचिह्नसँग सम्बद्ध देखिएकोले विसर्गसहितको यस्तो दण्डलाई आजभोलि **विसर्गदण्ड** भन्न थालिएको छ। यस विषयमा नोरियुकि कुदो २०६० हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मी र सन्ततिवृद्धिको कामना गरेका छन्[५४९]। यसभन्दा १३ महीनाअगाडिको, कलिगत संवत्, वि.सं., शाके, र ने.सं. गरी चारै थरी संवत् हालिएको, ने.सं. ५११ वि.सं. १४४८ प्रथमाषाढशुक्लदशमीउप्रान्त एकादशी सोमवार स्वातिनक्षत्र शिवयोगउप्रान्त सिद्धियोग[५५०]को ताम्रपत्रमा ३ जना शाक्यभिक्षु दाजुभाइ र तीमध्ये जेठोचाहिँको छोराको चर्चा आएकोले कमसेकम जेठा शाक्यभिक्षु विवाहित भएकोमा शङ्का छैन[५५१]। यसभन्दा ३ वर्ष १ महीनाअगाडिको अर्थात् ने.सं. ५०८ (वि.सं. १४४५) ज्येष्ठशुक्लदशमी (ज्येष्ठ १९ गते) शुक्रवार उत्तरफल्गुनीनक्षत्र शुद्धियोगको ताम्रपत्रमा स्थविर शाक्य, उनका छोराहरू र नातिको कुरा आएको छ।[५५२] यसभन्दा ७ महीनाअगाडिको अर्थात् ने.सं. ५०८ (वि.सं. १४४४) कार्तिककृष्णचतुर्थीउप्रान्त पञ्चमी आर्द्राउप्रान्त पुनर्वसूनक्षत्रको दिन[५५३] चढाइएको पटमा छोरा र बुहारीसहितका[५५४] वज्राचार्यको उल्लेख आएको छ।[५५५] यसभन्दा २९ वर्ष २ महीनाअगाडिको अर्थात् शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको, इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा विवाहित शाक्यभिक्षुको उल्लेख आएको त यस लेखको विषयवस्तुमै पर्ने कुरा भइहाल्यो। जान कर लाकले औँल्याएकोभन्दा १५२ वर्षभन्दा अगाडिको सामग्रीसम्ममा विवाहित शाक्यभिक्षुको उल्लेख आएको यताबाट देखिएको छ।[५५६]

---

५४९. सुरेशज्योति शाक्य २०६१ ग:३६ परिशिष्टमा मूलका ४-५ पङ्क्ति = १२८।

५५०. यसको मितिको विषयमा माथि ३८३ सङ्ख्याको टिप्पणी हेर्नू।

५५१. धनवज्र वज्राचार्य २०६८:६१ सङ्ख्यामा मूलका ७-९ पङ्क्ति = १८२-१८३।

५५२. शङ्करमान राजवंशी २०२१ क:५४-५५।

५५३. मूलमा केही अक्षर नष्ट भएकाले वार आदि देखिँदैनन्।

५५४. यस अभिलेखका सम्पादक गौतमवज्र वज्राचार्य (२०५७/५८:३२९)ले **वज्राचार्य श्रीयकुनिचन्द्रेन ... संपूर्ण--- सपुत सबधू सबान्दबाहार अनुत्तर ज्ञान प्राप्तं भवन्तु** भनी सम्बद्ध अंशको पाठ दिएका छन्। उनले दिएको पाठमा पदयोग तथा **ब** र **व**को छ्यानविचार नराखेको देखिन्छ। **सपुत सबधू सबान्दबाहार** यी पदको उल्था माइ सन्स्, डटर्स्-इन्-ल, ग्र्यान्ड्सन्स्, यान्ड् द रेल्अटिभ्ज् अफ् द मन्अस्टरि अर्थात् छोराहरू, बुहारीहरू, नातिहरू र बहालका नातेदारहरू भनी उनले गरेका छन्। मूलबाट **नाति** भन्ने अर्थ कसरी आउँछ।

५५५. उही।

५५६. ने.सं. २८४ (वि.सं. १२२०) माघशुक्लअष्टमीको दिन सारिसिद्धिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता*मा त्यो पुस्तक देयधर्म गर्नेको विषयमा लेख्दा **देयधर्मोयं प्रवरमहायानयायिनः श्रीपरनिर्वाणमहाविहारीयभिक्षुकुमार-भद्रभिक्षुणीसोममत्योर्यदत्र पुण्यन्तद्भवतु** (पूर्णरत्न वज्राचार्य २०२१:४५) लेखिएकोले जान कर लाक (२०४१/४२:४८१)ले शङ्का गरे जस्तै यी **भिक्षु** र **भिक्षुणी** पतिपत्नी हुनु धेरै सम्भव छ।

ठिमीको, ने.सं. ६३५ (वि.सं. १५७२) भाद्रकृष्णत्रयोदशीको ताडपत्रको लिखतमा आएको **ग्रहाग्न ॱ विषु श्रीव्रज्राचार्ज्य धर्म्मकितजुस** (मूलको १ पङ्क्ति)ले **ग्रहाग्नविषुले गृहाङ्गणभिक्षु**① अर्थात् **गृहस्थ [शाक्य]भिक्षु**लाई बुझाएको देखिन्छ। पूर्णरत्न वज्राचार्य (२०४४:५८-५९)ले छापेको यस पत्रको पाठ मूलको फोटोसँग रुजू गरिएको छ।

दीपंकर विहारया छगू तमसुक ने.सं. ५१२ सालया जुजु जयस्थिति मल्लया शासन इलय्या खः। थुगु तमसुक

---

① माथि ४६४ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वणिक्करण[५४८]को ताडपत्रको दानपत्रमा एक जना बन्देले आफ्ना छोराछोरीको आयु, आरोग्य, ऐश्वर्य, जनधन,

---

५४८. **अद्य जुगमतो धार्णात श्रावणमासे कृष्णपक्षे त्रयोदस्यातथो वनिक कर्णा आदि मूर्हुते, श्री दिने गुरुहारोया मश्रे षनक्षत्रे परिद्य योगे शाश्चिवासरे शिहराशिगते सवितरि ककठ राशिगते चन्द्रमशि** भनी यस लिखतका सम्पादक सुरेशज्योति शाक्य (२०६१:१२८)ले यसको मिति पढेका छन्। अत्यन्त भ्रष्ट ढङ्गले उतारिएको यस पाठबाट मितिको उद्धार गर्दा **मश्रे षनक्षत्र** भनेको **अश्लेषानक्षत्र** हो कि भनी अडकल गरेको छु। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि करणसम्म मात्र हालिएको छ।

---

३. तिश्रीश्रीचोगांवराधिस्थितश्रीहिरण्यवर्ण्णमहाविहारगणम-

४. ध्यस्थितश्रीश्रीचैत्यभट्टारकस्यालये तत्रैव वज्राचार्यश्रीदक्षज-

५. नय यास्य श्रीमेगराम थवरयासन भार्या धर्म्मपत्नी जयलक्ष्मी भरी-

६. स सहितन कन(क)कलश धजावरोहन याङा दिन जुरोः ।। शुभमस्तु ।।

धनवज्र वज्राचार्य २०६८: २२७ मा यस ताम्रपत्रको फ्याक्सिमिलि छापिएकोले तीनै जनाको पाठ फ्याक्सिमिलिसँग रुजू गर्दा नतीजा यस्तो आएको छ–

अघिल्ला २ जनाले सबभन्दा अगाडि रहेको ॐ र शुभपछिको ।। छोडेका छन्। पहिलीले **श्रेयोस्तु**, दोस्राले **श्रयस्तु** र पछिल्लाले **श्रेयोऽस्तु** पढेकोमा मूलमा **श्रैयोऽस्तु** छ। पहिलीले **नवम्याम** र दोस्राले **नवम्याम्र** पढेकोमा पछिल्लाले **नवम्यां** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **तिथौ** पढेकोमा पछिल्लाले **तिथौ** ।। पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **हस्त नक्षत्र** पढेकोमा पछिल्लाले **जेष्ठानक्षत्रे** ।। पढेको मूलानुसारी छ। पहिलीले **हर्षन योगे**, दोस्राले **हर्षन** पढेकोमा पछिल्लाले **ह्रषणयोगे** ।। पढेको मूलानुसारी छ। पहिलीले **शुक्रवारसरे**, दोस्राले **शुक्रवरसरे** पढेकोमा पछिल्लाले **शुक्रवासरे** ।। पढेको मूलानुसारी छ। पहिलीले **श्री उत्तरविहाराधिपति उत्तर प**, दोस्राले **श्री उत्तर विहारधिपति** र पछिल्लाले **उत्तरविहाराधिपति** पढेकोमा मूलमा **श्रीउत्तराविहाराधिपति** छ। पहिलीले **श्री योगाम्वर घेस्थि**, दोस्राले **श्री योगम्बर गेस्थित** र पछिल्लाले **श्रीश्रीचोगांवराधिस्थित** पढेकोमा मूलमा **श्रीश्रीयोगांबराधिस्थित** छ। पहिलीले **महाविहार गण मध्यत श्री हिरण्यवण माहाबिहार गण मध्य स्थित**, दोस्राले **श्री हिरण्यवर्ण महाविहार गण मध्यमस्थित** पढेकोमा पछिल्लाले **श्रीहिरण्यवर्ण्णमहाविहारगणमध्यस्थित** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **श्री श्री चैत्य भट्टारकस्यालय** पढेकोमा पछिल्लाले **श्रीश्रीचैत्यभट्टारकस्यालये** पढेको मूलानुसारी छ। अघिल्लीले **तत्रेव** र पछिल्ला २ जनाले **तत्रैव** पढेकोमा अघिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **श्री दव्यजनय** र पछिल्लाले **श्रीदक्षजनय** पढेकोमा **द**को पछाडि र **ज**को अगाडि आएको अक्षर **व्य** पनि होइन, **क्ष** पनि होइन भनी भन्न सके पनि त्यो अक्षर के हो भनी मैले खुट्ट्याउन सकिनँ। **जनय**पछि आएका २ अक्षरलाई अघिल्ला २ जनाले **पास्य** पढेकोमा पछिल्लाले **यास्य** पढेको ठीक छैन। अघिल्ला २ जनाले **मेघराम** पढेकोमा पछिल्लाले **मेगराम** पढेको मूलानुसारी छ। अघिल्ला २ जनाले **थवर पासन** र पछिल्लाले **थवरयासन** पढेकोमा अघिल्लो पाठमा ती २ पद जोड्दा मूलानुसारी अर्थ आउँछ। पहिलीले **धर्मपत्नि**, दोस्राले **धर्मपत्नी** र पछिल्लाले **धर्म्मपत्नी** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **भरि सहितन** पढेकोमा पछिल्लाले **भरीस सहितन** पढेको मूलानुसारी छ। पहिलीले **कनकलश**, दोस्राले **कनलश** र तेस्राले **कन(क)कलश** पढेकोमा पहिलो पाठ मूलानुसारी र पछिल्लो पाठ मूलमा टुटेको अक्षरलाई कोष्ठभित्र हाली सच्याइएको छ। पहिलीले **ध्वजावरोहन**, दोस्राले **ध्वज वरोहन** र पछिल्लाले **धजावरोहन** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। पहिलीले र पछिल्लाले **याङा**, दोस्राले **यन्गा** पढेकोमा अघिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **जुरो** ।। र पछिल्लाले **जुरोः** ।।❷ पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ। अघिल्ला २ जनाले **शुभम्** र पछिल्लाले **शुभमस्तु** पढेकोमा पछिल्लो पाठ मूलानुसारी छ।

---

❷ दण्डको अगाडि अनावश्यक ठाउँमा आएको विसर्गले विरामचिह्नसँग सम्बद्ध देखिएकोले विसर्गसहितको यस्तो दण्डलाई आजभोलि **विसर्गदण्ड** भन्न थालिएको छ। यस विषयमा नोरियुकि कुदो २०६० हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मी र सन्ततिवृद्धिको कामना गरेका छन्[५४९] । यसभन्दा १३ महीनाअगाडिको, कलिगत संवत्, वि.सं., शाके, र ने.सं. गरी चारै थरी संवत् हालिएको, ने.सं. ५११ वि.सं. १४४८ प्रथमाषाढशुक्लदशमीउप्रान्त एकादशी सोमवार स्वातिनक्षत्र शिवयोगउप्रान्त सिद्धियोग[५५०]को ताम्रपत्रमा ३ जना शाक्यभिक्षु दाजुभाइ र तीमध्ये जेठोचाहिँको छोराको चर्चा आएकोले कमसेकम जेठा शाक्यभिक्षु विवाहित भएकोमा शङ्का छैन[५५१] । यसभन्दा ३ वर्ष १ महीनाअगाडिको अर्थात् ने.सं. ५०८ (वि.सं. १४४५) ज्येष्ठशुक्लदशमी (ज्येष्ठ १९ गते) शुक्रवार उत्तरफल्गुनीनक्षत्र शुद्धियोगको ताम्रपत्रमा स्थविर शाक्य, उनका छोराहरू र नातिको कुरा आएको छ।[५५२] यसभन्दा ७ महीनाअगाडिको अर्थात् ने.सं. ५०८ (वि.सं. १४४४) कार्तिककृष्णचतुर्थीउप्रान्त पञ्चमी आर्द्राउप्रान्त पुनर्वसूनक्षत्रको दिन[५५३] चढाइएको पटमा छोरा र बुहारीसहितका[५५४] वज्राचार्यको उल्लेख आएको छ।[५५५] यसभन्दा २९ वर्ष २ महीनाअगाडिको अर्थात् शाके १२८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीको, इटुंबहालको *शतसाहस्रिका प्रज्ञापारमिता*मा विवाहित शाक्यभिक्षुको उल्लेख आएको त यस लेखको विषयवस्तुमै पर्ने कुरा भइहाल्यो । जान कर लाकले औँल्याएकोभन्दा १५२ वर्षभन्दा अगाडिको सामग्रीसम्ममा विवाहित शाक्यभिक्षुको उल्लेख आएको यताबाट देखिएको छ ।[५५६]

---

५४९. सुरेशज्योति शाक्य २०६१ ग:३६ परिशिष्टमा मूलका ४-५ पङ्क्ति = १२८ ।

५५०. यसको मितिको विषयमा माथि ३८३ सङ्ख्याको टिप्पणी हेर्नू ।

५५१. धनवज्र वज्राचार्य २०६८:६१ सङ्ख्यामा मूलका ७-९ पङ्क्ति = १८२-१८३ ।

५५२. शङ्करमान राजवंशी २०२१ क:५४-५५ ।

५५३. मूलमा केही अक्षर नष्ट भएकाले वार आदि देखिँदैनन् ।

५५४. यस अभिलेखका सम्पादक गौतमवज्र वज्राचार्य (२०५७/५८:३२९)ले **वज्राचार्य श्रीयकुनिचन्द्रेन ... संपूर्ण--- सपुत सबधू सबान्दबाहार अनुत्तर ज्ञान प्राप्तं भवन्तु** भनी सम्बद्ध अंशको पाठ दिएका छन् । उनले दिएको पाठमा पदयोग तथा ब र वको छ्यानविचार नराखेको देखिन्छ । **सपुत सबधू सबान्दबाहार** यी पदको उल्था माइ सन्स्, डटर्स्-इन्-ल, ग्रयान्ड्सन्स्, यान्ड् द रेल्अटिभ्ज् अफ् द मन्असट्रि अर्थात् छोराहरू, बुहारीहरू, नातिहरू र बहालका नातेदारहरू भनी उनले गरेका छन् । मूलबाट नाति भन्ने अर्थ कसरी आउँछ ।

५५५. उही ।

५५६. ने.सं. २८४ (वि.सं. १२२०) माघशुक्लअष्टमीको दिन सारिसिद्धिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता*मा त्यो पुस्तक देयधर्म गर्नेको विषयमा लेख्दा **देयधर्मोयं प्रवरमहायानयायिनः श्रीपरनिर्वाणमहाविहारीयभिक्षुकुमार-भद्रभिक्षुणीसोममत्योर्यदत्र पुण्यन्तद्भवतु** (पूर्णरत्न वज्राचार्य २०२१:४५) लेखिएकोले जान कर लाक (२०४१/४२:४८१)ले शङ्का गरे जस्तै यी **भिक्षु** र **भिक्षुणी** पतिपत्नी हुनु धेरै सम्भव छ ।

ठिमीको, ने.सं. ६३५ (वि.सं. १५७२) भाद्रकृष्णत्रयोदशीको ताडपत्रको लिखतमा आएको **ग्रहाग्न ৲ विषु श्रीव्रज्राचार्ज्य धर्म्मकितजुस** (मूलको १ पङ्क्ति)ले **ग्रहाग्नविषुले गृहाङ्गणभिक्षु**① अर्थात् **गृहस्थ [शाक्य]भिक्षुलाई** बुझाएको देखिन्छ । पूर्णरत्न वज्राचार्य (२०४४:५८-५९)ले छापेको यस पत्रको पाठ मूलको फोटोसँग रुजू गरिएको छ ।

दीपंकर विहारया छगू तमसुक ने.सं. ५१२ सालया जुजु जयस्थिति मल्लया शासन इलय्या खः । थुगु तमसुक

---

① माथि ४६४ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४२.३. यसै प्रसङ्गमा एउटा अर्को कुरा पनि भन्नुपर्ने भएको छ । कुरा के भने यो *शतसाहस्रिका प्रज्ञापारमिता*भन्दा ७३ वर्ष ६ महीनाअगाडि ने.सं. ४०४ (वि.सं. १३४०) फाल्गुनशुक्लत्रयोदशी बृहस्पतिवार मघानक्षत्र धृतियोगमा सारिसिद्ध्याइएको *शतसाहस्रिका प्रज्ञापारमिता*मा **गृहाश्रमभिक्ष्वाचार्यकायस्थसुगतरखितेन लिखितमिदं** अर्थात् **गृहस्थाश्रमका भिक्षु आचार्य कायस्थ सुगतरक्षितले यो सारे** भनी लेखिएको छ । यिनको वतन खुलाउँदा **श्रीललितपुर्यां महानगर्यां श्रीनवम्लके श्रीमदेन्द्रियदेवराज्ञ संस्कारित श्रीययमनोहरवर्ण्णमहाविहाराधिवाशी**[५५७] अर्थात् **श्रीललितपुरी महानगरीमा श्रीनवम्लमा श्रीमान् इन्द्रदेव राजाद्वारा संस्कारित श्रीजयमनोहरवर्णमहाविहारमा बस्ने** भनी यहाँ लेखिएकोले यिनी पाटनको कुनै विहार[५५८]का बासिन्दा देखिन्छन् । विहारमा बस्ने यिनलाई **गृहाश्रमभिक्षु** भनिएकोले यिनी **भिक्षु** भए पनि **घरबारी** भएकोमा शङ्का छैन ।[५५९]

भुजिंमोल लिपिं च्वयातःगु खः । **थथे** उल्लेख यानातल -"**भगवान शाक्यमुनी* बुद्धयात वर्षप्रति पुजा* यायेगुया लागिं विशिनी दाश वंदे व क्षदूं वादिनीनं दत्त तयातःगु उल्लेख यानातःगु दु ।**" अर्थात् दीपङ्करविहारको एउटा तमसुक ने.सं. ५१२ को, राजा जयस्थिति मल्लको शासनकालको हो । यो तमसुक भुजिमोल लिपिले लेखिएको छ । यस्तो उल्लेख गरिएको छ– **भगवान् शाक्यमुनि बुद्धलाई बर्सेनि पूजा गर्नको लागि बिशिनीदास बंदे र क्षदूं बादिनीले दत्त राखेको उल्लेख गरिएको छ** भनी सुरेशज्योति शाक्य (२०५६:१७-१८)ले लेखेका छन् । यस लेखाइबाट यी **बन्दे** र **बादिनी** पतिपत्नी हुनु धेरै सम्भव छ भन्ने मैले ठानेको थिएँ ।

त्यस पत्रको पाठ पछि (*पासूका* २०५८:४-५ पङ्क्ति) छापियो । त्यहाँ सम्बद्ध अंशको छापिएको पाठ— **अनेन दानेन भगवान तथागत स्त प्रीत्यर्थ आयुसकामनार्थ जजमान विशिनिदाश वन्देनस्य पुत्रादीनां क्षेठुं वादिना आयु-आरोग्य इस्वर्य जन धान लक्ष्मी संतितिसन्तान वृद्धिरस्तु**— अतिभ्रष्ट भएकोले राम्रो अर्थ लाग्दैन तापनि त्यहाँ **वादिनी**को सन्दर्भ छैन भनी भन्न चाहिँ ठोकेर सकिन्छ ।

सुरेशज्योति शाक्यको त्यही लेखाइको आधारमा जुनु बासुकला रञ्जितकार (२०६४: ३३)ले यस्तो **राजा जयस्थिति मल्लको पालामा भक्तपुरको मूल दीपंकर (देवननी) विहारमा कुँदिएको ने.सं. ५१२ सालको तमसुक पत्रमा भगवान् शाक्यमुनि बुद्धलाई प्रतिवर्ष पूजा गर्नको लागि विशिनी दाश वंदे र क्षदूं वादिनीनं दान गरेको कुरा उल्लेख गरिएको छ** भनी लेख्दा सुरेशज्योति शाक्यको **क्षदूं वादिनीनं**मा आएको नंको अर्थ ले हो भन्ने नबुझी **क्षदूं वादिनीनं** नै उनले सारेकी छिन् ।

५५७. माथि § २६.५.५ हेर्नू ।

५५८. यो **सुबहाल** हो (माथि ४१५ सङ्ख्याको टिप्पणी) ।

५५९. ने.सं. २६१ (वि.सं. ११९७) चैत्रकृष्णअष्टमीमा① सारिसिद्धिएको *मितपदा पञ्जिका*को पुष्पिकामा सार्नेको विषयमा **दक्षिणवैहारिकभिक्षुराचार्यसुवर्ण्णभद्रेण स्वपरार्थाय लिखितमिति**② अर्थात् **दक्षिणविहारका भिक्षुराचार्य सुवर्णभद्रले**

---

① पूर्णरत्न वज्राचार्य २०२३:१३० बाट यो पुष्पिका उद्धरण गरी **नरेन्द्रदेवया पर्याय् सन् ६४३ अर्थात् आः थौंकन्हेयागु** नेपाल **सम्वत्* छयले स्वया २३७ दँ न्ह्यो खः । थ्व च्वय्यागु २६१ सम्वत्** थौंकन्हेयागु नेपाल सम्वत् **छयले स्वया न्ह्योयागु जुइफु** अर्थात् **नरेन्द्रदेवको पालमा ई.सं. ६४३ अर्थात् आजकालको नेपालसंवत् चल्नुभन्दा २३७ वर्षअगाडिको हो । माथिको यो २६१ संवत् आजकालको नेपालसंवत् चलाउनुभन्दा अगाडिको हुन सक्छ** भनी यज्ञमान पति वज्राचार्य (२०५४:२४)ले लेखेका छन् । वि.सं. ७०० मा राज्य गरिरहेका नरेन्द्रदेव नै यस पुष्पिकामा नाउँ आएका नरेन्द्रदेव हुन् र यहाँको संवत् ने.सं. होइन भन्ने उनको आशय देखिन्छ । यो कुन संवत् हो भन्न भने उनले सकेका छैनन् ।

② लूछ्याहो पेतेक २०४०:५९ मा नरेन्द्रदेवको तेस्रो सामग्री । यो पुष्पिका हरप्रसाद शास्त्री (१९६१/६२:६२)ले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भिक्षुपछि यहाँ **आचार्य** जोडिएकोले यिनी **वज्राचार्य** होइनन् कि भनी शङ्का गर्ने ठाउँ भए पनि ने.सं. ३३८ (वि.सं. १२७४/७५)[५६०]मा सारिएको *निष्पन्नयोगावली*[५६१]मा **श्रीललितपुर्यां श्रीमत्इन्द्रियसंस्कारितश्रीजयमनोहर-वर्मणामहाविहारास्थितकायस्थवज्राचार्यभिक्षुज्ञानरक्षितेन लिखितं**[५६२] अर्थात् **श्रीललितपुरीमा इन्द्र[देव]द्वारा संस्कारित गरेको श्रीजयमनोहरवर्ण भन्ने नाउँ रहेको महाविहारमा रहने, कायस्थ वज्राचार्य भिक्षु ज्ञानरक्षितले सारे** भनी लेखिएकोले ने.सं. ४०४ (वि.सं. १३४०) फाल्गुनशुक्लत्रयोदशी बृहस्पतिवार मघानक्षत्र धृतियोगमा जुन बहालमा *शतसाहस्रिका प्रज्ञापारमिता* सारिसिद्धियो, त्यही बहालमा बसी त्यो *शतसाहस्रिका प्रज्ञापारमिता* सार्नेको जस्तै नाउँको पुछारमा **रक्षित** भएकालाई **वज्राचार्यभिक्षु** भनेकोले **भिक्ष्वाचार्य जिनरक्षित** पनि **भिक्षुवज्राचार्य** देखिन्छन् ।[५६३]

आफ्नो र **अरूको लागि सारे** भनी लेखिएको छ । यो **भिक्षुराचार्य** र माथि भरखरै चर्चा गरिएको, ने.सं. ४०४ (वि.सं. १३४०) फाल्गुनशुक्लत्रयोदशी शुक्रवार हस्तनक्षत्र हर्षणयोगमा सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता*मा सार्नेको विषयमा लेख्दा आएको **भिक्ष्वाचार्य** उही हो । खालि अघिल्लोमा समस्तपद भए पनि सुबन्तको लोप गरिएको छैन त पछिल्लोचाहिँ व्याकरणअनुसार लेखिएको छ ।

सिखंमुबहाल, मछिन्द्रबहाल, गंबहाल र इकुबहालको नियमपुस्तकमा सिखंमुबहालको प्रसङ्गमा सर्वसंघभित्र रहनेहरूमा **उपासक** र **स्थविर**भन्दा अगाडि **भिक्षुराचार्य** लेखिएको छ (माथि ४१८ सङ्ख्याको टिप्पणी हेर्नू) ।

५६०. लूछ्याह्ो पेतेक (२०४०: ८३ मा ३ सङ्ख्याको सामग्री)ले पढेको पाठअनुसार यस पुस्तकको पुष्पिकामा मिति यसरी दिइएको छ – **नेपालहायने वसुवह्निइतिरभिगतिवहनेन्दु ..... भृगुमण्डिते च** । **वसु**को अर्थ ८, **वह्नि**को अर्थ ३ भए पनि त्यसपछिका शब्दको अर्थ खुलस्त छैन । महीना, पक्ष र तिथि भएको अंश पनि यहाँ खण्डित छ र खालि वार मात्र यहाँबाट आउँछ । यस पुष्पिकामा राजाको नाउँ **अभय मल्ल** भनी दिइएकोले र उनको पालाका ने.सं. ३३७ (वि.सं. १२७४) ज्येष्ठपूर्णिमा शुक्रवारदेखि ने.सं. ३७५ (वि.सं. १३१२) चैत्रकृष्णद्वादशी सोमवारसम्मका सामग्री पाइएकाले (लूछ्याह्ो पेतेक २०४०:८३-८६) यसको शतस्थानी अङ्क ३ हुनुपर्ने भएकोले यसको संवत् **द डेट् अपीर्ज् टु बी द यर् ३३८ [...]** अर्थात् **मिति संवत् ३३८ हुनुपर्ने देखिन्छ** भनी लूछ्याह्ो पेतेकले लेखेका छन् ।

५६१. डिल्लीरमण रेग्मी (२०२२:२१७ मा २ सङ्ख्याको सामग्री) र लूछ्याह्ो पेतेक (२०४०:८३ मा ३ सङ्ख्याको सामग्री)ले यस पुस्तकको नाउँ *निष्पन्दयोगावली* लेखेका छन् । दुवैले दिएको पुष्पिकामा पुस्तकको नाउँ नआए पनि यो वज्रयानको प्रसिद्ध ग्रन्थ *निष्पन्नयोगावली*को हुनुपर्छ । सम्पादित यस ग्रन्थको लागि बिनय*तोष भट्टाचार्य्य [२००६] २०२८/२९ र यस ग्रन्थका २ वटा लेखोटका फ्याक्सिमिलिको लागि गुद्रुन ब्यूह्लेमन र मुसाशि ताचिकावा २०४८ हेर्नू ।

५६२. माथि § २६.५.५ हेर्नू ।

५६३. ने.सं. ३७३ (वि.सं. १३०९) मार्गशुक्लद्वितीयाको दिन सारिसिद्धिएको *क्रियासङ्ग्रहपञ्जिका*मा **श्रीनोगल्ल्के वैश्यश्रीदिवाकरवर्म्ममहाविहारभिक्षुवज्राचार्येण वीरमतिना स्वहस्तेना लिखितमिति** (लूछ्याह्ो पेतेक २०४०:८५ मा २२ सङ्ख्याको सामग्री) अर्थात् **श्रीनोगल्लमा वैश्यश्रीदिवाकरवर्ममहाविहारका भिक्षु वज्राचार्य वीरमतिले आफ्नै हातले सारे** भनी लेखिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।

छपाएका छन्, तर उनले संवत् **२७१** पढेका छन् भनी लूछ्याह्ो पेतेकले लेखेका छन् । तर हरप्रसाद शास्त्री १९६१/६२ मा लूछ्याह्ो पेतेकले देखाएको पृष्ठमा मैले यो पुष्पिका भेट्टाइनँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४२.३.१. प्राचीनतर धर्मशास्त्रहरूमा **लिपिकर** अर्थात् **लेखनदास**को रूपमा देखिएको **कायस्थ**[५६४] पछिल्ला धर्मशास्त्रमा **जाति**को रूपमा देखिन्छ[५६५] । यही कुरा अघिल्ला[५६६] र पछिल्ला उत्कीर्ण लेखमा लागू हुन्छ ।

---

५६४. *विष्णुस्मृति* ७।१-३ ।
याज्ञवल्क्यस्मृति १।३३६ ।[①]

५६५. *व्यासस्मृति* १।१०-१२ ।
औशनसस्मृति ३२-३४ ।

५६६. १. बङ्गाल दिनाजपुर जिल्ला दामोदरपुरको, [गुप्त]संवत् १२४ (वि.सं. ५००) फाल्गुन दिन ७ को, महाराजाधिराज कुमारगुप्तको पालाको, उपरिक चिरातदत्त र कुमारामात्य वेत्रवर्माको ताम्रपत्र (राधागोविन्द बसाक [१९७६-१९७७] २०३८/३९:१३०-१३१)का ३-६ पङ्क्ति ।

२. दामोदरपुरको, [गुप्त]संवत् १२८[②](वि.सं. ५०४) वैशाख दिन १३ को महाराजाधिराज कुमारगुप्तको पालाको, उपरिक चिरातदत्तको ताम्रपत्र (उही:१३३-१३४)का ३-५ पङ्क्ति ।

३. दामोदरपुरको, संवत्को अङ्क नष्ट भएको, फाल्गुन दिन १५ को महाराजाधिराज बुधगुप्तको पालाको, महाराज जयदत्तको ताम्रपत्र[③](उही:१३८-१३९)का ३-४ पङ्क्ति ।

४. दामोदरपुरको, [गुप्त]संवत् २२४[④] (विं सं. ६००) भाद्र दिन ५ को ताम्रपत्र (उही:१४२-१४३) का ४-५ पङ्क्ति ।

५. सिलहट निधानपुरको, मिति नभएको, भास्करवर्माको ताम्रपत्र (पद्मनाथ भट्टाचार्य [१९७०-१९७१] २०३८/३९:७३-७६)का ४७-५१ पङ्क्ति ।

६. बङ्गाल दिनाजपुर रामगञ्जको, संवत् ३५ मार्ग दिन १ को, माण्डलिक ईश्वरघोषको ताम्रपत्र (रमारञ्जन मुखर्जी र शचीन्द्रकुमार माइति २०२४:४६ सङ्ख्या = ३६२-३६५)का १२-२०, ४६-४७ पङ्क्ति ।

७. बङ्गाल फरीदपुरको, मिति नभएको, महाराजाधिराज धर्मादित्य र उपरिक नागदेवको पालाको ताम्रपत्र (फ्रेड्रिक ईडेन पार्गिटर [१९६७] २०४१/४२:२००-२०१)का ७-८ पङ्क्ति ।

८. फरीदपुरको, संवत् १८[⑤] को, महाराजाधिराज गोपचन्द्र र उपरिक नागदेवको पालाको ताम्रपत्र (उही:२०४)को ६ पङ्क्ति ।

९. मालदह जिल्लाको गौरनजीकको खालिमपुर गाउँको, संवत् ३२ मार्ग दिन १२ को, धर्मपालको ताम्रपत्र (फ्रन्त्स कीलहर्न [१९५३-१९५४ ग] २०३५/३६:२४७-२५१)का ४३-४८ पङ्क्ति ।

---

① जातको रूपमा होइन कि पेशाको रूपमा **कायस्थ**को चर्चा *राजतरङ्गिणी* (८।२३८३)मा पनि आएको छ ।

② यस ताम्रपत्रका आद्य सम्पादक राधागोविन्द बसाकले यसको संवत् १२९ पढेकोमा के.एन. दीक्षित ([१९८०-१९८१] २०३९/४०)ले १२८ भनी संशोधन गरेका छन् ।

③ यस ताम्रपत्रमा महाराजाधिराजको नाउँ नष्ट भई **गुप्त** मात्र बाँकी छ । त्यसै गरी उपरिकको पनि नाउँ नष्ट छ ।

④ यस ताम्रपत्रका आद्य सम्पादक राधागोविन्द बसाकले यसको संवत् २१४ पढेकोमा के.एन. दीक्षित ([१९८०-१९८१] २०३९/४०)ले २२४ भनी संशोधन गरेका छन् ।

⑤ यस ताम्रपत्रका आद्य सम्पादक फ्रेड्रिक ईडेन पार्गिटरले यसको संवत् १९ पढेकोमा दीनेशचन्द्र सरकार (२०२२:३७२ मा मूलको २५ पङ्क्ति, त्यहीँ ३ सङ्ख्याको टिप्पणी)ले १८ भनी संशोधन गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खुलाएर भन्दा उत्कीर्ण लेखमा जातको रूपमा **कायस्थ**को उल्लेख यू.एन. घोषाल (२०२०/२१:३९५ मा ९४ सङ्ख्याको टिप्पणी)अनुसार ई.सं. ८७१ देखि मात्र पाइन्छ।[५६७] उनले भनेको यो उत्कीर्ण लेख शाके ७९३ पौष उत्तरायण महापर्वको हो।

प्राचीनतम कोषहरूमा **कायस्थ** शब्द चढेको छैन। खुलाएर भन्दा **हर्रो**का पर्यायमध्ये **कायस्था** *अमरकोष* (२।४।५९)मा चढे पनि त्यहाँ **कायस्थ**को नामोनिशान नै छैन। यसै गरी प्राचीनतम कोषमध्ये दोस्रो *शाश्वतकोष*मा **कायस्थ** नचढेको उल्लेखनीय छ।

कोषहरूमध्ये मैले देखेसम्म **कायस्थ** शब्द चढेको प्राचीनतम कोष हलायुधको *अभिधानरत्नमाला* (२।४३१) हो। त्यहाँ **लेखक** अर्थात् **लेखनदास** अर्थात् **लिपिकर**को पर्यायको रूपमा **कायस्थ** शब्द चढेको छ। त्यसपछि यादवप्रकाशको *वैजयन्ती* (३।९।२३)मा **कायस्थ** शब्द चढेको मैले देखेको छु। अरू अरू पेशेवरहरूसँगै

---

५६७. १. महाराष्ट्र ठाणा जिल्ला सञ्जानको, शाके ७९३ (वि.सं. ९२८) नन्दनसंवत्सर पौष उत्तरायणमहापर्वको, राष्ट्रकूटवंश्य राजा प्रथम अमोघवर्षको ताम्रपत्र (देवदत्त रामकृष्ण भाण्डारकर [१९८२-१९८३] २०३९/४०:२४३-२५१)का ७६-७७ पङ्क्ति।

२. जोधपुर किण्सरियाको, [विक्रम]संवत् १०५६ वैशाखशुक्ल अक्षयतृतीया आदित्यवारको, चाहमानवंश्य राजा दुर्लभराजको पालाको, दहियावंश्य राजा चच्चको शिलापत्र (रामकर्ण [१९७०-१९७१] २०३८/३९:५९-६१)का २१-२२ पङ्क्ति।

३. बनारस जिल्ला चन्द्रावतीको, [विक्रम]संवत् ११५० आश्विनअमावास्या आदित्यवार सूर्यग्रहण लागेको दिनको मिति भएको, राजा चन्द्रादित्यदेवको ताम्रपत्र (दयाराम साहनी [१९७४-१९७५] २०३८/३९:१९३-१९५)को ३५ पङ्क्ति।

४. मध्यप्रदेश रत्नपुरको, [कलचुरि अर्थात् चेदि]संवत् ८६६ (वि.सं. ११७१) मार्गशुक्लनवमी आदित्यवारको, हैहयवंश्य राजा जाजल्लदेवको शिलापत्र (फ्रन्त्स कील्हर्न [१९४८] २०३९/४०:३४-३६)का २९ पङ्क्ति।

५. बनारस कमौली गाउँको [विक्रम]संवत् ११७२ वैशाखशुक्लतृतीया सोमवारको, गाहडवालवंश्य राजा गोविन्दचन्द्रको ताम्रपत्र (उही [१९५३-१९५४ क] २०३५/३६:१०४)का २६-२७ पङ्क्ति।

६. खजुराहोको [विक्रम]संवत् ११७३ वैशाखशुक्लतृतीया शुक्रवारको, चन्देलवंश्य राजा जयवर्माको शिलापत्र (उही [१९४८ क] २०३९/४०:१४०-१४७)का ३३-३४ पङ्क्ति।

७. बनारस कमौली गाउँको, [विक्रम]संवत् ११८२ माघपूर्णिमा शनिवारको, गाहडवालवंश्य राजा गोविन्दचन्द्रको ताम्रपत्र (उही [१९५३-१९५४] २०३५/३६:१००-१०१)का २७-२८ पङ्क्ति।

८. मारवाड नाडोलको सोमेश्वरमन्दिरको, [विक्रम]संवत् ११९८ श्रावणकृष्णअष्टमी आदित्यवारको, राजा रायपालको शिलास्तम्भाभिलेख (देवदत्त रामकृष्ण भाण्डारकर [१९६८-१९६९] २०३७/३८:३९-४१)का ३७-३९ पङ्क्ति।

९. जोधपुर देसूरी जिल्लाको नाडोल गाउँको, [विक्रम]संवत् १२१३ मार्गकृष्णदशमी शुक्रवारको, चाहमानवंश्य राजा कुमारपालको पालाको महामाण्डलिक प्रतापसिंहको ताम्रपत्र (उही [१९६९] २०४१/४२:२०३)को १३ पङ्क्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँ शूद्राध्यायमा **कायस्थ** र यसका पर्याय **लेखनदास**को अर्थमा आएकाले **जाति**को रूपमा **पेशा** रूढ हुन हुन लागेको अवस्था यताबाट झल्किन्छ ।

महेश्वरको *विश्वप्रकाश* (थान्तवर्ग १९ श्लोक)मा **नृजाति** अर्थात् **मानिसको जात**को रूपमा **कायस्थ** चढेको छ । *अमरकोष*मा नभएका शब्द राखी तयार गरिएको, पुरुषोत्तमको *त्रिकाण्डशेष* (२।१०।२)मा शूद्रवर्गमा अरू अरू पेशेवरहरूसँगै **कायस्थ** शब्द **कूटकृत्** अर्थात् **जालझेल गर्ने** र **पञ्जीकर** अर्थात् **दर्ता गर्ने** अर्थमा चढेको छ । *वैजयन्ती*मा देखिएको लौकिक व्यवस्था नै *त्रिकाण्डशेष*बाट पनि झल्किएको छ भनी भन्दा बढ्ता बोलेको ठहरोइन । हेमचन्द्रको *अनेकार्थसङ्ग्रह* (३ काण्ड ३४३ श्लोक)मा भने **अक्षरजीवक** अर्थात् **अक्षर [लेखेर] जीविका गर्ने** भन्ने अर्थमा पनि **कायस्थ** शब्द चढेकोले त्यस वेलासम्म पनि जातिभन्दा पेशाको रूपमा नै **कायस्थ** शब्द बढी चल्ती भएको देखिन्छ ।

मेदिनीकोष (थान्त १७-१८ श्लोक)लगायतका अर्वाचीन कोषमा[५६८] भने **नृजाति** वा **जातिप्रभेद**को अर्थमा **कायस्थ** शब्द चढेको छ ।

४२.३.२. महामाण्डलिक प्रतापसिंहको जोधपुरको वि.सं. १२१३ मार्गकृष्णदशमी शुक्रवारको ताम्रपत्रको पाठ गौडवंशका एक जना **कायस्थ (गौडान्वये कायस्थ)**ले[५६९] र चाहमानवंशका राजा विशालदेवको वि.सं. १२२० वैशाखपूर्णिमा बृहस्पतिवारको दिल्लीको शिलास्तम्भलेखको पाठ **गौडवंशका** एक जना **कायस्थ (गौडान्वयकायस्थ)**ले[५७०] लेखे जस्तै **कायस्थकुलमा जन्मेका (कायस्थकुलज)** एक जनाले ने.सं. २४७ (वि.सं. ११८४) आषाढकृष्णअष्टमीदेखि ने.सं. २५६ (वि.सं. ११९२) कार्तिकशुक्लपञ्चमीसम्मका सामग्रीमा राजाको रूपमा देखिएका इन्द्रदेवको[५७१] पालामा सारिएको, वारबाहेक अरू तिथि मिति नष्ट भइसकेको *अष्टसाहस्रिका प्रज्ञापारमिता*,[५७२] नेपाल ललितपुरका एक जना भलादमीको लागि राजा आनन्ददेवको प्रवर्द्धमानकल्याणविजयराज्यमा ने.सं. २८६ (वि.सं. १२२२) फाल्गुनशुक्लअष्टमीमा **कायस्थवंशका**

---

५६८. *अभिधानविश्वलोचन* ९५९ श्लोक ।
नानार्थरत्नमाला त्र्यक्षरकाण्ड थान्त ५ श्लोक ।
कोषकल्पतरु नानार्थस्कन्ध ८ श्लोक ।
शब्दरत्नावली थत्रि (२२७ पृष्ठमा थत्रिको ८ पङ्क्ति) ।
शब्दरत्नसमन्वय थतृतीय (१७० पृष्ठको ७ पङ्क्ति) ।

५६९. जोधपुर देसूरी जिल्लाको नाडोल गाउँको, [विक्रम]संवत् १२१३ मार्गकृष्णदशमी शुक्रवारको, राजा कुमारपालको पालाका ताम्रपत्रमा मूलको १३ पङ्क्ति (देवदत्त रामकृष्ण भाण्डारकर [१९६९] २०४१/४२:२०३) ।

५७०. सिवालिक पहाडको फेदीमा खिजराबादमा गाडिएको अशोकस्तम्भमा कुँदिएको, [विक्रम]संवत् १२२० वैशाखपूर्णिमा बृहस्पतिवारको, राजा वीसलदेवको लेखका क खण्ड, ग खण्डका ३-६ पङ्क्ति (फ्रन्त्स कील्हर्न [१९४७ क] २०४१/४२:२१८) ।

५७१. लूछ्याह्यो पेतेक २०४०:५७-५८ ।

५७२. माथि ३१० सङ्ख्याको टिप्पणीमा १० सङ्ख्याको पुस्तक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(कायस्थवंशः) एक जनाले *अष्टसाहस्रिका प्रज्ञापारमिता*[५७३] र महासामन्त रत्नदेवको कल्याणविजयराज्यमा धवलस्रोत्री भन्ने ठाउँमा बसी ने.सं. ३०३ (वि.सं. १२३९) चैत्रशुक्लपञ्चमीको दिन **जेजाभुक्तिका** एक जना **श्रीवास्तव कायस्थवंशका (जेजावुक्तियश्रीवास्तव्यकायस्थान्वय)**ले *चरकसंहिता*[५७४] सारेको चाखलाग्दो छ[५७५]।

४२.३.३. कुनै **ब्राह्मण** पछि **वज्राचार्य** भएको बुझाउन **विप्रवंशवज्राचार्य**[५७६] जस्ता शब्द चलेको पनि यस प्रसङ्गमा सम्झनुपर्छ[५७७]। ने.सं. ३३८ (वि.सं. १२७४/७५)मा *निष्पन्नयोगावली* सार्ने **कायस्थ वज्राचार्यभिक्षु ज्ञान-रक्षित**को नाउँमा र ने.सं. ४०४ (वि.सं. १३४०) फाल्गुनशुक्लत्रयोदशी बृहस्पतिवार मघानक्षत्र धृतियोगमा

---

५७३. पूर्णरत्न वज्राचार्य २०२१:४५, लूछ्याह्गे पेतेक २०४०:६३-६४ मा २१ सङ्ख्याको सामग्री।

५७४. लूछ्याह्गे पेतेक २०४०:७२ मा १ सङ्ख्याको सामग्री।

५७५. यस विषयमा बढी कुरा र यस लेखको कायस्थप्रकरणका प्रमाणवाक्य महेशराज पन्त छापिन बाँकी चमा समेटिएका छन्।

५७६. राष्ट्रिय अभिलेखालय तेस्रो लगत ७१९ सङ्ख्याको *डाकिनीगुह्यसमयसाधनमालातन्त्रराज*को पुष्पिकामा

समाप्तोयं डाकिनीगुह्यसमयसाधनमालतन्त्रराज इति विप्रवंशश्रीवज्राचार्यजीवरत्नेन गुह्यसमयसाधनमालातन्त्र-राजं लिखित शुभम्

(पूर्णरत्न वज्राचार्य २०२१:१९३)

(यो डाकिनीगुह्यसमयसाधनमालातन्त्रराज सिद्धियो। ब्राह्मणकुलका श्रीवज्राचार्य जीवरत्नले गुहयसाधनमालातन्त्रराज सारे। शुभ।)

*धर्मकोशसङ्ग्रह*को पुष्पिकामा

समाप्तोयं धर्मकोशः।। विप्रवंशवज्राचार्यजीवरत्नेन लिखितं सम्पूर्णं शुभम्।। ।।

(*धर्मकोशसङ्ग्रह*को २६९ पृष्ठ)

(यो धर्मकोश सिद्धियो। ब्राह्मणकुलका वज्राचार्य जीवरत्नले सारेको पूरा भयो। शुभ।)

राष्ट्रिय अभिलेखालय तेस्रो लगत ६६० सङ्ख्याको *स्तोत्रसङ्ग्रह*को पुष्पिकामा

नेपालवर्षे ऋतुनेत्रखेन्दु मासे शुचिश्च धवले च पक्षे।
वह्नितिथिभे च शुक्रवारे।

एतद्दिने समाप्तोयं नानाशास्त्रावलोकनोद्धृतस्तोत्रसङ्ग्रहः चिकमुगलप्रतोल्याः ब्रह्मचक्रमहाविहारस्थितः विप्रवंशवज्राचार्य-जीवरत्नेन लिखितं सम्पूर्णमिति।

(पूर्णरत्न वज्राचार्य २०२३ कः१२९। त्यहाँ प्रूफको गल्तीले ऋतुको ठाउँमा श्रृतु छापिएको छ।)

(नानाशास्त्र हेरी उद्धरण गरिएको, यो स्तोत्रसङ्ग्रह चिकंमुगलयेलको ब्रह्मचक्रमहाविहारमा बस्ने ब्राह्मणकुलका वज्राचार्य श्रीजीवरत्नले लेखेको नेपालसंवत् १०२६, आषाढ महीना, शुक्लपक्ष, प्रतिपदा तिथि, शुक्रवार यो दिन पूरा भयो।)

५७७. राष्ट्रिय अभिलेखालय चौथो लगत २० सङ्ख्याको *महायानसूत्रालङ्कार*को पुष्पिका

नेपालसम्वत् १०२६ मिति कार्तिककृष्णैकादश्यां तिथौ हस्तानक्षत्र प्रीतियोगे बालकणमुहूर्ते गुरुवारसरे बिच्छेराशिगते सवित्तरे तुलराशिगते चन्द्रमसि थु कुन्हु द्विजवरवंश श्रीनिष्यनन्दनं पुत्रपोत्रपनिस्त धका चोया तया जुले शुभम्।

(पूर्णरत्न वज्राचार्य २०२३:११५)

(नेपालसंवत् १०२६ मिति कार्तिककृष्णएकादशी तिथिमा हस्तनक्षत्रमा प्रीतियोगमा बालवकरण मुहूर्तमा बृहस्पतिवारमा वृश्चिकराशिमा सूर्य हुँदा तुलाराशिमा चन्द्र हुँदा यस दिन असल ब्राह्मणको वंशका श्रीनिष्ठानन्दले छोरानातिहरूलाई भनी लेखे। शुभ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सारिसिद्धिएको *शतसाहस्रिका प्रज्ञापारमिता* सार्ने **भिक्ष्वाचार्य सुगतरक्षित**को नाउँमा जोडिएको **कायस्थ**पछि वंश बुझाउने शब्द नआएकोले यस **कायस्थ** पदले पुस्तक सार्नेलाई मात्र बुझाएको हो कि जस्तो देखिन्छ।[५७८]

४२.४. ललितपुरको,[५७९] ठिमीका[५८०] र काठमाडौँमा इवाबहाल[५८१] र ढोकाबहालका[५८२] अभिलेखमा नाउँका

मा **द्विजवरवंश** मात्र लेखिए पनि त्यहाँ **वज्राचार्य** अन्तर्भूत छ, किनभने यी लेखक **वज्राचार्य** हुन् (छविलाल गजुरेल र करुणाकर वैद्य २०४५, काशीनाथ तमोट २०४८, जनकलाल वैद्य २०५५, उही २०५५ क, राजा शाक्य २०५५:१, मीना वज्राचार्य २०५६, *ह्यसिका* २०५७, प्रेमहिरा* तुलाधर २०६३-२०६४, रत्नसुन्दर शाक्य २०६४, अशोक श्रेष्ठ २०६५, प्रेमहिरा* तुलाधर २०६६ र हिमेशरत्न बज्राचार्य* २०६६)।

स्वर्गीय* जोतिष* वैद्य* पण्डित्* श्री धर्मानन्द बज्राचार्यया* जन्म कान्तिपुर द्विजवर बंश* ब्रह्मचक्र महाबिहार* (ओमबहा:) या बज्राचार्य* स्वर्गीर्य* पं. भाजुबिरसिं* व स्वर्गीय* कान्छी बज्राचार्यया* कुले कान्छाह्म काय् जुया ने.सं. १०१७ (बि.सं.* १९५३ माघ शुक्ल प्रतिपदा) या दिने जन्म जुया बिज्यागु जुल:।

(कमलानन्द बज्राचार्य* २०३६:अ)

(स्वर्गवासी ज्योतिषी वैद्य पण्डित धर्मानन्द वज्राचार्य काठमाडौँमा द्विजवरवंशको ब्रह्मचक्रमहाविहार (वंबहाल)का वज्राचार्य स्वर्गवासी पण्डित भाजुवीरसिंह र स्वर्गवासिनी कान्छी वज्राचार्याणीको कुलमा कान्छा छोरा भएर वि.सं. १९५३ माघशुक्लप्रतिपदाको दिन जन्मिबक्स्यो।)

५७८. **[...] बौद्ध अभिषेक लिएपछि आत्तो* कुल पछाडि सो उपाधि लेख्ने चलन रहेछ। जस्तैः जयमनोहरवर्मण महाबिहारका* ज्ञानरक्षित कायस्थ बर्मण* कुलका भई चूडाकर्म गरी आचार्यभिषेक* लिएपछि कायस्थ बज्राचार्य* भिक्षु ज्ञानरक्षित लेख्ने गरेको देखिन्छ** भन्ने तर्क (धर्मसुन्दर वज्राचार्य २०६७:२१) मेरो यस तर्कको ठीक उल्टो हो।

५७९. ने.सं. ३७३ (वि.सं. १३०९) मार्गशुक्लद्वितीया शुक्रवार स्वातिनक्षत्रमा सारिसिद्धिएको *क्रियासङ्ग्रहपञ्जिका* (लूछ्याह्रो पेतेक २०४०:८५ मा २२ सङ्ख्याको सामग्री)।

५८०. १. ने.सं. ६३५ (वि.सं. १५७२) भाद्रकृष्णत्रयोदशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (पूर्णरत्न वज्राचार्य २०४४:५८-५९)।①

२. ने.सं. ६७३ (वि.सं. १६१०) श्रावणकृष्णचतुर्दशीको ताडपत्रको लिखतमा मूलका १, ३ पङ्क्ति (शंकरमान राजवंशी २०४४:३ क्रमसंख्या = ३-४)।②

३. ने.सं. ६८४ (वि.सं. १६२०) पौषशुक्लद्वितीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी छ:१ सङ्ख्या)।

४. मिति नष्ट भएको ताडपत्रको लिखतमा मूलको ३ पङ्क्ति (उही:४ सङ्ख्या)।③

---

① खुलाएर भन्दा **विषु** अर्थात् **भिक्षु**को अगाडि **ग्रहाग्न** र **व्रजाचार्ज्य**को अगाडि **श्री** आएको छ।❶

② खुलाएर भन्दा २ पङ्क्तिमा **भिषो** अर्थात् **भिक्षु**को अगाडि **ग्रहाग्न** र **वज्राचार्ज्य**को अगाडि **श्री** आएको छ तथा ३ पङ्क्तिमा **वज्राचार्ज्य**को अगाडि **श्री** आएको छ।❶

③ ठिमीका, ताडपत्रका लिखतमा ने.सं. ६७० (वि.सं. १६०७) वैशाखशुक्लद्वितीयाकोमा **गृहाग्नभिषु श्रीव्रज्राचार्ज्य**❷

---

❶ मूलसँग प्रकाशित पाठ रुजू गरी शुद्ध पाठ माथि दिइएको छ।

❷ मूलमा **व्रज्राचार्ज्य** भएकोमा त्यहाँ **वज्राचाज्ये** छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अगाडि **भिक्षुवज्राचार्य** आएको देखिएको छ[५८३] । काठमाडौँका असनबहाल,[५८४] वंथबहाल,[५८५] वंदुंछेबहाल[५८६] (पछिल्ला दुवै वटुका), दुगंबहिल,[५८७] टेबहाल,[५८८] मखनबहाल,[५८९] इटुंबहाल,[५९०] ढोकाबहाल,[५९१] गंबहाल,[५९२]

---

५८१. ने.सं. ८०० (वि.सं. १७३७) चैत्रशुक्लनवमीको ताडपत्रको लिखतमा मूलका १, २ पङ्क्ति (उही २०५५ क: ६५ सङ्ख्या = ५१) ।

५८२. ने.सं. ८७७ (वि.सं. १८१४) श्रावणशुक्लपञ्चमीको ताडपत्रको लिखतमा मूलका १, ३ पङ्क्ति (उही छापिन बाँकी छ:३ सङ्ख्या) ।④

५८३. खुलाएर भन्दा ठिमीका, ताडपत्रका लिखत जतिमा **भिक्षु श्रीवज्राचार्य** आएको छ । अझ खुलाएर भन्दा काठमाडौँ इवाबहालको ने.सं. ८०० (वि.सं. १७३७) चैत्रशुक्लनवमीकोमा मूलका १, २ पङ्क्तिमा **भिक्षु श्रीवज्राचार्य** आएको छ र ढोकाबहालको ने.सं. ८७७ (वि.सं. १८१४) श्रावणशुक्लपञ्चमीकोमा मूलका १, ३ पङ्क्तिमा **भिक्षु श्रीश्रीवज्राचार्य** आएको छ ।

५८४. ने.सं. ४८४ (वि.सं. १४२१) श्रावणशुक्लद्वादशीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५६: ९ सङ्ख्या = ६-७) ।

५८५. ने.सं. ५९८ (वि.सं. १५३५) अधिकाषाढकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५७ घ:५४ सङ्ख्या = ४१-४२) ।

ने.सं. ६०८ (वि.सं. १५४४) पौषकृष्णप्रतिपदाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी ग: १ सङ्ख्या) ।

५८६. ने.सं. ५९८ (वि.सं. १५३५) अधिकाषाढकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको ३ पङ्क्ति (उही २०५७ घ:५४ सङ्ख्या = ४१-४२) ।

५८७. ने.सं. ६१० (वि.सं. १५४६) फाल्गुनशुक्लदशमीको ताडपत्रको लिखतमा मूलको ३ पङ्क्ति (उही छापिन बाँकी ग:२ सङ्ख्या) ।⑤

लुंगोदेव बन्देजुस (शंकरमान राजवंशी २०४०:३ क्रमसंख्याको मूलको १ पङ्क्ति = २-३) । ने.सं. ६९८ (वि.सं.१६३४) फाल्गुनशुक्लत्रयोदशीकोमा **भिक्षुश्रीवज्येचाज्येए ज्ञानकित बदेजुस** (शंकरमान राजवंशी २०४४:५ क्रमसंख्यामा मूलको १ पङ्क्ति = ५)❸ र ने.सं. ७७१ (वि.सं. १७०७) माघकृष्णप्रतिपदाकोमा **भिष श्रीवज्राचाज्ये ग्रहाक देवस्यन बदेजुस** (महेशराज पन्त छापिन बाँकी छ:२ सङ्ख्यामा मूलको १ पङ्क्ति) भनी दिइएकोले नाउँको अगाडि **भिक्षुवज्राचार्य** र पछाडि **बदे** आएको देखिएको छ ।

④ खुलाएर भन्दा १ पङ्क्तिमा **वज्राचार्य्य**को अगाडि **श्री** र ३ पङ्क्तिमा **वज्राचार्य्य**को अगाडि **श्रीश्री** आएको छ ।

⑤ यो ताडपत्र भाँचिएर लेख खण्डित भएकोले यसको सम्बन्ध कुन बहालसँग छ भन्ने कुरा झट्ट खुल्दैन । यस ताडपत्रका शाक्यभिक्षुको नाउँको अन्त्यमा **रक्षत** आएकोले र दुगंबहिलका शाक्यभिक्षुहरूको नाउँको अन्त्यमा **रक्षित** आउने भएकोले❹ यस ताडपत्रलाई दुगंबहिलको भनी ठहऱ्याएको हुँ ।

---

❸ मूलमा **भिषु श्रीवज्येचाज्ये ह्यानकित बदेजुस** भएकोमा त्यहाँ **भिषु श्रीवह्येचाह्ये फ्लानकितवदेजुस** छापिएको छ ।

❹ शतस्थानी अङ्क बुझाउने शब्द भाँचिएर गएको, ने.सं. ×४३ (**श्रीमन्नेपालसंवत्सरे नेपालाब्दगते लोकयुग**), ताडपत्रमा अधिकश्रावणशुक्लएकादशी मङ्गलवारको दिन *प्रतिमालक्षण* र *लक्षणसमुच्चय* सारिसिद्ध्याउने, **षडक्षरीमहाविहार** अर्थात् **दुगंबहिलका भिक्षु धर्मरक्षित** (पूर्णरत्न वज्राचार्य २०२३:९७) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५८८. ने.सं. ६८४ (वि.सं. १६२०) माघकृष्णद्वादशीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (उही:३ सङ्ख्या)।

५८९. ने.सं. ७०० (वि.सं. १६३६) माघशुक्लपञ्चमी बृहस्पतिवार रेवतीनक्षत्र साध्ययोगको① ताम्रपत्रमा मूलको ४, ६ पङ्क्ति (मदनसेन वज्राचार्य २०६८: १०-११)।

ने.सं. ७१८ (वि.सं १६५४) पौषशुक्लप्रतिपदा बृहस्पतिवार उत्तराषाढानक्षत्र वज्रयोगको② ताम्रपत्रमा मूलको ३ पङ्क्ति (उही: १२)।

ने.सं. ७५४ (वि.सं. १६९०) माघशुक्लद्वितीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ग:६ सङ्ख्या)।

५९०. ने.सं. ७४२ (वि.सं. १६७८) पौषकृष्णद्वितीयाको ताडपत्रको लिखतमा मूलका २, ३ पङ्क्ति (उही क:९ सङ्ख्या)।

ने.सं. ७५५ (वि.सं. १६९२) श्रावणशुक्लनवमीको ताडपत्रको लिखतमा मूलको ४ पङ्क्ति (उही ग:७ सङ्ख्या)।

५९१. ने.सं. ७७२ (वि.सं. १७०९) चैत्रकृष्णद्वादशीको ताडपत्रको लिखतमा मूलका १-२, ४ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६०:९४-९५)।

ने.सं. ७९९ (वि.सं. १७३५) कार्तिकपूर्णिमामा चन्द्रग्रहण लागेको वेलाको मिति भएको ताडपत्रको दानपत्रमा मूलको १ पङ्क्ति (उही:९६-९७)।

ने.सं. ८०३ (वि.सं. १७३९) मार्गकृष्णदशमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ग:८ सङ्ख्या)।

ने.सं. ८०३ (वि.सं. १७३९) फाल्गुनशुक्लसप्तमीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०६३:४०-४१)।

ने.सं. ८०४ (वि.सं. १७४१) भाद्रकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०६०:९७)।

ने.सं. ८१३ (वि.सं. १७४९) फाल्गुनकृष्णनवमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०६१:४५)।

ने.सं. ८३४ (वि.सं. १७७०) माघकृष्णतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ग:९ सङ्ख्या)।

५९२. ने.सं. ७७४ (वि.सं. १७११) वैशाखशुक्लतृतीयाको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही छापिन बाँकी ख:१ सङ्ख्या)।

---

① आफूले छापेको फ्याक्सिमिलिमा **रेवतिनक्षेत्रे ् शाधेयोगे** भएकोमा यस ताम्रपत्रका सम्पादक मदनसेन वज्राचार्य (२०६८:८)ले **रेवती नक्षेत्रे शाघे योगे** पढेका छन्।

② आफूले छापेको फ्याक्सिमिलिमा **प्रतिपद्यायां तिथौ उत्तराखाधनक्षत्र** भएकोमा यस ताम्रपत्रका सम्पादक मदनसेन वज्राचार्य (२०६८:१२)ले **प्रतिपक्षायां तिथौ ॥ उत्रखाद्य नक्षत्र** पढेका छन्।

ने.सं. ५९८ (वि.सं. १५३५) अधिकाषाढकृष्णतृतीयाको, ताडपत्रको लिखतअनुसार जग्गा बेच्ने **षटखिरिमहाविहार (षडक्षरीमहाविहार)**का **शाक्यभिक्षु ... रिखित, हृदयरिषित, जयरिषित** (महेशराज पन्त २०५७ घ:५४ सङ्ख्याका १-२ पङ्क्ति = ४१-४२)।

ने.सं. ६०८ (वि.सं. १५४५) ज्येष्ठकृष्णचतुर्दशीको, ताडपत्रको लिखतअनुसार जग्गा बेच्ने **षत्षीरिमहाविहार (षडक्षरी-महाविहार)**का **वज्ररक्षत** (यसको फ्याक्सिमिलिको लागि तल २९२ पृष्ठ र पाठको लागि तल २९३ पृष्ठ हेर्नू।)।

रक्षत र रिखित/रिषित दुवै रक्षितका अपभ्रष्ट रूप हुन् भनी भनिरहनुपर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मछिन्द्रबहाल[५९३] आदिका अभिलेखमा[५९४] तथा ललितपुरका अभिलेखमा[५९५] **वज्राचार्यभिक्षु** आएको कुरा पनि यस प्रसङ्गमा भन्नु राम्रै होला[५९६] ।

---

५९३. ने.सं. ८३६ (वि.सं. १७७२) मार्गशुक्लएकादशीको ताडपत्रको लिखतमा मूलका १, २ पङ्क्ति (सिद्धिरत्न शाक्यभिक्षु २०५६:५९) ।

ने.सं. ९९९ (वि.सं. १९३५) फाल्गुनशुक्लपञ्चमीको ताडपत्रको लिखतमा मूलका १, ६ पङ्क्ति (उही २०६३ क:३) ।

५९४. ने.सं. ६९३ (वि.सं. १६३०) आश्विनशुक्लअष्टमीको दिन सारिसिद्धिएको तन्त्रसम्बन्धी एउटा पुस्तकको पुष्पिका (डिल्लीरमण रेग्मी २०२३:४२ मा ५ सङ्ख्याको सामग्री) ।

ने.सं. ७०९ (वि.सं. १६४६) आश्विनशुक्लचतुर्थीको ताडपत्रको लिखतमा मूलको छोटो लेखको ३ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ग:५ सङ्ख्या) ।

५९५. ने.सं. ४८९ (वि.सं. १४२५) चैत्रशुक्लनवमीको ताडपत्रको लिखतमा मूलको २ पङ्क्ति (उही २०५३:४ क सङ्ख्या = २३-२४) ।

ने.सं. ५०२ (वि.सं. १४३९) ज्येष्ठकृष्णत्रयोदशीको ताडपत्रको लिखतमा मूलको ३ पङ्क्ति (उही २०५६ ख:१ सङ्ख्या = २) ।

ने.सं. ५५८ (वि.सं. १४९५) आश्विनकृष्णचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (पूर्णरत्न वज्राचार्य २०४७:१५९-१६०) ।

ने.सं. ६९५ (वि.सं. १६३१) कार्तिकशुक्लपञ्चमीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (महेशराज पन्त छापिन बाँकी ग:४ सङ्ख्या) ।

ने.सं. ५९६ (वि.सं. १५३३) आश्विनशुक्लचतुर्थीको ताडपत्रको लिखतमा मूलको १ पङ्क्ति (उही २०५० क:३४ सङ्ख्या = १९) ।

ने.सं. ६९७ (वि.सं. १६३३) मार्गअमावास्याको ताडपत्रको लिखतमा मूलको ५ पङ्क्ति (उही २०५५ क:२० सङ्ख्या = १५) ।

५९६. ने.सं. ६६२ (वि.सं. १५९८) माघशुक्लअष्टमी कृत्तिकानक्षत्र[①]को पट (ईअन एल्सप २०४२:पी १८ = २३७-२३८) मा २ जना **वज्राचार्यभिक्षु**को उल्लेख आएको छ । बहालको नाउँ नष्ट भइसकेकोले तिनीहरू कहाँका हुन् भनी भन्न सकिँदैन ।

---

① मूलमा वार र योग नष्ट छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

केम्ब्रिजवंशावली-२ बाट केशचन्द्रसम्बन्धी प्रकरण

ड्यान्यल राइटले नेपालीबाट अङ्ग्रेजीमा उल्था गराई सम्पादन गरेको, **हिस्टरि अफ् नेपाल्** अर्थात् **नेपालको इतिहास** भन्ने नाउँले छापिएको वंशावली (ड्यान्यल राइट १९३३)को मूल रूप केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा याड्. १९५२ नं. मा भएको वंशावली हो भन्ने कुरा सय वर्षभन्दा पनि अगाडि सेसिल बेन्डल (१९४०:२०५)ले यस वंशावलीको उठानको अलिकति अंश दिई लेखिसकेको र त्यो मैले धेरै अगाडि नै पढिसकेको भए पनि त्यो मैले बिर्सिसकेको थिएँ। पछि अक्सल मिषायेल्स (२०५२:३१३ मा १० सङ्ख्याको टिप्पणी)को लेखबाट फेरि त्यो सम्झन म पुगेँ।

केम्ब्रिजमा रहेका, दुवै थरी *भाषावंशावली* (याड्. १९५२ ए नं. र याड्. ११६० नं.)को फोटोकपी यसभन्दा केही वर्षअगाडि नै काशीनाथ तमोटकहाँ आइपुगेको थियो। त्यही फोटोकपीको पनि फोटोकपी भाइ दिनेशराज पन्तकहाँ कालान्तरमा आइपुग्यो। भाइकहाँ रहेको फोटोकपीबाट मैले पछि अर्को फोटोकपी गराएँ।

यी दुवै वंशावलीको उपयोग मैले आफ्ना लेखमा गरेको छु[१] र राजा शिवसिंह [मल्ल]सम्मको कुरा परेको खण्डित वंशावलीलाई *केम्ब्रिजवंशावली*-१ (याड्. ११६० नं.) र श्री ५ सुरेन्द्रको जन्म भएसम्मको कुरा परेको वंशावली (याड्. १९५२ ए नं.)लाई चाहिँ *केम्ब्रिजवंशावली*-२ भनी नाउँ राखेको छु[२]।

स्थितिराज मल्ल परलोक भएको दिन भनी दिइएको मिति ड्यान्यल राइट १९३३:१८३ मा भएको र *केम्ब्रिजवंशावली*-२ मा त्यो कुरा नभएकोले ड्यान्यल राइट १९३३ भनेको *केम्ब्रिजवंशावली*-२ कै उल्था हो भन्ने कुरा चिन्त्य छ भनी मैले पछि लेखेँ।[३]

मैले ५ वर्षअगाडि यस्तो लेखे पनि ड्यान्यल राइट १९३३ मूलतः *केम्ब्रिजवंशावली*-२ कै उल्था हो भन्ने निर्क्योलमा म अहिले पुगेको छु। खास कुरा के हो भने ड्यान्यल राइट १९३३ को लागि वंशावलीको उल्था जसले गरे, उनले कहीँ कहीँ मूल नबुझ्दा अनर्थ भएको र कहीँ मूल वंशावलीका वाक्यको हूबहू उल्था नगरी छोटकरी बनाएको पनि देखिएको छ। कहीँ ड्यान्यल राइट १९३३ मा भएको कुरा *केम्ब्रिजवंशावली*-२ मा नभएको उदाहरण स्थितिराज मल्लको मृत्युको मिति यसमा नहुनु हो।

लामाछोटा गरी थरीथरीका वंशावली भए पनि केशचन्द्र, गुरुमापा वा इटुंबहालको स्थापनाको कथा *केम्ब्रिजवंशावली*-२ छोडेर अरू वंशावलीमा आएको मैले देखेको छैन। जजसले यस कथाको चर्चा गरेका छन्, ती सबैले ड्यान्यल राइट १९३३ बाटै काम चलाएका छन्। इटुंबहालमा रहेको यस *शतसाहस्रिका प्रज्ञापारमिता*को प्रसङ्गमा केशचन्द्रको कुरा आएकोले यस वंशावलीको केशचन्द्रसम्बन्धी प्रकरणको उपयोग गर्नु राम्रो हुनाले मैले यहाँ यसै गरी सम्बद्ध अंशको पाठ र फ्याक्सिमिलि तल दिएको छु।

---

१. महेशराज पन्त २०५८:५२ मा ५४ सङ्ख्याको टिप्पणी।
   उही २०६४:९६ मा २ सङ्ख्याको टिप्पणी।

२. उही:९७।

३. उहीमा १६ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ड्यान्यल राइट १९३३ मा कहीँ कहीँ मूल नबुझ्दा अनर्थ भएको र कहीँ मूल वंशावलीका वाक्यको हूबहू उल्था नगरी छोटकरी बनाएको कुरा हामीले यहाँ उद्धरण गर्न लागेको प्रकरणसँग ड्यान्यल राइट १९३३ दाँजी हेरे मात्र पुग्छ। जस्तो कि *केमृब्रिजवंशावली*-२ मा यस्तो

नेपालपुरीमा मल्लराजाका वंशमा जयदेवमल्ल र आनन्दमल्ल इनि दुई भाई राजाका राज भैरह्यामा शाके सम्वत् ८११ नेपालसम्वत् ९ का श्रावणशुदि ७ का दिन दक्षिण कार्णाट्कदेशदेषि नान्यदेव राजा आइ नेपालमा प्रवेश भया. इन राजाले शाके सहकाल ल्याइ नेपालमा चलाया. इन्का साथमा ढेरै जातका ढेर सिपाही आयाका छन्. नायेर नाठ गऱ्याका देशदेषि नेवारहरु भया. ब्रह्मपुत्र क्षेत्रिय भया. आचारहरु भया. अनेक जातले सहित भै दुइमाजु स्वेष्टदेवतालाई ली नेपालका राजाहरुसित जुद्ध गरि जिति राजाहरु भगाई भक्तपुरमा बसि कांतिपुर भक्तपुर ललितापुर तिनै सहरका राज्य गऱ्या ॥ ॥ मल्ल राजाहरु भागि तिर्हौत गया ॥ ॥

भएकोमा ड्यान्यल राइट १९३३ (१६७)मा यस्तो

याट् द टइम् ह्वेन् राजा जय-देव मल्ल वज् रूल्इङ् ओभ्र् ललित्-पाटन् यान्ड् कान्तिपुर्, यान्ड् आनन्द मल्ल ओभ्र् भक्तपुर्, इन द शाका यर् ८११, यान्ड् नेपाल् सम्बत् ९ (ए.डी. ८८९), अन् द ७ थ् अफ् श्रावण शुदि, अ स्याट्अर्डे, नान्य-देव राजा केम् फ्रम् द साउथ् कार्णाट्क कन्ट्रि यान्ड् एन्टर्ड् नेपाल्। ही ब्रट् विद् हिम् द शाक सहकाल ईर्अ, यान्ड् इन्ट्रड्युस्ड् इट्। अमङ् द ट्रूप्स् द्याट् वेर् विद् हिम् वेर् नेवारज्, फ्रम् अ कन्ट्रि कल्ड् नायेर, हू वेर् ब्राह्म-पुत्र छेत्रीज् यान्ड् आचार्ज्। ही ब्रट् टू देवताज् विद् हिम्, नेम्ड् माजु यान्ड् स्वेखू, यान्ड् ह्याभ्इङ् डिफीट्इड् द मल्ल राजाज्, ही कम्पेल्ड् देम् टु फ्ली टु तिर्हूत्।

(राजा जयदेव मल्लले ललितपाटन र कान्तिपुरमा र आनन्द मल्लले भक्तपुरमा राज्य गरिरहेको वेलामा शकसंवत् ८११ र नेपालसंवत् ९ (ई.सं. ८८९)मा श्रावणशुदि ७ शनिवारमा नान्यदेव राजा दक्षिण कार्णाटक देशबाट आए र नेपाल पसे। उनले आफूसँग शाकसहकालसंवत् ल्याए र यो चलाए। उनीसँग भएका फौजमा नायेर भन्ने देशका नेवारहरू थिए, उनीहरू ब्राह्मपुत्र छेत्री र आचारहरू थिए। उनले माजु र स्वेखू भन्ने २ देवता आफूसँग ल्याए र मल्ल राजाहरूलाई हराई उनले तिनीहरूलाई तिरहुतमा भाग्नुपर्ने पारे)।

छ।

केमृब्रिजवंशावली २ को **दुइमाजु स्वेष्टदेवता** ड्यान्यल राइट १९३३ मा **टू देवताज् नेम्ड् माजु यान्ड् स्वेखू** अर्थात् **माजु र स्वेखू भन्ने २ देवता** हुन गएको छ। नान्यदेव आफू कर्णाटकका भए पनि उनले तिरहुतमा राज्य गरेकाले तिरहुते अर्थ बुझाउने डोय शब्द उनको वंशमा लागेको थियो।[४] डोयले ल्याएकी देवी डोयमाजु भनी कहलिएको र कालान्तरमा डोयमाजु दुइमाजु हुन गएको हो। त्यसै गरी **स्वेष्टदेवता**को **ष्ट** अक्षर नचिनी त्यसलाई **षू** पढ्दा *केमृब्रिजवंशावली*-२ को **दुइमाजु स्वेष्टदेवता** ड्यान्यल राइट १९३३ मा **माजु र स्वेखू** हुन गएको हो।

शाके सम्वत् ८११ नेपालसम्वत् ९ का श्रावणशुदि ७ का दिन दक्षिण कार्णाट्कदेशदेषि नान्यदेव राजा आइ नेपालमा प्रवेश भया भनी *केमृब्रिजवंशावली*-२ मा लेखिएकोमा ड्यान्यल राइट १९३३ (१६७)मा **इन् द शाका यर् ८११, यान्ड् नेपाल् सम्बत् ९ (ए.डी. ८८९), अन् द ७ थ् अफ् श्रावण शुदि, अ स्याट्अर्डे , नान्य-देव राजा केम् फ्रम् द साउथ् कार्णाटक कन्ट्रि यान्ड् एन्टर्ड् नेपाल्** अर्थात् **शकसंवत् ८११ र नेपालसंवत् ९ (ई.सं. ८८९)मा**

---

४. धनवज्र वज्राचार्य २०२१।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रावणशुदि ७ शनिवारमा नान्यदेव राजा दक्षिण कार्णाटक देशबाट आए र नेपाल पसे भनी उल्था गरिएको छ। *केम्ब्रिजवंशावली*-२ मा महीना पक्ष र तिथि मात्र भएकोमा ड्यान्यल राइट १९३३ मा वारसमेत हालिएको छ। जुन ताका *केम्ब्रिजवंशावली*-२ रचियो, त्यस ताका **आदित्यवार** बुझाउन **रोज १**, **सोमवार** बुझाउन **रोज २** एवंक्रमले **शनिवार** बुझाउन **रोज ७** लेख्ने चलन भएकोले **श्रावणशुदि ७** को उल्था गरिसकेपछि फेरि **७** को अर्थ **शनिवार** भनी लेख्न पुगेको देखिन्छ।

इन्का साथमा ढेरै जातका ढेर सिपाही आयाका छन्. नायेर नाउ गर्‍याका देशदेषि नेवारहरु भया. ब्रह्मपुत्र[५] **क्षेत्रिय भया. आचारहरु भया** भनी *केम्ब्रिजवंशावली*-२ मा भएकोमा **अमङ् द ट्रूप्स् द्याट् वेर् विद् हिम् वेर् नेवारज्, फ्रम् अ कन्ट्रि कल्ड् नायेर, हू वेर् ब्राह्म-पुत्र छेत्रीज् यान्ड् आचार्ज्** अर्थात् **उनीसँग भएका फौजमा नायेर भन्ने देशका नेवारहरू थिए, उनीहरू ब्राह्मपुत्र छेत्री र आचारहरू थिए** भनी ड्यान्यल राइट १९३३ मा लेखिएकोले मूलको भाव नबुझी नेवार भनेकै ब्रह्मपुत्र क्षत्रिय र आचार हुन् भन्ने आशयको कुरा लेखिएको छ।

यी त भए यस अंशको उल्थामा ड्यान्यल राइट १९३३ मा परेका अशुद्धिका नमूना।

अब *केम्ब्रिजवंशावली*-२ को उल्था ड्यान्यल राइट १९३३ हो तापनि त्यसको शब्दशब्दको उल्था कहीँ कहीँ नआएको कुराको नमूनाको विषयमा।

केम्ब्रिजवंशावली-२ मा **जयदेवमल्ल र आनन्दमल्ल इनि दुई भाई** भनी लेखिएकोमा ड्यान्यल राइट १९३३ बाट ती २ राजाको परस्परको नातो खुल्दैन।

नेपालका राजाहरुसित जुद्ध गरि जिति राजाहरु भगाई भक्तपुरमा बसि कांतिपुर भक्तपुर ललितापुर तिनै सहरका राज्य गर्‍या ।। ।। मल्ल राजाहरु भागि तिह्रौत गया भनी *केम्ब्रिजवंशावली*-२ मा लेखिएकोमा त्यसको भावानुवाद मात्र ड्यान्यल राइट १९३३ मा आएको छ भनी भनिरहनु नपर्ला।

मूलपाठ

[९२ क पत्रको २ पङ्क्तिदेखि] **नेपालपुरीमा मल्ल राजाका वंशमा जयदेवमल्ल र आनन्दमल्ल इनि दुई भाई राजाका राज भैरहृयामा शाकेसम्वत् ८११ नेपालसम्वत् ९ का श्रावणशुदि ७ का दिन दक्षिण कार्णाटकदेशदेषि नान्यदेव राजा आई नेपालमा प्रवेश भया. इन राजाले शाके सहकाल ल्याई नेपालमा चलाया. इन्का साथमा ढेरै जातका ढेर सिपाही आयाका छन्. नायेर नाउ गर्‍याका देशदेषि नेवारहरु भया. ब्रह्मपुत्र क्षेत्रिय भया. आचारहरु भया. अनेक जातले सहित भै दुइमाजु स्वेष्टदेवतालाई ली नेपालका राजाहरुसित जुद्ध गरि जिति राजाहरु भगाई भक्तपुरमा बसि कांतिपुर भक्तपुर ललितापुर तिनै सहरका राज्य गर्‍या ।। ।। मल्ल राजाहरु भागि तिह्रौत गया ।। ।।**

१०१ नान्यदेव राजा --१ वर्ष --- ५० **१०२ इन्का पुत्र गंगदेव राजा -- १**[६] **वर्ष - ४१**

१०३ इन्का पुत्र नरसिंहदेव राजा - १ वर्ष - ३१

---

५. तात्कालिक अभिलेखमा एउटामा मात्र **ब्रह्मपुत्र क्षत्रिय** त होइन, नाउँको अगाडि **ब्रह्मपुत्र** जोडिएको मैले देखेको छु (ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखशुक्लचतुर्दशीको ताडपत्रको लिखतमा १, २ पङ्क्ति = महेशराज पन्त २०५५ ख:४१ = २ सङ्ख्या)।

६. पहिले लेखिएको अङ्कमाथि फेरि लेखिएको यो अङ्क ९ जस्तो देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इन्का समयमा नेपालसम्वत् १११ फागुनशुदि ६ ललितब्रुमायां ललितापुरका श्रीराजमल्लदेव १ श्रीकथ्यमल्ल १ इनले चंपापुरी चापागाउ बसाया।

[९२ ख पत्र] १०४ नरसिंहदेवका पुत्र शक्तिदेव राजा --- १ वर्ष -३९

१०५ इन्का पुत्र रामसिंहदेव राजा १ वर्ष ५८

इ रामसिंहदेव राजाका पालासंम निकै तरहसंग राज गरीरह्या.

१०६ तन्का पुत्र हरिदेव राजा क्रांतिपुरमा बस्न आया ॥ ॥

इन्का पालामा काठमाडौं सहरमा भास्करमल्ल नाउ गर्‍याको १ ठकुरि थियो. तन्का पुत्र केशचन्द्र नाउ गर्‍याको छ. भास्करमल्ल ठकुरीले आफु परलोग हुन्या वेला आयाको विचार गरी आफ्ना पुत्र केशचंद्र बालष हुनाले छोरालाइ ××ग×ा[७]न्र्या सारथि कोही राषीदि आफु भास्करमल्ल ठकुरी परलोक भयो. तसपछि ति केशचंद्र भरषरका जुवान हुदा आफ्ना सारथिसंग कुरा गरी सारथिलाई छकाई एताउता षेलन जान लाग्यो र एक दिन डुल्दै जादा ठबहेलमा पुग्यो र ताहाका गुरुदेवता पूर्वकथा सुनी अघि सिंहल सार्थवाह राजा भयापछि तनले स्थापना गरी गयाको पछि दानासुरले जलामय गर्‍यो र लोप भैगयाको हो भनि बुझि सिंहलका संतानले जीर्णाधार गर्ननिमित्त बनाउन लाग्याको[८] देष्यो र ताहां केशचंद्र षेलन लाग्या र अवेला भयो भनि ठबहीलमा दीराष्याकी आफ्नी दीदीका घरमा गयो र दिदीले आफ्ना भाई केशचंद्रलाई भोजन गरायी यसो अबेरसम्म केन षेल[९] गईस. षेलन नजा भनी वै गरी दिदिले षै गर्‍या पनि नतेह्री त्यो केशचंद्र आफ्ना दिदीका घरबाट बाहीर गै जुवा षेलन गयो. जुवाबाट सब हारी [९३ क पत्र] फेरी दिदीकाहां गयो र फेरी दिदीले षै गरी अनि भात षुवायो. केशचंद्रले भात षाई थाल छिपाई लगी फेरी जुवा षेलन गयो र त्यो थाल पनि जुवामा हार्‍यो. तस्पछि फेरी दिदीका घरमा गयो. दिदीले आफ्ना षसम्ले षै गर्‍यो भनि थालमा भात नपसाई भैमा भात राषीदियो र केशचंद्रले बडा दुःखीत मानी भात नषाई आफ्ना लुगामा भात पोका पारी बाहीर गै आफ्ना घरमा गै एका ठाउमा भात राषी विरहले नीलकण्ठ गुसाईथान गयो र ताहा स्नान गरी नीलकंठसित वर माग्यो र आकाशवाणीले नीलकण्ठले आग्या गर्‍या. हे बालष त इहाबाट फर्की गै पशुपतिका दर्शन गरोस्. तसपछि कृतिमुख भैरवका दर्शन गर. तब तेरा दुख छुतला भनि यति आज्ञा भयो र यति आज्ञा सुनी गुसाईथानबाट फर्की आई पशुपतिका दर्शन गरी कृतिमुख भैरवका दर्शन गर्न जादा कृतमुख भैरवलाई चह्राई-राष्याका नैवेद्यमा टुडि पर्‍याको त्यो केशचंद्रले लियर आफ्ना घर जादा अघि आफ्ना दिदीसित मागी ल्यायाका भात कस्ता छन् भनि हेर्न जादा तेस भातमा पनि टुडि परि मर्चा भैरहर्‍याको देषेर यति मार्चा क्या गरुं भनि मर्चा ठेरबहुत अरुसंग पसाइ मागी पुजि तुल्याई बेचन जाउं भनि मर्चा हुन्या घरमा गै मर्चा सापत् मांगी मर्चा बोकी बषुंछा भन्याका ठाउमा मर्चा बेचन गयो. केशचंद्रलाई पानीले ठिची मर्चा भिजेर मर्चा ढुगामा सुकाई ढुगाका वडारमा सुतीरह्याका वेलामा परिवाहरु आई मर्चा आधा सकंज्याल् षाया. केशचंद्रले बिउझि हेर्दा परेवाहरुले मर्चा आधा षाई भागी गया. तेस वेलामा [९३ ख पत्र] कृतिभैरव आई आकाशवानी भै भन्न लाग्या. तेस्तो दरिद्री दुषी[१०]का माल किन

---

७. फोटोकपीमा नबुझिएका अक्षर जति यस्तो × चिह्नले यहाँ जनाइएका छन्।

८. लाग्याकोपछि ११ लेखिएको छ। त्यसको यहाँ तुक नहुँदा त्यो माथि हालिएन।

९. षेलन हुनुपर्ने।

१०. दु र काका बीचमा माथिल्लो किनारामा षी थपिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

षाया साये तिर्न पर्ला भनि आज्ञा भयो. केशचंद्र भन्या रोइकन अब यति मर्चाले क्या गरुं सबै षावस् भनि लोट्यो र निद्रा परिरह्यो. तसपछि अनि फेरी परेवाहरु आई मर्चा सबै षाई सुन हगीदिया. केशचंद्र उठि हेर्दा सुन हगीराष्याको देखेर षुसि भयो. सुन सबै बाटुलो गरिरह्यो. तेस वेला गुरुंमापा नाउ भयाको राक्षस १ आयो र तेसले ढैरे काल भयो आहार नपाया भनि हात माडी हे-यो औ भंछन् कि आज पो षान पाया भनि भंदा सुनका थुप्रोलाई केशचंद्रले आउनुहवस् मूलमामा भनि साहीनु लायो र राक्षसले काहाको मूलमामा काहाका भानीज षादा साषउं भनी भन्यो. केशचंद्रले मेरा मूलमामा तपान्नी मेरा महतारीको भाई हुनुपर्छ भनि बुझायो र राक्षसले मान्यो. तसपछि केशचंद्र र गुरुमापा दुवैले सुन बोकी ल्याई केशचंद्रका घरमा सुन षन्याया. तसपछि केशचंद्रसित राक्षसले अब मलाई क्या भंछौ भनि भन्यो र केशचंद्रले भंछन् की यो देशमा जति मन्यो उति तेरो[११] भयो. तलाई आहारा बक्स्यौं. ठाउ नहुंज्याल ञाहा देसैमा बस भनि आफ्ना घरैमा राष्या. तसपछि त्यो केशचंद्रले भलामानीस्संग सल्हा गरी हरिदेव राजाका कंन्या मागन पठाई बिहा गऱ्या. देशमा भन्या लोकपंचका छोराछोरी रोयाबित्तिकै २ लौ गुरुंमापाले लेवस् भनि जसै भंछन्. उसै वेला गुरुंमापा आइ षाइदिंछन्. पछि आमाबाबु रोई बस्छन्. यस्ता हुना लाग्येर केशचंद्रसित लोकपंचले भंछन्. जो भयाको केयकेटि सबै सकीयो. पछि रहन्या कोई पनि भयेन. यो राक्षस देशमा राषनु [९४ क पत्र] भयेन. नराषनु भनि भन्या र केशचंद्रले गुरुंमापालाई बुझाई ३६० रोपनी षेत षरीद् गरी ति षेत बाझो गरी टुडि पन्याको मर्चाले सुन भयो. ति सुनले किन्याको षेत बाझो गरी षेल गऱ्याको त्यो षेलको नाउ तुडिषेल भयो. तलाई जग्गा ताहा भयो. आजदेषिन् ताहा बस्न जाउ. षानानिमित्त वर्षको १ आर चावल र १ भेगोत मासु तलाई बलि पठाईदिउला. तैले कसैलाई पीडन्या काम गर्नु छैन. तेरा काम ति टुडिषेलमा तिन् ईय एकट्टा गरी नराषनु. एति काम तैले गर्नुपर्छ भनि बुझाई केशचंद्रले गुरुंमापालाई देशबाहीर लगी ति टुडिषेलमा पुराउन आई गुरुंमापालाई छोडी आफ्ना घरमा आई आनंदसित बस्या. तसपछि केशचंद्रको संतान् छोरा पायो र सुषआनंदसित बसिरहदा एक दिन केशचंद्रको छोरा बालष कुमारवष्ठैमा मन्यो र मुर्दा पोलन जादा धुवा चह्री आकाशमा गयाको धुवा हेर्दा आफ्नु छोरा धुवा चह्री बादल्माथि पुग्याको हेरी घर फर्की आयो र सत्कारक्रीया गरीसक्यापछि बौद्ध मूर्त्ति प्रतिस्था गरी विहार बनाई मलाई पारावत परेवाले दियाको सुनले द्रव्य भयाको हो भनि परेवालाई १०२ आर धान वर्षभित्र बस्यौंदैं षुवाउन्या र वर्षप्रति चांद्रमानले फागुनवदि १४ का रात्रिमा टुडिषेलमा गुरुंमापा राक्षसलाई १ आर चावलका भात १ भेगोतभर मासु राषी बलि दिन्या गुठी गैह्र अनेक गुठी राषी आफुले बनायाको[१२] विहारमा तेस् बेहोराको तसवीर तलो पतीमा चित्रकारीले लेषाई श्रावण महीनामा सबैले ×××××[१३] बसी बौद्धको भक्ति गरीरहदा भया ।। तसर्थ त्यो विहारको नाम पारावतमहाविहार[१४] प्रख्यात भायो ।। पछि लोकहरु इतुंबाहाल भनि[९४ ख पत्र]राष्याको छ ।।

---

११. तेरोको ते बायाँपट्टिको किनारामा थपिएको छ ।

१२. बनायामा पङ्क्ति भरिएकोले अर्को पङ्क्तिमा आएको कोसँग जोड्न यापछि यस्तो ९ चिह्न दिइएको छ ।

१३. विहारमापछि काकपद दिई तल्लो किनारामा यस्तो ⁄> चिह्न दिई तेस्देखि थपिएको छ, फोटोकपीमा पछिल्ला ५ अक्षरका डिका मात्र देखिन्छन् ।

१४. नामपछि काकपद दिई तल्लो किनारामा पारावतमहाविहार थपिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केम्ब्रिजवंशावलीबाट केशचन्द्रसम्बन्धी प्रकरणको फोटोकपीको फ्याक्सिमिलि

[१२ क पत्र]



[१२ ख पत्र]



CC-0. Nepal Sanskrit Academy, Kathmandu

केम्ब्रिजवंशावलीबाट केशचन्द्रसम्बन्धी प्रकरणको फोयेकपीको फ्याक्सिमिलि



[१३ क पत्र]



[१३ ख पत्र]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केम्ब्रिजवंशावलीबाट केशचन्द्रसम्बन्धी प्रकरणको फोयेकपीको फ्याक्सिमिलि



[१४ क पत्र]



[१४ ख पत्र]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ परिशिष्ट

ने.सं. ६८५ (वि.सं. १६२२) चैत्रशुक्लत्रयोदशीको दिन लेखिसिद्धिएको, नेवारीमा व्याख्या भएको, आयुर्वेदग्रन्थको पुष्पिका भएको पृष्ठको फोयेको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ तल २८७ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६८५ (वि.सं. १५२२) चैत्रशुक्लत्रयोदशीको दिन लेखिसिद्धिएको, नेवारीमा व्याख्या भएको, आयुर्वेदग्रन्थको पुष्पिकाको पाठ

ताडपत्रमा लेखिएको यस ग्रन्थका २ पत्र राष्ट्रिय अभिलेखालयमा ताडपत्रका लिखतसँगै राखिएका रहेछन्। ३५ नं. को बट्टामा ५११ क्रमसंख्याको रूपमा यी पत्र छन्। यस पुष्पिकाको पाठ सिद्धिरत्न शाक्यभिक्षु (२०५४:६९)ले छापेका भए पनि त्यो पूरा नभएकोले र ठाउँ ठाउँमा अशुद्ध पनि भएकोले यो दोहऱ्याएर छापिएको छ।

यस पृष्ठको फ्याक्सिमिलि माथि २८६ पृष्ठमा छ।

मूलपाठ

१. ××××[१] ॥ ॥ शुभ ॑ ॥ महाराजाधिराजपरमेश्वर ॱ परमभट्टारक ॱ श्रीश्रीमहेन्द्रमल्लदेव प्रभु ठाकुलस ॥ ...[२]

२. ××[३]णिन ९ ॥ ॥ यविहारावस्थित ॑ लंतले श्रीवज्रयोगीनिस्थाने ॱ शाक्यभिक्षु श्रीवज्राचार्य विजयचन्द्रन निमम[४]

३. ×त[५] ॥ सम्वत् ६८५ चैत्रशुक्र ॱ त्रयोदस्यां तिथौ ॱ बुद्धदिने ॱ लिखित संपूर्ण्णमिति ॥ ७ ॥ शुभ ॱ मस्तु सर्व्वज(गतामिति)

---

१. ताडपत्र भाँचिएर गएकोले ४ अक्षर जति लुप्त छन्। अघिल्लो दण्डभन्दा अगाडिको अक्षरको दायाँपट्टिको अत्यल्प अंश देखिन्छ।

२. थाकुलसपछि केही ठाउँ छोडिएको छ। त्यसपछिको अक्षर मु जस्तो देखिन्छ। ताडपत्र भाँचिएर गएकोले एकदुइ अक्षर लुप्त भयो कि जस्तो छ।

३. ताडपत्र भाँचिएर गएकोले णिभन्दा अगाडिको अक्षरको सामै पूरै र त्यसभन्दा अगाडिको भागको अलिकति अंश देखिन्छ।

४. दायाँपट्टिका छेउका आठ नौ अक्षर फोटोमा त्यति स्पष्ट छैनन्। यस कारण पछिल्ला ३ अक्षरको पाठ सन्दिग्ध हुन सक्छ।

५. तभन्दा अगाडिको एउटा अक्षरको अलिकति अंश देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ परिशिष्ट

ने.सं. ७२९ (वि.सं. १६६५) कार्तिककृष्णदशमीको, ताडपत्रको लिखतको फोयेको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ तल २८९ पृष्ठमा छ।





CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७२९ (वि.सं. १६६५) कार्तिककृष्णदशमीको, ताडपत्रको लिखतको पाठ

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८७६।८। फोटोमा छाप स्पष्ट नआएकोले त्यसको बयान गर्न सकिएन।

यस पृष्ठको फ्याक्सिमिलि माथि २८८ पृष्ठमा छ।

मूलपाठ

१. ॥ श्रेयोस्तु । सम्वत् ७२९ कार्तिकमासे कृष्णः पक्षे ॥ दसम्यान्तिथौ श्रीयंग्ल काष्टमण्डपनगरे श्रीचेतमगुडितोलके वंवाहार द्वंकाछे गृहाधिवाशीन भिक्षुवंश चंद्र भारोस नाम्ना सकासातः तत्रेव स एव तोलके नकवहिरि ह्यवछे गृहाद्धिवाशीन लुंगुरामकस्य नाम्नेन शुक्रीयं शुवर्यमानिकं स ए [व] ...

२. टन दुं नकबहिरि ह्यव ‸ तुंथि लंङे ये यौता दुंथु ‸ वंचोर ङ्याकछें ‸ नेषा २ षुकु मदंग्व जुरों थ्व छेंया वंचोथन ‸ तलन ब्या स्वंवु; ३ दयकं मेलुये हायकं ‸ लं छनेमाल जुरों ततगृहस्य ‸ यथादेशकालप्रवर्त्तमानसञ्चाराधेन सुवर्ण्णमूलमादाय स्वादिनानवतुकंन्यायेन क्रीविक्रीयतम्भवति ॥ तदा धारणकेन परि[शोधनीयं] ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ परिशिष्ट

नेसं. ८६३ [विसं. १८००] श्रावणशुक्लप्रतिपदाको ताडपत्रको लिखतको फोयेको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ तल २९१ पृष्ठमा छ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८६३ [वि.सं. १८००] श्रावणशुक्लप्रतिपदाको, ताडपत्रको लिखतको पाठ

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८९४।४७ यस पत्रमा छाप भरेको छ।

यस पाठको फ्याक्सिमिलि माथि २९० पृष्ठमा छ।

मूलपाठ

१. ९श्रैयोऽस्तु ।। सम्वत् ८६३ श्रावणशुक्ल ।। प्रतिपद्यान्तिथौ ।। श्रीललितब्रुमायां श्रीमाणीग्ला पश्चिमतः ञखाचुकननि दुन्दुगृह वज्राचार्य्य श्रीसाक्षमुनि बदेजुस नाम्ना सकासात् ।। श्रीवंलाबाहार चाग्ल यन्ता गृह मनहोरसिंह भारो भ्रातृ चिकिति भारो द्वयोस नाम्नेन स्वक्रीयं स्व-

२. भुज्येमानिकं ।। वंकोयितिक्षेत्रनामप्रदेशे ।। पुरचोया किसानियाव ، कुह्मारयाव द्वयो क्षेत्रेण पश्चिमतः श्रीधन बदेजुया क्षत्रेण उत्तरतः सहदेव पुनया क्षत्रेण पुर्व्वत्तः नकबहिरिया भीमदेव भावोया क्षत्रेण दक्षिणतश्च[1] ता क्षत्र जवाधिक बु जव नसि २ एतमध्ये त क्षत्र सकर्ष सपरिभोग्यं यथानगरकारपर्व्वत्तमानेन संचालार्घ -

३. ण यथोचित्मूल्यमादाय क्रीयविक्रयस्वाधिनावृत्तकं न्यायेन क्रीयविक्रयत्वम्भवति यदि श्यादेवीकराजिक विना ता क्षेत्रया संकटव्यावादद्वाकाले तदा धार्ण्णकेन परिस्वधनीयं अत्र पत्रार्थे साक्षि भ्रातृपन्दवभारो दृष्ट ।।

४. ध्व बुया क्रीप्न सर्व्व स्वधार्ण्ण पाचुक धुंग्व जुरो ।। शुभं ।।[2]

(पछाडि)

वंको यितिया पत्र ।।

---

१. पूर्व्वत्तः पछि लेखिएकोमा मसी दली माथि किनारामा नकबहिरिदेखि दक्षिणतश्चसम्म थपिएको छ। कुन पङ्क्तिमा यो थप्ने हो भन्ने जनाउन अन्त्यमा २ लेखिएको छ।

२. चारौँ पङ्क्तिको शुरूवात तेस्रो पङ्क्तिको देवीकको देदेखि गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ परिशिष्ट

ने.सं. ६०८ (वि.सं. १५४५) ज्येष्ठकृष्णचतुर्दशीको, ताडपत्रको लिखतको फोटोको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ तल २९३ पृष्ठमा छ।

१.
२.
३.



१.
२.
३.



१.
२.



१.
२.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६०८ (वि.सं. १५४५) ज्येष्ठकृष्णचतुर्दशीको ताडपत्रको लिखतको पाठ

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको ई ९२७/१९ सङ्ख्या यस पत्रमा बायाँपट्टि फट्केमा मायको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा श्री लेखिएको छ।

यसको फ्याक्सिमिलि माथि २९२ पृष्ठमा छ।

मूलपाठ

१. ॰ श्रेयोऽस्तु ॥ सम्वत् ६०८ जेष्टमासे ˎ कृष्ण ॥ पक्षेः चतुद्दस्यान्तिथौ ˎˎ श्रीयंबुब्रुमायांः श्रीगांगुलङ्के ˎˎ श्रीषत्षीरिमहाविहाराद्धिवासीन ˎˎ साक्यभिक्षु श्रीवज्ररक्षतजुस ˎˎ पुत्रसहानुमतेन ˎ नामनेन स्वकीयं शुभुज्यमानिकं ˎˎ । तत्रेव नगरे ˎˎ श्रीश्रीश्रीलुंमंधे माहामायीस तवहोमगोष्टिसाहानुमतेन नामनान सक्रासे ˎˎ ॥ लिनकुदिलंवाटिकानाम- संज्ञकं प्रपातित्य प-

२. श्चिमतः हाकाकस्य वाटिकायां उत्तरत ˎˎ रथनचंदकस्य वाटिकायां पूर्व्वतः [1]वाटिकायां दक्षनतः एतेसाम्मधे ˎˎ तृयक्रषाङ्क वाटिक वल कर्ष ३ तत्वाटिकायां जथादेसकालप्रवत्तमानसञ्चाराघेन स्ववर्ण्णमुलमादाय स्वादिनानवत्तकन्यायेन क्रीन विक्रीयतम्भवति ˎˎ तत्रा धारनकस्य निमितेन जदि संकतविवादपीदा स्यात् तदा धारनकेन परिसोध-

३. नियञ्च ˎˎ अत्र पत्रार्थे दृष्टसाक्षि ˎ अशनबहार ˎˎ भिक्षु श्रीकितराजुस ˎˎ प्रते हङ्थें आवद्धिन कास्यं तयास दाम सोस्यं क्रीन बिक्रीन काया जुरो९ तलपति मदो ˎˎ ॥

(पछाडि)

लिनकुओदिलं वलया

तस्य क्रीपत्रमिदं ˎ ॥

---

१. दक्षिणपट्टिको सँधियारको नाउँ लेख्न तः र वाको बीचमा केही ठाउँ खाली छोडिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अक्सल मिषायेल्स २०५२

= ई.सं. १९९६ (वि.सं. २०५२)मा बर्नबाट पीटर लाङद्वारा प्रकाशित; अक्सल मिषायेल्स, कर्नेलिआ फोगल्साङ्गर र अनेते विल्केद्वारा सम्पादित *वाइल्ड् गडिस्इज् इन् इन्डिअ यान्ड् नेपाल्* (भारत र नेपालका क्रूर देवीहरू)का ३०३-३४२ पृष्ठमा छापिएको, नूतन शर्मासँग मिली अक्सल मिषायेल्सले लेखेको *गडिस् अफ् द सिक्रेट्: गुह्येश्वरी इन् नेपाल् यान्ड् हर् फेस्टिभल्* (गुह्यकी देवी– नेपालकी गुह्येश्वरी र उनको चाडपर्व)।

अनेकार्थसङ्ग्रह

= हेमचन्द्रमा हेर्नू।

अनेकार्थसमुच्चय

= शाश्वतमा हेर्नू।

अपराजितपृच्छा

= भुवनदेवमा हेर्नू।

अप्सरा २०५९

= वि.सं. २०५९ भाद्र १२ गते बुधवारको दिन काठमाडौँबाट अप्सराप्रकाशनद्वारा प्रकाशित *अप्सरा* ८ वर्ष १३ अङ्कका १, ७ पृष्ठमा छापिएको *बौद्ध संस्कृतिया बिस्कं जा:गु नख: बहिद्य: ब्वयेगु* (बौद्ध संस्कृतिको छुट्टै पहिचान भएको चाड–बहालका देवता देखाउने)।

अभयाकरगुप्त

= ई.सं. १९४९ (वि.सं. २००६)मा बरोदाबाट अरइएन्टल इन्स्टिट्युटद्वारा प्रकाशित, बिनय*तोष भट्टाचार्य्यको *महापण्डितश्रीमदभयाकरगुप्तविरचिता निष्पन्नयोगावली* (महापण्डित श्रीअभयाकरगुप्तले बनाएको *निष्पन्नयोगावली*)।

ई.सं. १९७२ (वि.सं. २०२८/२९)मा बरोदाबाट अरइएन्टल इन्स्टिट्युटद्वारा फेरि प्रकाशित।

ई.सं. १९९१ (वि.सं. २०४८)मा तोक्योबाट द सेन्टर फर ईस्ट एशियन कल्चरल स्टड्इज़द्वारा प्रकाशित, गूद्रुन ब्यूहेमन र मुसाशि ताचिकावाको *निष्पन्नयोगावली: टू स्यानस्क्रिट् म्यानुयुस्क्रिट्स् फ्रम् नेपाल्* (*निष्पन्नयोगावली*– नेपालका २ वटा संस्कृत लेखोट पुस्तक)।

अभिधानरत्नमाला

= हलायुधमा हेर्नू।

अभिधानविश्वलोचन

= श्रीधरसेनमा हेर्नू।

अमरकोष

= अमरसिंहमा हेर्नू।

अमरसिंह *अमरकोष*

= वि.सं. १९४६ मा बम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्तको *नामलिङ्गानुशासनं नाम अमरकोषः। पण्डितवरश्रीमदमरसिंहविरचितः। महामहोपाध्यायश्रीभट्टोजिदीक्षितात्मजविद्वद्वरश्रीभानुजिदीक्षितकृतया व्याख्यासुधाख्यया व्याख्यया सहितः।* (*नामलिङ्गानुशासन* नाउँ भएको *अमरकोष*, श्रीमान् अमरसिंहले बनाएको। महामहोपाध्याय श्रीभट्टोजिदीक्षितका छोरा, विद्वान्हरूमा श्रेष्ठ श्रीभानुजिदीक्षितले बनाएको *व्याख्यासुधा* भन्ने नाउँ भएको व्याख्यासहित)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अमृतकणिका

= *मञ्जुश्रीनामसङ्गीतिमा* हेर्नू ।

अमृतमान शाक्यभिक्षु २०६१

= वि.सं. २०६१ भाद्र १४ गते सोमवारको दिन काठमाडौँबाट अर्थपिथनाद्वारा प्रकाशित *सन्ध्या टइम्स* ९ वर्ष २६६ अङ्कको ३ पृष्ठमा छापिएको, अमृतमान शाक्यभिक्षुको *कुमारी माजुया प्रदक्षिणा व बहाबहिया बहिद्यः* (कुमारी माईको प्रदक्षिणा र बहालबहिलका बहिद्यः) ।

अमृतमान शाक्यभिक्षु २०६५

= वि.सं. २०६५ श्रावण २९ गते बुधवारको दिन प्रकाशित *सन्ध्या टइम्स* १३ वर्ष २४० अङ्कको ५ पृष्ठमा छापिएको अमृतमान शाक्यभिक्षुको *नेपाःया बौद्ध सम्पदा व बाहाबहि* (नेपालको बौद्ध सम्पत्ति र बहालबहिल) ।

अमृतानन्द शाक्य *धर्मकोशसङ्ग्रह*

= वि.सं. २०५९ मा काठमाडौँबाट नेपालराजकीयप्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, मुकुन्दराज अर्ज्यालको पं. *अमृतानन्द शाक्यको धर्मकोश-सङ्ग्रह (बौद्ध पदावलीको मूर्तिको परिभाषा)*।

अशोक श्रेष्ठ २०६५

= वि.सं. २०६५ मार्ग १६-३० गते काठमाडौँबाट नरेश वीर शाक्यद्वारा प्रकाशित *लयकू* (राजदरबार) ५ वर्ष २१ अङ्कको ३ पृष्ठमा छापिएको, अशोक श्रेष्ठको *गद्यगुरु पं. निष्ठानन्दया १५२ दँ बुदिं* (गद्यगुरु पं. निष्ठानन्दको १५२ वर्षको जन्मदिन) ।

अष्टाध्यायी

= पाणिनिमा हेर्नू ।

अहमद हसन दानी २०४२

= ई.सं. १९८६ (२०४२) मा नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा प्रकाशित, अहमद हसन दानीको *इन्डिअन् प्यालइओग्रफि* (भारतीय लिपिशास्त्र) भारतीय संस्करण ।

आनन्दबहादुर बज्राचार्य* २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास संस्कृति र पुरातत्त्वसम्बन्धी मुख्य विभागको पोस्ट्ग्राड्युएट डिप्लोम इन् बुड्इस्ट स्टड्इजद्वारा प्रकाशित *त्रि-बोधिका* २३-२४ पृष्ठमा छापिएको, आनन्दबहादुर बज्राचार्य*को *रोल् अफ् शाक्य यान्ड् वज्राचार्य इन् नेवार् बुड्इज़्म्* (नेवार बौद्धधर्ममा शाक्य र वज्राचार्यहरूको भूमिका) ।

आनन्दमुनि बज्राचार्य* २०६६

= वि.सं. २०६६ मा काठमाडौँबाट वज्रयान बौद्ध तथा महाविहार संघ– नेपालद्वारा प्रकाशित *वज्रयान नेपाल* १७ पूर्णाङ्कका २-५ पृष्ठमा छापिएको, आनन्दमुनि बज्राचार्य*को *प्रज्ञापारमिताको उच्चतम दर्शनः जनजीवन र व्यवहारिकता** ।

आनन्दमुनि बज्राचार्य* २०६७

= वि.सं. २०६७ मा वज्रयान बौद्ध तथा महाविहार संघ-नेपालद्वारा प्रकाशित, आनन्दमुनि बज्राचार्य*को *श्री हेवज्र नैरात्मादेवी म्हसिका (पुलां गुह्येश्वरी)* (श्रीहेवज्रनैरात्मादेवीको चिनारी (पुरानो गुह्येश्वरी)) ।

आर. आर. हाल्दर [१९८४-१९८५] २०३९/४०

= ई.सं. १९२७-२८ (वि.सं. १९८४-१९८५)मा कलकत्ताबाट सुपरइन्टेन्डन्ट अफ गभ्अर्न्मन्ट प्रिन्ट्इङद्वारा प्रकाशित *इपिग्रफिय इन्डिक*[1] (भारतीय अभिलेखसङ्ग्रह) १९ ठेलीका ४५-५२ पृष्ठमा छापिएको, आर्. आर्. हाल्दरको *इन्स्क्रिप्शन् अफ् द*

१. यस शब्दको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यइम् अफ् हम्मीर् अफ् रणथम्भोर्, डेट्इड् (भी.एस्.) १३४५ (रणथम्भोरका हम्मीरको पालाको उत्कीर्ण लेख, (वि.सं.) १३४५ मिति भएको)।

यो ठेली ई.सं. १९८३ (वि.सं. २०३९/४०)मा नयाँ दिल्लीबाट आर्‌कीअलज्इक्ल सर्‌भे अफ इन्‌डिअद्वारा फेरि प्रकाशित।

आर्‌थर एन्‌थोनि म्याक्‌डोनेल [१९८१] २०६०/६१

= लङ्म्यान्ज़, ग्रीन यान्ड कम्पनिद्वारा प्रकाशित, ई.सं. १९२४ (वि.सं. १९८१)मा लन्‌डनबाट अक्स्‌फर्ड यूनिभर्‌सिटि प्रेसद्वारा पुनर्मुद्रित, आर्‌थर एन्‌थोनि म्याक्‌डोनेलको *अ प्राक्‌टिक्ल् स्यान्‌स्क्रिट् डिक्शनअरि* (व्यावहारिक संस्कृतकोष)।

ई. सं. २००४ (वि.सं. २०६०/६१) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित।

आलोइस फ्यूरर [१९५१] २०४०/४१

= ई.सं. १८९४ (वि.सं. १९५१)मा कलकत्ताबाट सुपर्‌इन्‌टेन्डन्ट अफ गभ्‌अर्न्‌मन्ट प्रिन्ट्इङद्वारा प्रकाशित *इपिग्रफिय इन्‌डिक* २ ठेलीका ३६३-३६५ पृष्ठमा छापिएको, आलोइस फ्यूररको *पाली कप्‌अर्-प्लेट् ग्रान्ट् अफ् महाराज लक्ष्मण* (महाराज लक्ष्मणको, पालीको, तामाको पाता[मा कुँदिएको] दानपत्र)

यो ठेली ई.सं. १९८४ (वि.सं. २०४०/४१)मा नयाँ दिल्लीबाट आर्‌कीअलज्इक्ल सर्‌भे अफ इन्‌डिअद्वारा फेरि प्रकाशित।

आश्वलायनगृह्यसूत्र

= शाके १९०० (वि.सं. २०३५)मा पूनाबाट आनन्दाश्रमद्वारा प्रकाशित, गणेश शास्त्री गोखलेको *नारायणकृतवृत्ति-गृह्यपरिशिष्ट-भट्टकुमारिलकारिकासहितम्। आश्वलायनगृह्यसूत्रम्* (नारायणले बनाएको वृत्ति, गृह्यपरिशिष्ट र भट्टकुमारिलको कारिकासहितको *आश्वलायनगृह्यसूत्र*)।

इन्द्रकुमारी वज्राचार्य २०६१/६२

= ई.सं. २००५ (वि.सं. २०६१/६२)मा ललितपुरबाट नागार्जुन पब्‌लिकेशनद्वारा प्रकाशित, शङ्कर थापाद्वारा सम्पादित *द हिस्‌टर्‌इक्ल् कन्‌टेक्स्ट् अफ् नेवार् बुड्इज़्म्: द वज्रयान ट्रेडिशन् अफ् नेपाल्* (नेवारी बौद्धधर्मको ऐतिहासिक सन्दर्भ– नेपालको वज्रयान-परम्परा)का ११२-१२८ पृष्ठमा छापिएको, इन्द्रकुमारी वज्राचार्यको *विहार इन् नेवार् बुड्इज़्म्* (नेवारी बौद्धधर्ममा विहार)।

इरुगप दण्डाधिनाथ *नानार्थरत्नमाला*

= ई.सं. १९५४ (वि.सं. २०११)मा पूनाबाट डेक्‌कन कल्इज पोस्ट्‌ग्राड्युएट यान्ड रिसर्च इन्‌स्टिट्युट्‌द्वारा प्रकाशित, बेल्लिकोथ रामचन्द्र शर्माको *नानार्थ-रत्नमाला अफ् इरुगप दण्डाधिनाथ* (इरुगप दण्डाधिनाथको *नानार्थरत्नमाला*)।

ईअन एल्‌सप २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा लस एन्‌जेलसबाट लस एन्‌जेलस काउन्‌टि म्यूज़ीअम अफ आर्टद्वारा प्रकाशित, प्रतापादित्य पालको *आर्ट् अफ् नेपाल्: अ क्याट्अलग् अफ् द लस् एन्‌जेलस् काउन्‌टि म्यूज़ीअम् अफ् आर्ट् कलेक्शन्* (नेपालको कला– लस एन्‌जेलस काउन्‌टि म्यूज़ीअम अफ आर्टको सङ्ग्रहको सूची)का २३३-२३८ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्य र हेमराज शाक्यसँग मिली ईअन एल्‌सपले तयार गरेको *अपेन्‌डिक्स्* (परिशिष्ट)।

ईअन एल्‌सप २०५१

= ई.सं. १९९४ (वि.सं. २०५१)मा हङ कङबाट अर्‌इअन्‌टेशन्ज़ म्याग्अज़ीन लिमिटेडद्वारा प्रकाशित *अर्‌इअन्‌टेशन्ज़्* (पूर्वाभिमुखीकरण)का ६१-६८ पृष्ठमा छापिएको, ईअन एल्‌सपको *द मेटल् स्कल्प्‌चर् अफ् द खस मल्ल किङ्डम्* (खस-मल्ल राज्यको धातुमूर्ति)।

ईअन एल्‌सप २०५३/५४

= ई.सं. १९९७ (वि.सं. २०५३/५४)मा लन्‌डनबाट लरेन्स किङ यान्ड यालन मार्‌कुसनद्वारा प्रकाशित, जेन क्यासी सिङ्गर र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फिलिप डेनवुडद्वारा सम्पादित *टिबेटन् आर्ट् : टुवर्ड्ज् अ डेफ्इनिश्अन् अफ् स्टाइल्* (भोटे कला– शैलीको परिभाषातर्फ)का ६८-७९, २९५-२९६ पृष्ठमा छापिएको, ईअन एल्सपको *मेटल् स्कल्प्चर् अफ् द खस मल्लज्* (खस-मल्लहरूको धातुमूर्ति)।

ईअन एल्सप २०६२

= www.asianart.com मा ई.सं. २००५ अगस्ट २६ तारीख (वि.सं. २०६२ भाद्र १० गते) राखिएको, ईअन एल्सपको *द मेटल् स्कल्प्चर् अफ् द खस मल्लज् अफ् वेस्ट् नेपाल्/वेस्ट् टिबेट्* (पश्चिम नेपाल/पश्चिम भोटका खस मल्लहरूको धातुमूर्ति)।

ईअन सिन्क्लेर २०६७

= ई.सं. २०१० (वि.सं. २०६७)मा ललितपुरबाट लोटस रिसर्च सेन्टरद्वारा प्रकाशित *पलेस्वां* (कमल) २६ अङ्कका १५-४२ पृष्ठमा छापिएको, ईअन सिन्क्लेरको *हिम्न्ज् यान्ड् मन्त्रज् यूज्ड् इन् अ बुड्इस्ट् प्रोसेश्अन् अफ् ललित्पुर्* (ललितपुरको एउटा बौद्धयात्रामा प्रयोग हुने स्तोत्रहरू र मन्त्रहरू)।

उल्रिख़ फन श्रोडर [२०३८] २०६४/६५

= ई.सं. १९८१ (वि.सं. २०३८)मा हङ कङबाट भिज़्युअल धर्म पब्लिकेशन्ज़द्वारा प्रकाशित, उल्रिख़ फन श्रोडरको *इन्डो-टिबेटन् ब्रन्ज़्इज़्* (काँसका भारतीय-भोटे [मूर्ति])।

ई.सं. २००८ (वि.सं. २०६४/६५)मा हङ कङबाट भिज़्युअल धर्म पब्लिकेशन्ज़द्वारा फेरि प्रकाशित।

एड्वर्ड कोँजे [२०३५] २०६४/६५

= ई.सं. १९७८ (वि.सं. २०३५)मा तोक्योबाट रियुकाइद्वारा प्रकाशित, एड्वर्ड कोँजेको द *प्रज्ञापारमिता लिट्अर्इचर्* (*प्रज्ञापारमितावाङ्मय*) २ संस्करण।

ई.सं. २००८ (वि.सं. २०६४/६५)मा नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा प्रकाशित ४ आवृत्ति।

एमि हेलर २०६६

= ई.सं. २००९ (वि.सं. २०६६)मा शिकागोबाट सेर्इन्डिअ पब्लिकेशन्ज़द्वारा प्रकाशित, एमि हेलरको *हिड्अन् ट्रेझ्अर्ज् अफ् द हिमालयज् : टिबेटन् म्यानुस्क्रिप्ट्स्, पेन्टइङ्ज् यान्ड् स्कल्प्चर्ज् अफ् डोल्पो* (हिमालयको लुकेको धन– डोल्पाका भोटे लेखोट पुस्तकहरू, चित्रहरू र मूर्तिहरू)।

एस.एल. बरुआ २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा प्रकाशित, एस.एल. बरुआको *अ कम्प्रिहेन्सिभ् हिस्टरि अफ् आसाम्* (आसामको बहुविस्तीर्ण इतिहास)।

ओइगेन हुल्त्स [१९४२] २०४०/४१

= ई.सं. १८८५ (वि.सं. १९४२)मा बम्बईबाट बम्बे एड्युकेशन ससाइटिज़ प्रेसद्वारा प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रलतत्त्व) १४ ठेलीका १९६-२०३ पृष्ठमा छापिएको, ओइगेन हुल्त्सको *अ कप्अर्-प्लेट् ग्रान्ट् अफ् द गुजरात् राष्ट्रकूट किङ् ध्रुव आइआइ., डेट्इड् शक ७५७* (गुजरातका राष्ट्रकूट राजा द्वितीय ध्रुवको, तामाको पाता[मा कुँदिएको] दानपत्र, शक ७५७ को मिति भएको)।

यो ठेली ई.सं. १९८४ (वि.सं. २०४०/४१)मा दिल्लीबाट स्वाति पब्लिकेशन्ज़द्वारा फेरि प्रकाशित।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९१५

= ई.सं. १८५८ (वि.सं. १९१५)मा सेन्ट पिटर्स्बर्गबाट बूखड्रुकेराइ देर कैजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्तेनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्क्रित्-वोर्तेर्बूख्* (संस्कृत-कोष) २ भाग।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ओत्तो ब्योत्‌लिङ्क र रूदोल्फ रोथ १९२८

= ई.सं. १८७१ (वि.सं. १९२८)मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेराइ देर कैजर्‌लिषेन आकादेमी देर विस्‌सेन्‌शाफ्तेनद्वारा प्रकाशित, ओत्तो ब्योत्‌लिङ्क र रूदोल्फ रोथको *सन्‌स्क्रित्-वोर्‌तेर्‌बूख्* (संस्कृतकोष) ६ भाग।

ओत्तो ब्योत्‌लिङ्क र रूदोल्फ रोथ १९३२

= ई.सं. १८७५ (वि.सं. १९३२) मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेराइ देर कैजर्‌लिषेन आकादेमी देर विस्‌सेन्‌शाफ्तेनद्वारा प्रकाशित, ओत्तो ब्योत्‌लिङ्क र रूदोल्फ रोथको *सन्‌स्क्रित्-वोर्‌तेर्‌बूख्* (संस्कृत-कोष) ७ भाग।

औशनसस्मृति

= वि.सं. २००९ मा कलकत्ताबाट मनसुखराय मोरद्वारा प्रकाशित *स्मृति-सन्दर्भः श्रीमन्महर्षिप्रणीतधर्मशास्त्रसंग्रहः याज्ञवल्क्यादि-सप्तदशस्मृत्यात्मकः तृतीयो भागः* (स्मृति-सन्दर्भ– श्रीमान् महर्षिहरूले बनाएका धर्मशास्त्रहरूको सङ्ग्रह। याज्ञवल्क्य आदि १७ वटा स्मृति भएको तेस्रो भाग)का १५४४-१५४९ पृष्ठमा छापिएको *औशनससंहिता* ।

कमल दीक्षित २०६८

= वि.सं. २०६८ म ललितपुरबाट जगदम्बाप्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको *चमकदार तारा*का २७-३० पृष्ठमा छापिएको, उनैको *मेरो मित्र डिल्ली (डिल्लीराज उप्रेती)*।

कमलप्रकाश मल्ल २०४२

= *गोपालराजवंशावली*मा हेर्नू।

कमलप्रकाश मल्ल २०४७

= ई.सं. १९९० (वि.सं. २०४७)मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश*[२]* १६ ठेली १-२ अङ्कका १५-२६ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *दि अर्‌लिएस्ट् डेट्इड् डक्युमन्ट् इन् नेवारी : द पाम्‌लीफ् फ्रम् उकु बहा : एनएस् २३५/एडी ११११४* (नेवारीको, सबभन्दा पुरानो, मिति भएको अभिलेख– उकुबहाको ताडपत्र– ने.सं. २३५/ई.सं. १११४)।

कमलप्रकाश मल्ल २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट मण्डल बुक पइन्ट्द्वारा प्रकाशित *स्टड्इज् इन् नेपाली हिस्टरि यान्ड् ससाइइटि* (नेपाली इतिहास र समाजमा परिशीलन) १३ ठेली १ अङ्कका २२९-२३४ पृष्ठमा छापिएको, साराह ले भाइन र डेभिड एन. गेल्नरको *रिबिल्ड्इङ् बुड्इज्म्: द थेरवाद मूभ्‌मन्ट् इन् ट्वेन्टिथ्-सेन्चुरइ नेपाल्* (बौद्धधर्मको पुनारचना– बीसौँ शताब्दीको नेपालमा थेरवादको चेष्टित)को विषयमा कमलप्रकाश मल्लले लेखेको लेख।

कमलानन्द बज्राचार्य* २०३६

= वि.सं. २०३६ मा काठमाडौँबाट हेमचन्द्रानन्द बज्राचार्य* र बालचन्द्रानन्द बज्राचार्य*द्वारा प्रकाशित, कमलानन्द बज्राचार्य*को *ज्योतिरूप* श्री स्वयम्भू धर्मधातु बागीश्वर* चैत्य दर्शन*।

करुणाकर वैद्य २०४३

= ई.सं. १९८६ (वि.सं. २०४३)मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, करुणाकर वैद्यको *बुड्इस्ट् ट्रेडिशन्ज् यान्ड् कल्चर् अफ् द काठ्मान्डू भ्यालइ* (काठमाडौँखाल्डोका बौद्ध परम्पराहरू र संस्कृति)का ३०-४५ पृष्ठमा छापिएको, उनैको *बहियो बोयेगु– एक्सिबिश्अन् अफ् बुड्इस्ट् विहारज् यान्ड् डीइटिज्* (बहियो बोयेगु– बौद्ध विहारहरू र देवताहरूको प्रदर्शनी)।

---

२. कैलासको स दन्त्य हुनुपर्नेमा तालव्य श भएकोले पाश्चात्यहरूको र तिनका पिछलग्गूहरूको संस्कृतज्ञानको इयत्ता देखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कल्हण *राजतरङ्गिणी*

= ई.सं. १८९२ (वि.सं १९४९)मा लाहुरबाट प्रकाशित, मार्क ओरेल स्टीनको *कल्हण'ज़् राजतरङ्गिणी अर् क्रनिक्ल् अफ् द किङ्ज़् अफ् कश्मीर्* (कल्हणको *राजतरङ्गिणी* अथवा कश्मीरका राजाहरूको पुरावृत्तग्रन्थ), मूल।

ई.सं. १९६० (वि.सं. २०१६/१७)मा दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित।

ई.सं. १९०० (वि.सं. १९५७)मा लन्डनबाट कन्स्टेब्ल यान्ड कम्पनिद्वारा प्रकाशित, मार्क ओरेल स्टीनको *कल्हण'ज़् राजतरङ्गिणी : क्रनिक्ल् अफ् द किङ्ज़् अफ् कश्मीर्* १-२ ठेली, उल्था।

ई.सं. १९६१ (वि.सं. २०१७/१८)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित।

कालिदास *रघुवंश*

= ई.सं. १९८२ (वि.सं. २०३८/३९) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, गोपाल रघुनाथ नन्दरगिरकरको *द रघुवंश अफ् कालिदास, विद् द कमेन्टरि अफ् मल्लिनाथ* (कालिदासको रघुवंश, मल्लिनाथको टीकासहित)।

वि.सं. २०३० मा पटनाबाट काशीप्रसादजायसवाल-अनुशीलनसंस्थानद्वारा प्रकाशित, रेवाप्रसाद द्विवेदीको *हेमाद्रिकृतो रघुवंशदर्पणः* (हेमाद्रिले बनाएको *रघुवंशदर्पण*)।

काशिका

= पाणिनिमा हेर्नू।

काशिनाथ त्रिम्बक* तेलङ्ग [१९३६] २०४०/४१

= ई.सं १८८० (वि.सं १९३६)मा बम्बईबाट बम्बे एड्युकेशन ससाइटिं'ज़ प्रेसद्वारा प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* ९ ठेलीका ३३-४६ पृष्ठमा छापिएको, काशिनाथ त्रिम्बक* तेलङ्गको *अ न्यू सीलार् कप्अर् प्लेट् ग्रान्ट्* (तामाको पाता[मा कुँदिएको], सीलार[वंशको] एउटा नयाँ दानपत्र)।

यो ठेली ई.सं. १९८४ (वि.सं. २०४०/४१)मा दिल्लीबाट स्वाति पब्लिकेशन्जद्वारा फेरि प्रकाशित।

काशीनाथ तमोट २०४८

= वि.सं. २०४८ मा ललितपुरबाट पाटन संयुक्त क्याम्पसको कुलं साहित्य पाःलःद्वारा प्रकाशित *कुलं* (क्षितिज) ११ अङ्का २५-२८ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *नियम परिभाषा पत्रिका म्हसीकें* (नियमपरिभाषापत्रिका चिनौं)।

काशीनाथ तमोट २०४८ क

= वि.सं. २०४८ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* २७३ पूर्णाङ्कको २४ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *निष्ठानन्द बज्राचार्य**।

काशीनाथ तमोट २०५०

= वि.सं.२०५० कार्तिक २३ गतेको दिन काठमाडौँबाट धर्मरत्न शाक्यद्वारा प्रकाशित, *राजमति* ११ वर्ष ५१ अङ्कको ५ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *पुलांगु वाङ्मय ध्वाथ्वीके- ३ जुजु सिद्धिनरसिंह मल्लं दयकूगु थिति श्री सिद्धिनरसिं मल्ल राजाले वाध्याको स्थिति* (पुरानो वाङ्मय राम्ररी बुझौँ– ३ राजा सिद्धिनरसिंह मल्लले बनाएको स्थिति))।

काशीनाथ तमोट २०५८

